भूमिका

भारतीय नेपाली साहित्य वाटिकामा समालोचनारुपी पुष्प लिई फेरि एक पल्ट देखा परेका छन् श्री प्रेम थुलिङ। धेरै अघिदेखि नेपाली साहित्य जगत्का एक स्थापित साहित्यकारको रूपमा परिचित श्री थुलुङ यसपल्ट सिक्किमका बहुमुखी प्रतिभा सम्पन्न कवि श्री पवन चामलिङ 'किरण{-का कविता सङ्ग्रहहरू र गीतहरूका समालोचनात्मक कृति पाठक समक्ष प्रस्तुत गर्न सफल भएका छन्। यसमा कवि पवन चामलिङ 'किरिण{-का तीन कविता संग्रह 'प्रारम्भिक कविता{ 'अन्तहीन सपना-मेरो विपना{, 'म को हुँ?{ र केही गीतहरू परेका छन्।

समालोचना अथवा समीक्षा गर्ने काम कठीन मात्र नभई यो दुरुह पनि हो। यसमा एकातिर गहन अध्ययन, मन, चिन्तन र अभ्यासको आवश्यकता पर्दछ भने अर्कोतिर तटस्थता, निष्पक्षता एवं निर्भिकता यसका निम्ति अनिवार्य सामग्रीहरू हुन्। यसैले कम जाँगर, कमजोर मुटु तथा सितिमिती ज्ञान र अध्ययन भएको मानिस यसदेखि टाढै बस्न रुचाउँछ। यी विशेषताहरूको अभावमा गरिएको समालोचना अथवा समीक्षा हास्यास्पद र लज्जास्पद नै बन्नजान्छ।

कुनै पनि रचना वा कृतिको गुणर दोषलाई सन्तुलित रूपले हेर्दै त्यसको सही मूल्यान्वेषण गर्नु नै समालोचना अथवा समीक्षा गर्नु हो। यस विषय पूर्वीय एवं पाश्चात्य समालोचना शास्त्रीहरूका आ-आफ्नै मत भए तापनि भारतीय नेपाली साहित्यका वरिष्ठ समालोचक रामकृष्ण शर्मा समलोचनालाई यसरी परिभाषित गर्छन्-'साहित्यको स्पष्टास्पष्ट, उत्कृष्टानुत्कुष्टलाई विवेचनाको पूर्ण प्रकशमा ल्याई, तिनीहरूको आन्तरिक स्वभावाको स्पष्टीकरण गरी विभिन्न दृष्टिबाट कलाको कसीमा पारख गरी, प्राप्त भएको परिणामको नित्य स्थायी मूल्य निरूपण गर्नु नै साहित्यिक समाचोलनाको परिभाषा मान्न सकिन्छ।{ उनको विचारमा साहित्यको निरूपण नै समालोचना हो भने साहित्यको विकासक्रममा देखा परेका विभिन्न प्रवृत्ति, परिपाटी र विशेषताहरूको पुनरावलोकनका साथै साहित्यको आलोचनात्मक अध्ययन पद्धति र परम्पराको पनि जानकारी पाउनु नै समालोचनाको उपयोगिता हो भन्ने कुरामा डा. घनश्याम नेपाल विश्वस्त छन्।

यस हिसाबले साहित्यिक समालोचना गर्ने अथवा साहित्यको निरुपण गर्ने मानिसलाई समालोचक भनिन्छ। संवेदनशीलता अर्थात् सहृदयता र सहानुभूतिको भावना समालोचकमा नभए कृतिको विश्लेषम र मूल्याङ्कन सम्यक् नभई डा. इन्द्रबहादुर राईको शब्दमा 'क्रूर जोखाइ{ मात्र बन्न जान्छ। निष्पक्षता समालोचनाको अर्को विशेषता हो जसमा समालोचक निर्भीक र स्पष्टवादी हुन जरुरी छ। यसको अनुपस्थितिमा समालोचक आरोचकी समालोचक नभई सतृणाभ्यवहारी वा त मत्सरी समालोचक बन्दछन्। नेपाली साहित्यमा रोमाण्टिक कालअघि यस्तै किस्किमका समालोचकका समालोचनाहरू पाइन्छन्। आरोचकी समालोचकद्वारा गरिएको समालोचनालाई नै साँचो अर्थमा समालोचना मान्न सकिन्छ।

कवि पवन चामलिङ 'किरण{- का तीन कविता सङ्ग्रह एवं गीतहरूबाट भन्नुपर्दा श्री प्रेम थुलुङ एक सशक्त समालोचक हुन्। उनले कवि 'किरण{-का तीनै कविता संग्रहहरूमा समावेश एक-एक

कवितालाई चिफार गरी सूक्ष्मातिसूक्ष्म रूपले विश्लेषण गरी पाठकसमक्ष प्रस्तुत गरेका छन्। आफूले देखेको र भोगेको समाजको दुरूस्त चित्रण गरी कविले आफ्नो रचना निर्माण गर्दछ तर त्यसको मूल्य निर्धारण गरी त्यसमा भएका कमी र कमजोरीहरूलाई सुधारिर्दिदै मार्ग दर्शन गर्ने काम समालोचकको हो। यो उसको दायित्व हो। समालोचक प्रेम थुरु शुरु-शुरुमै कवि 'किरण{को 'मैलें भन्नैपर्ने हुँदा{- मा लेखिएका मेरा कविताहरू कतिपय समालोचकहरूले प्रगतिवादी भनी वर्गीकृत गरेका छन् भन्ने वाक्यलाई यसरी विश्लेषण गर्छन्-'कवि{- पवन चामलिङ 'किरण{ गाउँमै जन्मी-हुर्की त्यहींकै वातावरण तथा सामन्तवादी व्यवस्थामा पिरोलिए, अन्याय, अत्याचारमनि पिसिए। त्यही कारण त्यो परिस्थितिमा लेखिको उनको रचना प्रगतिवादी जस्तो देखिनु स्वाभाविकै हो। यहाँ उनले कविका रचनाहरूलाई पूर्ण रूपले प्रगतिवादी हुन् भनेर स्वीकार नगरी, जस्तो देखिनु मात्र भनेका छन् भने उनै कविका अर्को संग्रहमा समावेश 'मेरो रातो भाले बास्छ{, 'क्रान्ति{, 'युद्ध र र योद्धा{ आदि कतिपय कविताहरूलाई निर्धक्कसँग प्रगतिवादी साहित्य अन्तर्गत नै राख्दछन्। यिनै कुरालाई पुष्टि गर्न उनी यसरी सफाइ दिन्छन्-'समाज लेख्दा त्यसभित्रका यथार्थ लेख्न पर्ने भए पनि उनले साहित्यलाई अन्य प्रगतिवादी साहित्यकारले झैं दलगत राजनैतिक मञ्च बनाएका छैनन्। यो निश्चय गरी भन्न सकिन्छ, उनका रचना प्रारम्भमा प्रगतिवादकै पृष्ठपोषक जस्ता देखिएका छन्।कालावधिमा परिवर्तन आउँदै जाँदा उनमा यो पक्ष अझ दह्रिलो हुँदै गएको प्रतीत हुन्छ। तथापि मानिसले मानिस झैं बाँच्न पाउनुपर्छ भन्ने उद्देश्य बाहेक भौतिकवाद र राजनैतिक उपलब्धिकै निम्ति भने उनले क्रान्ति अवश्य बोलेका होइनन्।{ यसबाट के बुझिन्छ भने कवि 'किरण{-का सम्पूर्ण रचनाहरूलाई प्रगतिवादी नभने पनि कतिपट रचनाहरू भने प्रगतिवादमा नै आधारित छन् भन्ने पक्षमा उनी छन्। त्यसो त एउटै कवि लेखकका विभिन्न रचनाहरूमा भिन्दा-भिन्दै वादहरू नभएका पनि होइनन्। डा. इन्द्रबहादुर राईले पारिजातका कृतिहरू 'शिरीषको फूल{-मा विसंगतिवाद, 'महत्ताहीन{ र 'बैंसको मान्छे{-मा अस्तिवाद र मार्क्सवादको मिसौटे देखे झैं कवि 'किरण{-का केही रचनाहरूमा प्रगतिशीलता पनि देख्न पाइन्छ। समाजको मानवीय सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, वैचारिक, राजनैतिक व्यवस्थामा आमूल परिवर्तन एवं सुधार ल्याउने भावना प्रगतिशीलता हो। उनका धेर जसो रचनाहरूमा यही धारणा रहेको पाइन्छ विशेषगरी वैचारिक परिवर्तन। समाजमा वैचारिक परिवर्तन ल्याउने उनको एकमात्र उद्देश्य रहेको पाइन्छ।

कवि 'किरण{-ले आफ्नो प्राक्कथनमा आफ्ना रचनाबाट 'द्वन्द्वात्मक भौतिकवादको गन्ध आउनु स्वाभाविकै हो{ भनी स्वीकारेको विषयमा समालोचक सकारात्मक दृष्टि राख्दै यसरी व्याख्या गर्छन्- 'सामन्ती र पूँजीपतिको साधारण विरोध गर्दै सर्वहाराहरूको पक्षमा कविता लेख्नु द्वन्द्वात्मक भौतिकवाद हुनसक्छ। तर मार्क्सवाद भनेर कविप्रति सोझै राजनैतिक हस्तक्षेप गर्नु गलत हुन्छ। किनभने कवितामा गरीबप्रति सहानुभूति लेख्दैमा कोही मार्क्सवाद भइहाल्ने होइन।{

समालोचक प्रेम थुलुङको विचारमा कविता 'भाव, विचार, कल्पना, शैलीरूपको संयोजित एवं समन्वित रूप हो।{ यसैले उनी कविताको समालोचना गर्नु 'फलामक चिउरा चपाएको{ अनुभव गर्छन्। कवितामा प्रतीक, बिम्बर ध्वनिको आवश्यकताबारे चर्चा गर्दै यिनीहरूकै सार्थकतामा अर्थ ग्रहण गर्न पर्ने कुरामाथि उनी जोड़ दिन्छन् साथै कविका कवितामा पाइने प्रतीक, बिम्ब र ध्वनिलाई उजागर गरी देखाउँछन्। 'म को हुँ{-मा संग्रहित कविताहरू बिम्ब,प्रतीक र ध्वनिकै भण्डार भने हुन्छ। 'मालिक र कुकुर{- कवितालाई प्रतीकवादी कवितामा मान्दै यस्ता कविताको ध्वनिमा प्रशस्त कथाहरू सल्बलाउने कुरामा उनी विश्वास गर्छन्। त्यसबाहेक 'प्रत्येक बिहान{-मा प्रयुक्त 'कफन भएर आउँछ खबर कागत{,

'हजारौं लाशहरूले न्याय माग्छन्{ 'मृत्युको शोक-धुन बोकेर हजारौं आत्माहरू अघिल्तिर आँउछन्{ 'तब शीत बनेर बिहान रून्छ{ आदि प्रतीक र बिम्बहरूले कविता कलात्मक बनेको देख्छन्।

समालोचकको अर्को महत्वपूर्ण गुण हो-तुल्लात्मक दृष्टिकोणले कृतिको अध्ययन-विश्लेषण। प्रतीक र बिम्वादिकै प्रयोगको दृष्टिकोणले पनि प्रेम थुलुङ कवि 'किरण{- का अघिल्ला र पछिल्ला कृतिलाई तुलना गरी हेर्छन्। कविका पछिल्ला कृति 'म को हुँ?{ मा प्रशस्त विम्वादिको प्रयोगले सरल, सहज र सुबोध भए तापनि यसमा भाव गम्भीरता देख्छन्। यिनै भाव गम्भीरता नै 'प्रारम्भिक कविताहरू{ र 'म को हुँ?{ माझ देखिएको भिन्ना उनी मान्चन्। यसैगीर कवि तुलसीराम 'कश्यप{ र कवि 'किरण{- का रचना शैलीको तुलना गर्दै कवि 'कश्यप{ र कवि 'किरण{- का रचना शैलीको तुलना गर्दै कवि 'कश्यप{-लाई शान्त, करूण र श्रृङ्गार रसका शास्त्रीय शैलीका कवि भन्दै कवि 'किरण{-लाई रौद्र र वीर रसका गद्य कविताका धनीको रूपमा उभ्याउँछन्। सिक्किमका र्का युवा कवि जीवन थिङका कविता प्रयोगवादी धर्मिता भावुकतामा उभिएको पाउँछन् भने कवि 'किरण{-का धेरजसो कविताहरू प्रयोगवादी रूपमै समाजवादी एवं व्यक्तिवादी मिश्रित भावले ओतप्रोत पाउँछन् समालोचक। कवि 'किरण{-का 'व्यथालु संसार{-लाई उनी व्यक्तिवादी कविताको पंक्तिमा राख्दछन्।

समालोचक प्रेम थुलुर कवि 'किरण{-का शब्द-शक्तिप्रति ज्यादै आकर्षित भएका देखिन्छन्। कविताका शब्द-शब्दमा भएका अभिधा, लक्षणा, व्यञ्जना शक्तिलाई ति सूक्ष्म रूपले केलाउन उनी पछि परेका छैनन्। 'मेरो गाउँ-मेरो ठाउँ{ कविकामा भएका 'हुरी आयो तर करतुतका मैलाहरू उडाउन नसकेको{, औ त्यसरी नै 'आँधी आयो तर दुर्गन्धे हिलाहरू बगाउन नसकेको{-लाई विरीत लक्षणा अभिव्यक्ति अर्थात् व्यञ्जनावृतिको उदाहरणको रूपमा प्रस्तुत गर्दचन्। उनी व्यङ्ग्यको निम्ति उक्त प्रयोग चमत्कार प्रतीति हो भन्छन्। 'मूर्दाको बस्तीमा मान्छेहरू{ कवितामा भएको चित्रमयता अथवा चित्रशैलीलाई 'उभिरहेछन्, बुझिरहेछन्, गुनिरहेछन्{ आदि शब्दरूद्वारा प्रष्ट पारेका छन् भने शान्ति र अरू अरू कविताद्वारा कविमा भएका दार्शनिकतालाई पनि प्रमाणित गरेको पाइन्छ।

समालोचनाको अन्तिम अध्यायमा कवि पवन चामलिङ 'किरण{-का गीतहरूबारे वश्लेषण गरिएकोछ। यसमा गीतकार पवन चामलिङ 'किरण{-का तीन गीति क्यासेट 'उपमा{, 'मेरो मूर्च्छना{ र 'समर्पण{-लाई समावेश गरी प्रत्येक गीतको सूक्ष्य रूपले विवेचना गरेको पाइन्छ। समालोचक स्वयं पनि एक सफल गीतकार रहेका हुनाले गीतको सम्बन्धमा आफ्नो विचार यसरी व्यक्त गर्दछन्-'जातिगत मौलिक स्वरको हाराहारीमा जब कसैले अरूको हृदय स्पर्श गर्ने गरी लयात्मकतामा व्यापक भाव विस्तार रग्ने विरेचन प्रक्रियालाई प्रयोगमा ल्याउँछभने हामी त्यसैलाई वास्तवमा गीत भन्दछौं।{

साहित्यका अरु विधा झैं गीत पनि एउटा अभिन्न अंग हुनाले यसमा पनि अरस्तुको विरेचन सिद्धान्त प्रयुक्त भएको उनी पाउँछन्। उदारणार्थ उनी अरुणा लामाको गीतहरूलाई अघि सार्छन्। मोनालिसाको विश्व प्रसिद्ध चित्रमा चित्रकारले जसरी अन्तराम्ताको भावचित्रलाई व्यक्त गरेको छ त्यसरी नै गीतकार **किरण** का गीतहरुले मानव मनभित्रलाई घात-प्रतिघातलाई उद्घाटन गरेका छन् भन्दै यसैलाई नै गीतकारको उपलब्धि मान्दछन् समालोचक। गीत संगीत हाम्रो संस्कृति हो, इताहास तथा समृद्धि पनि हो। यसमा हरक्षण समाज नै प्रतिबिम्बित हुन्थ भन्ने कुरामा विश्वास राख्ने समालोचक प्रेम थुलुङ आधुनिक पप गीत बारे आफनओ विचार यसरी पोख्छन् - 'यो मात्र पश्चिमभिमुखी भोगवादी तथा विलासी मात्र

भइदियो भने यसले साधारण जनताको प्रतिनिधित्व गर्नु त परै जाओस् विकृति मात्र ल्याउँछ।{ यसबाट के थाहा लाग्दछ भने समालोचक प्रेम थुलुङ आधुनिक पप गीत संगीतको घोर विरोधी नभए पनि निश्चय नै यसको पक्षमा भने उनी छैनन्।

गीतकार पवन चामलिङ 'किरण{-का गीति संगोलाहरूका समीक्षाग र्दा समीक्षकले गीत र गीतकारको मात्र विवेचना नगरी यसमासंगीत भरिदिने एवं स्वर दिने कलाकारहरूको बारमा पनि संक्षिप्त परिचय दिन बिर्सिएका छैनन्। यो उनको उदार हृदय र व्यापक ज्ञानको पहिचान हो भन्न अतिशयोक्ति नहोला। अन्तमा समालोचक प्रेम थुलुङ कवि पवन चामलिङ 'किरण{-का व्यक्तित्वबारे आफ्नो मन्तव्य यसरी पोख्छन्-'उनको (कवि 'किरण{-को) ध्याउन्न योग्यताविहीन शिक्षित व्यक्तिरूलाई सामाजिक मनोविज्ञान थथा राजनैतिक सतर्कता के हो? बुझाउन चान्चन् भने अर्कोतिर अवसर नपाई अन्याय र शोषणमा सडिरहेका साधारण जनतासित आत्मीयता साट्दै तिनीहरूलाई देशप्रतिको कर्तव्य तथा जन-चेतना दिलाउन चाहन्छन्।{

समग्रमा भन्नुपर्दा प्रेम थुलुङ कवि पवन चामलिङ 'किरण{-का तीन कविता संग्रहरू एवं गीतहरू समालोचकको रूपमा परिचित भएका छन्। साहित्यका प्रायः जम्मै विधाहरूमा सफलतापूर्वक कलम चलाइसकेका साहित्यकार थुलुङले आफू जागिरमा व्यस्त रहँदा पनि अनवरत रूपमा कलम चलाई अनेकौं कृतिहरू प्रदान गरिसकेका छन् भने उनको अवकाश प्राप्त जीवनमा त उनले आफूलाई सम्पूर्ण रूपले नेपाली साहित्य र भाषाप्रति समर्पित गरिरहेका छन्। सन् १६६६ मा दक्षिण सिक्किम नेपाली साहित्य सम्मेलनद्वारा 'शिवकुमार राई स्मृति पुरस्कार{ साथै सन् २००४ मा नेपाली साहित्य परिषद्, गान्तोकबाट 'भानु पुरस्कार{-ले सम्मानित भएका श्री थुलुङ पुरस्कार सम्बन्धमा आफ्नो विचार यसरी पोख्छन्-'पुरस्कार प्राप्त गर्नु भ्नेको पाठकले साहित्यकारप्रति गरेको एउटा न्याय हो।{ प्रस्तुत पुस्तक साहित्यकार प्रेम थुलुङको समालोचनात्मक ग्रन्थ मात्र नभई यसले विश्व साहित्यमा राजनैतिक प्रभाव, स्वरूप र परिणाम, वाद र सिद्धान्तहरूको प्रादुर्भावलोप आदि बारे पनि संक्षिप्तमा जानकारी प्रदान गर्दछ। यसैले यो नेपाली साहित्यको एक अमूल्य निधि बनेर रहनेछ बन्ने कुरामा म विश्वस्त छु।

अन्तमा समालोचक श्री प्रेम थुलुङमा हार्दिक साधुवाद एवं शुभकामना व्यक्त गर्दै भविष्यमा पनि उनीबाट धेरै यस्ता कृतिहरूको अपेक्षा राख्दछौं साथै उनको सुस्वास्थ्य दीर्घायुको मंगलमय कामना गर्दछौं।

इन्दिरा स्टिफन
नाम्ची
अगस्त २००४

आमुख

सन् १९७२-७३ तिर होला कवि पवन चामलिङ **किरण** सित पहिलोचोटि छोटोभोट भएको। त्यसपछि सन् १९७८ तिर सहकारी विभागसित सम्बन्धित भई उनी पनि यांगयांग बजारमै आए। त्यसको महिना दिनपछि हामी शिक्षक तथा गाउँलेहरू मिली उनीसित भएको निजी पुस्तकालय आफओ घर राङराङबाट त्यहीं याङ्याङ बजारमा ल्याउने अनुरोध गऱ्यौं, फलस्वरूप उक्त पुस्तकालयको नामाकरण ‘मानव पुस्तकालय{ भयो। त्यहींबाट हामीलाई थाहा भयो, उनी आफ्नो विद्यार्थ जीवनदेखि नै धेरै पुस्तकहरू अध्ययन गर्दा रहेछन्। पुस्तक नै उनको सबैभन्दा प्रिय वस्तु।

याङ्याङ बजार कहाँ होला, भनेर कसैलाई बुझाउनु हो भने यो भालै ढुङ्गाकै फेदमा अवस्थित छ भन्दा सजिलो होला। सिक्किम राज्यको मानतित्र अन्तर्गत दक्षिणी भाग राबाङ्ला नजिक एउटा प्रसिद्ध स्थल मैनाम चोटी (चट्टान), समुद्रतलदेखि प्रायः एघार हजार फीट टिस्टा नदीदेखि सोझै उठेको उचाइमा स्पष्ट देखिन्छ, त्यसैको छेउमा भाले ढुङ्गा र पोथी ढुङ्गा नामक अन्य दुई चोटीहरू छन्। याङगाङब बजारकै छेउमा राङराङ नामक एउटा रमाइलो गाउँ छ, त्यहीं प्रसिद्ध राजनीतिज्ञ एवं कवि पवन चामलिङ ‘किरण{ सन् १९५० तिर जन्मेका। उनका पिताको नाम आशबहादुर चामलिङ (राई) हो भने माताको नाम आशारानी चामलिङ। यस पुस्तक लेखनकाल दुवै दम्पति पुग-न-पुग अस्सीको भञ्ज्याङतिर पुगिसकेका, अत्यन्त सरल, सोझा, प्राकृतिक स्वभावमा अझ पनि खेती गरेर नै जीवन निर्वाह गरिरहेछन्त छोरो भने आमा-बाबुका भक्त, उनीहरूका गोढ़ामा आफ्नो निधार राखेर मात्र प्रत्येकपल्ट सिक्किम राज्यको मुख्यमन्त्री पदको लागि शपथ ग्रहण गर्छन्, अर्कोतिर आमा-बाबु चाहिँ शपथ ग्रहण उत्सव समाप्त हुनेबित्तिकै आलु, अदुवा रोप्न वा अलैंची गोढ्न गाउँ पुगिहाल्छन्। उसो त छोरोको आफूसितै बस्ने लाख कोशिश पनि नभएको होइन तर उनका माता-पितालाई भने शहरको रमझमभन्दा आफ्नो गाउँ-प्रकृति नै प्यारो छ। आफऐ बारीको न्न फल-फूल खाने, रमाउने बानी परेकोछ। घरमा प्रबन्ध नभएको पनि होइन, तर पनि उनीहरू त्यसै बसिखानभन्दा काम गर्न रुचाउँछन्। ‘सिक्किममा देवी-देवता, मानिसहरू वास गर्छन्{ भन्ने कुनै एक कविको अभिव्यक्ति सुन्दा अन्य गाउँलेहरूसित यी व्यक्तिहरूको पनि झल्याँस्स सम्झना हुनु स्वाभाविकै हो। यस पंक्तिकारको उक्त गाउँले परिवारसितको सम्बन्ध धेरै पुरानो हो र माथिको यस कथनमा किञ्चित पनि अतिशयोक्ति छैन।

कवि पवन चामलिङ ‘किरण{ सित साक्षात्कार हुनभन्दा अघिबाटै उनका कविताहरू विभिन्न नेपाली पत्र-पत्रिकातिर एकपछि अर्को क्रमशः प्रकाशित हुन थालिसकेको थियो। यही ताक उनले ‘निर्माण{ पत्रिकाको पनि सम्पादन गर्न लागेका थिए। सरकारी सेवाकाल पंक्तिकारले प्रायः छ-सात वर्षसम्म नजिक भएर उनीसित बिताउए सुवसर प्राप्त गरेको थियो। उनी त्यस बेला पनि आफूभन्दा ठूला-बड़ाको ज्याजै सम्मान गर्ने विनयशील व्यक्ति थिए भने शिक्षकहरूप्रति उनको आदरपूर्ण व्यवहार थियो। उनी सकारात्मक चिन्तनशील व्यक्ति, बिहान बेलुकी अथवा फुर्सद भएको बेला जहिले पनि पुस्तक अध्ययन गर्नमै व्यस्त रहन्छे। उनको तीक्ष्ण स्मरण शक्ति र अध्ययनले गर्दा केटौले उमेरदेखि नै सबैको अघिल्तिर उनी जहिले पनि आकर्षमको केन्द्रबिन्दु बन्दै आएका थिए। त्यसैबेलादेखि उनको साधारम बोली-चालीको भाषा पनि कवितात्मक मात्र होइन प्रखर बन्न लागेको थियो। विचारमा सकारात्मकता एवं अकाट्य सत्य रहन्थ्यो।

उनी आज अति विशिष्ट राष्ट्रिय स्तरकै राजनैतिक व्यक्ति भए तापनि उनको साहित्यिक कृति-कविता एवं गीत विषयप्रति मात्र यहाँ विज्ञ पाठकवर्गको ध्यान आकर्षण गर्ने प्रयास गरिएको छ। उनको साहित्यिक देनको सन्दर्भमा चर्चा गर्दा तटस्थ भएरै कृतिको निरूपण एवं मूल्याङ्कन गर्ने जमर्को गरिएको छ किनभने व्यक्ति र कृति छुट्टाछुट्टै विषयहरू हुन्। कृतिको आधार भनेको नै त्यस अन्तर्गत् विद्यमान भाव, कल्पना, विचार, कला एवं साहित्यिक प्रयोग इत्यादि हुन्। यी विषयहरू ज्यादै व्यापक एवं गम्भीर हुनाले यसप्रति विभिन्न विद्वानहरूको आफ्नो-आफ्नै प्रकारका मत पर्न सक्छन्। यस पुस्तकले थोरै मात्र भए पनि पाठकवर्गको ध्यान आकर्षण गर्न सके आफ्नो परिश्रम त्यसै केर गएनछ भन्ने अवश्य लाग्नेछ।

अन्तमा, यस पुस्तक प्रकाशनका निम्ति सहयोग पुऱ्याउनु हुने सबै महानुभावहरूप्रति धन्यवाद।

प्रेम थुलुङ
नाम्ची
१८ फरवरी २००४
महाशिवरात्री

सन्दर्भः
कवि पवन चालमिङ ‘किरण{ का तीन कविता-सङ्ग्रह एवं गीतहरू
‘म युगको साँघुरो बाटोबाट भएर
समयको नदीमाबगिरहेको छु
के म यही बहाइलाई
मेरो गति भनुँ?
के म यही युग र समयलाई
मेरो इतिहास ठानुँ?

यो भनाइ हो कवि पवन चामलिङ ‘किरण{-को, कहिले कहीं यस्तो लाग्छ, समयको बहाउले नै स्वयं मान्छेलाई कतिपय साँघुरो बाटोबाट हिँड़ाएर यहाँस्मम ल्याइपुऱ्याएको हो। एक युग यस्तो पनि थियो, त्यस काल मानिसहरू ओढ़ारमा बसेर भीर, बहरा, जंगल तथा मैदानतिर जङ्गली जानवरहरूको हिंस्त्रकता सहँदै, जोगिँदै प्राकृतिक समस्याहरूसित रातदिन जुझिरहेका थिए। त्यसपछि समय बित्दै गएपछि सामाजिक व्यवहार तथा आफ्नो आवश्यकताले गर्दा भाषाको उत्पत्ति भयो औ सौन्तर्यमय उपयोगी भावको स्वफूर्त्तः अभिव्यक्ति पनि विभिन्न विषयहरूमा विभाजित हुँदै जाँदा स्वतः सामाजिक, आर्थिक, राजनैतिक थात सांस्कृतिक चेतनामा परिणत भयो। त्यस प्रकारका अभिव्यक्तिलाई लिपिबद्ध गर्न सम्भव भएपश्चात् यहाँ शनैः शनैः साहित्यको जन्म भयो। तर यसमा समयको गतिलेभन्दा मान्छेको सक्रियताले नै महत्त्वपूर्ण भूमिका खेलेको थियो।

मानव जीवनमा साहित्य स्तित्वमा आउनु भनेको एउटा महत्वपूर्ण घटना हो। मानव मन अन्तर्गत् हर्ष, अमर्ष, प्रेम, सहानुभूति, कुण्ठा, ईर्ष्या, क्रोध तथा दुःख-सुख अनुभूति र सम्पूर्ण मनोवृत्ति अभिव्यञ्जित रूपमा साहित्यमै देखा परे। काव्यकृति रचना अर्थात् साहित्य भनेको नै समयसापेक्ष अभिव्यक्ति तथा शब्द-सैन्दर्य एवं भाव-सौन्दर्य हो। यही कारण साहित्य कला हो र मानव जीवन यसै अन्तर्गत् परिभाषित हुनाले यो जीवनको पर्यायवाची।

साहित्यबारे संक्षेपमा भन्नु हो भने प्रत्यक्ष एवं परोक्ष रूपमा यसबाट ज्ञान, विज्ञान दुवै बुझिन्छ भने अर्कोतिर साहित्य संस्कृतको सहित शब्दको व्युत्पन्न शब्दरूप हुनाले यसले शब्द, अर्थ, रस, अलङ्कार तथा ध्वनि इत्यादिसमेत हितको भावलाई संकेत गर्दछ। यसो भनौं, मानव चेतन, अवचेतन अन्तर्गत हितलाई अँगालेर अरूको हृदयली पनि स्पर्श गर्नसक्ने भावहरूको उद्‌गार अर्थात् कलात्मक अभिव्यक्ति नै साहित्य हो।

साहित्यको पर्यायवाची शब्द काव्य हो। काव्यलाई कवि कर्म स्वीकार गरिएको हुँदा स्वयं कविलाई पनि तात्त्विक दृष्टि अर्थात् धर्म, दर्शन एवं व्यवहार सम्पन्न व्यक्ति भनिएको हो। काव्य भनेको नै अद्वितीय कला तथा सृजनात्मक अभिव्यक्ति हुनाले कवि स्त्रष्टा हुन् औ भविष्यलाई समेत संकेत तथा निर्देश दिन सक्षम हुनाले द्रष्टा पनि। यही कारण कवि, साहित्यकारको स्थान समाजमा अति उच्च स्वीकार गरिएको हो।

कविले आफ्नो युग, परिवेश तथा विभिन्न गतिविधिहरू मनन, चिन्तन गरेर जुन काव्य एवं कविता रचना गर्छन् त्यो वास्तवमा पूर्ण अर्थात् साध्य हुन्छ। सुधी पाठक तथा यसको आलोचना, प्रत्यालोचना गर्नेहरू त्यसको सामाजिकता, मनोवैज्ञानिकता इत्यादि भाव केस्रा केस्सा छुट्ट्याएर क्षत विक्षत पार्न खोज्छन् तर त्यसको पूर्ण आग्रह तथा सौन्दर्यप्रति ख्यालै राख्दैनन् भने त्यस अवस्थामा कविताको हुनु-अवस्था अर्थात् अस्मिता नै वैलन बेर छैन किनभने कविता भनेको मात्र भाव एवं घटना होइन, न ता यस अन्तर्गत् देखिने दर्शन एवं विचार नै हो। भाव, विचार, कल्पना, शैली रूपको संयोजित एवं समन्वित रूप नै कविता हो। यही कराण कविताको समीक्षा एवं समालोचना गर्छु भन्नु एक प्रकार फलामको चिउरा चपाउनु जस्तै हो। कविताको अन्तरतम तहमा पुग्न, साहित्यिक विवेचना केलाउन हिजोआज समीक्षकहरू वैज्ञानिकता बिना यो काम सम्भव छैन भन्छन्।

साधारण पाठकहरू कविताको अर्थ को हे? कुन घटना वा विषयले कविलाई कविता रचना गर्नु अभिप्रेरित गऱ्यो? त्यही कुरा बुझ्न चाहन्छन्। वास्तवमा यो त कविताको परिस्थिति मात्र भयो। फेरि कविले जहिले तहिले कुनै घटनाकै आधारमा कविता रचना गर्लान् भन्नु युक्तिसंगत नहोला। अर्को कुरा, यस प्रकारको विवरणात्मक विश्लेषणले कविताक उचाइलाई स्पर्श गर्न त परै जाओस् बरू यसले कविताको सौन्दर्यमय रूपलाई नै स्तरहीन बनाउँछ। किनभने अभिव्यञ्जना भनेको नै कलात्मक अभिव्यक्ति। त्यसलाई छुट्टा-छुट्टै पारेर हेर्ने बित्तिकै त्यसको सौन्दर्य छिन्न-भिन्न हुन्छ। हो, कवि कुनै घटनाबाट अभिप्रेरित हुन सक्लान् तर त्यही घटनाको वर्णन गरेर उनले कवितालाई सीमित राखेका होलान् भन्न कदापि सकिन्न। अघि नै भनियो, कविको विशेषता स्रष्टा एवं द्रष्टा दुवै हो। कुनै कुराको वर्णनलाई मात्र सृजना भन्न सकिँदैन औ त्यसरी नै कुनै सत्यको आभास एवं सङ्केतबिना पनि द्रष्टा हो भन्न सकिँदैन। यो साँचो हो।

यस लेखको प्रारम्भमा राखिएको पद्यांशलाई लिएर हेरौं, यसमा कवि 'किरण{-को अनुभूति पक्ष स्पष्ट भएको छ तर अर्कोतिर -'म युगको साँघुरो बाटोबा

भएर समयको नदीमा बगिरहेछु{, यो उक्त रचनाको शैलीगत संरचना। कविताको सम्पूर्णता विशेष सम्भावना र अन्य आयामहरूमा आधारित हुनाले अमूर्त्त भावको प्रखरतालाई समेत प्रतीक, बिम्ब तथा ध्वनिको सार्थकतामै अर्थ ग्रहण गर्नपर्ने हुन्छ। तर यस कविताको भावपक्षलाई मात्र लिएर हेर्नु हो भने कविलाई विशेष मनमा खट्केको कुरा पश्चाताप हो र उनी आफ्नो सचेतनताले त्यस स्थितिबाट माथि उक्लन चाहन्छन्। यति कुरा बुझ्नलाई नै उक्त कविता रचना गरिएको हुँदै होइन। यति मात्र होइन, भावकै लागि कविता कोर्नलाई कविको आवश्यकता पनि हुँदैन। वास्तवमा उक्त विषय त कविताको एउटा परिस्थिति मात्र भयो।

कवि पवन चामलिङ 'किरण{ लिखित 'अन्तहीन सपना मेरो विपना{ अन्तर्गत प्रस्तावनामा रमण नेपाल लेख्छन्-'अतीतको बाटो वर्तमान उभिएर भविष्यलाई टेक्छन् कविहरू।{त्यसपछि फेरि उनी यसरी लेख्छन्- 'कविले जीवनलाई विभिन्न आयामबाट हेर्छ। उ फोटो मात्र खिंच्दैन, व्याख्या, विश्लेषण र समीक्षा पनि गर्छ तर आफ्नै सूत्रबद्ध र कलात्मक भाषा-शैलीमा। संप्रेषनीयता, सूत्रबद्धता र जीवनपरकता कविताका आवश्यक गुणहरू हुन्। संसार त सबैले देख्छन्, भोग्छन् तर संवेदनशील हुनुको नाता कवि अरू सबैले भन्दा बढ़ी स्पर्शशील अनुभूतिहरू बटुल्छन्। ती अनुभूतिहरू साधारणीकृत हुन्छन् र आत्मीय र

अभिन्न बन्दै पाठकहरूलाई आफ्नो प्रवाहमा बहाउन सक्षम हुन्छन्। यही नै साँचो कवि र कविताको विशेषता हो।{

आधुनिक युग परमाणु युग हो। विज्ञानको विभिन्न प्रयोग र अन्वेषणले गर्दा एकातिर भौतिक पक्षको धेरै विकास भएको देखिन्छ भने अर्कोतिर नैतिकता एवं साहित्यको त मानौं धरोहर नै नाश भएर जाला कि भन्ने यस अवस्थामा नै आलोचकहरूले कविताद्वारा नै यो संक्रान्ति कालको उद्धार सम्भव होला भन्ने विश्वास गर्न लागेका छन्। मूल्यवादी समीक्षक आइ.ए. रिचार्डस्ले आफ्नो मूल्यादी सिद्धान्तमा उपयोगितावादी दृष्टिले कवितालाई हेरेका छन्। उनले आशा गरे झैं, विज्ञानको आवश्यकता सँगसँगै त्यसबाट आएको कमी कमजोरीहरू कविताले नै त्यसको क्षतिपूर्ति गर्नु अनिवार्य भएको छ। उदाहरणको रूपमा, प्रेम सम्बन्धी कवितामा प्रेमी र प्रेमिका बीचको साधारण भाव अनुभूति अति सरल भएकोले गर्दा सामाजिक विषय तापनि अन्य विषय तत्त्वरू भने तटस्थ रहन्छन्। यस प्रकारका कवितामा विरोधी भाव-वृत्ति समन्वय घनीभूत नहुनाले रिचार्डस्को भनाइ अनुसार निम्न कोटिको हुन्छ तर जुन कवितामा भाव अनुभूति मुख्य एक भाव नभई बहुभाव प्रधान हुन्छ थथा विरोधी वृत्तिहरू समेत घनीभूत भई त्यसमा अँट्न सक्छन् भने त्यो उपयोगी सिद्ध हुन्छ।

त्यसरी नै विज्ञान विषय मात्रको सन्दर्भमा कुरा गर्दा यसको आग्रह सूचनात्मक, तथ्यात्मक अथवा अभिधात्मक रहेको हुन्छ। यही कारण यसका पद, वाक्य इत्यादि मात्र एकार्थक हुन्छन्। अर्थात् यस अभिधात्मक वाच्यार्थमा जे लेखियो त्यही बुझिने हुन्छ। त्यसले एकै प्रकारको अर्थात् एउटै अर्थ प्रदान गर्ने हुनाले यसबाट न्यूनतम अभिव्यक्ति मात्र सम्भव हुन्छ। यसलाई मूर्तरूपी विवरणात्मक शैली भन्दा हुन्छ। तर साहित्यिक भाषा भने रागात्मक एवं भावात्मक हुनाले लक्षणात्मक एवं व्यञ्जनात्मक हुन्छ। यस प्रकारको लेखनशैली बहुअर्थी तथा अमूर्तरूपी धाम्मा समेत अभिव्यक्त गर्न सहायक एवं उपयोगी हुन्छ। विवरणात्मक मूर्ति-विधान शैली, साहित्यिक भाषाभन्दा पृथक, यसबाट प्रतीक, बिम्बादिको प्रयोग मात्र होइन अन्य भाषिक प्रयोग पनि त्यहाँ असम्भव हुन्छ र कविको अन्ततम भाव अभिव्यक्तिका निम्ति त्यो अनुपयुक्त हुन्छ। कवि ज्यादै संवेदनशील छन र उनी जटिल भावहरूको प्रतिबिम्बलाई सरलतम रूपमा सम्प्रेषण गर्न चाहन्छन् भने त्यसका निम्ति काव्य-सृजन अनुकूल भावात्मक एवं व्यञ्जनात्मक वाच्यार्थ वाञ्छनीय हुन्छ, अर्थात् साहित्यिक बहुअर्थी भाषाकै आवश्यकता कविलाई पर्छ। सूत्रबद्ध कलात्मक भाषाशैली भनेको यही हो, कविता रचनार्थ विशेष माध्यम।

कविले फोटो खिंच्ने काम मात्र गर्दैन। जति बेला क्यामेरा उपयोगमा थिएन, त्यस बेला चित्रकारले मूर्त्त रूपलाई विशेषता दिएर चित्र कोरिदिनु नै उसको कर्तव्य थियो। त्यही बेला पनि संवेदनशील व्यक्तिलाई भने कुनै व्यक्तिको सग्लो रूप र व्यक्तित्व वाह्यस्वरूप कोरिदिनाले मात्र यथेष्ट हुँदैन भन्ने सम्भवतः त्यस्तो लागेकै हुनपर्छ। यही कारण पछिबाट प्रसिद्ध चित्रकारहरूले मूर्त्तरूपलाई गौण स्वीकार गरी व्यक्तिभित्रका विचार एवं गुण तथा अमूर्त्ततालाई मूर्त्तरूप दिने प्रयास गरेका हुन्। यस श्रेणीमा गोङ्गा, ब्रेक, लिगर, मिरो, पिकासो आदि परेका छन्। त्यसरी नै प्रतीकको सम्बन्ध भन्नुपर्दा समस्त कुकुर जाति बुझाउनलाई एउटा सुन्दर कुरुको चित्र पर्याप्त हुँदैन। त्यसरी नै मानिस जाति भन्ने आशयलाई बुझाउन धने, मनेको सम्पूर्ण चित्र उतारेर यो सबै मान्छेको प्रतिनिधि हो भने मात्र औपचारिक भूमिका नबाँधी सम्भव हुँदैन। बरू त्यसभन्दा कुकुर अथवा मान्छेको छोटो रूप-अनुहार अर्थात् प्रतीक मात्र लिएर हेर्दा भने उक्त एउटा सिङ्गो सुन्दर चित्रले दिएको भावभन्दा त्यो बहुअर्थी देखियो। यसरी प्रतीक प्रयोगमा

आयो। त्यसरी नै मानिसको इन्द्रिय-जन्य संवेदनशीलतालाई पछ्याएर अमूर्त्तताको बिम्ब खड़ा गर्न चित्रकार सफल भयो भने कविले पनि झण्डै यही प्रकारले आफ्नो जटिल कल्पना तथा अमूर्त्तभावलाई अभिव्यक्ति दिन अघि सऱ्यो। मूर्त्त रूप सधैं भद्दा, एकोहोरो लाटो जस्तै हुन्छ। प्रथमाप्रथम त्यो सुन्दर देखिए पनि केही दिनपछि त्यसको रूप झर्कोलाग्दो हुनु स्वाभाविकै हो। व्यक्तिको आफ्नै फोटो पनि त्यही क्षणलाई मात्र प्रतिनिधि गरिरहेको तत्‌तत्क्षण-निम्ति लागेको व्यक्ति स्वयंले अनुभव गरेको हुनुपर्छ। त्यसको अर्थ, बाहिरी रूप मात्र देखिएको एकोहोरो चित्र अवश्य पनि पछि गएर त्यसले ध्यान आकर्षण गर्न छोड्छ। यही कारण कविले आफ्नो सम्प्रेषमलाई जीवन्त रूप दिन फोटो-चित्रली नै स्वीकार गरेर हुँदैन, भनेका हुन्।

युरोपमा जोहन मिरो चित्रकारले (सन् १८६३ तिर) एउटा चित्र कोरेका छन् जसको शीर्षक दिएको रहेछ ‘एउटा व्यक्तिले चरालाई ढुङ्गा हानिरहेछ{। तर त्यहाँ व्यक्तिको चित्र लेख्दा पाँचै औंलासितको एउटा ठूलो खुट्टो देखाइएको छ र त्यसमाथि घिच्रो - अहिले छिनिएला झैं नि सानो टाउको देखाइएको छ। छेवैमा एउटा सानो लामो टांगोमाथिबाट ढुङ्गा खसालेर चरा जस्तो रातो सानो वस्तुलाई लागी खुत्रुक्कै परेर मरे जस्तो छ। त्यस पछिल्तिर पहेंलो, कालो तथा हरियो भूमि देखिन्छन्। यहाँ ठूलो खुट्टो देखाइनुको अर्थ निष्ठूरता, सानो टाउकोको र्थ बुद्धिहीन व्यक्ति भन्ने बुझिन्छ भने ती क्रमागत रूपमा राखिएका रङ्गहरूको पनि भिन्दा भिन्दै अर्थ रहेको छ। यो त्यस बेलाको प्रतीकवादी चित्रकारले त्यस व्यक्तिको सग्लो शहीर बनाएर ढुङ्गा हानी चरोलाई मारेको साधारण चित्र देखाइएको भए, प्रकृतिमाथि त्यो निष्ठुरता र व्यक्तिको बुद्धिहीनताको चित्र कोर्नु त्यहाँ असम्भव नै हुन्थ्यो। यसर्थ जटिल भावलाई अभिव्यक्त गर्ने अमूर्त्तरूपी एवं बहुअर्थी चित्र विषय यो एउटा उदाहरण। साहित्यमा पनि अमूर्त्त भावलाई प्रायः ठीक यस्तै प्रकारले प्रतीक तथा बिम्ब शब्द चित्रमा राखिन्छ र यही भावमा पाठकले पनि बुझ्न पर्ने हुन्छ।

यस सन्दर्भलाई लिएर हेर्दा कवि ‘किरण{-ले पनि ‘म को हुँ?{ कविता-सङ्ग्रह अन्तर्गत ‘मैले भन्नै पर्ने हुँदा{ शीर्षकमा यसरी लेखेका रहेछन्-‘साहित्य एवं कलामा ‘फोटोग्राफी{-को पक्षमा म छु भन्ने होइन, न कि उपदेश वा वक्तव्य अथवा नाराबाजीलाई। न शाब्दिक अभिव्यक्तिको शिल्पकारीलाई नै म कविता ठान्छु। कविता त भौतिक जगत्‌का घात प्रतिघातद्वारा मानसिक (बुद्धि र हृदय दुवै)-मा उत्पन्न संघातको भाषिक अभिव्यक्ति।{

यहींबाट बुझिन्छ, कविका आफ्नो सीप कविताप्रति, पहिलो कुरा, उनलेउपदेश र वक्तव्यलाई नकारेका छन् भने दोस्रो कुरा भावविहीन शाब्दिक अभिव्यक्तिको फोस्रो शिल्पकारीतालाई। उनको कविताको मूल लक्ष्य, मानसिक संघातप्रति भाषिक अभिव्यक्ति र यसको इमानदारिता नै हो। भाषिक अभिव्यक्ति भनेको नै यहँ भावात्मक वाच्यार्थ, अर्थात् साहित्यिक भाषा प्रयोग।

त्यसरी नै उनी फेरि भन्छन्-‘सर्वजन हिताय सर्वजन सुखाय{ मै ‘स्वान्त सुखाय” हुनेहुन्छ र ‘कला कलाको निम्ति ] मात्र नभई ‘कला जीवनको निम्ति{ हो र हुनुपर्छ बन्ने बारे मेरो दृढ़ धारणा छ।”

उनी आफ्नो बाल्यकाल अर्थात् विद्यार्थी अवस्थादेखि नै सम्भवतः आफ्ना शिक्षक तुलसीराम शर्मा ‘कश्यप{-बाट कविता रचना गर्न प्रोत्साहन प्राप्त गरेका र सन् १९६८ तिरै सत्र-अठाह्र वर्षको उमेरमा उनले आफ्नो कविता त्यस बेलाको सिक्किमबाट प्रकाशित एक मात्र साहित्यिक पत्रिका ‘कञ्चनजङ्घा{-मा प्रकाशमा ल्याएका। त्यसपछि अनेकौं पत्र-पत्रिकामा आफ्ना साहित्यिक कृतिहरू प्रकाशमा ल्याई हर

प्रकारले तिनीरूलाई सहयोग पुऱ्याएका फलस्वरूप ‘चिन्तन{ पुरस्कार प्राप्त औ सन् १९७५-७६ तिर देउसी खेलाइ थोरै पैसा संग्रह गरी निर्माण नामक सानो साहित्यिक संस्था खोली त्यसैबाट सर्वप्रथम ‘निर्माण{ पत्रिकाको सम्पादन गरी सिक्किमका सबै युवक युवतीहरूका कथा, कविता लेख्न आग्रह गर्दै आजसम्मै निरन्तरता दिन सफल देखिन्छ। आज त यसले सयौं पुस्तकहरू प्रकाशित गरेको छ अथवा गरिरहेछ भने विभिन्न पुरस्कारहरूको प्रबन्ध गरी सबैलाई प्रोत्साहन समेत प्रदान गरिरहेछ। यसभन्दा अघि सत्तरीको दशकको प्रारम्भतिरै उनले आफ्ना गाउँमा स्वयं पुस्तकालय खोली त्यस बेला सबै शिक्षक तथा गाउँलेहरूको ध्यान आकर्षण गरेको कुरो अघि नै लेखिसकिएको छ। आर्थिक अवस्था अवश्य होइनन् यद्यपि बाल्यावस्थादेखि नै उनमा साहित्यप्रति जुन उत्साह थियो वास्तवमा त्यो स्तुत्य थियो-निर्धक्क भन्न सकिन्छ। यही कारण कविता रचना स्वान्त सुखाय भए पनि उद्देश्यले देशको सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक विकासकोलागि सहयोग पुऱ्याई सर्वजन हिताय र सर्वजन सुखायमा दत्तचित्त रहने उनको विचार।

सञ्चार व्यवस्था र यातायात सुविधाबाट वञ्चित त्यस बेलाको व्यवस्था, व्यापार वाणिज्य तथा औद्योगिकरणको न्यूनताले शिक्षा, स्वास्थ्य, कृषि तथा जम्मै क्षेत्र अविकसित। त्यसताक सिक्किमेली समाजलाई हात मुख जुटाउनै हम्मे। समान्ती प्रथाले गाउँ-बस्ती व्याप्त, भनौं एक प्रकार अराजकताको स्तिति। गाउँमा विद्यमान अन्याय, अत्याचार तथा शोषणको त्य जर्जरित सिक्किमेली अवस्थामा कसरी परिवर्तन ल्याई यसलाई विकासतिर लैजाने? उनी यही सोचिरहन्थे। पछि सन् १९८० तिर गाउँ पञ्चायतमा उठे, केही वर्षसम्म दिलोज्यान दिई सेला पुऱ्याए। त्यसताक उनले उध्यक्षको रुपमा प्रतिनिधित्व गरेको यांगांग-रांगाग तथा पाथीङ गाउँ पञ्चायत सेवाबाट स्थापना गरेका कतिपय स्कूलहरु आज विकासका खुड्किलाहरु क्रमशः चढ्दै अघि बढिरहेका छन्। बाटा, घाटा, कुलो-पैनी तथा अन्य विष्यहरुले आज पनि उनको त्यो उत्साहको कथालाई जीवन्त प्रदान गरिरहेकै छन्। उनका ‘प्राम्भिक कविताहरु{ धेरैजसो यही काल रचिएका हुनाले कतिपय सान्दर्भित छन्। फेरि यही काल सन् १९८४ तिर विधा सभाको लागि नाम्ची-दामथांग क्षेत्रको प्रतिनिधिको रुपमा उनले मतदानमा भाग लिन पऱ्यो आजसम्म निरन्तर रुपमा विजयी हुँदै विधायक र म्त्री-पद प्राप्त गरेको प्रायः एघार वर्षदेखि यता अर्थात् सन् १९९४ देखि भने उनी सिक्किम राज्यको मुख्य मन्त्री पदमा आसीन हुनुपुगेका हुन्।

उनको राजैतिक जीवनको सफलता बारे विभिन्न पुस्तकहरुमा प्रारम्भदेखि नै कहीं न कहीं उल्लेखहरु देखिँदै आएकोले यस पुस्ताकमा उनको साहित्यिक व्यक्तित्वलाई मात्र स्पर्श गरिएको छ। साहित्यमा उनको मुख्य क्षेत्र कविता नै हो। त्यसरी नै उनको कविताको मुख्य पात्र मान्छे हो भने मुख्य लक्ष्य नेपाली साहित्यप्रति आफ्नो प्रतिबद्धता यसको साथै गरीबप्रति विशेष सहानुभूति एवं अशेष सेवा।

कवि **किरण** का कविताको सन्दर्भमा केही लेखिँदा उनको व्यक्तित्व जीवन विषय केही त उल्लेख गर्नैपर्ने हुनाले यहाँ यत्ति ता लेख्नै पऱ्यो। कविता स्वयं साध्य र सम्पूर्ण अथवा समीक्षात्मक दृष्टिले कविभन्दा कविता महत्त्वपूर्ण भनिए तापनि साधारण पाठकहरु कविता बारे केही लेखिँदा कवि विषय पनि केही न केही बुझिराख्न चाहन्छन्। यति मात्र होइन उनलाई कुन विषयले उत्प्रेरित गराएर लेख्न बाध्य गरायो? जहिले पनि तिनीहरु मध्ये धेरैजसो आफू जस्तै हाड मासु युक्त कविलाई पनि घटनासितै सीमित राख्न चाहन्छन्। हुन पनि कविप्रतिको एउटा अर्कै प्रकारको आदर भावले गर्दा होला उनको व्यक्तिगत

जीवनप्रति जिज्ञासा राख्नु स्वाभाविकै पनि हो। यही कारण विश्वकै लेखक, चित्रकार, कवि तथा नाटककारहरुका घर-आँगन आज तीर्थस्थल बनेका छन्।

समीक्षकहरु आज कविताको निक्र्यौल गर्दा वैज्ञानिकताको आधार लिन थालेका छन्। यिनीहरु कसैले पनि जसरी सजिलो हुन्छ कविताप्रति भनेजस्तो गरी उचित न्याय दिन चाहन्छन् भने त्यसलाई स्वीकार गर्न करै लाग्छ। हुन पनि घि भने झैं कविता मानव मनको कलातम्क अभिव्यक्ति हुनाले यस अन्तर्गत समय सापेक्षतामा विभिन्न प्रकारले भाषिक कलात्मक अभिव्यक्ति हुनाले यस अन्तर्गत समय सापेक्षतामा विभिन्न प्रकारले भाषिक प्रयोग भएका छन्। र भईरहेछन्, अझ कति भविष्यमा हुँदै जाला हो। यसको विशेषता नै गत्यात्मकता हो। भविष्यकै कुरा गर्नु हो भने कविता अझ क्लिष्ट र दुर्बोध हुँदै जाँदा कति कति यस्तै उपयुक्त मानकहरु बन्दै जाला हो र प्रत्येक समीक्षा नै विज्ञानिक बन्न सक्ला। यद्यपि आजको सन्दर्भलाई लिएर हेर्नु हो भने समीक्षा कुनै कुनै त आफ्नै साम्राज्य हो कि भने जस्ता छन्। व्यक्तिगत होस् वा ऐतिहासिक आकलन नै, अध्ययन मनन चिन्तन इमानदारिता निर्वाह भएकै हुनपर्छ।

हो त, कवि तथा साहित्यकारले आफ्नो कृति बजारमा ल्याएपछि पाठकको सहज प्रतिक्रिया मात्र होइन तर त्यस स्तरदेखि आफू अझै अघि बड्न पाठकहरुबाट उचित आग्रह तथा विवेकपूर्ण औचित्यको कविमा एक प्रकारको उत्सुक्ता एवं कौतुहलता हुनु स्वाभिवकै हो। तर कुनै मापदण्ड नै नभएको औ व्यक्तिगत क्षोभ तथा प्रशंसा आधारित समीक्षाले कवि, साहित्यमा कस्तो प्रतिक्रिया ल्याउला? भन्न गाह्रै छ। समीक्षा कुनै निर्दिष्ट मापदण्ड नभएसम्म कृतिले अपेक्षाकृत न्यायोचित अधिकार पाउला अथवा त्यसको सही मूल्यांकन होला भनेर चिताउनु व्यर्थ हुन्छ। तर यसो भन्देमा कसैको लेखन अधिकारमाथि पनि हस्तक्षेप गर्न सकिँदैन। स्वस्थ आलोचना प्रत्यालोचना त हुनै पर्दछ। त्यसो त अंग्रेजी साहित्यमै पनि त्यस्तो अचुक मानक देकिएको छैन, जहीं पनि कुनै न कुनै प्रकारको गुनासो त अवश्य रहेकै छ। कवि, साहित्यकारले एकपल्ट आफ्नै कृति सार्वजनिक गरेपछि त्यसपछिका प्रतिक्रियादि पाठकमाथि नै छोड्दिन पर्छ। समीक्षा सबैको वैज्ञानिकता हुनैपर्छ भने लेखापढी केही छैन। यो उनीहरुको आफ्नो स्वतन्त्र अधिकार क्षेत्र हो।

रमण नेपाल 'अन्तहीन सपना मेरो विपना{ मा लेख्छन् -'अतः सहज र सरल शैलीमा रचिएका जनपक्षीय कवितालाई युगानुकूल विचार पेश गरेको आधारमा 'नारावादी{ भनेर गिज्याउन र होच्याउन मिल्दैन।{ अब यसमाथि विचार गर्नु हो भने नारावादी भनेको नै राजनीति भनेको हो कि! किनभने नारा जुलूस इत्याति राजनीतिमै त हुन्छन् नि! यसको अर्थ जनपक्षीय कविता भन्नले साहित्यिक एवं कलात्मक अभिव्यक्ति नभएको खालि राजनीति मात्र ओकल्ने भन्ने कुरा चाहिँ एकपक्षीय अर्तात् पक्षपातपूर्ण विवरम मात्र भयो। अर्कोतिर स्वयं कविको आत्मस्वीकृति **म को हुँ ?** कविता-संग्रहको **मैले भन्नैपर्ने हुँदा** - मा यस प्रकार देखिएको छ - मेरा कविताहरु कतिपय समालोचकहरुले प्रगतिवादी भनी वर्गीकृत गरेका छन्। त्यसलाई म अस्वीकार गर्दिनँ। आफू जस्तै आम-जनताका दुःख तकलिफ र पीर-मर्काबाट उत्पन्न मानसिकताको कारणले नै मेरो कविता लेखनमा यसो हुन घएको हो भन्ने लाग्छ।{ उनको यस स्वीकृतिमा स्पष्ट हुन्छ भने आफू प्रगतिवादी भएको कुरा उनी आंशिक रुपकै मात्र सहमत भए जस्तो लाग्छ। यसमा भन्नुपर्ने विशेष कुरा के हो भने कवि पवन चामलिङ **किरण** गाउँ मै जन्मी-हुर्की त्यहीकै वातावरण तथा साम्तवादी व्यवस्थामा पिरोलिए, अन्याय, अत्याचारमुनि पिसिए। जुन कुराको उल्लेख अघिबाटै यहाँ राखिएको छ। त्यही कारण त्यो परिस्थितिमा लेखिएको उनको रचना प्रगतिवादी जस्तो देखिनु स्वाभाविकै

हो। उनले साधारण जनताका दुःख, पीर-मर्काभित्रै आफूलाई पाएका छन्। तिनीहरुकै सुख-सुविधा विषय केही गर्ने सोंचेका छन्। उसो ता प्रगतिवादी धारा उच्च कोटिको छैन, हुँदैन भन्न कदापि सकिन्न। तर शुद्ध प्रगतिवादीहरु निश्चय नै कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवादको समर्थक हुन्। एकातिर हाम्रो समाजमा प्रगतिवादी सम्बोधन हीनताको बोध गर्न प्रयोग गरिन्छ भने अर्कोतिर हाम्रो समाजमा प्रगतिवादी हौं भन्दै अरूलाई होच्याउने, शोषक र बुर्जुवा भन्दै द्वेषभाव राखी समाजको आँखाबाट झार्ने, गिराउने षड्यन्त्र रच्ने, डुक्रिने तथा आफू चाहिँ विलासिताको अवसर खोजिहिँड्ने यस प्रकारका व्यक्तिहरु पनि नभएका होइनन्। तर जनताप्रति समर्पित भाव राखी प्रगतिशील वा प्रगतिवादमा अघि बढ्दै विभिन्न साहित्यिक प्रयोगद्वारा समाज, देशलाई नै प्रभावित गराउने लेखक, कवि, साहित्यकारहरु पनि नेपाली साहित्यमा नभएका होइनन्। वास्तवमा वाद भन्ने कुरा केवल सिद्धान्त मात्र हो। कुनै वाद वा विचार ठूलो, कुनै चाहिं सानो छैन, हुँदैन। कुनै लेखक, कवि, साहित्यकारको लेखनी समाजको लागि अहितकर छैन। हितले हीन भएको साहित्य, साहित्य नै हुँदैन। नारावाजी साहित्य भन्नु नै कुनै कृतिलाई आफ्नो श्रेणीबाट तल झार्ने प्रयास गर्नु हो।

प्रसिद्ध साहित्यकार इन्द्रबहादुर राईलाई उनको लेखन विद्यामाथि, आफूलाई प्रगतिवादी भन्नेहरुले केही नबुझी प्रश्न उठाएका थिए। त्यसको प्रतिक्रियास्वरुप उनले ‘साहित्यको अपहरण मार्क्सवादिक प्रतिबद्धता{ नामक पुस्तक लेखी चढ़ाएका छन्। उक्त पुस्तकमा ती प्रगतिवादीहरु नै ठूला हुन् भन्नेहरुलाई उनले राम्ररी पाठ पढ़ाएका छन्। उनी यसरी लेख्छन् -

‘प्रगतिवादी लेखन (समाजमा अंशतः सुधार होइन आमूल क्रान्ति चाहने) अर्कै र मार्क्सवादमा आधारित हुन्छ, समाजवादी यथार्थवादको लेखनपद्धति लिएको। यथार्थवादमा सँगै समाजवादको आग्र साहित्यिक लेकनमा नार्न नसकिने अब अनुभव भएर सोझै समाजवादी लेखन बरू लेखिँदैछ।

प्रगतिशील लेखन व्यक्ति, वर्ग, समाज, जाति, देश, मानव समाज सबको पक्षमा हुन्छ। प्रगतिवादी लेखाई ‘सर्वहारावर्ग{ को पक्षमा। प्रगतिशील लेखनले वैयक्तिक, सामाजिक, शैक्षिक, आर्थिक, धार्मिक, राजनैतिक, मानवीय सब सुधार चाहन्छ। प्रगतिवादले आर्थिकमै जोर दिई राजनीतिक आर्थिक क्रान्ति चाहन्छ। प्रगतिशील लेकनले उदारतावाद र मानवतावादबाट बल लिन्छ, पाउँछ। प्रगतिवाद कम्युनिष्ट पार्टीको मार्क्सवादमा र कम्युनिष्ट पार्टीको कार्यक्रममा अढ़ेसिएको र अढ़िएको हुन्छ। प्रगतिवादको प्रगतिको सैद्धान्तिक कसी छ - साम्यवादतिर प्रगति, व्यावहारिक कसी हुन्छ सम्युनिष्ट पार्टीलाई समर्थन। प्रगतिवाद हुँदैन, कम्युनिष्ट पार्टी छैन भने।{

साहित्यकार इन्द्रबहादुर राई प्रगतिशील धारणालाई अझ स्पष्ट पार्छन् -

‘सामाजिक, आर्थिक, वैचारिक, प्रगतिशीलता चाहन्छ प्रगतिशील साहित्यले। यो वहिर्मुखी हुन्छ, जीवन-संवेदन मात्र भन्दा बाहिरका सामाजिक यथार्थहरुमा प्रगति खोज्ने। सामाजिक दोषहरुको आलोचना र सामाजिक सुधारहरुको पथप्रदर्शन यस लेखनले लक्ष्य लिएको हुन्छ।{

आज प्रगतिवाद र प्रगतिशील यी दुइ शब्दहरु पर्यायवादीरूपमा देखिन्छन्। वास्तवमा माथि उल्लेखित विषयहरुलाई राम्ररी केलाएर हेर्नु हो भने यी दुइमा कहाँ हो कतहां पार्थक्य देखिन्छ। सबैले

शब्दको गहिराईमा पुगेरै वादको उच्चारण गरेका हुँदैनन्। साधारणतः हामी नबुझेरै धेरै कुरा बोल्छौं र सबै कुरा क्षम्य हो भन्ने सोंच्छौं। वास्तवमा यो गलत धारणा हो।

यस सन्दर्भलाई एक छिन बिसाएर कवि पवन चामलिङ **किरण** को सोही पुस्तक **म को हुँ** अन्तर्गत मैले भन्नै पर्ने हुँदा लाई फेरि एकपल्ट हेरौं -

'मेरो कवितामा 'बिद्रोहात्मकता{ खुट्ट्याउने समालोचकहरु पनि छन्। मलाई लाग्छ - दूधे बालख कुनै बिमारी नभइकन झगड़ा गर्नु वा रुनुमा यही 'विद्रोहात्मकता{ प्रेरक तत्वको रुपमा रहेको हुन्छ तर जो स्वभाव बन्नु चाहिँ नराम्रो हो। विद्रोहको लागि विद्रोह चाहिँ हुनुहुँदैन। 'विद्रोह{ मात्रै किन र 'क्रान्ति{ पनि साधन हो - आफैमा साध्य होइन। यहाँ म 'रचना{ मात्रै नभई 'सिर्जना{ - को निम्ति गीताले भनेजस्तै 'युद्ध{ चाहन्छु। यो 'द्वन्द्व{ लाई मन परेन भन्दैमा अस्वीकार गरेर हुँदैन।{

भारतको संविधानमा सत्तापक्षबाट मनोमानी हुन सक्ने कुरालाई ध्यानमा रखी विपक्षको भूमिकालाई पनि त्यति नै प्रमुखता दिइएको छ। यस अर्थमा कि त्यहाँ विरोधको लागि विरोध मात्र होइन, आवश्यकता परे देशको निर्माणको लागि व्यवस्था नै पल्टाउन सक्ने त्यस प्रकारको संवैधानिक द्वन्द्वको प्रावधान छ। जनताले आफ्ना पीर-मर्का बोल्न नपाउने अर्कोतिर स्वतन्त्रताको गला रेट्ने शोषण गर्ने सत्ता विरूद्ध न्यायसंगत उठ्न पाउने तथा सार्वजनिक रुपमा प्रतिनिधिस्वरुपको सरकार बनाउन पाउने यस प्रकारको प्रबन्ध संविधानको आफ्नो विचित्रता हो। ठीक यही अर्थमा देश निर्माणार्थ विद्रोह एवं क्रान्ति वाञ्छनीय हुन्छ। यहाँ क्रान्तिको अर्थ संविधानदेखि बाहिर भनेको होइन। यद्यपि यी दुइ शब्दहरु पर्यायवाची अवश्य होइनन्।

विद्रोह अर्थ सिर्फ विरोध गर्नु हो। लौ त भनौं भने विद्रोहको पछिल्तिर सुधार बाहेक घृणा र स्वार्थ पनि रहन सक्छन् तर क्रान्तिको व्यापक अर्थमा सिद्धान्तले कार्य गरिरहेको हुन्छ भने त्यसबाट परिवर्तन स्पष्ट देखिन्छ, जस्तै औद्योगिक क्रान्ति अथवा सन् १९१७ को रुसको क्रान्ति इत्यादि। तथापि कवि **किरण** क्रान्ति साधन मात्र हो, साध्य होइन भन्छन्। जसरी फ्रान्समा भएको सन् १७८९ को क्रान्ति, फ्रान्सका दार्शनिक लेखक सिहित्यकारहरु जस्तै मन्टेक्यू, भोल्टायर, रुसो, डिडेरो तथा एलेम्बर्टको प्रभावबाट सम्भव भयो। क्रान्तिको मुख्य कारण देशको आर्थिक अवस्था नै थियो। वास्तवमा देशले सत्ता परिवर्तन चाहेको थियो। अर्कोतिर रुसको सन् १९१७ को क्रान्ति पनि काल्ल मार्क्सको द्वन्द्वत्मक भौतिकवादकै कारण थियो। यद्यपि क्रान्ति त साधन मात्र थियो त्यहाँ, त्यो साध्य अवश्य थिएन।

कवि **किरण** विद्रोहात्मक प्रवृत्तिलाई प्रेरक तत्त्व मान्छन्, अर्थात् यो ध्यान आकर्षण मात्र, बालकले भोक लाग्दा रुनु औ विरामीले दवाईको निम्ति आया, आत्था गर्नु भनेजस्तै। उनका कतिपय कवितामा यस प्रकारका विद्रोहात्मक भाव देखिएका छन्। उनको विचार अनुसार रचना अथवा कविता व्यापक शब्द सिर्जना हो, चाहे सिर्जनाको निम्ति बुद्ध नै किन गर्न नपरोस्। उनी यहाँ गीतलाई प्रमाणस्वरुप देखाउँछन्। यसको अर्थ के हो भने उनी भविष्य निर्माण र सिर्जनाकै निम्ति कविता रचना गर्न लागेका हुन्।

समाजमा यस प्रकारको विषमता र विसंगति, त्यहीमाथि सामन्तीहरु आफूलाई भगवानको अवतार स्वरुप स्वीकार गर्न लाएर रुढीगत अन्धविश्वासमै आफू चाहिँ शासन गरिरहने यस प्रकारको

प्रयास र स्थितिमा उले द्वन्द्व देख्नु र त्यसैलाई आत्मसात् गरी अन्धकार विहीन समाजको आशा राख्दै कलम समाउनु, यसलाई विचार्दा त्यो स्वाभाविकै हो लाग्छ। कवि **किरण** ले सिक्किमको जस्तो परिस्थिति थियो र छ, त्यसैलाई उनले आफ्ना कवितामा स्थान दिएको देखिन्छ। यसलाई विभिन्न समालोचकहरु कसैले विद्रोह देखेका छन् भने कसैले सामाजिक क्रान्ति। अरुले जस्तो उनले शान्तिका निम्ति क्रान्ति भनेका छैनन्। क्रान्तिको लागि क्रान्ति र शान्तिका निम्ति क्रान्ति भन्नेहरु समाजमा धेरै छन् तर यी नाराहरु पनि त्यतिकै अपवादस्वरुप नभएका होइनन्। उसो ता क्रान्तिका पनि विभिन्न अर्थ छन्। त्यसरी नै क्रान्तिद्वारा शान्ति त भयो तर अघि बढ्न बाटो स्पष्ट भएन भने क्रान्तिको पनि कुनै अर्थ रहेन। उनी भन्छन् -

'शान्तिकै निम्ति मान्छेहरु अनन्तकालदेखि
क्रान्ति गरेका छन्, गर्दैछन्, गरिरहने छन्,
तर पनि शान्ति प्राप्य छैन मान्छेको बस्तीमा
यस्तै देश स्थापना भएको विश्वमा
र नै शान्तिहीन मान्छेहरु विश्तापित भइरहेछन् मान्छेबाट
शान्तिको खोजीमा मान्छेले आफ्नै छाती छाम्नुपर्छ{

यसरी शान्तिको निकास नपाएर मानिस अशान्त भइरहेछन् वास्तवमा शान्तिका निम्ति त आफैलाई छाम्नुपर्छ भन्छन् उनी।

कवि **किरण** ले द्वन्द्वलाई सिद्धान्तः अपरिहार्य स्वीकार गरेका छन्। यहाँ द्वन्द्वको अर्थ साधारण द्वन्द्व होइन। द्वन्द्वात्मक प्रणालीको जन्मदाता प्रसिद्ध दर्शनशास्त्री जेनो हुन्। यसलाई पछिबाट प्लेटो, कान्ट, हिगेल, ब्रेडले तथा कार्ल मार्क्सले स्वीकार गरेका। हिगेलको द्वन्द्ववाद भाव-जगत् र विचार - जगत्मा घटित हुँदै वाद एवं प्रतिवादमा सन्निहित देखिन्छ। उनको विचारमा यही मूलवाद तथा प्रतिवादको अन्तर्विरोधी तत्त्वबाटै विकासको जन्म हुन्छ। उनले कलाको इतिहास-दर्शनमै पनि भाव र विचारलाई यही दृष्टिकोणबाट हेरेका छन्। तर कार्ल मार्क्सले भने भौतिक दृष्टिकोणले मात्र द्वन्द्वत्माकतालाई स्वीकार गरेका छन्। मार्क्सलाई द्वन्द्वात्मक भौतिकवाद अनुसार भौतिक जगतका सबै वस्तु तथा घटनाहरु अभ्यान्तरिक विरोध तथा संघर्षकै कारण द्वन्द्ववादी प्रक्रियामा अनवरतरुपमा परिवर्तनगामी एवं विकासोन्मुख बन्छन्। भनिन्छ, कार्ल मार्क्सको यो द्वन्द्वात्मक भौतिकवाद मौलिक हो।

जे होस् कवि **किरण** को द्वन्द्व बारे जे जस्तो धारणा रहेको होस्, द्वन्द्व एक प्रका मनोवैज्ञानिक तथ्य पनि हो। द्वन्द्व हाम्रो संविधानमा छ, द्वन्द्व साहित्यमा विद्यमान छ। द्वन्द्व समाजमै पनि व्याप्त रहेको छ यस बिना विकास नचिताए पनि हुन्छ तर यो कार्ल मार्क्सलाई सबैले सिकेको भने अवश्य होइन।

साँचो अर्थमा भन्नु हो भने मानव जीवनमै पनि द्वन्द्वको कम महत्त्वपूर्ण स्थान छैन। व्यक्तिको बाह्य र अन्तर्जगतको द्वन्द्वमै व्यक्तित्वको विकास निहीत छ। यसलाई राजनीति मात्र ठान्नु अथवा पञरगतिवादी साहित्यमा मात्र द्वन्द्व छ भन्नु वश्य पनि उचित हुने छैन। प्रगतिवादीहरुको पनि साहित्य अन्तर्गत आफ्नो स्थान निश्चित छँदैछ। तिनीहरु बदलँदो परिस्थितिमै पनि सर्वहारावर्गको लागि केही गर्न चाहन्छन्। आफ्नै प्रकारको राजनैतिक धारणामा तिनीहरु बाँच्न चाहन्छन्। तर दुन-चारजना व्यक्तिहरुको उच्छृङ्खलताद्वारा यस प्रकारको अस्वस्थ वातावरण सृदना हुनु अवश्य पनि यो दुःखलाग्दो कुरा हो।

शब्द सुन्दा जति सरल सुनिन्छ तर यथार्थमा त्यो त्यति नै जटिल पनि हुन सक्छ। इतिहासका पृष्ठहरुमा राजनैतिक द्वन्द्वको लामो इतिहास रहेर आएको छ। उदाहरणकै रुपमा कुरा गर्नु हो भने पनि त्यसो ता रुसको १६१७ को क्रान्तिको पनि राम्रा नराम्रा दुवै पक्ष छन्। एकातिर सर्वहारावर्गको आर्थिक उद्धार हुनु, अर्कोतिर राजपरिवारसहित हजारौं मानिसहरुको त्यस क्रान्तिमा अमानवीय हत्य हुनु तथा इमानदारिताले कमाएको धन खोसिएकाहरुले आफ्नो हो भनेर न्यायसंगत दावीसम्म गर्न नपाउनु। भौतिक विकास वा उन्नतिलाई नै सबै कुरा ठान्नु सिद्धान्तगत कुराभन्दा माथि यसलाई मान्नै सकिन्न। हो, धेरै छोटो अवधिमा क्रान्तिपछि रुसले देशको विकास गर्न सक्यो। विस्वशक्ति सन्तुलनमा यो शक्तिशाली संयुक्त राष्ट्र अमेरिकाको समकक्ष पुग्यो तर छोटो अवधिभित्रै बाह्रवटा स्वतन्त्र गमराज्यमा स्वयं परिणत भई यसको अस्तित्व, मात्र स्वतन्त्र राष्ट्रहरुको साझा परिवारमा खुम्चिएर रहन पर्‍यो। यसको मुख्य कारण स्टालिनका कमी कमजोरी, त्रुटीहरु नहटाई साम्यवादबाट केही पछि हटेर सोझै पुँजीवादी मुलुकहरुको लहै लहैमा सम्पूरण नीजिकरणमा आफूलाई ढाल्नु इत्यादि थिए। त्यहाँको साम्यवाद समय अनुकूल नहुनु तथा क्षेत्रीय राष्ट्रिय भावनाले स्थान लिनु पनि अन्य कारण थिए।

उसो ता चीन, उत्तर-कोरिया, मंगोलिया, भियतनाम, लाओस्, मोजाम्बिक, अंगोला, जिम्बाब्वे, क्युबा आदि स्थानहरुमा साम्यवादी कम्युनिष्ट व्यवस्था सुचारुरुपले चलिरहेकै छ तापनि यी विभिन्न राष्ट्रका साम्यवादी सरकार, सिद्धान्तले एकै प्रकारका छैनन्। त्यस बाहेक अर्कोतिर अन्य राष्ट्रहरु जस्तै संयुक्त राष्ट्र अमेरिका, पश्तिमी युरोप, क्यानाडा, अस्ट्रेलिया, दक्षिण अफ्रिका, जापान आदि देशहरु साम्यवादी देशहरु होइनन् तापनि तिनीहरु पनि त्यस्तै विकसित, सम्पन्न राष्ट्र हुन्।

यहाँ विभिन्न राष्ट्रहरुको नाम उद्धृत गरेर साम्यवादी राष्ट्रहरु राम्रा छैनन् भन्न खोजेको अवश्य होइन अन्य रा,ट्रहरुको पनि कमी कमजोरीहरु नभएका होइनन् तर जुनै पि सिद्धान्त, राजनीति वा वाद होस् स्तान, काल तथा देश परिस्थिति अनुसार राम्रो नराम्रो छुट्ट्याइन्छ। यसमा कसैलाई दोष दिन पाइन्न। वास्तवमा जुनै पनि राजनैतिक वाद वा सिद्धान्त होस् देशका चरित्र, बौद्धिक, मानसिक तथा भौतिक विकासमा यथेष्ट सहयोग पुर्‍याओस्, त्यही असल। साहित्यको सार्थकता पनि यही हो। साहित्यको सम्बन्धमा यी विषयहरु यहाँ स्पर्श मात्र गरिएको छ।

‘आजकल मान्छेले
केवल आँखाले मात्र हेर्ने गर्छन्।
आँखाले तिम्रो रुपलाई
नियाल्न तर सक्दैनन्,
तिम्रो स्वरूप र रूपलाई
नियाल्नका लागि
आत्मा र हृदयका आँखा चाहिन्छन्।{

आज साँच्चै, मान्छेले आफ्नैपन र अस्तित्वलाई पनि चिन्न सक्दैन, यहाँसम्म कि आफ्नै स्वरूपली पनि। किनभने आत्मा र हृदयको ढोका यहाँ प्रायः बन्द छन्। स्वास्थले गर्दा आँखा पनि प्रायः उस्तै छन्। हेर्छ तर दृश्यहरू छलिन्छन्। यो उसको एकोहोरोपन अथवा पागलपनकै कारण हो। कुनै पनि सिद्धान्त

सत्यकै नजिक पुग्नलाई वा स्पष्ट देखिन्छ कि भन्ने भावनाले स्वीकार गरिन्छ, आँखा अन्धा हुनलाई होइन। यो साँचो हो।

'म को हुँ{ कविता-सङ्ग्रह कवि 'किरण{ यौन सम्बन्धी कुराहरू लेख्छन्-

'नपुंसक युग
शिथिल लिङ्ग झैं
मुर्झाएको छ आफैमा
र समस्या बहुलाएको छ
युगको ओछ्यानमा नाङ्गिएर
कामुक रानीको अतृप्त वासना जस्तो।{

अति यथार्थवादीहरू समाजमा जे देख्छन् त्यही लेख्छन्। सामाजिक औचित्य अनौचित्यप्रति ध्यानै दिँदैनन्। विश्वयुद्धको मानव मूल्यमाथि भएको अतिक्रमणकोलगत्तैपछि कुनै पनि विधि विधानको अर्थ तिनीहरूका निम्ति सत्यलाई ढाकछोप गर्नु जस्तै थियो। साहित्यमा पनि एक प्रकार राजकता देखियो। हुन ता यसभन्दा अघि युरोपमा पनि राष्ट्रहरू बीचको आपसी कलहले गर्दा चित्रकलामा यस्तै प्रकारको तर कलात्मक प्रयोग नभएको होइन। शुद्ध प्रयोगकै उदाहरण स्वरूप एडगार डेगास (सन् १८३४-१९१७) तथा अगस्ती रेनोर (१८४१-१९१९)-ले 'स्नान गर्नेहरू{ शीर्षक चित्रहरूमा स्त्रीहरूका उदाङ्गो चित्र कोरेका छन्। त्यसबेला यस प्रकारका चित्रहरूको विरोध नभएको होइन। यी चित्रहरूमा विशेषगरी स्तनका भागहरू देखाइएको छ। यसबाट मातृत्वको चित्रण गरेको हुँदा यसलाई बुझ्नेहरू यसैमा मक्ख परेका थिए। कोखमा बालकले स्थान लिनेबित्तिकै युवतीको छातीमा मातृत्व सल्बलाउँछ त्यसरी प्रकृतिले एक कन्यालाई माताको रूप प्रदान गर्छ। नानी जन्मेर आफै खान सक्षम नभएरसम्म आमाको दूध चुस्ने यही क्रम चलिरहन्छ। यौवन अवस्थामा पुगेरयुवतीहरूमा विशेष प्रकारको लाच सल्बलाउने तथा आकर्षणको केन्द्रबिन्दु पनि यही हो। कसले आमाको दशधारा दूध नसुसेको होला? यससित कुनै उमेरका मानिस पनि आकर्षित नहुने कुनै कारण छैन। भनौं, यससित मानिसको जन्म जन्मान्तरको प्राकृतिक सम्बन्ध छ भने यसलाई चित्रण गर्दा कसैले विरोध गरी अश्लील नामाकरण गल्ला भन्ने ती चित्रकारहरूले सोंच्दै सोचेनन्। यस्तै प्रकारले प्रसिद्ध चित्रकार भेनेट (१८३२-१८८३)-ले पनि 'घाँसमा बसेर बढ़ा-खाना खानेहरू{ शीर्षक चित्रमा ठाँटिएर बसेका आधुनिक व्यक्तिहरू सामु एउटी निर्वस्त्र स्त्री देखाएका छन्। यो त्यस बेलाका उच्च ओहोदाका व्यक्तिहरूप्रति एउटा यथार्थगत व्यङ्ग्य थियो।

चित्रकलामा त्यस बेलाका प्रभाववादी चित्रकारहरूले क्षण विशेषको मनोभव तथा अमूर्त्त तथ्यको अभिव्यक्ति दिए पनि तिनीहरूकोसिद्धान्त कुनै विशेष तर्कमाथि आधारित चैन। ठीक यही बेलासाहित्यकारहरू पनि यसबाट बढ़ी प्रभावित भएका थिए। तिनीहरू प्रचलित आस्था तथा विश्वासको स्थानमा त्यस्तै स्थायी तथा तत्क्षणात् संवेदन तथा मनोभावलाई चित्रकारले जस्तै कवितामा जस्ताको त्यस्तै राख्न चाहन्थे। साँच्चै भन्नु हो भने यसै काल वैज्ञानिक अनुसन्धान र औद्योगिक क्रान्तिले मानिसको अस्तित्व प्रायः अन्धकारमै धकेलिएको अर्थहीन पो हो कि भने झैं भएको थिओ। सोरेन कीर्केगार्ड यसैबेला भिन्नै प्रकारको व्यक्तिवादी स्वच्छन्दता लिएर साहित्यमा देखा परे। फलतः यही नै पछि गएर अस्तित्ववादमा परिणत भयो। अस्तित्ववादको पृष्ठपोषक दार्शनिक फ्रेडरिक निस्ते (सन् १८४४-१९००)

मानिन्छ। उनी सामाजिक, नैतिक तथा परम्परा धारणाको कट्टर विरोधी थिए। उनको विचारमा सामाजिक, धार्मिक (नैतिक) मान्यताले सभ्य, शिष्ट मानवलाई लघु-मानवमा परिवर्तन गर्छ। साहित्यकार अल्बर्ट कामु पनि यसै वर्गका हुन्।

वैयक्तिक स्वच्छन्दता तथा चैन नै अस्तित्ववादी दर्शनको प्राणतत्त्व हो। यही कारण यिनीहरूबाट प्रतिपादित साहित्यमा घोर अराजकता, उन्मुक्त भोग, यौनवादिता, नास्तिकता, असामाजिकता जस्ता विषयहरू इत्यादि देखिएका छन्। त्यस बाहेक डारविनको विकासवाद जसमा मानवलाई बाँदरसित तुलना गरी बाँदरकै सन्तान प्रमाणित गरेको, फ्रायडले साहित्यलाई दमित काम वासनाको परिष्कृत रूप भनी परिभाषित गरेको तथा विज्ञानले पनि मानवहितको कार्य गर्ने विश्वासको हत्या गरी विश्वयुद्धमा यसले मानव संहार गरेको विभिन्न कारणबाट मानव विश्वास, आस्था, सिद्धान्त,धर्म सबै छिन्नभिन्न भएका घटनारूबाट पनि यसरी असामाजिक तत्त्व देखापर्‍यो। मान्छेले आफ्नो आदर्श बिर्सेको यो ऐतिहासिक घटना।

अर्कोतिर प्रसिद्ध दर्शनशास्त्री सर्वपल्ली डा० राधाकृष्णन अस्तित्वादी धारा पौराणिकताको प्रतिरूप हो, भन्छन्। वेद पुराणतिर शिवलिङ्गको व्याख्या देखिन्छ, पुजिन्छ पनि भनै बौद्ध धर्ममा पनि भोगलाई यौनरूपी चित्रहरूमा देखाइएको छ।

यहाँ प्रश्न उठ्नसक्छ, उसो भए कवितामा के कुनै औचित्यको आवश्यकता छैन? हामीले के नित्से तथा कामुलाई नै आफ्नो आदर्श मान्नु? प्रश्न गम्भीर देखिन्छ। तथापि कवि, साहित्यकारको स्वतन्त्र अभिव्यक्तिको जहाँसम्म प्रस्न छ उनीहरूको कलमलाई त कदापि छेकथुन गर्न नसकिएला तर साधारण अभिव्यक्तिकै निम्ति यस्ता सामाजिकता प्रदर्शन धेरै बुद्धिमानी होला भन्न सकिँदैन। बहुअर्ती तीव्रतर मनोभाव एवं जटिल भाव अभिव्यक्तिक लागि भने केही भन्न सकिँदैन। जुन शब्द अथवा शब्द समूहले असाधारण स्थिति र भाव प्रवणतामा त्यही अनुरूप तीव्रतर अभिव्यक्ति प्रस्तुत गर्दै सत्य, शिव अभिवृद्धि गर्ने प्रयास गर्छ भने त्यही सुन्दर। तर सुन्दर वस्तु समेत केही होइन भन्दै यौन तथा कुण्ठाकै आग्रहलाई प्रधानता दिने अथवा जसरी पनि यही विषयहरूलाई मात्र प्रकाशमा ल्याउने प्रयासलाई भने अपवादस्वरूप स्वीकार गर्नै पर्छ। अर्कोतिर आजको परिस्थितिमा परिवार-नियोजन कार्यक्रम, एड्स कार्यक्रम इत्यादिले प्रमुख भूमिका समाजमा खेल्न लागेका छन्। तर यिनै कार्यक्रमलाई लिएर हेर्नु हो भने यसको प्रयासमा शिव तत्त्व र भविष्य समेत सुन्दर बनाउने योजना स्पष्ट देखिन्छ, वास्तवमा यो उच्छृङ्खलताको लागि अवश्य होइन।

त्यसरी नै अर्कोतिर कवि पवन चामलिङ 'किरण{ अशिक्षित, अवहेलित, भोका-नाङ्गा गरीबहूको पक्षमा तिनीहरूका हक र हितका निम्ति संघर्षरत कवि, सर्वहाराहरूको जीवन सफल र सुन्दर बनाउन कम्मर कसेका राजनैतिक व्यक्ति हुन्। उनका कवितामा धेरैजसो ती विषयहरूकै चर्चा आफ्ना सहर र सरलतामा देखिएको हुनाले यसलाई कतिले नबुझेरै नारावादी भनेका हुन्। यौवनकाल उनले देखेको सतस्य त्यही थियो। यस विषय अघि पनि लेखियो। यसैले उनले 'प्रारम्भिक कविताहरू{ कविता-संग्रहको प्राक्कथनमा 'कतिपय यी रचनाहरूमा द्वन्द्वात्मक भौतिकवादको गन्ध आउनु स्वाभाविकै हो{ भनेर लेखेका छन् भने अर्कोतिर 'म को हुँ{-को 'मैले भन्नैपर्ने हुँदा{-मा आम जनताको पक्षमा लेख्दा समीक्षकहरू प्रगतिवादी भन्छन् भने त्यो अस्वीकार गर्दिनँ, भनेर उनले लेखे पनि मार्क्सवादी साहित्य-मूल्याङ्कनमा लेनिन

अनुसार साहित्यलाई सामाजिक उपयोगिताका निम्ति पार्टी-सिद्धान्त अनिवार्य र त्यस बाहेक अन्य कुनै वाद स्वीकार गर्दै नगर्ने, भनिएको हुनाले कवि ‘किरण{ प्रगतिवाद मन पराउने व्यक्ति हुन् तर प्रगतिवादी नै भने अवश्य होइनन् भन्न सजिलै सकिन्छ। यसर्थ यसको चर्चा गर्नु यहाँ निर्रथख छ। प्रसिद्ध समीक्षक मेथ्यू अर्नाल्ड अनुसार भन्नु हो भने जीवन एवं साहित्यमा क्षुद्रता होइन बरू भव्यता, गरिमा तथा उत्कर्षतालाई विशेषता दिनपर्ने विषयलाई यहाँ कदापि भुल्नु हुँदैन।

कवि ‘किरण{-ले कविता बाहेर धेरै गीत लेखेका छन्। त्यसैलाई मात्र संग्रह गर्नु हो भने यसले ठूलो पुस्तकको स्वरूप पनि लिनसक्छ। उनका कविता लयात्मक तथा कोमल भएको हुनाले गीत लेख्नमा उनी सिद्धहस्त छन्। गीत पनि रचनाकारको हृदयभित्रको कोमल भाव प्रस्फुटित भई निस्केको सौन्दर्यमय उद्‌गार हो। जहाँसम्म रचनाको सम्बन्ध छ कविताभन्दा यो धेरै पर हो भन्न मिल्दैन।

अब उनका कविता-सङ्ग्रह ‘प्रारम्भिक कविताहरू{, ‘अन्तहीन सपना : मेरो विपना{,‘म को हुँ?{ तथा गीतहरू सन्दर्भ विस्तार रूपमा यहाँ लेखिन्छ।

प्रारम्भिक कविताहरू
(कविता-संग्रह)

कवि पवन चामलिह ‘किरण{-को यो पहिलो कविता संग्रह भए तापनि प्रकाशनमा दोस्रो पर्न गएको छ। सम्भवतः यौवनकालको रचना सम्झेरै कवि स्वयंले ‘प्रारम्भिक कविताहरू{ नामाकरण गरेका हुन्। यस संग्रह अन्तर्गत् जम्मा ७८ वटा कविताहरू छन्। पहिलो कविता ‘हाम्रो नयाँ वर्ष-लाई लिएर हेरौं-

‘माया र दया थापेर
धेरै धेरै युगहरू
‘बोन्साई{ जस्तै बाँचेर
जीवन बिताउने हामी!
अत्याचार सहनसक्ने वीर हामी!
हाम्रो लागि आएन नयाँ वर्ष
हाम्रो लागि सधैं दुःखको वर्ष
एक मुट्ठी मान्छेको लागि पेवा बनेर
आउँछ सधैं नयाँ वर्ष,
हाम्रो लागि कहाँ आउने हो र नयाँ वर्ष
कति युग बितिसके, कति शदी बितिसके
तर आएन हाम्रो नयाँ वर्ष।{

उक्त कविता संग्रह रचना अवधि सन् १९७०-७८ लेखिएको छ। समय नुसर क्रमागत रूपमा कविता मिलाएर यहाँ राखेको नहोला तापनि संग्रहको यो पहिलो कविता उनाले र सत्तरी दशक तथा त्योभन्दा पहिल्यै देखिएको परिस्थितिसित यो मिल्ने जुल्ने हुनाले कविले ‘हाम्रो नयाँ वर्ष{ त्यतिबेलै लेखेका हुनपर्छ। त्यस बेलाको स्थितिमा समाज दुइ भागमा विभक्त भएको देखिन्छ, एउटा दया गर्ने औ अर्को दया थाप्ने। दयामा बाँच्नेहरूले सधैं अत्याचार सहन गर्नपर्ने औ जति नै दुःख गरे पनि आर्थिक अवस्थाले हीन

हुनपर्ने तर अर्कोतिर एक मुट्ठी मानिस बने नयाँ वर्ष आउँदा रमाउने, यो विसंगतिपूर्ण समाजप्रति कविको यहाँ व्यंग्य देखिन्छ। उनको वाक्य, ‘बोन्साई जस्तै बाँचेर जीवन बिताउने हामी{ घतलाग्दो देखिन्छ। एउटा बिरुवालाई थोरै मात्र माटो दिएर सानो बाँड़ामा कच्रन दिई, न मर्नु न बाँच्नु बनाएको अवस्था हो बोन्साई। पूँजीपति तथा समान्तीहरूले गरीबहरूमाथि गरेको अत्याचारलाई तुलनात्मक रूपमा यहाँ राखिएको छ। यस्तो अवस्थामा नयाँ वर्षको महत्व केही हुँदैन भन्ने कविको विचार यहाँ स्पष्ट देखिन्छ। उनी अन्तमा भन्छन्-

‘ल्याउनुपर्छ हामीले हाम्रो नयाँ वर्ष
हाम्रो मुक्त इर अधिकारको नयाँ वर्ष
हाम्रो खुशी र स्वतन्त्रताको नयाँ वर्ष!
आउँदैछ - हामी भएर हाम्रो नयाँ वर्ष!{

शोषणबाट जर्जरित सिक्किमेली समाजको मुक्तिको लागि सर्वप्रथम यहाँ क्रान्ति नै आवश्यक रहेको हुनाले यसैका निम्ति तयार हुनपर्ने कविको धारणा रहेको छ। आफ्नो वरिपरिको अवस्था देखेर त्यस बेला कवि धेरै संवेदनशील देखिन्छन्।

‘लाटो बोल्छ{ शीर्षक कवितामा उनी यसरी अभिव्यक्ति दिन्छन्-
‘चिसेनीमा मैले त आगो जलाउन परेको छ
बलेको आगो त लाटो पनि ताप्छ
मैले त कुण्ठित आवाजहरू बोल्न परेको छ
मान्छेले बोल्ने खुल्ला शब्दहरू त लाटोले पनि बोल्छ{

बलेको आगो ताप्नु र लाटोले संकेतद्वारा बोल्नु एउटै कुरा हो। जल्दो बल्दो पुरुषार्थ भएको मान्छे हो भने जस्तै चिसेनीमा पनि आगो बाल्न अथवा चारैतिर अत्याचारले दबिएको आवाज बाहिर निकाल्न सक्नुपर्छ भन्छन्, उनी।

यी दुवै कवितामा स्वतन्त्रताको लागि छट्पटी उनमा विद्यमान रहेको थाहा पाइन्छ। समाजमा व्याप्त अत्याचार देखेर उनलाई अहिले नै देशमा क्रान्ति सल्काइदिऊँ, सल्काइदिऊँ जस्तो लाग्छ। कविको यस बेला कलिलो उमेर हुनाले धैर्यको बाँध अहिले नै टुट्ला जस्तो प्रतीत हुन्छ। क्रान्ति तथा जनआन्दोलन जस्ता जल्दा बल्दा विषयहरू समयले स्वयं ल्याउँछ भन्ने युगमा कवि ‘किरण{ जनसमुदायलाई कविताद्वारा झक्खकाउन पुग्छन्।

हो, सन् १९७३ को सिक्किमको त्यो जनआन्दोलन त्यसै सफल भएको होइन। यहाँ भित्रभित्र युवक तथा बुद्धिजीवीहरू देशवासीहरूलाई सचेत गराउन लागिपरेको यो एउटा उदाहरण हो।

‘पागल{ नामक कवितामा कवि ‘किरण{-को उद्गार-
‘त्यो मान्छेको गला
मान्छेलो निमोठेको छ

उ पागल होइन
उसको मुटु मान्छेले चिमोटेको छ{

यहाँ मान्छे शब्द द्वन्द्वात्मक रूपमा प्रयोग भएको छ। घाँटी निमोठ्ने पनि मान्छे औ मुटु चिमोट्ने पनि मान्छे। सर्वप्रथम कसैले मुटु चिमोट्ने काम गरे प्रतिक्रिया स्वरूप घांची निमोठ्ने कुरा त स्वाभाविकै हुन्छ। मान्छे मान्छे बीचको संघर्षले यहाँ स्थिति स्वयं पागल भएको देखाइएको छ।

फेरि अर्को ‘कठोर{ नामक छोटो कवितामा कविले प्रतीकको राम्रो प्रयोग गरेका छन्-

‘त्यो ढुङ्गा
जसले ब्लास्टिङको धूलो पीठो भएर
अस्तित्व गुमाउन परेको छ
झ्याम्पल र मार्तोलको प्रहारमा
छाती छेंड्िमाग्न परेको छ, सहर्ष!{

सत्य कटु हुन्छ। युगौंयुग अचल र अटल रहेको त्यो ढुङ्गा, विकासको बाटो छेक्ने हुनाले एक दिन हठात् विस्फोटक पदार्थको मारमा परेर त्यसले आफ्नो अस्तित्व गुमाउन पर्‍यो। अन्तमा झ्याम्पल र मार्तोलको प्रहारले त्यसले आफ्नो छाती छेंड्िमाग्नु पर्‍यो, त्यो पनि सहर्ष।

त्यस बेलाको सिक्किमको व्यवस्थाको प्रतीक हो त्यो ढुङ्गा। व्यवस्थाले विवेक लिएको भए यस्तो कहिले हुनसक्ने थिएन। आखिर मजदूर, किसानहरूको जीत भयो, सामन्तीले हार्न पर्‍यो।

सन् १९७३-को त्यो जनआन्दोलनलाई कविले प्रतीकहरूद्वारा सफलतापूर्वक देखाएका छन्। कविताको अन्तमा सहर्ष शब्द जोड्िएको हुनाले व्यवस्थाले पनि न्तिम क्षणमा आफूले गरेका जम्मै अपराधहरू स्वीकार गरेको यहाँ स्पष्ट भएको छ।

नेपाली साहित्यमा थोरै मात्र कविले आफ्ना कृतिहरूमा सरलभन्दा सरल शब्दको प्रयोग गरेर जटिलतम गम्भीर विषयलाई अभिव्यक्ति दिएका देखिन्छन्। धेरै कठिन शब्दरू थुपारेर थोरै भावको अभिव्यक्ति पनि दिन सक्दैन भने त्यो कविता होइन, आडम्बर हुन्छ, शब्दले उचित सार्थकता बुझाउन सफल हुँदा हुँदै त्यसलाई विश्वास गर्न छोड्ेपछि शब्दले पनि कविलाई कवि भनेर विश्वास गर्न छोड्छ। यस्ता घटनाहरू नेपाली साहित्यमा कति छन् कति। वास्तवमा शब्द तथा वाक्य मिलाउँदैमा कविता हुने होइन।

अत्याधुनिक कविहरूको विशेष लक्षण के हो? खुट्याउने एउटै उपाय छ, त्यो हो आफ्नो भावलाई स्फटिक जस्तै स्पष्ट पार्न सरल शब्द, प्रतीक र बिम्बादिको कलात्मक प्रयोग। कविताको आफ्नै भाषा हुन्छ, त्यो अवश्य पनि साधारण भाषा अथवा कथा लेखे जस्तो सोझो हुँदैन। अर्को कुरा, नेपाली कवितालाई संस्कृतमय बनाउनु उचित हुँदैन, न कि हुनुसित सम्बन्धित अवैचारिक सारतत्त्व विहीन यस प्रकारका कविता नै।

‘बादललाई कोमल मात्र नभन

- - -

असिना र पानी वर्षाएर
भल पहिरो चलाएर
संसारको अस्तित्व मेटाइदिनेछ
संसार पल्टाइदिनेछ।{
**(बादल)**

अङ्ग्रेजी क्रान्तिकारी कवि शेलीले आफ्नो ‘बादल{ कवितामा बादललाई जीवन्तताको प्रतीक बनाएका छन् तर यस कवितामा कवि ‘किरण{ बादलमा प्रलय मच्चाउन सक्ने सम्भावना देख्छन्। कोमल भएर के भो? कोमलता नै यसको विशेष गुण होइन भन्दै यहाँ बादललाई उनले जनसाधारणको प्रतीक बनाएका छन्।

समाजमा विद्यमान उँच, नीच विसंगति देख्दा देख्दै जनप्रतिनिधिहरूबाट पनि विकासका कामहरू हुन नसकेको र भ्रष्ट अनैतिकता देखेर उनी सोझै बोल्छन्-

‘आफ्न मुख मात्र हेर्ने हो कि
जनताको दुःख पनि हेर्ने हो?
गाड़ी-बिल्डिङ मात्र किन्ने हो कि
देशको उन्नति पनि गर्ने हो?{

गाउँका सीधा-सोझा जनताले आफ्नो प्रतिनिधिप्रति कस्तो भावना राखेका थिए तर आज के भइरहेछ? सोही परिस्थितिलाई लिएर जनताकै भाषामा उनले आफ्नो अभिव्यक्ति त्यसरी दिएका हुन्।

कवि ‘किरण{-को विचार अनुसार जन-प्रतिनिधिहरू जनगणको पक्षमा देशको चौतर्फी विकासको निम्ति समर्पित हुन सक्नुपर्छ न कि स्वयं केन्द्रित, भ्रष्टाचारी। आज विश्वकै इतिहासमा जनप्रतिनिधिहरूको व्यवहार सन्तोषजनक देखिएको छैन। अनैतिकता, भ्रष्टाचार तथा सामाजिकता कुतत्त्वबाट राजनीति कलुषित भइसकेको औ संवैधानिक मान्यता समेत निर्रथक बनाइसकेको अवस्थामा प्रतिनिधिहरूको ध्यान आकर्षित गर्न कवि त्यसतर्फ लागेका देखिन्छन्। यसमा प्रशासन पनि उत्तिकै दोषी मान्न सकिन्छ। राजनैतिक परिवर्तन भएर पनि राज्य प्रशासनले साधारण जनतालाई परै सार्ने पुरानै मनस्थिति तथा व्यवहारमा हिँड़िदिए देश निश्चय अघि बढ्नसक्ने छैन। यसर्थ सरकार भनेको व्यवस्था हो भने पनि प्रशासन पक्षले सह सम्बन्धित भई सक्रिय भूमिका निर्वाह गर्नु सक्नुपर्छ। कतिपय यस्ता कमजोरी देखेर समाज, देश, राष्ट्र भन्दा हुरुक्क मरिमेट्ने कवि यसरी यहाँ चिन्तित देखिएका छन्।

उक्त पुस्तकको पहिलो संस्करणको प्राक्कथनबाट यी प्रारम्भिक कविताहरू वैंशालु अभिव्यक्ति हुन् भनेर कवि स्वयंले ठहर गरेका छन् भने अर्कोतिर आफूले भोगेका अभाव, असुरक्षा, सामाजिक कुसंस्कार, कुण्ठा, बन्धन, वर्णभेद, शोषण-दमन तथा उत्पीड़न नै यी कविताहरूको प्रेरणास्त्रोत हुन् भन्ने पनि उनले स्कीकार गरेका छन्। यो तथ्यबाट कवि कहिले कहीं सुधारवादी, कहिले स्वच्छन्दतावादी नदेखिएका होइनन्।

हो, त्यस बेला यहाँ असुरक्षाको भावना पनि नभएको होइन। राजा र प्रजाबीच खिँचातानी भइरहेको बेला चीनले एकातिरबाट सिक्किममाथि गिद्धे आँखाले हेरिरहेको औ अर्कोतिरबाट सिक्किमलाई भारतले निकट भविष्यमा पनि कस्तो व्यवहार गर्ने हो? इत्यादि शंका उपशंका देखिएको थियो। गरीबी, भोक, रोगले सताइएको सिक्किमेली समाज यस्तो विकट परिस्थितिमा सुरक्षित त अवश्यै थिए नै।

भविष्यमा प्रजातन्त्र बहालीपछि पनि शिक्षा र अनुभवको कमीले हक र हितको निम्ति तिनीहरू अघि बढ्न सक्छन् के? नागरिकहरूले स्वतन्त्रताको रक्षाको लागि कतिसम्म भूमिका निर्वाह गर्लान्? यस शंकास्पद स्थितिमा कवि चिन्तित देखिनु स्वाभाविकै हो।

तिनको रचना 'म{ कविताको यो एक पद-

'जिन्दगीको सराप लागेर
बेस्याहार छन् मेरा कथाहरू
एउटा खोक्रो संसार सजाएर
मैले मेरो हराइसकें आज
मैले मलाई निलिसकें आज
मैले आफ्नो अस्तित्व बिर्सिसकें आज{

विश्वमा सबैभन्दा डरलाग्दो कुरा के हो? भनेर कसैले सोध्यो भने त्यो वास्तवमा व्यक्ति स्वयं हो भन्दा हुन्छ। व्यक्ति स्वयं किन आत्महत्या गर्छ अथवा किन उनले जघन्य हत्या रचाउँछ? यो मनोवैज्ञानिक विषय हो। जस्तै समस्यामा पिरोलिन परे पनि साँचो अर्थमा भन्नु हो भने व्यक्तिले जहिले पनि आफैसित भरोसा लिन पर्ने हुन्छ। निराशा छायो भन्दैमा आफैसित पलायन भयो भने आफ्नो मात्र होइन सम्पूर्ण जातिकै अस्तित्व डुब्नसक्छ। तर कवि यहाँ निराश देखिए जस्ता मात्र छन्। उनी एकदिन झल्याँस्स ब्यूँझन्छन्, लाग्छ, उनले आजसम्म केही गर्न सकेका छैनन्, यहाँ त उनको जीवन कसैको श्राप लागे जस्तो खोक्रो भएर बाँचेको रहेछ। यही कारण, मैले आफ्नो अस्तित्व नै बिर्सिसकें कि! भन्ने उनी सम्झन्छन्। संक्षेपमा भन्नु हो भने यही क्षणदेखि उनी जीवनमा केही गर्ने, देशको लागि मरिमेट्ने दृढ़ संकल्प लिएका देखिन्छन्।

यस कविताको अन्ततिर उनी भन्छन्-

'गड्डीको इज्जत पिएर
धरखरिएको मान्छे जस्तै
बेस्याहार छन् मेरा कथाहरू
निराकार छन् मेरा वास्तविकताहरू{

'गड्डीमा इज्जत पिएर धरखरिएको मान्छे, निराकार छन् मेरा वास्तविकताहरू{ जस्ता बिम्बहरूको प्रयोगलेकविको अभिव्यक्ति कलात्मक र सशक्त बनेको छ। आफू बाँचेको समाज तथा देशमा घटिरहेका शोषण र उत्पीड़नमा उनमा आएको स्वाभाविक आवेशले यसरी अभिव्यक्ति पाएको छ-

'एकपल्ट होइन
दुइपल्ट होइन
यस्तो अत्याचार
भइरहेछ बारम्बार
पुगेन यिनीहरूलाई
लुटेर हाम्रा घरबार
(तिम्रो-मेरो आह्वान)

त्यसपछि त्यही कविताको अर्को पद-

'यो विश्वमा गरीबहरूको लाज
उखेली फ्यांकिदेऊ है
मान्छेको संसारबाट

यो पापीहरूको राज।{

यहाँ कविले गरीबहरूको पक्षमा बोल्दै संसारमा जहाँ जहाँ यस प्रकारको अत्याचार र अन्याय छ संगठित रूपमा यसको विरोध हुनैपर्छ भन्ने उनले आह्वान गरेका छन्।

कविले प्राक्कथनमा स्वीकारेको अर्को विषय पनि छ। उनी लेख्छन्-'कतिपय यी रचनाहरूमा द्वन्द्वात्मक भौतिकवादको गन्ध आउनु स्वाभाविकै हो किनभने मैले आफ्नो जीवनमा यथार्थ रूपमा भोगेका कुराहरू नै यी कविताहरू हुन्{ इत्यादि।

अन्याय, अत्याचार, शोषणको पक्षमा साहित्य रचना गर्ने साहित्यकारहरूलाई सोझै प्रगतिवादी भनेर साहित्यमा टिक्नै नदिने गरी घृणा र आरोप लाउनेहरू समाजमा धेरै छन्। सामन्ती र पूँजीपतिको साधारण विरोध गर्दै सर्वहाराहरूको पक्षमा कविता लेख्नु द्वन्द्वात्मक भौतिकवाद हुनसक्छ। तर मार्क्सवाद भनेर कविप्रति सोझै राजनैतिक हस्तक्षेप गर्नु गलत हुन्छ। किनभन

अन्याय, अत्याचार, शोषणको पक्षमा साहित्य रचना गर्ने साहित्यकारहरूलाई सोझै प्रगतिवादी भनेर साहित्यमा टिक्नै नदिने गरी घृणा र आरोप लाउनेहरू समाजमा धेरै छन्। सामन्ती र पूँजीपतिको साधारण विरोध गर्दै सर्वहाराहरूको पक्षमा कविता लेख्नु द्वन्द्वात्मक भौतिकवाद हुनसक्छ। तर मार्क्सवाद भनेर कविप्रति सोझै राजनैतिक हस्तक्षेप गर्नु गलत हुन्छ। किनभने कवितामा गरीबप्रति सहानुभूति लेख्दैमा कोही मार्क्सवाद भइहाल्ने होइन। मार्क्सवाद ठहर गर्ने त्यहाँ अन्य तत्त्वहरू पनि छन्। त्यसो हुँदा कविलाई यसैमा समर्पित व्यक्ति भनिहाल्न राजनैतिक भविष्यवाणी गरे जस्तो मात्र हुनेछ। समाजवाद हाम्रै संविधानमा उल्लेखित मुख्य विषय हो भने विश्वका प्रायः तीस-चालीस प्रतिशत राष्ट्रहरू नै समाजवाद, साम्यवादको प्रभावमा परिसकेका हुनाले यसबाट यो कोही प्रभावित हुनसक्छ। माथि उल्लेखित, पूँजीवाद, सामन्तवाद, शोषण, सर्वहारा जस्ता शब्दहरू नेपाली समाजले अघिबाटै पचाइसकेका तत्सम्, तत्भव शब्दहरू हुन्। विश्वको इतिहासमा अराजकतालाई पनि वादको पगरी गुँथिदिएर सिद्धान्त अन्तर्गत् राखिएको छ। स्वतन्त्रता संग्रामकाल अंग्रेजहरूले महात्मा गान्धीलाई अराजकतावादी भनेर सम्बोधन गर्दा उनले यसमाथि लामा लामा भाषण दिएको इतिहास साक्षी छँदैछ। सुन्दा सुन्दर नलागे तापनि वास्तवमा यो एक यथार्थ हो। अर्को कुरा, आरोप लाउनेले विवेक पुऱ्याएरै यसरी नामाकरण गर्ला भन्ने नसोचे पनि हुन्छ। आखिर कवि स्वभावले नै अति संवेदनशील, भावुक हुन्छ। त्यसो भन्दैमा कविता भावुकता हो भन्न पनि सकिन्न किनभने भावुकता मात्र कि त यथार्थ मात्र, यस्ता मात्र मात्र त कविता हुँदैन। यो सबैले बुझेकै कुरा हो। त्यही कारण कविले प्राक्कथनमा आफ्ना रचनाहरूमा द्वन्द्वात्मक भौतिकवादको गन्ध आउनु स्वाभाविकै हो भनेका हुन्।

यी कविताहरूको निर्क्योलमा के भन्न सकिन्छ भने यी रचनाहरूको आधार यथार्थ परिस्थिति हो। प्रगतिवादको अध्ययन गरी साम्यवाद दलप्रति समर्पित भएर लेखिएका अवश्य होइनन्। कविले प्राक्कथनमा ठीकै भनेका छन्-'कुनै वादको अनुशरण गरेर यी कविताहरू लेखिएका छैनन्। कुनै वादको घेराभित्र आजका रचनाकार स्वतन्त्र बनेर बाँच्न सक्दैन...स्रष्टा द्रष्टा नै हुन् र अतुलनीय छन्।{ हुन पनि उनका यी कवितहरू कुनै प्रगतिवादी हुन् कि भने झैं छन् भने कुनै चाहिँ नितान्त व्यक्तिवादी जस्ता पनि देखिन्छन्।

'व्यथालु संसार{ नामक कवितालाई व्यक्तिवादी पंक्तिमा राख्न सकिन्छ। उनी भन्छन्-

'साह्रो रहेछ मान्छेलाई जिउनु जिन्दगानी
कसलाई सुनाऊँ, भग्न मेरो मनको कहानी?
- - - - - -
यति धेरै मान्छेमा कोही आफ्नै छैन,
यति ठूलो संसारमा कसैको कोही भएन,
चारै दिनको जिन्दगानी यात्री संसारको
सोच्दैनन् मान्छेले जीवन छ क्षणिक हाम्रो।

कवि 'किरण{-का प्रारम्भिक कविताहरूको उल्लेख गर्दा वैंशालु उमेरको रचना हुनाले यी धेरै स्तरीय छन् भन्न नमिले पनि त्यस बेलाको सिक्किमेली नेपाली साहित्यको सन्दर्भमा थोरै हो भन्न सकिन्न। धन्य, विद्यार्थी अवस्थादेखि नै आफ्ना शिक्षक तुलसीराम शर्मा 'कश्यप{-को हात समाएर कविलाई नेपाली साहित्यको गोरेटोमा हिँड्न सुअवसर मिल्यो। यसको वर्णन अघि नै गरिसकिएको छ।

कालान्तरमा सिक्किम विधान सभाध्यक्ष पदमा कवि तुलसीराम शर्मा 'कश्यप{ आसीन हुँदा उनका त्यस बेलाका शिष्यहरू कवि पवन चामलिङ 'किरण{ लगायत बी०एम०रामुदामु पनि विधायक भएर जनताका प्रतिनिधिस्वरूप त्यहाँ पुगेका थिए।विधान सभाध्यक्ष पदमा रहँदा नै कवि 'कश्यप-ले

'जन्मभूमि{- तथा 'आमा{ जस्ता महाकाव्यहरू रचना गरेका हुन्। यस काल पनि कवि 'किरण{-सित कविता बारे त्यतिकै चर्चा भइरहन्थ्यो। तर शैलीगत व्यक्तित्वमा भने उनीहरू कहाँ हो कहाँ फरक देखिए। कवि 'कश्यप{- का रचना सिक्किममै सामाजिक भावभूमिमा जुरूक्क उठेर राजनीतिलाई कहीं कतै स्पर्शसम्म नगरेको वर्णनात्मक शैलीमा प्रस्तुत भएको पाइन्छ भने कवि 'किरण{-को मुख्य विषय नै सामाजिक यथार्थ र राजनैतिकता, थोरैमा धेरै बुझ्नपर्ने, प्रतीक र बिम्बहरूमा गुम्फित भएको पाइन्छ।

कवि पवन चामलिङ 'किरण{- र कवि तुलसीराम शर्मा 'कश्यप{-मा न्य केही असमानता थियो भने त्यो समयको प्रभाव थियो। एक कवि रौद्र र वीर रसका गद्य कविताक धनी हुन् भने अर्का शान्त, करूण र श्रृङ्गार रसका शास्त्रीय शैलीका कवि हुन्।

कवि 'किरण{ आफूलाई कसैले मार्क्सवाद नै भनुन् तर उनी साधारण जनताका निम्ति कविता रचना गर्छन्। उनका कविताको उद्देश्य मनोरञ्जनका निम्ति मात्र हुँदैन। उनी भन्छन्-

'मान्छे, मान्छे जस्तो बाँच्नु सक्नु
क्रान्तिको अन्तिम सफलता हो
अन्तिम निष्कर्ष हो
वास्तवमा यही नै क्रान्तिको सफलता हो।"

आफ्नो देशको मान्छे पनि गाँस, वास र कपासको बन्दोबस्तसित उच्च आर्दश लिएको हुनपर्ने उनी सोच्दछन्। वास्तवमा क्रान्ति कहीं हुन्छ भने त्यहाँ यति न्यूनतम उद्देश्य त हुनै पर्छ, अर्थात् क्रान्तिको सार्थकता र सफलता भनेको मान्छेले मान्छे जस्तो भएर स्वतन्त्र पाउनु हो।

मार्क्सवाद स्वयं एक सत्य हो। राजनीतिमा अनुवाद भएपछि यसले विश्वलाई नै कुनै न कुनै रुपमा आफ्नो प्रभावमा पारेको छ। जहाँ शोषण तथा विषमता छ, त्यहाँ द्वन्द्व हुनु स्वाभाविक। युवकहरु पनि यस अवस्थामा त्यसतिर आकर्षण हुन्छन् नै। मार्क्सको भनाइ अक्षरसः सत्य। सिक्किम प्रारम्भदेखि नै राजतन्त्रमा विश्वास राख्दै आएको देश हो। बाउन्न ठिकादार, सामन्ती शासनमा देखिएका कुरुवा, बेठी, झार्लाङ्गी जस्ता गरीबहरुमाथि अत्याचार गरिने यहाँको घृणित प्रचलन। एउटै अपराधमा पनि मान्छे हेरी हेरी दण्ड दिइने प्रथा इत्यादिले गर्दा सन् १९४६ मा सिक्किम देशले पहिलो ठूलो जनआन्दोलन देख्नु पऱ्यो। त्यसपछि पनि स्वतन्त्र न्याययालयको लागि कति वर्ष पर्खनु पऱ्यो। जनताले आफ्नो हक हितको लागि अघि बढ्न खोज्दा पनि पछिसम्मै सामन्ती तथा पूँजीपतिहरुसित संघर्ष गर्नुपर्ने त्यस प्रकारको अवस्था अद्यापि रहेकै हुनाले सिक्किमेली जनताले वाक्क भएर सन् १९७३ मा फेरि अर्को आन्दोलन गर्नु परेको हो। यस विषय अघि नै वर्णन गरिसकिएको छ।

जनता अशिक्षित तथा राजनैतिकरुपमा सचेत नभएका र भनेजस्तो नेतृत्व नपाएकै कारणबाट तिनीहरु समयमा संगठित हुन सकेनन् तथापि युवकहरु भने आपस्तमा अघिबाटै प्रजातन्त्रको निम्ति क्रान्ति क्रान्ति भन्दै मुर्मुरिइरहेका थिए। उक्त जनआन्दोलन त सफल भयो तर राजनैतिक आवश्यकताले गर्दा सिक्किम भारतको बाइसौं राज्य बन्यो। सिक्किमले राजा र मुकुट मात्र हराएको हो तर अस्तित्व नै हराउने गरी यो कसरी यस्तो भयो भन्ने युवकहरु पनि पछि निस्के। फलस्वरुप कवितामा पनि यसको प्रभाव देखिए। यस्ता कविताहरुमध्ये कवि जीवन थिङ एक हुन्। उनको कविताको एक झलक यस्तो छ -

'मैले डुबाइसकेको इतिहासमा म मेरो रगत चिन्न सक्दिन
अनि जब म मेरो इतिहास खोज्छु
मेरा दाँतहरु फुक्लन्छन्
मेरा हातहरु काटिन्छन्
र मेरा डुँडे हात आकाशमा कीला भएर ठोकिन्छन्
र मबाट निष्कासित मेरै कथा त्यहाँ झुण्डाइन्छन्{

उनै कविको अर्को कविता 'निरपेक्ष शहर{ - को एक पद -

'अब त मलाई डर लाग्छ
यस शहरमा बस्न
अब त मलाई भय लाग्छ
यस शहरमा शान्तिले हाँस्न
किनभने यस शहरमा
प्रत्येक हाँस्ने मान्छे हाँसेको हुँदैन
हाँस्ने मान्छे रोएको हुन्छ र
रुनेहरु हाँसेको हुन्छन्।{

सिक्किम देशको अस्तित्व आफ्नै हातमा रहनुपर्छ भन्ने भावुक कविको देहावशान पच्चीस वर्षमा उमेरमा सन् १९७७ मा भएको थियो। कवि 'किरण{ सित शैलीगत लेखनमा केही मात्रमा समान देखिएको छ। कवि थिङका प्रतीक र बिम्बादिको प्रयोग सुन्दर तथा कलात्मक भए पनि भावुकताले ओतप्रोत छन्। त्यसरी नै शैलीगत रुपविधानको सन्दर्भमा उनी केही अस्पष्ट तर बहुअर्थी हो कि भनेजस्तो लाग्छ। कवि पवन चामलिङ **किरण** का कविता भने भावुकताले ओतप्रोत नदेखिए पनि सामाजिक भावभूमि सन्दर्भमा यथार्थले त्यहाँ जिल्ल खोजे झैं छ। यो तुलनात्मकता उनको 'प्रारम्भिक कविताहरु{ कविता-संग्रहको सन्दर्भमा यहाँ भनिएको हो। कसलाई आफ्नो छुट्टै अस्तित्व र स्वतन्त्रतामा बाँच्न मन पर्दैन? सिक्किम देशको ऐतिहासिकता, अवस्थिति तथा परिस्थितिसित अनभिज्ञ रहेका कवि थिह तथा उनका कविता प्रयोगवादी धर्मीता भावुकतामा उभिएका छन् भने कवि **किरण** का प्रायः धेरैजसो कविता प्रयोगवादीरुपमै समाजवादी एवं व्यक्तिवादी मिश्रित भावलाई लयात्मकताले डोऱ्याउँदै भए पनि धेरैजसो अन्त्यानुप्रासयुक्त पाइन्छ। उदाहरणको निम्ति **किरण** का कविताको एक अंश -

'मान्छेको साइनो जातले होइन
रगत बन्दछ
मान्छेको नाता थरले होइन
विचारले बन्दछ।
++++++
आकाश मिल्छ, धर्ती मिल्छ
सीमाना मिल्दैन
मान्छेको रगत सबैको मिल्छ

मन किन मिल्दैन?{
(मन किन मिल्दैन{ -बाट)

***कवि किरण, आजको स्थिति*** - लाई यसरी परिभाषित गर्न खोज्छन् -

‘विपनाको मरुभूमिका सपनाको फूलबारी सजे जस्तो
चन्द्रमा विजेता मान्छेको बस्ती पनि -
भोकले मरेको एउटा लास हो,
जाड़ोले कक्रिएको एउटा भिखारी हो,
जीतहरुमा हारेको एउटा व्यथा हो!
दवाई किन्न नसकेर
बाँचेको रोगी मान्छेको जीवन हो।{

निश्चय, कवि त्यस बेलाको स्थितिसित खुशी थिएनन्। त्यस स्थितिलाई मरुभूमिमा सपनामा फूल रोपे जस्तो अर्थात् मिथ्या उनले भनेको छन्। चन्द्रमा पुगेर फर्केर आएको मान्छेको आफ्नै बस्तीमा भोकले गर्दा मरेको एउटा लास जस्तो अर्थात् यहाँ विसंगति संज्ञा उनले दिएका छन्।

यसरी कवि **किरण** आफ्नो सूक्ष्मातिसूक्ष्म भावलाई शब्दरुपमा हाम्रो अघिल्तिर राखिदिन सफल भएका छन्।

अर्कोतिर, वर्म विभेद पनि हाम्रो समाजको निम्ति एउटा कलंक प्रमाणित भएको छ। पुरातनवादीहरु स्वयंलाई थाहा छ, यसबाट धेरै विसंगति उत्पन्न भएका छन् तर पनि तिनीहरुको अहम्को कुनै अन्त्य छैन। कवि भन्छन् -

‘भेधभावमा सजेको मान्छे
रगत एउटा भएर के भो ?
\- - - - - -
हृदयभरि पार बोकेर
मन्दिर पुज्दैमा के हुन्छ ?
पापै पापको कर्म गरेर
धर्मको प्रचलन गर्दा के हुन्छ?{

आखिर मान्छेको रगत र एउटै हो तर मानव मानव बीच यो घृणा, विभिन्नता किन? धर्मले नै मान्छेलाई छुट्याएको हो भने धर्म तब केका निम्ति? बुझ्न पर्थ्यो। पापकर्म गरेर धर्म हुन्छ भन्नु त्यो मूर्खता हो।

देशमा व्याप्त सामाजिक संकीर्णता, अन्धविश्वास इत्यादि हटाउन उचित शिक्षा तथा वैज्ञानिकताको खाँचो पर्छ। वास्तवमा यो मानसिक र व्यवहारिक परिवर्तनको प्रश्न हुनाले तत्क्षणात् सम्भव

देखिँदैन। यसको लागि व्यवस्था मात्र होइन समाजका प्रत्येक व्यक्ति सजग र सचेत हुनपर्छ। मान्तेको अहम् र संकीर्ण मनोभावमाथि विजय प्राप्त गर्नु उचित परिस्थिति नभई त्यो सम्भव हुँदै हुँदैन। पश्चिमेली समाज शिक्षित एवं सभ्य कहलाइए पनि त्यहाँ यस्ता कमजोरीहरु नभएको होइनन्।

अर्को कविता ***मेरो गाउँ/मेरो ठाउँ*** शीर्षक कविताको एक पद -

'हुरी आयो तर उड़ाएनन् यहाँका
कुकर्तुतका कैला मैलाहरु
आँधी आयो तर बगाएनन् यहाँका
कलुषितताका दुर्गन्ध हिलाहरु{

जनताले जति नै आन्दोलन गरे पनि पुराना विश्वास र पुरानै विचार रहेसम्म यी आन्दोलनहरु सफल हुने होइनन्। कविलाई लाग्छ, समस्त गाउँ गाउँमा वैचारिक परिवर्तन हुनै पर्दछ र मात्र यी काला मैला तथा दुर्गन्धिहरु हटाउन सकिन्छ।

उपर्युक्त पदमा हुरी आयो तर कुकर्तुतका मैलाहरु उड़ाउन नसकेको औ त्यसरी नै आँधी आयो तर दुर्गन्धे हिलाहरु बगाउन नसकेको विपरीत लक्षणा अभिव्यक्ति अर्थात् व्यञ्जना वृत्तिको यहाँ खूब राम्रो उदाहरण छ। व्यंग्यको निम्ति उक्त प्रयोग चमत्कार प्रतीती हो।

आज कविताको भाषा अभिधाबाट सर्दै लक्षणात्मक, व्यञ्जनात्मक तथा ध्वन्यात्मक भएको छ। छन्द मात्र कविताको भाषा होइन भन्ने युगसचेतता हो। छन्द गेयरुपको प्रतीक हो। छन्दक प्रयोगले मात्र लय र गति प्रदान गर्नसक्छ भन्न सकिन्न। तथापि दक्ष कविले भने छन्दमै विभिन्न प्रयोग गर्न सक्छन्। तर शैलीगत विशेषता भनेको युगको प्रभाव हो।

कवि पवन चामलिङ **किरण** का कतिपय कविताहरु व्यक्तिवादी धरोहरलाई स्पर्श गर्न पुगेको कुरा अघि लेखियो, त्यस अन्तर्गत कहीं कहीं दर्शन पनि रहेको देखिन्छ, जस्तै -

'यति धेरै मान्छेमा कोही आफ्नो छैन
यति ठूलो संसारमा कसैको कोही भएन
चारै दिनको जिन्दगानी यात्री संसारको
सोंच्दैनन् मान्छेले जीवन छ क्षणिक हाम्रो।{

साँचो हो, मान्छेको बजारमा मान्छे एक्लो भइ स्वयं हराउन खोज्छ। आफूसित धेरै मानिस भएर के गर्नुङ्क आत्मीयता त्यहाँ छैन भने आफ्नो कोही हुँदैन। जीवन क्षणिक छ तर पनि मानिस जहिले पनि हामी अमर छौं भने झैं देखाउनमै व्यस्त हुन्छ। यो संसार एक प्रकार रहस्यमय छ। मान्छेको जीवन क्षणिक देखेर केही गर्छु भन्नेहरु कोही साधु सन्यासी भएर घुम्दैछन्, कोही ज्ञान, विज्ञानको खोजीमा छन् भने कोही मानवता नै धर्म हो भनेर आफ्नो कर्त्तव्यमा दृढ़ छन्। सबैको बाटाहरु बेग्ला बेग्लै। कुन ठीक, कुन बेठीक केही जान्न सकिन्न। विभिन्न देशका विभिन्न संस्कृति, विश्वास, आस्था र बाचाइको दर्शन आफ्नै

प्रकारको हुन्छ। संसारको विचित्रतामा ज्ञान सिक्छु, विज्ञान बुझ्छु र प्रयोग गर्छु भन्नेहरुको लागि जीवन साह्रै छोटो छ। ज्ञान, विज्ञान स्वयं अनन्त हुनाले सर आइजक न्यूटनले मानिसको जीवनली बालुवाको कणसित तुलना गरेका छन्। पश्चिमेली देशहरुमा कर्म नै धर्म हो भन्ने सिद्धान्त देखिन्छ। त्यसैले तिनीहरु बिहान सबेरै उठेको देखि सुत्ने समयसम्म कामै गरिरहेका हुन्छन्। पैसा कमाउनु, सभ्य देखिनु मात्र तिनीहरुको जीवनको लक्ष्य छैन। तर नेपाली (गोर्खा) हरुको परम्परामा भने सामाजिक, सांस्कृतिक कमजोरीहरु धेरै छन्, जस्तै कमाउनमा भन्दा उड़ाउनमै मस्त, गफै गरेर निरर्थक भएर बाँच्नु, यस बाहेक मदिरापान तथा जुवा-तास इत्यादिले गर्दा नेपाली (गोर्खा) परिवारहरु गरीबीको मारमा परेका छन्। तिनीहरुले पनि जीवन क्षणिक छ भनेर त्यसै अनुसार दिनरात काम गर्नसके निश्चय नै हाम्रो आर्थिक अवस्था सुध्रन सक्थ्यो। यसो बए समाजमा दया गर्ने र दया थाप्ने दुइ प्रकारका मानिसहरु हुने थिएनन्।

'मूर्दाको-बस्तीमा मान्छेहरु{ कविको अभिव्यक्ति यस प्रकार छ -

'युग युगदेखि चारैतिर
मान्छेहरु
थकाइ मारिरहेछन्,
बसिरहेछन्
- - ॠ
व्यथाले पोलिरहेछ,
समस्याले थिचिरहेछ,
अन्धकारले निलिरहेछ,
र पनि यी मान्छेहरु -
उभिरहेछन्,
बुझिरहेछन्
गुनिरहेछन्
चूपचाप सहिरहेछन्
सहिरहेछन्....।{

समाजका एक थरी मानिसहरु जिउँदो जस्तो भएर बाँच्न सकेका छैनन्। तिनीहरु आफूमाथि जति नै अत्याचार आइलागे पनि त्यसको विरोधमा एक शब्द पनि बोल्दैनन्। यस प्रकारका मानिसको बस्तीलाई उनी मूर्दा-बस्ती भन्न रुचाउँछन्।

यस कविताको विशेषता खास गरी यसको चित्रशैली हो, जस्तै - 'र पनि यी मान्छेहरु{ हरफ मनिल्तिर क्रमैसित उभिरहेछन्, बुझिरहेछन्, गुनिरहेछन्, इत्यादि राखिँदा मानिसहरु स्वयं उभिरहेका, बुझिरहेका इत्यादि चित्रमयताको प्रतीत हन्छ। कवितामा यस प्रकारको चित्रमयता प्रयोग नेपाली साहित्यमा थोरैले मात्र गरेका छन्।

'यसो गर्नु छ{ नानक कविताको एक पद लिएर हेरौं, कविको रचनामा तिनको अन्तर्मन कसरी बाँचेको रहेछ -

'ढुङ्गामाथि सुनाखरी बाँचे झैं
मान्छेले यहाँ बाँच्नु छ
मुटुभित्र व्यथा लुकाई
मुहारमा हाँसो ल्याउनु छ।
आफ्नो लागि मरे पनि
अरुको लागि जिउनु छ।{

हाम्रो पहाड़ी देशमा ढुंगामाथि सुनाखरी फूल उम्रन्छ, त्यहीं झ्याँगिन्थ अनि त्यहीं ढकमक्क भएर फुल्छ। यो हिमाली भेकमा बस्ने नेपाली (गोर्खा) हरुको प्रतीक हो। यहाँका मानिसहरु दुःखमै जन्मन्छन्, दुःखमै बढ्छन् औ दुःखमै बसेर जीवन सफल पार्छन्। वास्तवमा यो हाम्रो लागि एक प्रकारको बिडम्बना हो। यस जातिले जातीयताको लागि केही गर्न नसके पनि अन्य देशको लागि अर्थात् परोपकारको लागि प्राण नै न्यौछावर गर्दै आएको सबैले देख्दै आइरहेको कुरा हो।

फेरि अर्को कवितामा उनलाई जाँचौ - यस कविताको शीर्षक छ 'पाउनु के छ?{

'दुनियाँको झन्झट किन मलाई
रहनु छ सधैं दिल जलाई,
तेरो मेरो उसको भन्दै
व्यर्थै किन यो लड़ाइँ?

दुःख-सुखले संसार सजेको
हाँसो-आँसुले जीवन बनेको
गरीब, धनी, सानो भन्दै
पाउनु के छ? भेदभाव जगाई!{

कविको हृदय साधारण मानिस जस्तै छ। समाजमा भ्रष्टाचारी तथा धनी मानी मानिसहरुले समाजविरोधी काम गरिरहेकै छन्, सहनेहरु पनि सहिरहेकै छन्। यहाँको शान्ति श्मशानको शान्ति जस्तै भए पनि बाहिरबाट यसो हेर्दा सबै मिलिरहेकै जस्ता छन्। त्यसो भए उनलाई मात्र केको चासो? यहाँ ठूलो सानो किन भनिरहनु? कविभित्र यस प्रकारको द्विविधा नउठेको होइन। यस संसारमा दुः पनि छ, सुख पनि छ। आँसु छ र हाँसो पनि छ। समाज धनी र गरीबकै स्वरुपमा जिउँछ भन्ने उनमा पनि यस प्रकारका विचाहरु नआएका होइनन्।

यसको अर्थ, कवि स्वयंलाई समाजको विसंगतिमाथि औंला उठाउनु, क्रान्तिका कुराहरु गर्नु व्यर्थै झन्झट मात्र हो लाग्छ। यसो गर्दा कति मानिसहरु उनीसित रिसाउँछन्। बरु चूपचाप लागेर बस्नु पर्ला। यस प्रकारको उनको मनमा द्वन्द्वमा नभएको होइन। तर समाजमा व्याप्त अन्याय, अत्यचार देखेर उनी चूप लागेर बस्नै सक्दैनन्।

उनमा विशेषता यही छ।

उनी फेरि ‘मान्छे : एक पहेंली{ - मा आफ्नो अभिव्यक्ति यसरी दिन्छन् -

‘युद्धरत छु आजकल म
आफैभित्रको मान्छेसँग।
त्रस्त छु आजकल म
वरिपरिका साथिहरुसँग
कसरी विश्वास गरुँ (?)
साथीहरुलाई ‘मान्छे{ भनेरय{

कविसित मान्छेको परिभाषा अति स्वच्छ र ईश्वरीय गुँ सम्पन्न भई बाँचेको छ। तर यस्ता देवस्वरुप मान्छेले पनि समाजप्रति विश्वासघात गरेको देख्दा उनी आशचर्यचकित छन्। उनलाई लाग्छ, यहाँ त सबै दानव रहेछन्। यही दानवले नै मानवको अभिनय गर्दा रहेछन्। यही कारण कविलाई पनि आफैसित आजकल विश्वास लाग्न छोड़ेको छ। उनी त्रस्त छन्।

कवि **किरण** का यी कविताहरु उनकै भनाइ अनुसार प्रारम्भिककालमा लेखिएका वैंशालु अभिव्यक्ति मात्र हुन्, भन्ने स्वीकार गरिएको भए पनि कुनै कुनै कविता भने धेरै घतलाग्दा, प्रयोगवादी धर्मितामा ठिंग उभिए झैं लाग्दछ। उदारहणका निम्ति ‘स्वार्थ मान्छे{ शीर्षक कविली एकपल्ट लिएर हेरौं -

‘सूर्यका किरण पनि
निस्तेज भइसकेछन्।
पृथ्वीका अंग-अंग विलाइसकेछन्।
झारपातहरु कुहिसकेछन्,
भीर-पहराहरु मक्किसकेछन्, भत्किसकेछन्
खोला-नालाहरु सुकिसकेछन्
युगहरु धेरै पल्टिसकेछन्।{

स्वार्थ भन्ने शब्द जति निष्ठूर र क्रूर छ त्यो त्यत्तिकै रहस्यमय आकाररहित अमूर्त्त पनि छ। कविले यो स्वार्थ जस्तो निराकार अमूर्त्त वस्तुलाई सबैको अघिल्तिर ठिंग उभ्याउन प्रयास गरेका छन्, जस्तै - सूर्य किरण निस्तेज हुनु, हरिया झार जंगल एकाएक कुहुनु, भीर पहराहरु मक्किसक्नु, खोला-नाला सुक्नु इत्यादि। स्वार्थ भन्ने वस्तु देख्न सकिन्न तर त्यसका विभिन्न रुपहरु मूर्त्तरुपमा उनले यसरी देखाइदिएका छन्।

अब फेरि अर्को कविता लिएर उनको प्रवृत्तिगत विवेचनालाई लिएर हेरौं -

‘हे कविज्यू!
तिमीले सोचेका थियौ होला
कि यहां राम-राज्य हुन्थ भनेर

तिम्रो सपनाको देश स्थापना हुन्छ भनेर
तर अफसोस कविज्यू!
सीता र सवित्रीहरु
सबै-सबै रावणका सुसारे बनेका छन्
यहां त राम-राज्य होइन
रावण राज्य छ।{

आदिकवि भानुभक्तप्रति सम्बोधन गर्दै आज हाम्रो देशमा रामराज्य होइन तर रावाणराज्य आएको छ भनेर उनले यहां व्यंग्य कसेका छन्।

रामायण हिन्दुहरुको पविक्ष ग्रन्थ हो। यहाँ राम र सीता आर्दश-पात्र हुन् तर अर्कोतिर, समाजमा राम, सीता, लक्ष्मण, भरत नामधारी साधारण व्यक्तिहरु पनि धेरै छन्। यहाँ कसैले दबाव हालेर यस परिस्थितिलाई रामराज्य हो भन्न सक्दैन। आफ्नो स्थिति हेरेर जसलाई जे मन लाग्यो भन्न सक्छन्। यो कुनै बहसको विषय होइन। प्रगतिवादीहरु त झन् एक कदम अघि बढ़ेर के भन्छन् भने धर्म जनमस्तिष्कबाट उत्पन्न भएको कल्पनाप्रधान विषय मात्र हो। ठूला बड़ाको पूजा गर्ने औ गरीब तथा नहुनेलाई आशा देखाएर भक्ति गर्न लाउने एक प्रकारको षडयन्त्र मात्र हो। ठीकै हो, धर्मप्रति कसैको आस्था हुन्छ, कसैको नहुन पनि सक्छ। यहाँ कविले जे लेख्यो त्यो साँचो हो भनेर प्रशंसाको पूल बाँध्ने काम छैन तर उक्त विषय समाजमा घटिरहेको सबैले देखिरहेकै छन्। समाजमा विद्यमान राम, लक्ष्मण, सीताहरु रामायणमा उल्लेख गरे जस्तो सबै असल छन् भनेर भन्न सकिँदैन।

'म जन्मेको धरती{ मा कवि यसरी आह्वान गर्न पुग्छन् -

'तिर्खाएको काकाकुलले दूषित पानीको वहिष्कार गरेर
पवित्र पानीको खोजीमा चिच्याउँदै उड़े जस्तो
म पनि पवित्र संसारको खोजीमा
एउटा विरोध लिएर हिँड़िरहेछु, जलिरहेछु
खोक्रे र बोक्रे मान्छेको संसारलाई वहिष्कार गरेर
म आफ्नै संसार सज्जाउन चाहन्छु
महल र आकाशको पूजा गरेर होइन
झोपड़ीमै दीयो जलाएर
मेरो संसारको निर्माण गर्न सक्छु।{

हिउँद, वर्षा घरि औल, घरि लेक गरिहिँड्ने यायावर काकाकुल पक्षी मानौं तिनीहरु आफूलाई मनपर्ने पवित्र पानीको खोजीमा चिच्च्याउँदै उड़ेका हुन्। त्यसरी नै कवि पनि आफ्नै संसारको निर्माण गर्न स्वयं लागिपरेका छन्। उनी आफ्नो वरिपरिको परिस्थितिसित ठ्याम्मै खुशी छैनन्। उनी महल र आकाशको पूजा गरेर तिनीहरुको भक्त हुन चाहँदैनन्। तिनीहरु उनको दृष्टिमा खोक्रे र बोक्रे मात्र छन्। यही कारण उनी झुपड़ीहरुमा दीयो बाल्न चाहन्छन्। आजन्म गरीबहरुकै सेवा गरेर बस्ने उनको इच्छा छ।

उसो भए सबै धनी-मानी मानिसहरु मान्य छैनन्? प्रश्न गम्भीर नभएको होइन। यहाँ देखिएका सबै धनी मानिस के जन्मदेखि नै धनी हुन्? के तिनीहरु सबै आफ्नै पसिनाले धनी भएका हुन् त? एउटा गरीब मान्छेको छोरो थोरै समयमै ओहोदाम बसेपछि धनी हुन्छन्, कसरी? एउटा अपठित क्रूर मान्छे केही दिनमै धनी हुनसक्छ। यसको कारण त सबैले बुझेकै कुरा हो। हाम्रो देशमा डाडु पन्यूँ हातमा हुनेहरु भोकै कहाँ हुन्छन् र ? तिनीहरु पुस्तौंसम्म पुगिसरी हुने व्यवस्थामा लागेका छैनन् र ? यही कारण कवि आफ्नो परिस्थितिसित खुशी नभएको हुन्। उनलाई लाग्छ देशको प्रत्येक वर्षको बजेटमा गरीबहरुको पनि भाग लागेकै हुन्छ। कोही धनी असाध्यै, कोही माग्ने किन? खोई तिनीहरुको आफ्नो भाग? खोई तिनीहरुको लागि न्याय? यस विषय कवि ज्यादै संवेदनशील छन्।

‘मनको घर{ शीर्षक कविताको भावुकता यस प्रकार छ -

‘मेरो मनको घरमा
सधैं रमाहट छ,
खुशी र आनन्दको राज छ।
किनभने -
मानवताले मर्यादाको मादल बजाउँछ,
सत्यले अहिंसाको प्रेमको गीत गाउँछ,
मायि र कोमलताले नाच नाच्छ,
दया र धर्मले एकता र समानताको धुन सुसेल्छ{

घर भन्ने बित्तिकै झल्याँस्स सम्झना हुने विशेषताहरु, जस्तै खुशी, रमाहट, आनन्द, मानवता, सत्य, प्रेम, माया (ममता, स्नेह), दया, धर्म एकता इत्यादि यही पदभित्रै समाहित छन्। यसर्थ कविको घर अत्यन्त सुखी होला भन्ने कल्पना आउनु स्वाभाविक हो। त्यही कारण उनी भन्छन् -

‘मान्छे खुशीले पीङ खेल्छ
सत्य, अहिंसा र मानवता गफ गर्छ।
माया र कोमलता अँगालो मारेर हाँस्छ!{

‘प्रारम्भिक कवितातहरु{ को सन्दर्भमा भन्नु पर्दा जति-जति कविताहरु अघि बढ्दै जान्छन् उति-उति कवितात्मक भाव र शैलीले यहाँ स्तरीयताको सिँढ़ी चढ़े झैं देखिन्छ।

‘वैंशालु साथीलाई{ शीर्षक कवितामा कविले युवक-युवतीहरुसित, देश निर्माणका निम्ति सहयोग माग्दै यसरी बोलेको छन् -

‘आऊ, साथी वैंशालु!
एउटा नयाँ संसार निर्माण गर्न
विचारको यही धरतीमाथि
जहाँ सम्पूर्ण मान्छेका निम्ति -

साझा सपना फुल्ने देश होस्।
जहाँ सम्पूर्ण मान्छेका निम्ति
आकाशको छानामुनि एउटै घर होस्।
यस्तै हाम्रो संसार निर्माण गर्न आऊ साथी वैंशालु!{

सम्पूर्ण मान्छेका निम्ति साझा सकतपना पुल्ने देश निर्माण गर्नु नै वास्तवमा उनको लक्ष्य हो। यसर्थ उनी सर्वप्रथम विचार परिवर्तनका निम्ति सबै तयार हुनपर्छ, भन्छन्। वरिपरिको परिस्थिति स्वस्थ नभएको हुनाले उनी शोषणहीन समाजको पनि यहाँ आशा राख्छन्।

ईश्वरको मूर्ति अघिल्तिर उभिएर 'मेरो भगवान्{ शीर्षक कवितामा कवि यसो भन्छन् -

'युग-युगदेखि मेरो भगवान्
अवहेलित र शोषित!
यी गोम्पामा, मन्दिरमा
गिर्जा र मस्जिदमा मेरो भगवान्
मेरो ईश्वर वास्तवमा कैद छन्
मेरो ईश्वरको नाममा मानिसले पूजा अर्चना गर्न धूप, बत्ती र अक्षता
रुपियाँ, पैसा, धन-दौलत चढ़ाएको
तिमीले त देख्छौ मात्र
त्यो खाने र लाने अनि त्यसमाथि
अधिकार जमाउने त अर्को कोही छ।{

कविको अन्तरात्मामा ईश्वरको स्वरुप अति महत्त्वपूर्ण भएर रहेको छ। ईश्वर सर्वव्यापक, सर्व शक्तिमान बनेर उनी चिन्दछन् तर धर्मका ठेका लिएका मानिसहरुले मन्दिरादि निर्माण गरी त्यसभित्र ढुंगाको मूर्ति स्थापना गरी फलामे ढोका लाइरहेका हुन्छन्। यसो हुँदा ईश्वरको स्वरुप तथा महत्त्वलाई तिनीहरुले नबुझेका अथवा अवहेलना गरेका हुन् कि भन्ने उनी सम्झन्छन्। त्यसमाथि भक्तहरूबाट चढ़ाइएका पैसा, धन-दौलत इत्यादिमाथि अधिकार जमाउने पनि त्यहाँ ईश्वर स्वयं होइनन्। ईश्वरलाई कैदमा हाले जस्तो गरी पुजारी मोटाउने यस प्रकारको व्यवस्थाप्रति कविको व्यंग्य देखिन्छ।

वास्तवमा कवि मान्छन् तर ईश्वरको नाममा भइरहेको यो विसंगतिपूर्ण व्यवहारप्रति उनी रिसाउँछन्। त्यति मात्र होइन उनी स्पष्टवादी भएर त्यस स्थितिलाई घृणा गर्छन्।

अर्कोतिर भारतका विभिन्न प्रान्तमा छरिएर बसेका सजातीय दाजुभाइलाई पनि सम्झेर उनी यसरी आफ्नो अभिव्यक्ति दिन्छन्

'प्रवासको क्षितिजमुनि
बाँचेका थिए मेरा पुर्खाहरु
दासत्वलाई गर्व ठानेर,

बोकेर तक्मा र करतल ध्वनिहरुमा
सजाए दासत्वका महलहरु
भोगेर लाखौं अभिशप्त जिन्दगीहरु।{

कुनै समय आफ्नो घर-गाउँ छोड़ेर प्रवासी जीवन भोग्न आएका नेपाली (गोर्खा) हरु दास सरह विदेशकै सेवा गर्नु धर्म हो भन्ने सम्झी बोक्रे तक्मा र थप्पड़ी बजाएकै भरमा आफ्नो अस्तित्व समेत भुल्न लागेको देखेर कवि दुःखी देखिन्छन् अनि भन्दै जान्छन् -

‘अब त तिमीले जाग्नुपर्छ,
किनकि तिमीले बहाएको रगतहरु
यही धरतीमा मिसिएको छ।
यही धरतीमा तिमी त यत्रतत्र छौ,
यहींका कथा र व्यथा भएका छौ।{

भारतमा नेपाली (गोर्खा) हरुको बलिदान तथा सेवा महत्त्वपूर्ण रहेको छ। स्वतन्त्रता संग्रामको बेला पनि तिनीहरुले विभिन्न क्षेत्रमा सहयोग पुऱ्याएका कुराहरु इतिहासमा लेछेप्रै छँदैछ। त्यसमाथि पनि कतिपय भूमि भारत राष्ट्रमा सम्मिलित हुन आएपछि नेपाली (गोर्खा) हरु स्वयं जमीनसितै आएका हुनाले तिनीहरुले हामी प्रवासी हौं भन्ने भावना परित्याग गर्नपर्ने हो। हामी यत्रतत्र भएर बसेका भए पनि आफ्नो अस्तित्वका निम्ति जाग्नुपर्ने, अधिकार खोसेर लिनपर्ने, औ त्यसरी नै युगौंयुगदेखिको हाम्रो मानसिक प्रवृत्तिमा रहेको दासत्वको भावनालाई पनि सधैं-सधैंको निम्म्त धुन पर्नेछ, भन्छन् कवि।

उक्त ‘क्षितिजमुनि{ कविताको अन्तिम पद यस्तो छ -

‘हामीले बाँचेको प्रवासको क्षितिजमुनि
हाम्रै आकाश र धरती हुन्।
हाम्रो आफ्नै संसार होस्।{

कवि पवन चामलिङ **किरण** लिखित ‘प्रारम्भिक कविताहरु{ कविता-संग्रहको भावभूमि आफ्नै समाज, देश छन्। त्यसैबाट प्रभावित भई उनको साहित्यिक व्यक्तित्वको शनैः शनैः विकास भएको हामी पाउँदछौं। उनको सृजनागत प्रवृत्ति विशेष गरी शोषण र अत्याचारको प्रतिक्रियावश भएको हुनाले उनी स्वाभाविक हिसाबले देश प्रगति पथमा लम्कनु पर्छ भन्ने भावनाले प्रवृत्त हुँदै स्वयं प्रगतिशील विचारमा अघि बढ्न लागेका छन्। महत्त्वपूर्ण ओहोदामा रहेका व्यक्तिहरु लगायत त्यस बेलाको व्यवस्थाप्रति कविको व्यंग्यात्मक विचार रहेको छ। उनको विचारमा गरीबहरुप्रति कसैको ध्यान गएको छैन। गरीब अझ गरीब हुँदै जाँदैछन्, अन्धकार, अशिक्षा, भोकमाथि केही सोंचिएकै छैन भन्ने कुरामा उनी विश्वस्त छन्। यसप्रति सबैरो ध्यान आकर्षण गर्दा कहिले कहीं अन्य साधारण व्यक्तिहरु जस्तो उनलाई पनि यो झन्झट काम हो भन्ने भावना नआएको होइन तर अन्याय सहनु पाप हो भने झैं उनी गरीबहरुप्रति स्वतः सहानुभूति राख्न पुग्छन्।

कविताका मूल तत्त्वहरु जस्तै - भाव, कल्पना एवं शैली हुन्। उनको भाव अर्थात् उनले लिएको सत्य कुरा यथार्थ जगत् नै हो। उनको कल्पनाको उड़ान सीमित छ, त्यसलाई यथार्थले कँज्याएको छ भने उनको शैली सरल र सुबोध देखिन्छ। भाषा अत्यन्त कोमल, झरनाको निर्मल पानी जस्तो शुद्ध, श्लीलपूर्ण छ। तर कहिले कहीं यी साधारण जनतालाई बुझाउन सुधारात्मक विशिष्टता पनि नदेखिएको होइन। उनका प्रतीक, बिम्बादि साह्रै रहरलाग्दा र रमाइलो देखिन्छ भने अर्कोतिर उनको विचार स्पष्ट र प्रखर पनि नभएको होइन। उनको कविताको उद्देश्य आनन्द दिनु मात्र होइन तर जीवनलाई सार्थकता प्रदान गर्नु, समाजसेवाप्रति सबैलाई प्रवृत्त गराउनु पनि हो।

उनका निम्ति मान्छे सम्पूर्णता र समग्रताको सजीव प्रतिमूर्ति हो, र स्वयं सर्वशक्तिमान ईश्वरको प्रतिरुप पनि।

अन्तहीन सपना : मेरो विपना
(कविता - संग्रह)

कवि पवन चामलिङ **किरण** को अर्को साहित्यिक कोशेली 'अन्तहीन सपना : मेरो विपना{ सन् १९७९-१९८५ मा लेखिएर अहिलेसम्म (प्रथम १९८६, द्वितीय १९९३ औ तृतीय १९९६) तृतीय संस्करण समेत प्रकाशित भइसकेको तथ्यबाट यसको लोकप्रियता बारे सजिलै अञ्जाम गर्न सकिन्छ। पहिलो संस्करणदेखि प्रस्तावनालाई यथावत् राखी केही थप कविता समेत समावेश गरेको यो तृतीय संस्करणबाट थाहा लाग्छ।

कविको सपना अन्तहीन छ। कहिले यी सबै विपनामा परिणत हुने हुन्, नितान्त आशान्वित छन् उनी। सम्भवतः यतिका वर्षको अन्तरालमा कुनै चाहिं विपनामा परिणत भइसकेका होलान्, कुनै चाहिं सपनाको गर्भभित्र अझै युद्धरत् रहेका होलान् औ कुनै चाहिं उकुस-मुकुस भई बाँचेका होलान्। सपना देख्नु मुष्यत्व हो। सपना नदेखिएको भए आजको यो वैज्ञानिक चमत्कारले अनुवाद पाउन प्रायः असम्भव नै हुन्थ्यो। जीवन यात्राले किनार नपाएसम्म असीम छ यो सतपना। कवि **किरण** का सपनाकै फलस्वरुप यी कविता हिमाली सरिता, निर्मल स्वच्छ तथा अविरल वेगमय, जति गतिमय भयो उति नै संगीतात्मक पनि। पहाड़को कुनै कुनामा एउटा स्रोतस्विनी चञ्चल। वर्षा याममा अत्यन्त वेगवान, यसको बाटो कसैले रोक्न सक्ने होइन। हिउँदका दिन आफ्नै धुन, आफ्नै लय, कहीं कहीं आफ्नै तालहरुमा रुमलिँदै कहिले झरना स्वरुप बग्दै नदीहरुमा मिसिन गइरहेका। वास्तवमा यो सपना सपना मात्र होइन, जीवन्तताकै प्रतीक हो। एउटा स्वच्छ सपनाभित्रै बाँच्छ कविका इच्छा, आकांक्षा। उनैको विश्वासभित्र छ एउटा प्रकाशनमान स्वस्थ सूर्य मानौं पूर्वाकाशको लालिमाले अहिले अभिव्यक्ति प्राप्त गरिरहेछ।

'प्राम्भिक कविताहरु{ कविको वैंशालु अभिव्यक्ति थिए भन्ने उनको तात्पर्यलाई धेरै कोणबाट हेर्न सकिन्छ तथापि ती कविताहरु कुनै पनि छिः भन्नपर्ने किसिमका छैनन्। हो, इच्छा हुँदा-हुँदै धेरै गहिराइ पुऱ्याउन नसकेको उनलाई अनुभव लागेको होला, यस विषय भन्न सकिन्न तर 'अन्तहीन सपना : मेरो विपना{ - मा आइपुग्दा उनमा परिपक्वता आइसकेको हुनपर्छ। किनभने कविताका शब्द, अर्थ तथा शैलीको जति भूमिका छ भाव गहनता र भव्यताको पनि त्यति नै छ। कतिले कविताको आत्मा, भावलाई लिएको हुँदा यसको भूमिका यस अर्थमा प्रधान रहेको छ। भाव, व्यक्ति, समाजका सत्य हुन्। यसको

आफ्नै गहिराइ हुनाले व्यक्तिको अनुभूति पक्ष दह्रो र विवेकपूर्ण नभए न्याय दिन सकिन्न। तेस्रो आयामका विद्वानहरुको मुख्य लक्ष्य नै कवितामा भावको गहिराइलाई विशेषरुपले अभिव्यक्ति प्रदान गर्ने प्रयास हो। स्वच्छन्दतावादीहरुको श्वैरकलजपनामा कथ्यप्रति धेरै इमानदारिता थियो भन्न सकिन्न। महाकवि लक्ष्मीप्रसाद देवकोटाको ‘गरीब{ नामक कविता पाठ गर्दा श्रोता मनमुग्ध नभएका होइनन् तर गरीबको तारामण्डल देख्ने छानु, वरिपरि हावा, हुरी थाम्न नसक्ने घरका भित्ता र घरैभित्र दुबोमाथि सुत्नपर्ने बाध्यतामा मुखबाट थाहै नपाई स्वतः ‘विचरा{ शब्द निस्कन्छ औ आँकाबाट आँसु चुहिसकेको कुराले स्वयं झसङ्ग हुन बेर छैन। यस्तो अवस्थालाई हामी कदापि राम्रो भन्न सक्दैनौं। यथार्थमा भन्नु हो भने यस्तो अवस्थामा जीवन बिताइरहेका गरीबलाई, ‘तिम्रो घर त कति राम्रो हो!{ भनेर सुनायौं बने उ अवश्य पनि रिसाउँछ। यो साँचो हो। शब्द, अर्थ, रस, अलंकार तथा शैलीले श्रोतालाई जति आकर्षण गरिरहेको हुन्छ प्रायः त्यति नै अथवा कविताले के भन्छ? ले अर्थात् बौद्धिकता र हृदय ग्राह्याताले प्रभाव पारिरहेको हुन्छ। मूल्यवादी कवितामा हुनुमै सीमित रहेका कविताले एक समय युरोपमा धेरै प्रभाव पारेको थियो तथापि त्यसभित्रको आत्मसित गहिराइ थिएन त्यसर्थ त्यस प्रकारको प्रयोगको आयु धेरै लामो रह्यो भन्न सकिन्न। भावकै गहिराइलाई सरल तर उत्कृष्ट भाषामा कसरी व्यक्त गर्नुपर्ने, यही नै हो आजको कविता।

‘अन्तहीन सपना ः मेरो विपना{ प्रारम्भ हुन्छ फेरि ‘नयाँ वर्ष{ - बाट।

‘जीत भएर आएको यो नयाँ वर्ष!
प्रीत बोकेर आएको यो नयाँ वर्ष!
जीवन, जीवनको निम्ति समानता बटुलेर
सद्भावना, शुभेच्छा लिएर आएको यो नयाँ वर्ष{

वर्षभरि जोखिम उठाएर बाँचेको जीवन, बाँकी आयु एउटा अलिखित पुस्तक हो भने हिजोका दिनहरु लिखित भएर एउटा पृष्ठ थप्न सक्षम। यस पृष्ठमा कति-कति हार जीतका कुराहरु होलान्, कति कति घृणा, क्षोभ र माया प्रितीका कुराहरु होलान्। जीवन भोगाइक्रममा मीठा-तीता दिनहरु चारै जस्ता हुन् अब आउँदा दिनहरुमा आपस्तमा समानता बाँट्न सकूँ। यस नयाँ वर्षले सद्भावना र शुभेच्छा लिएर आओस् भन्छन् कवि।

‘ए, नयाँ बेहुली ः नयाँ वर्ष!
दिएर जाऊ मान्छेलाई -
नयाँ हर्ष,
नयाँ जोश,
तिमी नयां वर्ष!

कविलाई लाग्छ, अबको युगले नयाँ व्यवस्था र नयाँ उपलब्धिको लागि माग गरिरहेको छ। त्यसर्थ नयाँ बेहुलीको रुपमा देखिएको नयाँ वर्ष तिमीले सर्वसाधारणका निम्ति नयाँ जोश, नयाँ ल्याएर तिनीहरुको अनुहारमा मुस्कान ल्याइदेऊ, भन्छन् उनी।

‘प्रारम्भिक कविताहरु{ - को ‘हाम्रो नयाँ वर्ष{ शीर्षक कविता र माति उल्लेखित कविता धेरै फरक नहोला। पहिलोमा नकारात्मकताका केही झलक पाइन्छ भने दोस्रो जीवनको सकारात्मक पक्ष प्रकाशमा आएको देखिन्छ। त्यसरीनै पहिलोमा कविले सोझै बोन्साई भएको जीवनको लागि मुक्ति र स्वतन्त्रताको आह्वान गरेका छन् भने दोस्रोमा समान व्यवस्थाको।

साँचो अर्थमा भन्नु हो भने कविताको प्रारम्भ नयाँ वर्षको मंगल गानबाट भएको छ। यस अर्थमा उनी आशावादी भएर कर्तव्यपथमा अघि बढ्न चाहेका हुन् भन्ने लाग्दछ।

उनी चारैतिर दृष्टि पुऱ्याउँछन्, त्यहाँ मानवता रोइरहेको देख्छन् -

‘अन्याय अत्याचारले पीड़ित
जिउँदो ईश्वर रोइरहेछ
विश्व व्याकुलतामा, मान्छेको निर्मम हत्या भइरहेछ
चारैतिर हेर -
मानवता रोइरहेछ, रोइरहेछ।{

‘यहाँ हामी{ कवितामा सिन्कोना बगानको एउटा ज्यामी मजदूरको दृश्य उनी देखाउँछन् -

‘जिन्दगीभरि
कुलेन र सिन्कुना सिहार्ने
बूढ़ो थामी बाजे
रुघा-ज्वरोको दवाई किन्न नसकेर
अकालमै मर्नुपर्छ{

औले ज्वरो जस्तो भयंकर रोगको रामवाण औषधि नै कुइनाइन् (कुलेन) हो। बूढ़ो थामी यहाँ मजदूरको कमा गर्छ तर उनको आर्थिक अवस्था सन्तोषजनक छँदै छैन। जिन्दगीभरि कमाइगरेको खानमै ठीक्क, उसले बूढ़ेसकाल र बिरामी अवस्थालाई भनेर केही साँच्नै सकेन। तब रूघा-खोकीकै निहुँमा एक दिन उनको प्राणान्त भएको औ रामवाण औषधि तयार गर्ने हात त्यसै दिन महत्त्वहीन भएको घटनालाई लिएर यहाँ हाम्रो परिस्थिति पनि त्यस्तै छ, त्यसभन्दा बढ़ी हामी केही होइनौं, भन्छन् कवि।

सिन्कोनाको खेतीबाट कुइनाइन उत्पादन गरिन्छ। त्यहाँ श्रमिकहरु गरीबीमा बाँचेका चन्। त्यहाँ दुइ-चारजना समान्तहरु पनि छन् जसको अह्रन-खटनमा यी गरीबहरु सधैं खटिएका हुन्छन्। बगान जहिले पनि घाटामा चल्छ। सयौं वर्षदेखि उद्योग-धन्धा चले पनि आधुनिकतासित यसले कहिले मितेरी लाउन सकेन। कुइनाइनलाई अवेषणात्मक रुपमा राखी यसको विभिन्न प्रकारको प्रयोग कहिले सम्भव भएन। पुस्तौंदेखि यहाँ काम गर्ने गरीब मजदूरप्रति भोलि समय अनुकूल नभए तिनीहरुको अवस्था के होला ? भन्ने ती ठूला नगरतिर बसेका सामान्तहरुले कहिले सोचिदिएन। सिमलको सानो लाथ्रो जस्तै छ तिनीहरुको जीवन। सानो हुरी आयो कि चुँड़िएर झर्न बेर छैन।

विश्व ब्यांकको परिभाषा अनुसार एक छाक खान नपाउने, ओत लाग्ने ठाउँ नभएको, विरामीमा चिकित्सा खर्च निकाल्न नसक्ने, निरक्षर नानीहरुलाई स्कूल पठाउन नसक्नेहरु नै गरीबहरु हुन्। यस प्रकारका गरीबहरु देशमा करोडौं छन्। तिनीहरुको जीवन अभिश्रापमय छ। तिनीहरु स्वयं उठ्न सक्षम छैनन्।

भारत राष्ट्रलाई कसरी गरीब मुक्त बनाउनु ? यसका निम्ति सयौं प्रकारका योजना परियोजनाहरु नबनिएका होइनन्। खरबौं रुपियाँ वर्षेनी खर्च नगरेको पनि होइन। तर धनीहरु धनी हुँदैन, गरीबहरु झन् झन् गरीब हुँदै जाँदैछन्। सिद्धान्तले मात्र यहाँ केही हुन नसकेको कार्यान्यनमा यहाँ खोटैखोट देखिन्छ। यहाँ व्यवहारिकातमा हार्ने इमानदारीहरु नै गरीब भएका छन्। किनभने समाज मनपरीवादद्वारा पंगु भइसकेको छ। कवि **किरण** यहाँ सम्वेदनशील बनेका छन्। समाजका यी पूँजीपतिप्रति उनी विरोध गर्छन्। उनका एक दर्जन मुक्तहरुलाई एकपल्ट सरसती हेरौं -

'भोका-नाङ्गा कति छन् कति यहाँ
शोषत, पीड़ित बढ़ी उति छन्,
अन्याय, अत्याचार भोगी बाँच्छन्
अभागी जनता हरे, यहाँ जति छन्।{
('अभागी जनता{ - बाट)

'अत्याचार विरुद्ध लड्ने क्रान्तिकारीहरु नै
स्वयं अत्याचारी भइसकेको झैं लाग्छ,
यहाँ बाटो देखाउने अगुवाहरु नै
स्वयं बाटो छेक्ने पहाड़ भइसके झैं लाग्छ।{
('जो हुने, नहुने{ - बाट)

'भुँड़ी-दौड़मा नब्बे हारेर
दशको जित्ने पालो छ।
र दश अपच भएर यहाँ
नब्बे भुँड़ी खाली छ।{
('भुँड़ी दौड़{ - बाट)

यसर्थ यस्तो अवस्थामा कवि अन्तमा गरीबहरुप्रति सहानुभूति राखदै भन्छन् -
'तिमी नरुनु है, नरुनु प्रिये!
तिम्रा आँसुहरु सबै-सबै मैले नै बहाइसकें,
तिमी बाँच प्रिये, तिमी हाँस प्रिये! सधैं-सधैं
तिम्रा मृत्युहरु सबै-सबै नै अँगालिसकें।{
('तिमी नरुनु{ - बाट)

एक समाय जापानी शैली 'हाइकु{ कविता नेपाली साहित्यमा निकै प्रचलित भएको थियो। अझ पनि कविहरू आफ्नो अभिव्यक्तिमा हाइकु प्रयोग गरिरहेछन्। कवि राजेन्द्र भण्डारीको कलमलाई सबैले प्रशंसा गरेका छन्। छोटो हाइकु कवितामा अभिव्यक्ति दिन उनी एक प्रकार खप्पीस छन्। कवि पवन चामलिङले भने हाइकु कविता यी संग्रहहरुमा रचना गरेका छैनन् यद्यपि हाइकुभित्र नपर्ने छोटा कविताहरु भने प्रशस्त यहाँ छन् र माथिका पदहरु यसैका उदाहरणस्वरूप हुन्। यसमा उनलाई सफलता मिलेका छ।

प्रयोगवादी तथा व्यक्तिवादी साहित्य स्तरीयताले धेरै असल ठहरिए तापनि समाजको तल्लो वर्गका निम्ति तत्काल उपयोगी हुन असम्भव हुन्छ। यसो भन्दा यस प्रकारको साहित्यको वाञ्छनीयता छैन भन्ने होइन तर नेपाली साहित्यको पहुँच तलैसम्म पुग्न सके त्यो अवश्य पनि अनौचित्य हुनेछैन। तर प्रगतिवादी धारा साहित्यले राजनीति र अर्थनीति मात्र ओकल्ने होइन सामाजिक दुःख-सुख, हर्ष-अमर्ष तथा हाम्रो मौलिकता र सम्भव भए जति कलात्मकताले पनि स्थान पाउन सके सुनमा सुगन्ध हुन्छ। यही कारण नेपाली साहित्यमा पारिजात लगायत अन्य प्रगतिवादी साहित्यकारहरु जस्तै भूपी शेरचन, गोपालप्रसाद रिमाल, विजय मल्ल जस्ता अंसख्य साहित्यकारहरु प्रसिद्ध छन्। व्यक्तिवादी कविले पनि अन्याय-अत्याचार तथा ठूलो माछाले सानो माछा खाएको नलेखेका होइनन् तर प्रगतिवादको नाममा भोलि के होला? सोच्दै नसोची सोझो क्रान्तिकै कुरा मात्र लेख्नेहरुको तिनीहरुले कहिले कहीं ठाडो विरोध गरेका होलान्। फरक यति मात्र नभएर एउटाले समाजलाई प्रमुख मान्ने अर्कोले व्यक्तिलाई आदर्श ठान्ने इत्यादि मात्र फरक कुरा हुन्। विभिन्न प्रयोगले के देखाउँछ भने प्रतीकवादीहरुको हाँचमा मिल्दा दुवै विपरीत दिशामा उभिए पनि उस्ता-उस्तै देखिएको छन्। एकले अर्कोलाई हिलो छेपाइ, वास्तवमा यो गलत कुरा हो भन्ने स्पष्ट भइसकेको छ आज।

निश्चय, प्रगतिवादी साहित्यले भौतिक सम्पदामाथि समान अधिकारका निम्ति जोड़ नदिएको होइन। अधिकार खोसिँदा न्याय नदिनु यो सरासर गलत कुरा हुन्छ। तर कुरा यति नै हो आर्थिक र भौतिक पक्ष सामाजिक परिवर्तनको एउटा महत्त्वपूर्ण विषय भए पनि दमनमूलक आधारमा लक्ष्य प्राप्त गर्नु औचित्य होइन भन्ने धेरैको भनाइ छ। इतिहासका पृष्ठहरुमा यस प्रकारका क्रान्ति अधिक हिंस्त्रक र निर्दयतापूर्ण भएका छन्। सामन्ती, पूँजीपति, धर्मका ठेका लिएका व्यक्तिहरु तथा बुर्जुवावर्ग आफ्नो कुशासनद्वारा अन्याय, अत्याचार पस्कन धेैं उत्सुक हुन्छन्, यो साँचो हो। यसका निम्ति मनोवैज्ञानिकताको ठूलो आवश्यकताको पनि महसूस नभएको होइन। समाजमा अपराध किन दिनोदिन बढ़िरहेछ? मान्छेको मूल्यमा किन ह्रास आइरहेछ? मान्छेको व्यक्तिगत जीवन तथा उसको स्वतन्त्रताको पनि कुनै मूल्य नहोला र? जसरी धनीले गरीबमाथि दमन चलाउनु राम्रो होइन, त्यसरी नै व्यक्ति वा समाजले अर्को व्यक्तिको स्वतन्त्रता र मौलिकतामाथि हमला बोल्नु उचित होइन भन्ने यस प्रकार तर्क-वितर्क साहित्यमा नभएको होइन। व्यक्ति वा समाज दुवै न्याय चाहन्छ, दुवैले असत्यको विरोध गर्छ, जटिलतालाई हरसम्भव सरल बनाउनु चाहन्छ र अन्तमा दुवै साहित्यकार हुनाले साहित्यको प्रगति चाहन्छ। यसर्थ यी दुइ मात्र बाटाहरुको लक्ष्य एउटै हो भन्दा गलत हुने छैन।

कहिले कहीं एउटै साहित्यकार पनि कहिले कस्ता देखिन्छन्, कहिले कस्ता। उदाहरणका निम्ति प्रसिद्ध समालोचक इन्द्रबहादुर राईले उपन्यासकार पारिजातका कृतिहरुको वर्गीकरणमा 'शिरीषको फूल{ ली विसंगतिवाद औ 'महत्ताहीन{ र 'बैंसको मान्छे{ उपन्यासहरुलाई राल्फाली अर्थात् अस्तिवाद र मार्क्सवादको मिसौटो भनेका छन्। तिनै पारिजातको अर्को उपन्यास 'पर्खालभित्र र बाहिर{ र 'अनिंदो

पहाड़सँगै{ लाई सबैले प्रगतिवाद भनेका छन्। साहित्यकारहरु भनको नै स्रष्टा हुन्। विभिन्न सिद्धान्त तथा दर्शन नै तिनीहरु दैन। कुनै सिद्धान्त समयानुकूल नभए फेरि उपयोग तथा प्रयोगमा आउन सक्दैन। यसो हुँदा त्यसमा परिवर्तन आउनु स्वाभाविक। वाद र दर्शनले मान्छेलाई बाँध्न सक्दैन किनभने मान्छे स्वतन्त्रतामा बाँच्न चाहन्छ। यो उसको प्रकृति हो।

सबैको आफ्नो परिपाटीलाई राम्रै भनेका हुन्छन्। यसर्थ यस सन्दर्भलाई यहीं टुँग्याई कवि **किरण** को कविता 'आफैलाई छाम्दाको प्रतिक्रिया{ को निम्नलिखित अंशलाई लिएर एकपल्ट फेरि हेरौं -

'निर्धा रातहरु झैं बाँचृने मेरा वैंशहरु
क्यू भएर बितिरहेछन्
आकाशबेलीका लहरा जस्तै
जराविहीन,
निःसार
आस्रित{

निर्धा रातहरु झैं बाँच्ने र आकाशबेलीका लहरा जस्ता, यी दुइ स्वरुपले वैंशको विशेषतालाई बुझाउन कविले यसरी यहाँ प्रयोग गरेका छन्। एउटाले निष्क्रियताको भाव बुझाउँछ भने अर्को नागबेली जस्तो अरुमै आश्रित। अर्थात् कवि स्वयंले झसङ्ग भएर एकदिन आफूलाई छाम्दा उनको वैंश यसरी बित्दै गएको थाहा पाउँछन्। कविताको ध्वनिमा लक्षणले अब मैले स्वयं उठ्न पर्छ भन्ने जमर्को गरेको पनि स्पष्ट भएको छ -

'कालो दाग{ मा कविको उद्गार यस्तो छ -

'बत्ती जत्ति नै प्रकाश दिए पनि
अलिकति अँध्यारो ओगटेकै हुन्छ
चन्द्र रातमा उज्यालै भए पनि
छात्तीमा कालो दाग बोकेकै हुन्छ।{

मानिसले कहिले पनि म गलतरहित हुँ भन्न सक्दैन। मनोविज्ञानले प्रमाण गरिसकेको छ चेतन अवस्था मात्र मान्छेको व्यक्तित्व हुँदै होइन। अचेतन मन नै व्यक्तित्वको विशेष भण्डार हो। कहिले त्यो जाग्त होला र त्यसले आफ्नो साक्षात् रुप देखाउला हो। त्यसबेला चेतनाले देखाएको व्यवहारसित त्यो मेल खान्छ भन्न सकिन्न। यसैले भनिन्छ, व्यक्ति - बत्तीमुनि अँध्यारो।

कवि पवन चामलिङ **किरण** आफ्नो रचना ***सपनाको गर्भभित्र*** मा यसरी छ
पटिएका छन् -

'मेरो शिरमा कञ्चनजंघा उभेको छ,
मेरो पाइताला भएर टिस्टा र रंगीत बगेका छन्,

म निश्चल मैनाम र टेन्डोङ डाँड़ा भएर
सँग-सँगै पाखा र भीरहरु भएर, रुखहरुमा
एउटा सपना अल्झिएको छु सुनाखरी भएर
म आफ्नै सपनाको गर्भभित्र छट्पटाएको छु।{

सिक्किम राज्यको शिरमा कञ्चनजंघा पहाड़। फेरि कञ्चनजंघा पहाड़ मनिल्तिर अनेकौं साना-ठूला पहाड़हरु छन्, जसमध्ये टेन्डोंग र मैनाम पनि हुन्। हिन्दु तथा बौद्ध धर्मका अनुयायीहरुका निम्ति मैनाम शिवको प्रतीक। छेवैमा भाले खोला गंगाको प्रतीक भएर शिवजीको जटडाबाट निसृत भए झैं आकाशबाट झरेर गाउँहरुलाई स्पर्श गर्दै टिस्टामा मिसिएको देखिन्छ। मैनाम पहाड़ लेप्चा जातिको लोककथा एवं संस्कृतिभित्र सम्मिलित रहेको छ। पुग-न-पुग एघार हजार फिट अग्लाइमा भए पनि यो हठात् उठेको चट्टान (चोटी) हुनाले यसको अवस्थिति र शोभा अर्कै किसिमको छ। यहाँबाट देखिने सिक्किम तथा दार्जीलिङका अग्ला पहाड़हरु मानौं झुक्दै यसैलाई स्वागत गरिरहेका देखिन्छन्। यसैका मनिल्तिर भनौं खुट्टामै रंगीत र टिस्टा नदीहरु आफ्नै गतिमा सलल बगिरहेका अति लोभलाग्दो दृश्य देखिन्छ। आकाश स्वच्छ भएको बेला एका बिहानै यसमाथि उभिएर हेर्दा संसार नै झुके झैं जसलाई पनि आफू महत्त्वपूर्ण व्यक्ति हुँ भन्ने अनुभव हुन्छ। कवि आफ्नो यौवनकाल यहाँ कतिचोटि पुगे हुन् औ कतिचोटी आफैलाई सम्मानयुक्त गौरवपूर्ण अनुभव गरे हुन् औ फेरि कति मीठो सपनाहरु बटुले हुन्, उनी स्वयं जानुन्। उनले देखेका सपना सुनाखरी (सुनगाभा) जस्तै सुन्दर छ तापनि त्यसैमा उनी छट्पटाइरहेको यहाँ व्यक्त गर्छन्। यो सपना सिक्किमको आजन्म सेवा गर्ने र सम्मानुयुक्त जीवन बिताउने पनि हुनसक्छ र त्यही सपनाको कुरा उनले यहाँ उठाएका हुन् कि!

कविता कविता नै हुन्छ। यसभित्र गहिराइ हुन्छ, भन्यता र आयाम हुन्छ। जसले जे बुझे पनि त्यो पाठककै आफनओ जिम्मा।

‘हामीभित्रको स्थिति{ मा कविको उद्‌गार यस प्रकार देखिन्छ -

‘सपना मात्रै जन्माउने निर्धा रातहरुमा
वास्तवमा असंख्य विपनाहरुको
निर्मम हत्या भएको छ,
यसैले निर्धा वैंशहरु बोकेर
दिनहरु विपनाको खण्डहर भएको छ।{

हामीभित्रको स्थिति नबएको कारण यसले सपना मात्र जन्माइरहेछ होइन निर्मम हत्या पनि रचाइरहेछ। यहाँका युवक-युवतीहरुले स्थिति नबुझेकै कारण तिनीहरु आजसम्म निष्क्रिय बाँचिरहेका छन् र त्यही कारण यहाँका समाज, देश विसंगतिपूर्ण बनेका छन्। यसमा कवि साह्रै दुःखी छन्।

विज्ञ पाठकलाई ‘मभित्रको म{ को छोटो परिचय गराऊँ -

‘संसारभन्दा विस्तृत बन्न चाहन्छु म

आकाशभन्दा खुल्ला र पानीभन्दा पवित्र
बन्न चाहन्छु म,
पवनको झैं गति र
सूर्यका झैं किरण लिन चाहन्छु म,
सागर झैं गहिरो र
बादल झैं कोमल बन्न चाहन्छु म।{

कवि **किरण** भित्रको म अत्यन्त कोमल इमानदार तर महत्त्वकांक्षी छ। बितेर गएको परम्परालाई उनी श्रद्धाञ्जलि चढ़ाउँछन्, आफूसँगै बाँच्नेहरुसित हातेमालो गर्न रुचाउँछन् भने भावी पींढ़ीका निम्ति केही जोहो गरिराख्ने उनको आशा आकांक्षा छ। यति मात्र गर्न सके उनी आफ्नो जीवन सफल भएको ठान्नेछन्। उनीभित्र **म** ले पनि विस्तृत भएर फैलिएको, आकाशभन्दा खुल्ला, सागर झैं गहिरो भएको अनुभव गर्न पाउनेछ।

वर्तमानलाई सहर्ष स्वीकार्न, भानी पींढ़ीका निम्ति जोहो गरिदिनु सुन्दा सुन्दर लागे पनि व्यवहारमा ल्याउनु सजिलो छैन। उनको भनाइ यही हो।

कवि ‘मेरो त जातै मान्छे{ जस्तै -
‘मान्छे : मान्छे सिवाय अरु केही होइन
केही हो भने देवता हो, अरु कोही होइन
उच्च विचार, अभिलाषा र स्वच्छतामा
देवता बाँचेको हुन्छ
मान्छेको बाँच्ने अधिकारको पक्षमा नै
ईश्वरको राज हुन्छ
त्यस्ता विचारमा बाँच्नेहरु
वास्तवमा देवता-मान्छे हुन्!{

समाजमा रुढ़ीगत विश्वास छ - मानिस चार जात छत्तीस वर्णमा विभक्त छ। कोही ठूलो जात कोही समाजमा पानी नचल्ने जात। तर कविलाई यस कुरामा विश्वास छैन। उनी त मेरो जातै मान्छे हो, मान्छे बाहेक अरु कुनै जात छ भने त्यो देवता हो। त्यस बाहेक मान्छेको अरु कुनै जात हुँदैन, उनी भन्छन्। देवता जात कसरी हुने? भनृने प्रश्नमा उनी के भन्छन् भने जुन मान्छेको विचार तथा अभिलाषा उच्च हुन्छ औ जसको जीवन स्वच्छतामा बितेको हुन्छ (अर्थात् जसलाई चोर्न, ढाँट्नु, लुट्नु पर्दैन) त्यही मान्छे चाहिँ उनको विचामा देवता हो। वास्तवमा ईश्वरको वास कहाँ छ? भन्दा ‘बाँच औ अरुलाई पनि बाँच्न देऊ{ मा आधारित समाजमा हुन्छ भन्छन् उनी।

त्यही कारण उनी ‘चोखो सपनाको चोखो संसार{ मा यसो भन्छन् -
‘किनकि अन्याय र अत्याचार सहेर बाँच्न सक्तिनँ,
मन्दिरका पत्थरका मूर्तिहरुलाई देवता पुज्न सक्तिनँ,
अन्याय र अत्याचारको विरोध नगरी

चूप लागेर बाँच्न पनि सक्तिनँ, सक्तिनँ!
र त यही संसारमा यही चोखो धरतीमा
मान्छेको चोखो संसार निर्माण गर्ने इच्छा छ
जुन संसार मात्रको होस्!{

धर्मले पनि आफू जस्तै मान्छेलाई हेला गरेर अथवा मान्छेमा विभाजन ल्याएर अत्याचार गर्छ औ पत्थरको मूर्तिहरुको स्थापना गरी परोक्षरुपमा लुट्छ भने कवि यस कुरामा लागेर बस्न सक्दैनन्। समाजमा रहेका ढोंगी मानिसहरुप्रति उनको एक प्रकारको घृणा छ। यसै कारण उनी कवितामा यो कुरा स्पष्टसित देखाउन चाहन्छन्। मान्छे मात्रको चोखो संसार निर्माण गर्न उनी अत्यन्त लालायित छन्।

'वास्तवामा{ शीर्षक कवितामा कविको कल्पनाशीलता र प्रवृत्तिलाई लिएर हरौं -

'जब जब मलाई धर्तीको भग्नतामा
भ्रष्टता व्याप्त हुँदै गएको आभास हुन्छ
महासमस्याको बिस्कुन स्थितिको घाममा
सुकेको ज्ञात हुन्छ
तब मलाई धर्तीलाई टिपेर
आकाशमा चढ़ाऊँ लाग्छ।{

धरतीलाई टिपेर आकाशमा चढ़ाऊँ लाग्ने उनको अतिशयोक्ति अलंकार उक्ति। कविको धरती चोखो छ तर जब य भ्रष्ट व्यवहार र महासमस्याको स्थल बन्न थाल्छ तथा भ्रष्ट मानिसहरु बिनाछेक-थुन, हाँस्दै वरपर गरिरहेका हुन्छन् तब यिनीहरुको मनपरीबाट धरतीलाई जोगाउ हर उपाय गरुँ भन्ने कविलाई लाग्छ। तर जब उनी सक्दैनन् तब शान्तिहीन हुन्छन् र स्वयं आफैसित अन्तहीन कुराहरु गर्न थाल्छन्।

कहाँ होला त्यो देश
जहाँ हुन्थ सधैं शान्तिको वास!
आस-पास मान्छे-मान्छेको मात्रै वास!
सुख र शान्तिको तमास!

उनको मन एकतमासले विक्षुप्त भएको हुन्छ। यस प्रकारको शान्ति अप्राप्य भइसकेपछि उनी फेरि भन्छन् -

'शान्तिकै निम्ति मान्छेहरू अनन्तकालदेखि
क्रान्ति गरेका छन्, गर्दैछन्, गरिरहनेछन्,
तर पनि शान्ति प्राप्य छैन, मान्छेको बस्तीमा
यस्तै देश स्थापना भएको छ विश्वमा{,

अशान्ति भयो क्रान्ति गरौं भन्नेहरुले पनि वास्तवमा शान्ति ल्याउन सकिरहेका छैनन्। जब क्रान्ति उत्कर्षमा पुग्छ तब मान्छेको स्वार्थ पनि पराकाष्ठा पुग्छ। त्यहाँ फेरि अर्को क्रान्ति प्रारम्भ हुन्छ। यस्तो

अवस्थामा कहिले कहीं क्रान्तिको पनि अन्त हुँदैन। स्वभावले नै मानिस महत्त्वाकांक्षी छ। इतिहास साक्षा छ - घाम कहिल्यै नअस्ताउने साम्राज्यवादी राष्ट्रले पनि क्रान्तिको नाममा विभाजित हुँदै एउटा सानो राष्ट्रमा सुम्चिन परिरहेछ यद्यपि त्यहाँ अझै शान्ति छाउन सकिरहेको छैन। लेनिनसम्मले आफूलाई प्राणपनले सहयोग पुऱ्याउने किसानहरुलाई आफ्नो जीवनभरि धेरै प्रयासपछि पनि धेरै शान्ति दिलाउन सकेनन्। यसका धेरै कारणहरु थिए। चाहे साम्यवादी देश होस् वा साम्राज्यवादी देश नै, मान्छे स्वयंमा वैचारिक परिवर्तन नभएपछि क्रान्तिले पनि शान्ति ल्याउन सक्दैन। त्यही कारण उनी भन्छन् -

'शान्तिको खोजीमा मान्छेले आफ्नै छाती छाम्नपर्छ,
शान्ति प्राप्तिका निम्त स्काइलार्क बन्नै पर्दैन
शान्ति तिमी, क्रान्ति तिमी
तिमी देश - विदेश र विश्व पनि{,

'राष्ट्रियताको आकाश{ मा कवि भन्छन् -
'मेरो राष्ट्रियताको आकाशले
मलाई नै थिच्दै थिच्दै आइरहेछ....!
मेरो धरती मेरै पाइतलामुनि
दबिंदै-दबिंदै गइरहेछ....
मेरो वरिपरि अन्धकार छ,
उकुसमुकुस वातावरण चारैतिर फैलिएको छ,
बारुद, बम र रगतको मसीले
मेरो राष्ट्रको मानचित्र कोरिएको छ।{

जुनै पनि देश अथवा राष्ट्रमा बहुसंख्याको धेरै महत्त्व हुन्छ। प्रकृतिमा ठूलो माचाले सानो माछालाई आहार बनाउने यस प्रकारको नियम नचलेको होइन। यसो हुँदा कहिले कहीं अल्पसंख्यकहरुमाथि विभिन्न प्रकारका जालसाझी कुरा हुन सक्छन्। तब सकै-कसैले त विरोधमा हतियार समेत उठाएको देखिन्छ।

भारतमा हामी आफूलाई नेपाली (गोर्खा) बन्छौं। नेपाल छिमेकी राष्ट्र भएको हुनाले जहिले पनि नेपाली (गोर्खा) भन्नाले भारतीय होइनन् भन्ने पर्नु स्वाभावकै हो। सन् १९७७ तिर तत्कालीन प्रधान मन्त्री स्वयंले पनि नेपालीहरु नेपालका हुन्, भनेका थिए। हामीले सयौं वर्षअघिदेखि भारत राष्ट्रकै निम्ति सेवा पुऱ्याएका हौं तर हामी धेरैजसोले ठूला-बड़ाकै सेवामा जीवन बिताएका तर स्वयं सक्षम भई ठूला-ठूला ओहादामा पुग्न नसक्दा हाम्रो राष्ट्रिय सेवाको कुनै अर्थ रहेन। सिक्किम भारतमा मिल्यो, यहाँका शत् प्रतिशत नेपाली भाषीहरुलाई पनि कसैको स्वार्थले गर्दा कुनै दिन विदेशी पो भनो हुन् कि! यस प्रकारको शंका-उपशंका उठ्नु स्वाभाविकै हो। विशेष सूचना प्रकाश गरी सिक्किमका नागरिकहरु सबै भारतीय हुन् भनी घोषणा गरिएको तथा भारतीय नागरिकताको प्रमाण-पत्र समेत दिइएको बए पनि बाटा-घाटा तथा अन्य राज्यतिर भइरहने यस्ता विदेशी प्रश्न तथा शोषणहरुको भनिनसक्ने कथा-व्यस्थाहरु यहाँ धेरै छन्। जहीं पनि भारतीय नेपाली (गोर्खा) हरुले राष्ट्रियताको प्रश्नमा शिर निहुराउन परेको छ।

कवि पवन चामलिङ **किरण** लाई कहिले असह्य हुन्थ अनि 'मान्छे पड्किनुपर्छ!{ भन्छन् -
'युग-युगदेखि लम्पसार सड्क जस्तो
सत्य संसार बोकेका मान्छेहरु
मान्छेकै सड्क भइदिएर
चूपचाप निदाएर हो कि?
समस्याका युद्धभूमिहरुमा भन्दा
यी गाउँ-घरका झोपड़ीहरुमा
डरलाग्दा युद्धहरु छेंड़िएका छन्।{

सत्य बोकेका मान्छेहरु अर्थात् सीधा-सोझा साधारण मानिसहरु युगौंयुगदेखि आफ्नो छातीमाथि पाइतला टेकाएर सड्को प्रतीकमा अन्याय अत्याचार सहिरहेका छन्। गाउँ-घर, झुपड़ीहरुमा गरीबी रोइरहेको, जति नै दुःख गर्दा पनि दुइ छाक खान नजुरेको, यस प्रकारको दृश्यमा कवि रुन्छन् अनि आक्रोशित भएर मान्छे स्वयं पड्किनुपर्छ भन्छन्।

यी रचनाहरुमा कविले बारम्बरार मान्छेलाई आफ्नो मुख्य पात्र बनाएका छन्। कविताको पात्रहरुको कसैको नाम छैन सिवाय मान्छे। उनका धनी, पूँजीपति पात्र पनि मान्छे छन्, साधारण बिद्धिजीवी पनि मान्छे छन् भने सर्वहारा गरीब तथा सहानुभूति पात्र पनि मान्छे नै छन्। संकेतले मात्र ठूला-साना चिनिन्छन्।

फेरि 'भोलिको प्रसंग : म अनि मान्छे{ मा कवि सम्झन्छन् -
'धेरै-धेरै युगहरुपछि
म यो दुनियाँमा विक्षिप्त हुनेछु,
म नदेख्ने, नसुन्ने, नहाँस्ने शून्य हुनेछु,
म माया, दया, क्रोधविहिन अर्कै दुनियाँमा हुनेछु,
म आफ्नो अस्तित्वलाई केवल माटो बनाएको हुनेछु।{

मानिस जन्मेपछि आखिर मर्छ नै। संसारको सत्य हो यो। भ्रष्टाचारी होस् वा संसारकै कुनै एउटा सामन्त होस्, आफूले कमाएको धन छातीमा हालेर कसैले त्यस बेला लान सक्नेछैन। त्यस बेला मानिसको अस्तित्व केवल माटो, शून्य हुनेछ। उसको लागि त्यहाँ दया, माया, क्रोध, ईर्ष्याको कुनै महत्त्व हुनेछैन।

उनी फेरि भन्दै जान्छन् -
'आजकल झैं त्यति बेला
मान्छेका निम्ति लड्नुपर्ने छैन,
एक पेटको निम्ति मर्नुपर्ने छैन,
बाँच्नका निम्ति दयाको भिक्षा माग्नपर्ने छैन,
एउटा जागीर नपाएर सड्नु पर्ने छैन,
घुसखोरीले भूस बनाएको देश हुने छैन,
जातिवाद र भाइ-भतिजावाद-ले

घाटमा पुऱ्याएको व्यवस्था रहने छैन,
जन्मग्रहण नै सम्पूर्ण क्रान्ति हुनेछ।{

मान्छे मरिसकेपछि यहाँको चर्तिकलाहरु जस्तै, घुसखोरी, भाइ-भतिजावादले गर्दा गरीबहरुले दयाको भिक्षा माग्न पर्ने, जागीर नपाएर सड्नु पर्ने यस्ता घाटमा पुऱ्याएको अथवा नराम्रो व्यवस्था इत्यादि केही हेर्न पर्ने छैन। यो संसार स्वार्थी छ तर यस्ता लोभी, अत्याचारी मानिस पनि आखिर मर्छन् नै तिनीहरुले पनि पाउने केही होइन। आडम्बर तता स्वार्थ आखिर मिथ्या नै हो। यी अत्याचारी मानिसहरु पनि नबुझेरै यस प्रकारका काम गरिरहेका छन् भने तिनीहरुलाई त्यसो गर्नबाट रोक्न कवि आफ्नो जन्म-ग्रहण नै सम्पूर्ण क्रान्तिका निम्ति हो, भन्छन्।

'सत्ता{ शीर्षक कवितामा निम्नलिखित कुरा कवि व्यक्त गर्छन् -
'मेरो छात्तीमा मुटुको सट्टा ढुंगा छ
मेरो शरीरमा रगतको बद्‌ली विष छ
मेरोमा दया, माया नामको केही वस्तु छैन,
मेरोमा मान्छे माया नामको केही वस्तु छैन,
मेरो केवल सुरसाको जस्तो मुख छ,
खाएर कहिल्यै नअघाउने पेट छ,
म शक्ति-सम्पन्न सत्ता हुँ!{

कविको सत्ताप्रतिको विगत अनुभव अति कठोर र तीक्त छ। ढुंगाको मुटु, दया, माया केही नभएको औ देशको धन-धान्य सबै पचाउन सक्ने सुरसारुपी व्यक्तित्वको नाम नै सत्ता हो। यो देशको भाग्यमा सत्तामा जो जो आए, साधारण मान्छे पनि परिवर्तन भएर प्रायः ढुंगा भएको औ बोल्न पर्दा विष वमन गरेको इत्यादि देखिन्छ। वास्तवमा यस प्रकारको व्यवहार स्वस्थ अवश्य होइन, उनी भन्छन्।

'दन्त्यकथा भइसकेको सत्यकथा{ नामक कवितामा कवि पवन चामलिङ **किरण** अत्यन्त दुःखी भएका देखिन्छन्। उनमा मातृभूमि सिक्किमप्रति ठूलो श्रद्धा, भक्ति रहेको छ। देश र जनताको अस्तित्वप्रति उनी सजग र सचेत छन् उनी भन्छन् -
'साँच्चै सुन्दर थियो त्यो पोखरी
साँच्चै पवित्र थियो पहिले,
पोखरीभित्रका लाखौं प्राणीहरु
बाँचेका रहेछन् शान्तिपूर्वक पहिले-पहिले
आफ्नै सुन्दर पोखरीको आयतनभित्र।{

यसतबाट पुरानो सिक्किमको झलक पाइन्छ, जहाँको परिस्थिति सुन्दर, शान्त भएको थाहा लाग्दछ।

त्यसपछि कवि केही गम्भीर हुँदै भन्न लाग्छन् -
'तब एक-दुइ ठूला-ठूला माछाहरुद्वारा

हजारौं साना-साना प्राणीहरुलाई
निर्दयतापूर्वक निल्न थाले
खान थाले, कुल्चिन थाले
तब साना र ठूला माछाहरु बीचको लड़ाईंले
एक दिन -
साह्रै अचानक,
भत्किएर गयो पोखरीको बारसमेत
र सम्पूर्ण ठूला-साना माछाको
लुटिएर गए घरसमेत
अब त बिलाइसक्यो पोखरीको कथा पनि
महासागरको पानीहरुमा....{

सिक्किममा विस्तारै ठूला-सानाहरु बीच खिंचातानी बढ्दै गयो। ठूलाहरुको आफ्नै स्वार्थ र अहंकारले गर्दा तिनीहरु आपस्तमा मिल्न सकेनन्। फलस्वरूप छिमेकी राज्य भारतमा सिक्किमले मिल्नैपर्ने वाध्यता आइलाग्यो। सिक्किमले त्यस बेला आफ्नै प्रकारको इतिहास, संस्कृति र राज्यप्रणाली समर्पण गर्न पऱ्यो। कवि यसमा अति संवेदनशील देखिन्छन् अनि भन्छन् - त्यो शान्त पोखरीको कथा पनि महासागरमा पुगेर विलाइ सक्यो। आफ्नो अस्तित्व कसलाई मन पर्दैन? तर पोखरीमा ठूला माछाले मात्र जिउन पाउने र सानाहरु बाँच्न आसह्य भएपछि त्यहाँ यस प्रकारको वाध्यता नभएको होइन।

यसले पुरातनमै बाँच्न चाह्यो, आफ्नै इतिहास र संस्कृति मात्र भनेर पनि हुन्न, त्यो गतिशील हुन पऱ्यो। समय अनुसार चल्न पऱ्यो। गतिहीन पहाड़ जहिले हेऱ्यो त्यस्तै। ‘पाइला र गति{ भन्ने कुरा महत्त्वपूर्ण कुरा हुन्। कवि भन्छन् -

‘किनकि गतिहीन हो यो पहाड़
चेतनाहीन हो यो देवराली!
यो पहाड़ सधैं-सधैं वसन्त नै पर्खिरहेछ
यो देवराली सधैं-सधैं फूलपाती नै कुरिरहेछ।
यसरी यो पहाड़, यो देवराली
केवल पर्काइ बोकेर
वसन्त र फूलपातीको प्रतीक्षामा
- अस्तित्वहीन! बूढ़ा भइसके,
खिइँदै गइसके।{

यही कारण मान्छेको परिभाषा भनेको नै गतिमान हुनु हो। समय अनुसार परिवर्तनको पनि वाञ्छनीयता छ। परिवर्तनको जन्म प्रकृति प्रकोप बाहेक मान्छेकै गतिशीलताले हुन्छ। कुनै पनि देश संघर्षमय भएर अघि बढ्नु नै परिवर्तन हुनु हो। पहाड़, देवराली जस्तो केवल प्रतीक्षामा बसे कसैको पनि कल्याण हुने छैन। यस्तो पर्खाइ वास्तवमा विष्क्रियता हो, आलस्य हो। मान्छे हो भने देशमा केही न केही परिवर्तन ल्याउनै पर्दछ।

कवि चामलिङ **किरण** का यी कविताहरुको रचनाकाल उनी सिक्किमको राजनीतिमा सक्रिय रहेका थिए। उनी गरीब-मजदूर, किसानका पक्षपाती छन्। तिनीहरुप्रति उनी ठूलो सहानुभूति देखाउँछन्, अर्कोतिर देशप्रति पनि उनी आफ्नो प्रतिबद्धता जनाउँछन्। उनको कवितामा पनि कहीं कहीं भावुकता देखिए तापनि त्यसको केन्द्रमा यथार्थ रहेको त्यो नदेखिएको होइन।

कुनै कुनै पाठक सरल, सुबोध कवितालाई निम्नस्तरका भनी खोट लगाउने हुन्छन्। गहिराइको नाममा केही नबुझी कसैले लामा-लामा तथा शब्दहरुको छनौट नै नगरिएका औ जताभावी लेखिएका कविता मन पराउँछन्। केही नबुझ्नु भनेको नै गहिराइ हो भन्नु अवश्य पनि उचित होइन। कविता भनेको नै हिजोआज विवेकपूर्ण हुनु हो। कविताको मुख्य तत्त्व भनेको भाव तथा बौद्धिक पक्ष हो अनि पछि शैली। शैली सुन्दर हुनु भनेको साहित्यको विकास यसको साथै बावको अद्धितीय अनुशरण। कविका अन्तहीन सपनाभित्रका अनन्त इच्छाहरुले नै यहाँ रचनात्मकताको स्थान ओगटेको हुनाले उनको प्रवृत्तिगत धारणा स्पष्ट पार्नुपरेको हो। फ्रायडले पनि आफ्नो परिभाषा अन्तर्गत सपनालाई बाँध्न सकेका छैनन्। सपना जहिले पनि अनन्त इच्छाहरु जस्तै व्यापक भएर लहराइरहेको हुन्छ। विपनामा देखिएका ज्ञानतन्तु मात्र होइन सपना, कहिले कहीं अपेक्षाकृत साक्षात् भएर त्यो हाम्रै अघिल्तिर ठिङ्ग उभिन्छ।

नेपाली साहित्यमा नेपाली जातीयता र राष्ट्रियतालाई लिएर कवितामा प्रतिबद्धता र नवचेतनालाई प्रमुखता दिने कवि अगमसिंह गिरी हुन्। कवि पवन चामलिङ **किरण** ले पनि यस विषय निक्कै कलम चलाएका छन् तर कतिपय यस्ता कवितामा उनले नेपाली (गोर्खा) हरुको निष्क्रियतामा रोष पनि प्रकट गरेको पाइन्छ। 'खुकुरीको धारमाथि नाङ्गा कथाहरु{ यसैको एक उदाहरण हो।

'खुकुरीलाई आरनमा चढ़ाएर<br>
घनले जति पिटे पनि हुन्छ<br>
आगोले पोलेर लाल-लाल बनाएर डढ़ाएर पनि हुन्छ<br>
पाइन लाए पनि हुन्छ<br>
न लाए पनि हुन्छ किनकि यो केवल खुकुरी हो{

खुकुरी नेपाली (गोर्खा) हरुको प्रतीक। भारतीय नेपालीहरुको मनस्थितिलाई कविले यहाँ व्यंग्य कसेका छन्। तिनीहरुको प्रवृत्ति विशेषता नै सहनु र आफ्नो अस्तित्वप्रति सचेत नहुनु हो। खुकुरी आखिर खुकुरी नै हो यसलाई आरनमा चढ़ाएर जस्तै आकार दिऊँ वा पाइन लाऊँ वा नलाऊँ आजसम्मै यो कसैको अधिकारभित्रको कुरा भइरहेछ। यसलाई घनले पिटे पनि हुन्छ वा आगोले पोले पनि हुन्छ आखिर खुकुरी बोल्ने अवश्य होइन। खुकुरी धारिलो भएर यसको के महत्त्वङ्क आफूमाथि अन्याय, अत्याचार गर्नेहरुको घिच्रोमा बजारिने यसले कहिले धृष्टता लिन सकेन।

कवि फेरि भन्छन् -<br>
'यसले विरोध गर्न अझै सिकेको छैन<br>
यसले अस्तित्व र अधिकारको कुरा बुझेको छैन<br>
किन कि यो केवल खुकुरी हो

एउटा फलामको चोइटा!{

साँचो अर्थमा भन्नु हो भने नेपाल (गोर्खा) हरुले आफ्नो अधिकार के हो? कहिले बुझ्न सकेनन्। हामीले विरोध गर्न जान्यौं तर केका निम्ति विरोध? बुझ्न सकेनौं किनभने विरोधको अर्थको निर्माण र संरचनाले दिशा प्राप्त गर्न नसके त्यो लक्ष्यहीन बन्छ। सिक्किमको सन्दर्भमा पुरानो राज्य व्यवस्थाले सन् १९७३ सम्म पचास प्रतिशत संख्यामै बए पनि सिक्किम स्टेट काउन्सिलमा नेपालीको सीट आरक्षण प्रदान गरेको थियो। यो भारतीय नेपालीहरुको लागि कम महत्त्वपूर्ण कुरा होइन तर भारतमा मिल्न आएपछि नेपालीहरु बहुसंख्यामा भन्ने बहानमा यो सीट आरक्षण हट्यो। दार्जीलिङ, डुवर्सतिर पनि नेपालीहरु युगौंयुग चिया बगानतिर बसिरहेका छन्, मतदान प्रकट गर्छन् तापनि भारतीय नागरिकहरुको प्रश्नमा तिनीहरु ठगिँदै आएका छन्। तिनीहरुलाई जहिले पनि अवहेलना गर्दै अन्य प्रान्तका मानिसहरुले जानी जानी नेपालबाट कहिले आएका? भन्ने प्रश्न गर्छन्। नत्र नेपाली (गोर्खा) भन्ने बित्तिकै विदेशी हो भन्ने विश्वाससँग सोधपुछ नै गर्दैनन्। सारा भारतमा करोडौंको संख्यामा रहेका नेपाली (गोर्खा) हरु कहिले एक हुन सकेनन्। कहिल्यै एकतामा रहेर तिनीहरु आफ्नो अधिकारको निम्ति बोल्न सकेनन्। कहिल्यै एकतामा रहेर तिनीहरु आफ्नो अधिकारको नीम्ति बोल्न सकेनन्। अविभाजित भइ एउटै नेतृत्वमा रहेर हामीले एक मुष्ठ आवाजमा हाम्रा कथाव्यथालाई अभिव्यक्ति दिन कहिल्यै सकेनौं। यही कारण उनी भन्छन् –

‘यस संसारमा
एउटा सानोभन्दा सानो कर्म
आफ्नो मर्म र धर्मका निम्ति
आफ्नो मर्जी र बूताले
गर्न नसक्ने कहानी छ,
आफ्नो निम्ति एकपल्ट पनि
मर्न नसक्ने यसको बानी छ।
किनकि यो खुकुरी विचरा,
सधैं दापभित्र हुन्छ,
एउटा मालिकको कम्बरमा
कि त शोषकहरुको ‘सोकेश{ भित्र रोएको हुन्छ
यसलाई संग्रहालयमा ‘मेड इन जापान{ को लेबल लाएर
राखे पनि हुन्छ
आफ्नै घुँड़ामा आफैले उचालेर ताके पनि हुन्छ।{

यहाँ आफ्ना अधिकार र स्वाभिमानका निम्ति कैयौं क्रान्ति, नारा र जुलूसहरु पनि नभएको होइनन् तर यी सबै कुराहरु कसैको स्वार्थीसिद्धिमै सीमित रहे। यहाँ मानव अधिकार हननका कुराहरु छन्, यहाँ मान्छेले मान्छे जस्तै भएर बाँच्न पाउन अधिकार विरोधी तत्त्व पनि छँदै छन्। तथापि यहाँ निर्माण र सृजनात्मक कुराहरुप्रति कसैको ध्यान गएको छैन। यसर्थ ‘आरम्भ नयाँ बाटोको{ शीर,क कवितामा कवि भन्छन् –

'खै त! यी निर्देशन र योजनाहरुमा
मान्छेका बाँच्ने अधिकार र स्वाभिमानका सुरक्षाहरु?
खै त! यी जुलुस, नारा र क्रान्तिका लहरहरुमा
सम्पूर्ण जीवन-आयतनका कुराहरु?
खै त! यी बस्तीका झोपड़ीहरुमा
समाज व्यवस्थाका स्वच्छ उपलब्धिहरु?
र अब त मलाई लाग्छ -
यी योजनाका कुराहरु,
यी क्रान्ति, जुलुसका आवाजहरु
स्वार्थी मान्छेका प्रलोभन मात्र हुन्!{

वास्तवमा निर्देशन र योजनाहरुमा भइसकेका निष्क्रियता र मनपरीवादको विरोधलाई मात्र हामी विरोध भनिरहेका छौं। हाम्रा जुलुस, नारा र क्रान्तिलाई त्यसैभित्र मात्र सीमित राखेका छौं। यही कारण अब अधिकार स्वाभिमान तथा आमूल परिवर्तनको निम्ति व्यापकरुपमा नयाँ बाटोको आरम्भ गरौं भन्ने कविको धारणा उक्त कवितामा रहेको छ। उनी भन्छन् -

'हामी आफैले यहाँ -
आरम्भ गर्नुपर्छ नयाँ बाटोको,
यी सड़क, फुटपाथ र गल्लीहरु ब्यूँझाएर
मुक्ति-संग्रामका हतियार निर्माण गर्नुपर्छ,
मान्छेका गाउँ-बस्तीहरुमा।
मानव-अधिकारको नयाँ प्रखरता ल्याएर
मान्छेको चोखो जुनी बद्लिनुपर्छ,
र यी मान्छेको हातहरुले
निर्माण गर्ने हतियारहरु मात्र बनाउनुपर्छ,
उज्यालोको निम्ति हामीले अन्धकारसित युद्ध गर्नुपर्छ{

यसरी कविको भावमा व्यापकता रहेको छ र हाम्रो अभियान अब निर्माणका निम्ति हुनपर्छ भन्ने उनको विचार।

कवि पवन चामलिङ **किरण** को 'अन्तहीन सपना ः मरो विपना{ रचनाकाल नै कविताका निम्ति गान्तोक, सिक्किम साहित्य परिषद्ले सन् १९८६ मा उनलाई 'चिन्तन{ पुरस्कार प्रदान गरेको थियो। उनको शुद्ध र स्तरीय साहित्यमा मात्र उक्त संस्था आकर्षित भएको होइन तर उनको भाव व्यापकता र साहित्यप्रतिको अनवरत प्रतिबद्धता नै उनमा मुख्य विशेषता थियो। वास्तवमा सोझो हिसाबले हेर्ने हो भने पुरस्कार प्राप्त गर्नु भनेको पाठकले साहित्यकारप्रति गरेको एउटा न्याय हो। विवेक पुऱ्याएर साहित्य सेवा गर्ने व्यक्तित्वको समयमा नै खातिर गर्नु भनेको उनलाई अझ अघि बढ्ने प्रोत्साहन दिनु हो। यस्तो कुरामा साहित्यकार मात्र पुरस्कृत हुने होइन तर पुरस्कार दिने संस्था पनि प्रकाशमा आउने हुनाले स्वयं संस्था पनि पुरस्कृत हुन्छ। त्यसर्थ कृतिको समीक्षा हुनु त्यतिकै वाञ्छनीय हुन्छ।

कुनै कविको प्रवृत्ति प्रगतिवादी (समाजवादी) भयो भन्दैमा व्यक्तिवादीको मात्र पक्षधर बनेर न्याय दिनु युक्तिसंगत हुँदैन किनभने समाजवादी धारा र व्यक्तिवादी धारा त जबदेखि साहित्यमा विभिन्न प्रयोग र उपयोगिता विषय प्रश्न उठ्यो त्यहींबाट एकपछि अर्को हुँदै यहाँसम्म आइपुगेको हो। जस्तो जस्तो परिवर्तन आयो उस्तै प्रकारले साहित्य लेखनले गति पाएको कुरा इतिहास साक्षी छ। जसरी कुन प्रकारले लेख्यो? भन्ने प्रश्न महत्त्वपूर्ण कुरा छ त्यसरी नै के लेख्यो? भन्ने पनि त्यतिकै महत्त्वपूर्ण कुरा हो। आजको मुख्य विषय नै समग्रता हो। लमाइ, चौड़ाइ मात्र लेखेर आज पनि साहित्य हो भन्नेहरु पनि छन् औ फ्रायडको नाममा तिनलाई नबुझी नाङ्गो अश्लील साहित्य लेख्न मन पराउनेहरु पनि छन्। समाज तथा व्यक्ति त एउटा माध्यम मात्र हो, जसरी जे लेखे पनि तर विवेक पुऱ्याएर सत्य, सुन्दर र शिव विषय लेखे हुन्छ।

कविताको गरीब पात्रको लागि दुइ छाक दाल, भात, डुकुको त प्रबन्ध मिल्यो तर उसको स्वाभिमानले सधैं घुँड़ा टेक्न पऱ्यो भने उसको जीवनको सम्पूणताले रोगाएर बाँच्न पर्ने हुन्छ। त्यसरी नै राजनैतिक स्थूल कुराले मात्र नागरिकको जम्मै समस्या समधान हुँदैन व्यक्ति स्वतन्त्रता तथा मनोवैज्ञानिकताको पनि महत्त्वपूर्ण स्थान रहन्छ यो सबैले जानेकै कुरा हो। त्यसरी नै साहित्यको आग्रहमा अर्को वाञ्छनीय तत्त्व छ त्यो हो कलात्मकता अर्थात् शैली। शैली नै कविको व्यक्तित्वको पहिचान हो। कविका निम्ति पाठक पनि कम महत्त्वपूर्ण छैन त्यसर्थ सोझो उपदेश नदिई परोक्षरुपमा भन्न सक्नु त्यो महत्त्वपूर्ण।

'वास्तविकताभित्र{ कवि आफ्नो विचार यसरी राख्छन् -
'मैले, मेरो छातीमा सजाएको एक लहर -
ठूला-ठूला वीरत्वका तक्माहरु,
वास्तवमा
दासत्वका प्रमाण सिवाय अरू केही होइनन्!
यो छात्तीलाई एउटा भार
यो वीरत्वको एउटा हार!!
मेरो छातीमा सजेका तक्माहरु!!!{

अंग्रेजहरूकै पालादेखि नेपाल तथा भारत क्षेत्रहरुबाट गोर्खा फौजको भर्ना। तिनीहरुले विश्व-युद्धमा कम बहादुरी देखाएका होइनन्। आज पनि प्रत्येक वर्ष छात्तीमा बिल्ला तथा तक्माहरु ठोकेर फौजीहरु घर फर्कने गर्छन्। तिनीहरुका निम्ति तक्मा एउटा महत्त्वपूर्ण कुरा। नेपाली (गोर्खा) हरु आफ्नो वीरतामा कम खुशी हुँदैनन्। तर वास्तवमा तिनीहरुले आफ्नो हक र हितका निम्ति आफूलाई कहिले चिनेनन्। कसैले दिएको श्यावासीमै तिनीहरु मस्त छन्। यसो हुँदै कवि यस प्रकारका वीरत्वका तक्माहरु यथार्थमा दासत्वकै प्रमाण पत्र हुन् भन्छन्।

कवि फेरि भन्छन् -
'मैले, मेरो निम्ति
वीरत्व देखाउन सकिनँ।
मेरो अस्तित्व सँगालेर

बाँचुला भन्ने भावना देखाउन सकिनँ!
यसैले मलाई लाग्छ
मैले मेरै खून पिएर
म मातेको छु!
आफ्नै मुटु चबाएर
खोक्रो बाँचेको छु!
- - -
किनभने
स्वाभाषा, स्वअस्तित्व रक्षार्थ केही गर्न नसक्दा
आफ्नै खातिर लड्न नसक्दा -
महा अभिशाप बोकेर
म बाँचेको छु -
मेरै संसार जलाएर।{

कवि पवन चामलिङ **किरण** को कवितात्मक शैलीलाई यहाँ सलाम गर्नैपर्छ। प्रतीकमा लेखिएको यो कविता दक्षता पुऱ्याएर उनले लेखेका छन्। यसैबाट पनि उनको प्रतिभा छर्लङ्ग छ।

सिक्किमको सन्दर्भमा कुरा गर्दा विश्वमा जहीं तहीं परिवर्तन् भइसक्दा पनि यसले पुरातनमै बाँच्न चाह्यो, आफ्नै इतिहास र संस्कृति मात्र भनेर पनि हुन्न, त्यो गतिशील हुन पऱ्यो। समय अनुसार चल्न पऱ्यो। गतिहीन पहाड़ जहिले हेऱ्यो त्यस्तै। ‘पाइला र गति{ भन्ने कुरा महत्त्वपूर्ण कुरा हुन्। कवि भन्छन् -

‘किनकि गतिहीन हो यो पहाड़
चेतनाहीन हो यो देवराली!
यो पहाड़ सधैं-सधैं वसन्त नै पर्खिरहेछ
यो देवराली सधैं-सधैं फूलपाती नै कुरिरहेछ।
यसरी यो पहाड़, यो देवराली
केवल पर्काइ बोकेर
वसन्त र फूलपातीको प्रतीक्षामा
- अस्तित्वहीन! बूढ़ा भइसके,
खिइँदै गइसके।{

यही कारण मान्छेको परिभाषा भनेको नै गतिमान हुनु हो। समय अनुसार परिवर्तनको पनि वाञ्छनीयता छ। परिवर्तनको जन्म प्रकृति प्रकोप बाहेक मान्छेकै गतिशीलताले हुन्छ। कुनै पनि देश संघर्षमय भएर अघि बढ्नु नै परिवर्तन हुनु हो। पहाड़, देवराली जस्तो केवल प्रतीक्षामा बसे कसैको पनि कल्याण हुने छैन। यस्तो पर्खाइ वास्तवमा विष्क्रियता हो, आलस्य हो। मान्छे हो भने देशमा केही न केही परिवर्तन ल्याउनै पर्दछ।

कवि चामलिङ **किरण** का यी कविताहरुको रचनाकाल उनी सिक्किमको राजनीतिमा सक्रिय रहेका थिए। उनी गरीब-मजदूर, किसानका पक्षपाती छन्। तिनीहरुप्रति उनी ठूलो सहानुभूति देखाउँछन्, अर्कोतिर देशप्रति पनि उनी आफ्नो प्रतिबद्धता जनाउँछन्। उनको कवितामा पनि कहीं कहीं भावुकता देखिए तापनि त्यसको केन्द्रमा यथार्थ रहेको त्यो नदेखिएको होइन।

कुनै कुनै पाठक सरल, सुबोध कवितालाई निम्नस्तरका भनी खोट लगाउने हुन्छन्। गहिराइको नाममा केही नबुझी कसैले लामा-लामा तथा शब्दहरुको छनौट नै नगरिएका औ जताभावी लेखिएका कविता मन पराउँछन्। केही नबुझ्नु भनेको नै गहिराइ हो भन्नु अवश्य पनि उचित होइन। कविता भनेको नै हिजोआज विवेकपूर्ण हुनु हो। कविताको मुख्य तत्त्व भनेको भाव तथा बौद्धिक पक्ष हो अनि पछि शैली। शैली सुन्दर हुनु भनेको साहित्यको विकास यसको साथै बावको अद्धितीय अनुशरण। कविका अन्तहीन सपनाभित्रका अनन्त इच्छाहरुले नै यहाँ रचनात्मकताको स्थान ओगटेको हुनाले उनको प्रवृत्तिगत धारणा स्पष्ट पार्नुपरेको हो। फ्रायडले पनि आफ्नो परिभाषा अन्तर्गत सपनालाई बाँध्न सकेका छैनन्। सपना जहिले पनि अनन्त इच्छाहरु जस्तै व्यापक भएर लहराइरहेको हुन्छ। विपनामा देखिएका ज्ञानतन्तु मात्र होइन सपना, कहिले कहीं अपेक्षाकृत साक्षात् भएर त्यो हाम्रै अघिल्तिर ठिङ्ग उभिन्छ।

नेपाली साहित्यमा नेपाली जातीयता र राष्ट्रियतालाई लिएर कवितामा प्रतिबद्धता र नवचेतनालाई प्रमुखता दिने कवि अगमसिंह गिरी हुन्। कवि पवन चामलिङ **किरण** ले पनि यस विषय निक्कै कलम चलाएका छन् तर कतिपय यस्ता कवितामा उनले नेपाली (गोर्खा) हरुको निष्क्रियतामा रोष पनि प्रकट गरेको पाइन्छ। ‘खुकुरीको धारमाथि नाङ्गा कथाहरु{ यसैको एक उदाहरण हो।

‘खुकुरीलाई आरनमा चढ़ाएर
घनले जति पिटे पनि हुन्छ
आगोले पोलेर लाल-लाल बनाएर डढ़ाएर पनि हुन्छ
पाइन लाए पनि हुन्छ
न लाए पनि हुन्छ किनकि यो केवल खुकुरी हो{

खुकुरी नेपाली (गोर्खा) हरुको प्रतीक। भारतीय नेपालीहरुको मनस्थितिलाई कविले यहाँ व्यंग्य कसेका छन्। तिनीहरुको प्रवृत्ति विशेषता नै सहनु र आफ्नो अस्तित्वप्रति सचेत नहुनु हो। खुकुरी आखिर खुकुरी नै हो यसलाई आरनमा चढ़ाएर जस्तै आकार दिऊँ वा पाइन लाऊँ वा नलाऊँ आजसम्मै यो कसैको अधिकारभित्रको कुरा भइरहेछ। यसलाई घनले पिटे पनि हुन्छ वा आगोले पोले पनि हुन्छ आखिर खुकुरी बोल्ने अवश्य होइन। खुकुरी धारिलो भएर यसको के महत्त्वङ्ख आफूमाथि अन्याय, अत्याचार गर्नेहरुको घिच्रोमा बजारिने यसले कहिले धृष्टता लिन सकेन।

कवि फेरि भन्छन् -
‘यसले विरोध गर्न अझै सिकेको छैन
यसले अस्तित्व र अधिकारको कुरा बुझेको छैन
किन कि यो केवल खुकुरी हो
एउटा फलामको चोइटा!{

साँचो अर्थमा भन्नु हो भने नेपाल (गोर्खा) हरुले आफ्नो अधिकार के हो? कहिले बुझ्न सकेनन्। हामीले विरोध गर्न जान्यौं तर केका निम्ति विरोध? बुझ्न सकेनौं किनभने विरोधको अर्थको निर्माण र संरचनाले दिशा प्राप्त गर्न नसके त्यो लक्ष्यहीन बन्छ। सिक्किमको सन्दर्भमा पुरानो राज्य व्यवस्थाले सन् १९७३ सम्म पचास प्रतिशत संख्यामै बए पनि सिक्किम स्टेट काउन्सिलमा नेपालीको सीट आरक्षण प्रदान गरेको थियो। यो भारतीय नेपालीहरुको लागि कम महत्त्वपूर्ण कुरा होइन तर भारतमा मिल्न आएपछि नेपालीहरू बहुसंख्यामा भन्ने बहानमा यो सीट आरक्षण हट्यो। दार्जीलिङ, डुवर्सतिर पनि नेपालीहरु युगौंयुग चिया बगानतिर बसिरहेका छन्, मतदान प्रकट गर्छन् तापनि भारतीय नागरिकहरुको प्रश्नमा तिनीहरु ठगिँदै आएका छन्। तिनीहरुलाई जहिले पनि अवहेलना गर्दै अन्य प्रान्तका मानिसहरुले जानी जानी नेपालबाट कहिले आएका? भन्ने प्रश्न गर्छन्। नत्र नेपाली (गोर्खा) भन्ने बित्तिकै विदेशी हो भन्ने विश्वाससँग सोधपुछ नै गर्दैनन्। सारा भारतमा करोडौंको संख्यामा रहेका नेपाली (गोर्खा) हरु कहिले एक हुन सकेनन्। कहिल्यै एकतामा रहेर तिनीहरु आफ्नो अधिकारको निम्ति बोल्न सकेनन्। कहिल्यै एकतामा रहेर तिनीहरु आफ्नो अधिकारको नीम्ति बोल्न सकेनन्। अविभाजित भइ एउटै नेतृत्वमा रहेर हामीले एक मुष्ठ आवाजमा हाम्रा कथाव्यथालाई अभिव्यक्ति दिन कहिल्यै सकेनौं। यही कारण उनी भन्छन् -

‘यस संसारमा
एउटा सानोभन्दा सानो कर्म
आफ्नो मर्म र धर्मका निम्ति
आफ्नो मर्जी र बूताले
गर्न नसक्ने कहानी छ,
आफ्नो निम्ति एकपल्ट पनि
मर्न नसक्ने यसको बानी छ।
किनकि यो खुकुरी विचरा,
सधैं दापभित्र हुन्छ,
एउटा मालिकको कम्बरमा
कि त शोषकहरुको ‘सोकेश{ भित्र रोएको हुन्छ
यसलाई संग्रहालयमा ‘मेड इन जापान{ को लेबल लाएर
राखे पनि हुन्छ
आफ्नै घुँड़ामा आफैले उचालेर ताके पनि हुन्छ।{

यहाँ आफ्ना अधिकार र स्वाभिमानका निम्ति कैयौं क्रान्ति, नारा र जुलूसहरु पनि नभएको होइनन् तर यी सबै कुराहरु कसैको स्वार्थीसिद्धिमै सीमित रहे। यहाँ मानव अधिकार हननका कुराहरु छन्, यहाँ मान्छेले मान्छे जस्तै भएर बाँच्न पाउन अधिकार विरोधी तत्त्व पनि छँदै छन्। तथापि यहाँ निर्माण र सृजनात्मक कुराहरुप्रति कसैको ध्यान गएको छैन। यसर्थ ‘आरम्भ नयाँ बाटोको{ शीर,क कवितामा कवि भन्छन् -

‘खै त! यी निर्देशन र योजनाहरुमा
मान्छेका बाँच्ने अधिकार र स्वाभिमानका सुरक्षाहरु?

खै त! यी जुलुस, नारा र क्रान्तिका लहरहरुमा
सम्पूर्ण जीवन-आयतनका कुराहरु?
खै त! यी बस्तीका झोपड़ीहरुमा
समाज व्यवस्थाका स्वच्छ उपलब्धिहरु?
र अब त मलाई लाग्छ -
यी योजनाका कुराहरु,
यी क्रान्ति, जुलुसका आवाजहरु
स्वार्थी मान्छेका प्रलोभन मात्र हुन्!{

वास्तवमा निर्देशन र योजनाहरुमा भइसकेका निष्क्रियता र मनपरीवादको विरोधलाई मात्र हामी विरोध भनिरहेका छौं। हाम्रा जुलुस, नारा र क्रान्तिलाई त्यसैभित्र मात्र सीमित राखेका छौं। यही कारण अब अधिकार स्वाभिमान तथा आमूल परिवर्तनको निम्ति व्यापकरुपमा नयाँ बाटोको आरम्भ गरौं भन्ने कविको धारणा उक्त कवितामा रहेको छ। उनी भन्छन् -

‘हामी आफैले यहाँ -
आरम्भ गर्नुपर्छ नयाँ बाटोको,
यी सड़क, फुटपाथ र गल्लीहरु ब्यूँझाएर
मुक्ति-संग्रामका हतियार निर्माण गर्नुपर्छ,
मान्छेका गाउँ-बस्तीहरुमा।
मानव-अधिकारको नयाँ प्रखरता ल्याएर
मान्छेको चोखो जुनी बद्लिनुपर्छ,
र यी मान्छेको हातहरुले
निर्माण गर्ने हतियारहरु मात्र बनाउनुपर्छ,
उज्यालोको निम्ति हामीले अन्धकारसित युद्ध गर्नुपर्छ{

यसरी कविको भावमा व्यापकता रहेको छ र हाम्रो अभियान अब निर्माणका निम्ति हुनपर्छ भन्ने उनको विचार।

कवि पवन चामलिङ **किरण** को ‘अन्तहीन सपना ः मरो विपना{ रचनाकाल नै कविताका निम्ति गान्तोक, सिक्किम साहित्य परिषद्ले सन् १९८६ मा उनलाई ‘चिन्तन{ पुरस्कार प्रदान गरेको थियो। उनको शुद्ध र स्तरीय साहित्यमा मात्र उक्त संस्था आकर्षित भएको होइन तर उनको भाव व्यापकता र साहित्यप्रतिको अनवरत प्रतिबद्धता नै उनमा मुख्य विशेषता थियो। वास्तवमा सोझो हिसाबले हेर्ने हो भने पुरस्कार प्राप्त गर्नु भनेको पाठकले साहित्यकारप्रति गरेको एउटा न्याय हो। विवेक पुर्‍याएर साहित्य सेवा गर्ने व्यक्तित्वको समयमा नै खातिर गर्नु भनेको उनलाई अझ अघि बढ्ने प्रोत्साहन दिनु हो। यस्तो कुरामा साहित्यकार मात्र पुरस्कृत हुने होइन तर पुरस्कार दिने संस्था पनि प्रकाशमा आउने हुनाले स्वयं संस्था पनि पुरस्कृत हुन्छ। त्यसर्थ कृतिको समीक्षा हुनु त्यतिकै वाञ्छनीय हुन्छ।

कुनै कविको प्रवृत्ति प्रगतिवादी (समाजवादी) भयो भन्दैमा व्यक्तिवादीको मात्र पक्षधर बनेर न्याय दिनु युक्तिसंगत हुँदैन किनभने समाजवादी धारा र व्यक्तिवादी धारा त जबदेखि साहित्यमा विभिन्न प्रयोग र उपयोगिता विषय प्रश्न उठ्यो त्यहींबाट एकपछि अर्को हुँदै यहाँसम्म आइपुगेको हो। जस्तो जस्तो परिवर्तन आयो उस्तै प्रकारले साहित्य लेखनले गति पाएको कुरा इतिहास साक्षी छ। जसरी कुन प्रकारले लेख्यो? भन्ने प्रश्न महत्त्वपूर्ण कुरा छ त्यसरी नै के लेख्यो? भन्ने पनि त्यतिकै महत्त्वपूर्ण कुरा हो। आजको मुख्य विषय नै समग्रता हो। लमाइ, चौड़ाइ मात्र लेखेर आज पनि साहित्य हो भन्नेहरु पनि छन् औ फ्रायडको नाममा तिनलाई नबुझी नाङ्गो अश्लील साहित्य लेख्न मन पराउनेहरु पनि छन्। समाज तथा व्यक्ति त एउटा माध्यम मात्र हो, जसरी जे लेखे पनि तर विवेक पुऱ्याएर सत्य, सुन्दर र शिव विषय लेखे हुन्छ।

कविताको गरीब पात्रको लागि दुइ छाक दाल, भात, डुकुको त प्रबन्ध मिल्यो तर उसको स्वाभिमानले सधैं घुँड़ा टेक्न पऱ्यो भने उसको जीवनको सम्पूणताले रोगाएर बाँच्न पर्ने हुन्छ। त्यसरी नै राजनैतिक स्थूल कुराले मात्र नागरिकको जम्मै समस्या समधान हुँदैन व्यक्ति स्वतन्त्रता तथा मनोवैज्ञानिकताको पनि महत्त्वपूर्ण स्थान रहन्छ यो सबैले जानेकै कुरा हो। त्यसरी नै साहित्यको आग्रहमा अर्को वाञ्छनीय तत्त्व छ त्यो हो कलात्मकता अर्थात् शैली। शैली नै कविको व्यक्तित्वको पहिचान हो। कविका निम्ति पाठक पनि कम महत्त्वपूर्ण छैन त्यसर्थ सोझो उपदेश नदिई परोक्षरुपमा भन्न सक्नु त्यो महत्त्वपूर्ण।

'वास्तविकताभित्र{ कवि आफ्नो विचार यसरी राख्छन् -
'मैले, मेरो छातीमा सजाएको एक लहर -
ठूला-ठूला वीरत्वका तक्माहरु,
वास्तवमा
दासत्वका प्रमाण सिवाय अरू केही होइनन्!
यो छात्तीलाई एउटा भार
यो वीरत्वको एउटा हार!!
मेरो छातीमा सजेका तक्माहरु!!!{

अंग्रेजहरूकै पालादेखि नेपाल तथा भारत क्षेत्रहरुबाट गोर्खा फौजको भर्ना। तिनीहरुले विश्व-युद्धमा कम बहादुरी देखाएका होइनन्। आज पनि प्रत्येक वर्ष छात्तीमा बिल्ला तथा तक्माहरु ठोकेर फौजीहरु घर फर्कने गर्छन्। तिनीहरुका निम्ति तक्मा एउटा महत्त्वपूर्ण कुरा। नेपाली (गोर्खा) हरु आफ्नो वीरतामा कम खुशी हुँदैनन्। तर वास्तवमा तिनीहरुले आफ्नो हक र हितका निम्ति आफूलाई कहिले चिनेनन्। कसैले दिएको श्यावासीमै तिनीहरु मस्त छन्। यसो हुँदै कवि यस प्रकारका वीरत्वका तक्माहरु यथार्थमा दासत्वकै प्रमाण पत्र हुन् भन्छन्।

कवि फेरि भन्छन् -
'मैले, मेरो निम्ति
वीरत्व देखाउन सकिनँ।
मेरो अस्तित्व सँगालेर
बाँचुला भन्ने भावना देखाउन सकिनँ!

यसैले मलाई लाग्छ
मैले मेरै खून पिएर
म मातेको छु!
आफ्नै मुटु चबाएर
खोक्रो बाँचेको छु!
- - -
किनभने
स्वाभाषा, स्वअस्तित्व रक्षार्थ केही गर्न नसक्दा
आफ्नै खातिर लड्न नसक्दा -
महा अभिशाप बोकेर
म बाँचेको छु -
मेरै संसार जलाएर।{

देशको सेवा गर्ने काम हाम्रो कर्तव्य हो। तर भारत जस्तो महान राष्ट्रमा संविधानले मौलिक अधिकारहरुको सुरक्षा र प्रत्यभूति निर्वाह गरे पनि आफ्नो स्वतन्त्रताको निम्ति प्रत्येक नागरिकले स्वयं पहल गर्न पर्ने हुन्छ। देशको सेवा गऱ्यो, प्रमाणस्वरूप तक्मा पायो भन्दैमा कसैले अधिकार दिने होइन। यसको लागि आफै अघि बढ़ी अधिकार खोसेर लिनपर्ने हुन्छ। त्यहीमाथि अघि भने झैं नेपालीहरु नेपालमा छन्, त्यसरी भारतमा पनि छन्। गोर्खाहरु नेपालमा पनि छन् अनि भारतमै पनि छन् तर भारतीय नेपाली (गोर्खा) हरुको आफ्नै पहिचान छ र अस्तित्व पनि। हामी यहीं जन्मेका, हाम्रा पिता पुर्खाहरुको हाड़खोर हाड़खोर यहीं सुरक्षित। हामीलाई कसैले विदेशी भन्न पाउने छैन। हामीलाई हाम्रो प्रतिबद्धता र सेवामा कसैले शंका गर्न सक्ने छैन तर कुरा यति हो हामीले अन्य भारतीयहरुले जस्तै भारतीयतामा रमाएर योग्यतामा र अरू जस्तै गुणवत्तामा हाम्रो स्वअस्तित्वलाई बचाउनै पर्छ, स्वाभिमानलाई जगाउनै पर्छ। छातीभरिको बिल्ला र तक्माले मात्र समस्त जातिको अस्तित्व तथा, हक, हित विषय बोल्न सक्ने छैन।

'आकाशबेलीको लहरा र हामी{ कवितामा कवि बोल्छन् -
'जराविहीन!
र पनि यो लहरा
हरियो र भरिलो छ,
- - -
हामी
त्यो आकाशबेलीको लहराभन्दा पनि
कमजोर र तुच्छ छौं
न हाम्रो नाम नै छ
न हाम्रो काम नै छ
न हामी त्यो लहरा झैं
कुनै रुखसँग-सँगै रुख भएर बाँच्न सक्छौं।{

आकाशबेलीको लहरा जराविहीन तर रुखमा बेह्रिएर जहिले पनि मौलाइरहेको हुन्छ। किनभने ठूलो रुखबाट त्यसले हरप्रकारको सहायता प्राप्त गरिरहेको हुन्छ। आफू कमजोर भएर के भो? प्रकृतिमा आफ्नो अस्तित्व कायम राख्न त्यो सशक्त। हामी नेपाली (गोर्खा) जाति त्यही आकाशबेली भन्दा कमजोर। न ता आफै केही गर्न सक्यौं, न ता कसैको सहारामा उभिन सक्यौं। सयौं वर्षको इतिहासमा करोडौंको संख्यामा भए पनि न हामी कुनै ठूला ओहदामा पुग्न सक्यौं, न हामीमध्ये कोही ठूला वैज्ञानिक निस्के, न कुनै राष्ट्रिय व्यक्तित्व। अन्य प्रान्तमा स्वयंलाई कान्छा र बहादुर भनेर चिनायौं। सानो राजनैतिक आँधी आयो कि बिल्लीबाठ। दार्जीलिङ्को इतिहासमा सबैभन्दा महत्त्वपूर्ण कुरा के छ भने नेपाली (गोर्खा) हरु एकजुट भएर बंगाल राज्य अन्तर्गत राखिए पनि आफ्नो संस्कृति, साहित्य जोगाउन युगौंयुग सक्षम भए। यो पनि कम महत्त्वपूर्ण विषय होइन। तर सिक्किम बाहेक अन्य उत्तर-पूर्वी राज्यहरुमा नेपालीहरुलाई कहिले संघठित हुन सकेनन्। धेरै संख्यमा छन् तर छरिएर बस्नपर्ने तिनीहरुलाई वाध्यता छ। यस्तो अवस्थामा जातीय तथा राजनैतिक हुलदंगा हुनेबित्तिकै तिनीहरु शिकार हुन्छन्। यगौंयुग बसेर आइरहेछौं, मतदाता सूचीमा नाम दर्ता र राशिन कार्ड मै नागरिकता विषय धेरैले चित्त बुझाउनु परिरहेछ। निर्वाचनमा जिताउ नि सबै कुरा भइहाल्छ भन्छन्। अल्पसंख्यक हुनु नै त्यहाँ अवहेलना हुनु हो। हामी नेपाली बोल्छौ, त्यसैकारण हामी नेपाली। गोर्खा फौजमा जान्छौं अथवा सेवारत् भएपश्चात् फर्कन्छौं यसैले हामी गोर्खा तर हामी जहाँ जहीँ नेपाली (गोर्खा) हरु बसेका छौं बहुसंख्यामा एकजुट भएर बस्न सकेका छैनौं। लौ त भनौं भने दुइ दुइ करोड़ संख्यामा रहेका नेपालीहरु (गोर्खा) बाट भनेजस्तो गरी आफ्नो संख्या अनुसार सांसद चुनेर पठाउन सकेका छैनौं। हामी बहुसंख्यक जातिबाट अवहेलित हुन्छौं र भइरहेछौं किनभने हाम्रो राष्ट्रिय स्तरमा राजनैतिकता शून्य छ। राजनैतिक नेतृत्व दिने व्यक्ति पनि नभएका होइनन् तर जातीय एकताको अभावमा हामी दलगत राजनीति स्वार्थमा टुक्रिएर पृथक पृथक बस्न वाध्य हुनेछौं। यही कारण हामी आकाशबेली लहरा जति पनि कहिले हुन सकेनौं। कवि **किरण** ले अघि पनि भनिसकेका छन् - अहिलेसम्मका हाम्रा क्रान्ति र आन्दोलनहरुले हाम्रो जातीय व्यापकतालाई अँगाल्ने सकेनन्। भारत जस्तो विशाल राष्ट्रमा बाँच्न हामा वास्तावमा सचेत भएका छैनौं कि! त्यसो भए यो हाम्रो मूर्खता नै हो।

'मान्छेभित्र अनेक टुक्रा{ शीर्षक कवितामा कवि यसो भन्छन् -
'यस विश्वमा
एउटा रगतको साँध कोरेर
वारि-पारि बसेर
मान्छेहरु उत्सव मनाउँछन्
सल्बलाउँछन् -
टुक्रा-टुक्रा जमातहरुको अँगालो
व्यापक मानवका खण्डित आकार बोकेर
भ्रष्ट मान्छेहरु सुलसुले जस्तो
चलमलाउँछन् -
एक हूल मान्छेको निम्ति
साँध कोर्न....{

विश्व जति सुन्दर देखिन्छ वास्तवमा मानिस त्यस्ता छैनन् सबै स्वार्थमा छन्। प्रकृतिलाई नबुझे झैं गरी मानिस आफ्नो आफ्नै स्वार्थलाई रोजेर साँध सीमानाभित्र बाँच्न विवश छन्। जसरी विश्व विशाल

छ व्यापक पनि, त्यसरी नै मान्छे पनि आफ्नै संसारभित्र सानो छैन तथापि यसरी साँध सीमाना छुट्ट्याएर मानिस स्वयं शण्डित भइरहेछन्। सिर्जनामा व्यापक र स्वतन्त्र मान्छे आज हूल, हूल र जमातहरुमा विभाजित। यही कारण मानिस स्वयं एवं संकीर्ण हुँदै गइरहेका। कवि भन्दै जान्छन् -

‘आफ्नै सम्पूर्णताको भग्नतामा,
आफ्नै अस्तित्वको खण्डतामा
विघटित बन्दै मान्छेहरु -
भित्र-भित्र खोक्रिएर, बोक्रिएर
- किन यसरी बाँचिरहेछन्?
मान्छेकै मान्छेकै पतन भएर
- कसरी यहाँ बाँचिरहेछन्?{

यसरी कवि **किरण** को कविता व्यापकता र विचारमा भव्यताको निर्वाह भएको देख्छौं। आफूभित्रै मानिस स्वयं खण्डित हुँदै टुक्रिएकोमा उनी दुःख प्रकट गर्छन्।

‘मेरो अघि महाशून्यताको साम्राज्य छ
विशाल कायामा उभिएर मलाई निल्न लागिरहेछ
यो समय।{

यसरी कवि **किरण** कहिले कहीं निराश हुन्छन्। उनका मान्छे पात्रहरु विसंगतिका शिकार भएका छन्, शोषणका दलदलमा फँसेका छन्। सचेतता नआएसम्म कसरी तिनीहरु अघि बढ्न सक्षम होलान्? सबै आफ्नो आफ्नै धूनमा। कसैलाई कसैको वास्ता छैन अनि उनी पनि आज एक्लै छन्, नितान्त एक्लो। व्यक्ति, समाज देश तता परिस्थिति सब असम्बद्ध मानौं उनी प्रसंगहीन,

अन्तमा यही ‘असम्बद्ध प्रसंग{ कविताको अन्तमा उनी यसो भन्छन् -
‘शान्ति र प्रेमको गीत गाउँदै
मेरो मन
तिम्रो खोजीमा
कतै सुटुक्कै मेरो मन
कतै टाढ़ा मदेखि थिएछ,
तिमीजस्तै अनेकौं अरू
म जस्तैसँग आत्मसात् भएर।{

शरीर जति नै नजिक भएर असम्बद्ध भए पनि शान्ति र प्रेमको खोजीमा उनको मन टाड्िँदै आकाशिन लागेको रहेछ। आफू समयको अन्तराललाई जित्न नसक्दा र आफ्नो अस्तित्व नै असम्बद्ध हुँदा अत्यन्त विचलित देखिएका छन्। हुन पनि विकासको प्रसंगमा शान्ति र प्रेम महत्त्पूर्ण कुरा हुन्।

अर्कोतिर फेरि उनी घोषणा गर्दै भन्छन् -

'आइपुगेको छु यहाँ,
मान्छेको भाग्य र देशको नव-इतिहास बोकेर
मान्छेको नयां विश्व निर्माण गर्न आएको छु,
मान्छेको जन्मसिद्ध अधिकार र भाग्य लिएर आएको छु,
झारलाङ्गी र कालो थिचिएर मरेका,
मेरा अभागी पुर्खाहरुको बन्दगी आत्मालाई
उकास्न आएको छु!{

लाग्छ, उनको जन्म त्यसै भएको छैन। मानिस स्वयंले आफ्नो भाग्य आफै बनाउनु पर्छ भने उनी त्यसका निम्ति पनि तयार छन्। एउटा नागरीकको जुन जुन जन्मसिद्ध अधिकारहरु छन् त्यसका निम्ति लड्न उनी उद्धत। पुरानो सिक्किममा झार्लाङ्गी (बिना ज्याला मालिकको काम गर्नपर्ने) यस प्रकारको अन्यायपूर्ण व्यवहारमा परेर मरेका पुर्खाहरुको आत्मालाई शान्ति दिलाउन नै उनको जन्म भएको उनी घोषणा गर्छन्। उनको विचारमा प्रत्येक नागरिकहरुको जन्म यहाँ त्यसै भएको छैन। सबैको आफ्ना आफ्नै कर्तव्यहरु छन्।

कवि पवन चामलिङ **किरण** कुनै दिन दौड़ाहामा आसाम पुग्छन्। कविको भावुकताभरि मनले आसामका नेपाली (गोर्खा) हरुको अवस्थामा मन थाम्न सक्दैनन्। तिनी अत्यन्त विह्वल हुन्छन् र 'ब्रह्मपुत्र र कामाख्या पुगेर आफैलाई हेर्दा{ नामक कविताको जन्म यसरी हुन्छ -

'ब्रह्मपुत्रको किनारै-किनार भएर
मेरा जिउँदा मान्छेका लासहरु बग्दै जाँदारहेछन्,
पानीको वेगसित पौह्रन नसकेर हो कि,
नाउ खियाउन नजानेर हो कि!
मेरा मान्छेहरु सागरमा डुब्दै जाँदारहेछन्!
ब्रह्मपुत्रको पानीमा जुबेर मरेका मेरा मान्छेको लासहरु
छिमेकी गिद्ध, वन-बिराला र स्यालहरुले
आपस्तमा बाइदै भोज लगाउँदा रहेछन्
र आजकल यस भेकमा
मेरा मान्छेका हाड़हरु उभ्याएर
ब्रह्मपुत्रको किनारामा बाँध बाँध्ने काम हुँदोरहेछ।{

शदियौदेखि आसाममा नेपाली (गोर्खा) हरु बस्ती बसाएर रहेका हुन् तर तिनीहरु मध्ये धेरैका आर्थिक अवस्था राम्रो छैन। तीमध्ये कोही गाई-भैंसी पाली शहरतिर दूधको ठेका चलाएर जीविका चलाउनेहरु पनि छन्। तिनीहरु घाँस र चरणका निम्ति ब्रह्मपुत्र नदीको किनारै किनार बसेका हुन्छन् तर वर्षाकाल कुनै कुनै समय नदीमा भल-बाढ़ी आउनाले तिनीहरुमध्ये धेरैजना कालको मुखमा पर्छन्। त्यस बेला लास उठाउनेसम्म पनि कसैले अवसर पाउँदैनन्। नदीले बगाएर लगेका लासहरु कहाँ पुऱ्याउने हो थाहा हुँदैन। कवि विचार गर्छन्, किन यी मानिसहरुलाई जंगल जंगल ब्रह्मपुत्रको किनारै किनार बस्ने वाध्यता आइलाग्यो? के यिनीहरुका सामाजिक, राजनैतिक स्थिति स्वस्थ छैनन्? त्यहाँको परिस्थितिसित जुझ्न नसकेरै तिनीहरु जंगल पसेका? नदीमा भल बाढ़ी आउँदा के तिनीहरु पूर्व सूचना पाउँदैनन् र यसरी

पशु जस्तै बन्न परेका? आसाममा जति पनि जोखिमपूर्ण कामहरु जस्तै नदीमाथि बाँध बाँध्ने काम इत्यादि छन् त्यहाँ काम गर्नेहरु प्रायः यी नेपाली (गोर्खा) हरु नै छन्। तिनीहरुमध्ये धेरैको जीवनस्तर साँचो अर्थमा भन्नु हो भने मजदूरीबाटमाथि उठ्न सकेको छैन।

'कुन जुनीको श्रापले हो -
मेरा मान्छे कथाहरु आँसुले लेखिँदै गए,
मेरा मान्छेका भग्न-व्यथाहरु पसीनाका ज्यालासँग साटिँदै गए।{

कवि फेरि भन्न लाग्छन् -
'आफ्नै पसीना र रगतको मलले पाकेको बाली पनि
मेरा मान्छेहरुले
मेरा भन्न सक्दैनन्।
यस्तो पाप र श्रापको संसारमा
मेरा मान्छेका विपनाहरु सपना बनेका छन्!
यो कुनै दन्त्य कथा होइन,
यो कुनै काल्पनिक कहानी पनि होइन,
यो त करोडौं अभागी मान्छेको भग्न व्यथा हो{

कविता वर्णनात्मक भए पनि यसमा लाखौं भारतीय नेपालीहरुको आसाममा कुन अवस्था छ, यसको पोल खुलेको छ। हाम्रा मान्छेहरु त्यहाँ धेरैजसो अशिक्षित छन्, आफ्नै पौरखले कमाएको बाली समेत आफै खान नसक्ने अवस्थामा छन्।

'आफैले बाघ र हात्तीसित लडे़र
आवादी बसाएको बस्ती
आज मेरा मान्छेहरु खोइ, कहाँ छन्?

भनिन्छ, आजभन्दा दुइ सय वर्षअघि सुगौलीको सन्धिले नेपाल र भारत बीच द्धैत सम्बन्धको कारम जसरी अन्य भारतीयहरु नेपालमा गई बसोबासो गरे, त्यहीँकै नागरिक बनी व्यापार, वाणिज्य तथा राजनीतिमा महत्त्वपूर्ण भाग लिएर आफ्नो प्रभुत्व कायम राख्न तिनीहरु सफल बने त्यसरी नै नेपालीहरु अंग्रेजी शासनमा भारत प्रवेश गरे तापनि तुलनात्मक हिसाबले तिनीहरु आजसम्म पछि नै रहेका छन्। आसामको सम्बन्धमा कुरा गर्दा अहोम राजाको पालामा नेपालीहरुलाई खेती गर्न नेपालबाट झिकाइएको हो भन्ने त्यहाँ ऐतिहासिक तथ्य पाइन्छ। तिनीहरुको संख्या आज लाखौं भए पनि औ कतिको आर्थिक अवस्था सन्तोषजनक भए तापनि तिनीहरु राजनैतिक हिसाबमा कहिल्यै संघठित हुन सकेनन् अथवा यस विषय तिनीहरुले अवसर नै पाएनन्। यति मात्र होइन त्यस बेलैदेखि विशेष स्थानहरु ओगटेर पनि एकजुट भ ई तिनीहरुले राजनैतिकतामा अघि बढ्न सोच्दै सोचेनन्। राजनैतिक चेतना शून्य अशिक्षित यी मानिसहरु आफैले बाघ भालूको सामना गरेर आवाद गरेको उर्वरभूमि पनि तिनीहरुलाई छोड्न कर लागिरहेछ। यसरी त्यहाँका जीवनशैली नै एक प्रकार शोषणपूर्ण भयो। यही कारण कवि भन्छन् -

'यहाँका देवी-देवता रिसाएर हो कि
कामाख्या र ब्रह्मपुत्रको आशीर्वाद नपाएर हो कि
देवता र देवी भएपचि
समान दृष्टि र आशीर्वाद हुनपर्ने!
ब्रह्मपुत्र र कामाख्या-माईले
सबैको रक्षा गर्न पर्ने।{

उसो ता यो कविताको रचनाकाल अस्सीको दशककाल हो। सम्भवतः अहिले त्यहाँ यस्तो अवस्था नहोला। कविले आफ्नो दौड़ाहामा जे देखे, भोगे त्यही लेखे। भारतमा नेपाली (गोर्खा) हरु कति छन्? भनेर कसैले सोधे उत्तरमा सर्वप्रथम नाम आसामकै आउँछ। यही कारण कवि त्यहांको जन-जीवनप्रति ज्यादै संवेदनशील भएका हुन्। बहुसंख्यक आसामका नेपाली (गोर्खा) हरुको कथाव्यथाले अन्य क्षेत्रतिर प्रभाव नपार्ला भन्न सकिन्न। अघि धेरैपल्ट नेपालीहरु विस्थापित नभएका पनि होइनन्। बंगलादेशको बंगालीहरुको हाँचमा यी भारतीय नेपालीहरु पनि विदेशीहरुको सूचीमा नपरेका होइनन्। नेपाल र भारतको ऐतिहासिक सन्धिहरुको महत्त्वलाई भनौं भने धेरैले तिलसमान ठानेका छन्।

कवि किरण फेरि आफ्नो जातिप्रति सम्झना गर्दै भन्छन् -
'मैले त अनुभवका आँखाले मात्र देखेका छु
मैले त मेरै वरिपरि क्रन्दन र पुकारहरुलाई
भोक र शोकहरुलाई देखेको छु,
सुनेको छु
तरै पनि मैले नसम्झेको सम्झनाहरु बाँच्नेहरु
तिमीहरु सबै सबैलाई
मैले म मेरो रगतको कसमले आफ्नो सम्झेको छु।
मैले त मेरो नसम्झेको सम्झनामा साइनोले बाँधेको छु।{

सजाति नेपाली (गोर्खा) हरु विश्वमै छरिएर बसेका छन्। तिनीहरु कुन अवस्थामा बसेका छन् त्यो कविलाई थाहा छैन। उनले आँखाले देखेका अथवा आफैले भोगेका कुराहरु मात्र कवितामा टिप्ने गरेका छन्। यसको अर्थ अन्य देशतिर बाँच्ने सजाति दाजुभाइहरुप्रति उनको कुनै सरोकार छैन भन्ने कदापि होइन। कवि अति संवेदनशील छन् औ आफ्नो कविताको पहुँच र सम्झना सबैतिर पुऱ्याउन चाहन्छन्। उनको हृदयमा जुन व्यापकता र गरिराइ छ सबैसित उनी बाँड्न चाहन्छन्

यसरी यी कविताहरुको साहित्यिक परिचयसँगै पाठकवर्गसित साक्षात्कार गर्दै जाने क्रममा 'म{ शीर्षक कवितालाई पनि संक्षेपमा यहाँ लिइन्छ -

'म धरती हुँ, म आकाश हुँ
म सूर्यको एक अंग हुँ!
म ज्वाला हुँ, म रखवाला हुँ
म मानवको एक रंग हुँ!

म शान्ति हुँ, म क्रान्ति हुँ
म जगको अनन्त प्राण हुँ!
म न्याय हुँ, म सत्य हुँ
म गरीब असहायको त्राण हुँ!{

ठूला ठूला दार्शनिकहरु समेत ***म को हुँ?*** - को परिभाषा दिन नसकेर बिलखबन्द छन्। कवि पनि यसै प्रयासमा अभिव्यक्ति दिन लागेका छन्। आफू स्वयंलाई खोज्ने क्रममा उनलाई लाग्छ, उनी सर्वस्व हुन्। सूर्यको विशेषता ताप र राप हो भने कविसित पनि ती नभएका होइनन्। त्यसरी नै धरतीको विशेषता उर्बरता र सजीवता हो भने उनीसित पनि ती कुराहरु नभएका होइनन्। कविले अनुभव गरेका कुरा उनी संवेदनशील छन्, ईर्ष्या, क्रोध, माया, मोह, सहानुभूतिसितै उनी जीवित छन्। आफूसित भएको उर्वताकै कारण कविता रचना गर्छन् औ आकाशकै जस्तो व्यापकतामा विश्वलाई उनी सम्झिदन्छन्।

शान्ति र क्रान्ति दुवै पक्ष उनी स्वयं हुन् भने न्याय र सत्य पनि उनी नै हुन्। साँचो अर्थमा विचार गर्नु हो भने मानिस सर्वस्व हो त्यसै भनिएको छैन। मानिसले चाह्यो भने के नै सक्दैन। जब जह ती गरीब असहायहरुको पक्षमा न्याय दिन पर्ने हुन्छ त्यसका निम्ति पनि उनी सचेत छन्। उनी फेरि भन्छन् -

'म वरदान हुँ, म आशीर्वाद हुँ!
म नै मेरो आधार हुँ!
म व्यथा हुँ, म कथा हुँ
म नै एउटा संसार हुँ!{

आत्मनिर्भरता र आत्मविश्वास छैन भने व्यक्ति दुर्बल र अशक्त हुन्छ। ठूला-ठूला डिग्री लिएका युवक-युवतीहरुले पनि समाजमा आफूलाई अयोग्य र नासमझ सम्झिरहेका हुन्छन्। संसार सबैको निम्ति एउटा साझा फूलबारी हो। यहाँ गर्नपर्ने कर्तव्यहरु धेरै छन्। कथा व्यथा यहाँ कसको छैन? सबैको छ यद्यपि ती युवक-युवतीहरुले आफूलाई नै शक्तिको आधार मानेर अघि बढ्ने इच्छा गरे औ ठीक दिशामा पहल गर्ने गरे तिनीहरु स्वयं वरदान स्वरुप हुनेछन् तिनीहरुका लागि कुनै काम असम्भव हुने छैन। यो सत्य हो तर यसका निम्ति तिनीहररुलाई आत्मविश्वासको धेरै आवश्यकता छ।

कवि पवन चामलिङ **किरण** को कविताप्रतिको प्रतिबद्धता प्रशंसनीय छ। उनको प्रतिभा भएकै कारण कविता रचना गर्न उनलाई धेरै बेर गमिरहन अर्थात् सम्झिरहन पर्दैन। उनको तीक्ष्ण बुद्धि र विवेकमा सूक्ष्म दर्शनले स्वाभाविकरुपमा अभिव्यक्ति प्राप्त गरेको देखिन्छ भने शब्द तथा प्रतीक बिम्बहरुको लागि घोरिइरहन उनलाई आवश्यकता हुँदैन। शब्दले नै कवितालाई लगातार पछ्याउन लागिरहेको औ कल्पना सकारात्मकरुपमा अघि बढ़ेको हुनाले प्रतीक र बिम्ब स्वस्थ स्पष्ट भएका छन्। कविमा हुनुपर्ने विशेषता यही हो। उनको भाषा सरल छ, भनाइमा स्वाभाविकता छ, कृत्रिमता कहीं छैन।

'मान्छेदेखि मान्छेसम्म{ कविताका केही हरपहरु यस प्रकार छन् -
'पोल्टोभरि धमिरा लागेको जून

र खिया परेको सूर्य बोकेर
प्रत्येक बिहान
आकाशको गर्भबाट
यहाँ एउटा अस्तव्यस्त रोगी दिन जन्मन्छ,
यहाँ एउटा निस्लोट निः सारता जन्मन्छ{

एउटा अस्तव्यस्त रोगी दिनको प्रसवकाल कविले यहाँ सजीवता भर्ने जुन प्रयास गरेका छन् त्यो स्तुत्य छ तथापि जूनको जुन दृश्य देखाइएको छ त्यो यहाँ अविश्वासनीय लागे पनि बिहानको पहिलो प्रहर हो, बुझ्न सकिन्छ। तर पोल्टोभरि धमिरा लागेको जून र खिया परेको सूर्यको बिम्बपछि जन्मन लागेको रोगी दिनको स्वाभाविकता अति कलात्मक भएकोछ। कविले आफ्नो कलम यहाँसम्म टेकाउन आएको बेला कविता कति वयस्क र स्वाभाविक भएछ भन्ने कुरा यसबाट सजिलै जान्न पाइन्छ। यही कारण अघि नै लेखियो कविता के लेखियो? मात्र होइन कसरी र कुन सीपमा लेखियो? भन्ने कुरा ज्यादै महत्त्वपूर्ण कुरा भएको छ। फेरि त्यसकै मन्तिरको पद -

‘छातीमा खण्डार बोकेर मान्छेको
युग-युगदेखि ‘क्यु{ मा उभिएर
पालो पर्खिरहेका छन् यी मान्छेहरु
अलिकति मान्छेको अधिकार र आत्म-सन्तुष्टि नपाएर।{

अघिको अभिव्यक्ति, एउटा निस्लोट निः सारताले यहां आएर एकपल्ट बिसाएको अनुभव हुन्छ। गरीबहरुको जीवनको सुन्दर बिहानीको कुनै महत्त्व छैन। जहिले पनि जटिल समस्याभभित्र कुँजिन जान्छ तिनीहरुको परिस्थिति। एक छाक गाँसको निम्ति तिनीहरुको दिन रोगिँदै अन्तमा तुहे झैं भएर बित्छ। मानौं दिनले नै तिनीहरुलाई बिताइरहेछ, थकाइरहेछ औ मृत्युको मुखमा धकेलिरहेछ। अधिकार र आत्म-सन्तुष्टिबाट वञ्चित ती गरीबहरु मानौं छातीमा जहिले पनि खण्डहर बोकेर उभिरहेकै हुन्छन्

‘प्रत्येक ढोका र दलानहरुमा
भिक्षाका निम्ति
मूर्तिवत् उभिएका छन् यी मान्छेहरु,
वर्षौं वर्षौंका पटाइलाग्दा पर्खाइ बोकेर
यगौंयुगका यातना र तिरस्कार बोकेर
बासी सपनाको उमेर भोग्दै
आफैमा खण्डित आकार बोकेर
आफैमा व्याप्त निस्क्रियता बोकेर
आकाशको पाइतलामुनि
मान्छेहरु
रात बाँच्छन् -
पाइला बोकेर
सड़क बाँच्छन्।{

रोगी दिन सदृश अशक्त मानिसहरु ढोका ढोका हात फैलाउँदै मागिरहेका देखिन्छन्। मीठा सपना तिनीहरुले नदेखेका होइनन्, युग-युग प्रतीक्षा पनि तिनीहरुले नसाँचेको होइनन्। तर ती सपना, युगसितै आज बासी भइसके झैं छन्। तिनीहरुका आशा आकांक्षा खण्डित जून जस्तै भइसकेका छन्। आज तिनीहरु रात जस्तै भएर बाँचिरहेछन्। कि त हजारौं लाखौं पाइलाहरुको चोट बोकेर सड़क भएर बाँचिरहेछन्।

कविले यहाँ प्रयोग गरेका बिम्बहरु जस्तै - पर्खाइ बोकेर, तिरस्कार बोकेर, बासी कल्पना भोग्दै, आफैमा खण्डित आकार, व्याप्त निष्क्रियता आकाशको पाइताला, मान्छेहरु रात बाँच्छन्, मान्छेहरु सड़क बाँच्छन् इत्यादि रहरलाग्दा भएका छन्।

'यी सड़कहरुलाई उठाएर अब
यी रातहरुलाई ब्यूँझाएर अब
पसीना र रगतको मूल्यको निम्ति
मान्छेको स्वतन्त्रता र आत्म-सम्मानका निम्ति समानता र स्वच्छताका निम्ति
छातीमा रगत र मुटुमा आगो संचय गरेर
मान्छेको मस्तिष्क र मानवताका आँखा बोकेर,
मान्छेको सम्पूर्ण फैलावटहरुमा
मान्छेको निम्ति जिन्दगी भएर
मान्छेहरु
प्रत्येक युगमा
जीनवको नयाँ बिहानी बोके जन्मनु है!
मान्छेको नयाँ संसार लिएर आउनु है!{

छातीमा रगत र मुटुमा आगो रहे गरीबहरुको दिन अवश्य फर्कनेछ, उनी भन्छन्। कविको हृदयमा यी गरीब सर्वहाराप्रति विशेष सहानुभूति रहेको छ। मान्छेको जुन अधिकार छ त्यसप्रति सजग गराउँदै स्वतन्त्रता र आत्मसम्मानका निम्ति तिनीहरुलाई अग्रसर गराउन उनी तत्पर देखिन्छन्। यसका निम्ति क्रान्ति नै गर्न परे पनि उनी त्यसका लागि अघिबाटै तयार छन् -

'भाइचारामा फैलिएका हातहरुको विरोधमा
जब यी हातहरु स्वयं उठ्नेछन्,
तब ओझलभित्रका चिसेनी रातहरुले
सूर्य स्वयं जन्माउने छन्,
यहाँ जन्मन नपाएका प्रातः हरु नै
चोखो विपना बोकी जन्मने छन्
अनि मान्छेको मुटुबाट स्वच्छ मुटु जन्मनेछ{

कवि पवन चामलिङ **किरण** को साहितत्य, राजनीति प्रतिपादित छैन भन्न सकिन्न। किनभने आफ्नो परिस्थिति नै अन्याय र अत्याचारभित्र रुमालिएको औ {यही परिस्थिति विरूद्ध कविताले शरण

लिन परेको इत्यादि कारणहरुले बाल्यावस्थादेखि नै उनी त्यसतिर ज्यादै प्रभावित देखिन्छन्। साहित्य समाजको दर्पण हो, उनको समाज नै राजनीति प्रेरित हुनाले उनका कवितामा धेरैजसो राजनीतिका कुराहरु नभएका होइनन। समाज लेख्दा त्यसभिद्धका यथार्थ लेख्न पर्ने भए पनि उनले साहित्यलाई अन्य प्रगतिवादी साहित्यकारले झैं दलगत राजनैतिक मञ्च बनाएका छैनन्। यो निश्चय गरी भन्न सकिन्छ, उनका रचना प्रारम्भमा प्रगतिवादेकै पृष्ठपोषक जस्ता देखिएका छन्। कालावधिमा परिवर्तन आउँदै जाँदा उनमा यो पक्ष अझ दह्लिो हुँदै घएको प्रतीत हुन्छ। तथापि मानिसले मानिस झैं बाँच्न पाउन पर्छ भन्ने उद्देश्य बाहेक भौतिकवाद र राजनैतिक उपलब्धिकै निम्ति भने उनले क्रान्ति अवश्य बोलेका होइनन्। साजप्रति उनको लक्षय अर्कै छ यस कुराको संकेत रमण नेपाललिखित प्रस्तावनावाट जान्न पाइए पनि तर त्यसप्रति हुरुक्क मरिमेटाइ भने अवश्य छैन।

समाजवादको आग्रह खृष्टपूर्व नै युनानी तथा रोमन दार्शनिकहरुबाट पनि भएको हो, जस्तै, प्लेटो, अरिस्टोटल आदि। तिनीहरु व्यक्तिवादीतालाई छेउ पर्न दिँदैनथे। मध्य युगमा फेरि एकपल्ट बेलायततिर कलकारखानाका श्रमिकहरुले ज्यादै जटिल परिस्थिति भोग्न परेको हुनाले संसदमा समेत नियमहरु पारित गर्नुपरेको औ समाजवादलाई आधार मानेर कार्ल मार्क्सले आफ्ना कृति ‘दास क्यापिटल{ सन १८६७ मा प्रकाशमा ल्याएपछि बल्ल साम्यवादको जन्म भयो। उनले साम्यवादकै राजनीतिलाई प्रबल तुल्याउन लेखनधर्मितालाई समेत सर्वहाराहरुलाई अघि बढ़ाउन, चेतना दिलाउन प्रयोग गर्ने विचार व्यक्त गरेका छन्। यही प्रकारको साहित्यलाई प्रगतिवादी साहित्य भनिएको हो। यसरी समाजवादी विचारपछि साम्यवादको जन्म भएको हो। सन् १९१७ मा प्रसिद्ध साहित्यकार प्रेमचन्दको अध्यक्षतामा प्रगतिशील साहित्यको सबैभन्दा पहिलो बैठक बस्यो। प्रेमचन्द अनुसार भन्नु हो भने प्रगतिशील र प्रगतिवादमा के भिन्नता छ भन्दा प्रगतिशील साहित्य केही लचिलो हुन्छ। दुवै नै जनसाहित्य हुन्। त्यसरी नै उपन्यासकार पारिजातको विचार अनुसार भन्नु हो भने प्रगतिशील प्रक्रिया प्रकृतिमा निहित छ। कुनै पनि पदार्थ निरन्तर परिवर्तनशील छ, त्यस्तै साहित्य पनि। पहिलेको भन्दा पछिल्लो अवस्था केही परिष्कृत हुँदै, उत्कृष्ट हुँदै जानु नै प्रगतिशीलता हो। तर प्रगतिवाद भने कार्ल मार्क्सको अभ्युदयपछि विश्व वाङ्मयमा प्रचलित हुन आएको साहित्य हो। यसको अर्थ द्वन्द्वात्मक भौतिकवादमा जुन साहित्य आधारित हुन्छ त्यही नै प्रगतिवाद हो। तर द्वन्द्वात्मक भौतिकवादको मुख्य लक्ष्य परिवर्तन नै हुनाले प्रगतिशील साहित्यको विशेषतासित धेरै फरक हो भन्न सकिन्न। अर्को महत्त्वपूर्ण कुरा के पनि छ भने शैली अर्थात् कविताको रुपविधानमा पनि विभिन्न प्रकारका साहित्यिक प्रयोगहरु प्रचलित भएको हुनाले, अघि भने झैं प्रतीक तथा बिम्बादिमा आइपुग्दा यो अन्य साहित्यभन्दा मुख्य भावलाई छोड़ी, धेरै फरक हो भन्न मिल्दैन। तथापि कार्ल मार्क्सकै सिद्धान्तमा जानु हो भने प्रगतिवाद केही चर्को र उग्र देखिएको छ तथापि संसारमा प्रगतिवादमा पनि आज विभिन्नता नदेखिएको होइन।

कवि **किरण** का धेरै कविता प्रगतिवाद साहित्य अन्तर्गत पर्न सक्छन्। तीमध्ये ‘मेरो रातो भाले बास्छ{ शीर्षक कविता एक समय खूबै चर्चित हुन आएको थियो। यसै बेला उनी सिक्किमको राजनीतिमा सक्रिय हुनाले विरोधीहरुले उनीप्रति विभिन्न प्रकारका लाञ्छना लाएर राजनीतिबाट उनलाई पन्साउने प्रयास पनि नगरेका होइनन्। रातो भाले समाजको तल्लो तहबाटै सशक्त भएर बास्न थालेको थियो। यसको आवाजमा अर्कै प्रकारको आह्वान र जागरुकता थियो। पूर्वाकाशमा प्रातः कालीन आभा देखिइसकेका थियो।

'मेरो रातो भाले
- - -
यसको आवाजमा कति शक्ति छ
यसको गर्जनको सामू 'साइरन{ केही छैन
यो संसारमा हल्लाउने गर्जन लिएर
एक्लै बास्छ -
जब रातको अन्धकारमा
प्रलय लिँदछ गर्जनमा
तब हुन्छ बिहानी
ब्यूँझन्छ दुनियाँ।
अन्धकारसँग निरन्तर यो भाले
उन्मुक्ति खोज्दै छटपटाइरहने
यो रातो भाले{

अन्धकारमय वातावरणबाट छटपटिएर यहाँ रातो भाले प्रलयको आवाजमा स्वर सुनाउन लागेको छ। हुन त भाले एक्लो छ तर त्यसको स्वरमा सबैलाई घच्घच्याउन सक्ने शक्ति रहेको स्पष्ट छ। त्यसको छटपटीका कारणहरु पनि छन् -

'आफ्नै सामू परिवारका कुनै सदस्यलाई
कसैले निमोठेर मारेको चूपचाप हेरिरहन्छ,
आफ्नैग गलामा कसैले निर्दयतापूर्वक हतियारले
काटेको पनि यसले सहिरहन्छ,
यसरी यो भाले रातै रगत बगाएर
कति कति शदीदेखि संसारमा
स्वार्थी मान्छेको खाल-खालका स्वादिष्ट
तिहुन तरकारी बन्दै,
मासु र सिरुवा बन्दै,
यही अत्याचारी मान्छेलाई
आफ्ना परिवारको मालिक सम्झिरहन्छ, सम्झिरहेछ!{

रातो भालेले त्यो अत्याचारी मान्छेको त्यसै प्रतिवाद गरेको होइन। समाजमा यस्ता अत्याचारीहरुको निर्मूल त्यसले आफ्नो प्रतिबद्धता ठानिसकेको छ। अन्तमा कवि फेरि भन्छन् -

'दुनियाँमा व्याप्त हुन आइपुग्नेछ एक दिन -

उज्यालो बोकेर आइपुग्नेछ एक दिन,
आइपुग्नेछ निश्चय नै
अनि बास्नेछ यो भाले

स्वतन्त्र भएर
गर्जेर{

यहाँ क्रान्तिका प्रशस्त संकेतहरु छन्। परिवर्तनको बिहान अब उदाउनै लागेको छ।

फेरि ‘क्रान्ति कविता अन्तर्गत केही हरफहरु निम्नलिखित छन् -
‘क्रान्तिको कुरा पनि वास्तवमा ठूला-बड़ाले
टी-पार्टी र होटलतिर रक्सी र रमको रमझममा
गरिने गफभन्दा केही छैन, केही होइन।
क्रान्ति र लेखनी र भाषणभरि मात्र
सीमित भएर रहेको छ,
गरीबको रगत र पसीना क्रान्तिको नाममा
पानी बनेर बहेको छ
त्योभन्दा पर कहाँ छ क्रान्ति?
के यही हो क्रान्ति?

सबै नेता, बुद्धिजीवी, साहित्यकार तथा पूँजीपति समेत क्रान्तिका कुरा गरेर मान्छे छक्याउने काम गर्छन् मानौं क्रान्ति शब्दको अब अवमूल्यन नै भइसक्योय कविको भाषामा भन्नु हो भने क्रान्तिको पनि एउटा निश्चित लक्ष्य छ, अर्थ छ। तर जसले जे बोल्यो त्यही नै क्रान्ति कहाँ हुन्छ? यथार्थमा भन्नु हो भने हुने-खाने ठगहरुले गरीबहरुलाई झुक्याउने र फलाक्ने तथा नारा मात्र भएको छ आजको क्रान्ति। असुरक्षामा रहेका मानिसहरुको सपना मात्र भएको छ यो क्रान्ति। आजसम्म क्रान्तिका नाममा जे जति भए त्यो वास्तवमा सर्वहारावर्गलाई छक्याउने तन्त्र मात्र भएको छ। कवि यस्ता क्रान्तिसित कहिले सहमत छैनन्। उनको विचारमा समाज-व्यवस्थामा जबसम्म क्रान्तिद्वारा पूर्णरुपेण राजनैतिक परिवर्तन आउँदैन औ जबसम्म सर्वहारीवर्गले आफ्नो अधिकार तथा गाँस, वास र कपासको बन्दोबस्त गर्न सक्दैनन् तबसम्म त्यहाँ क्रान्ति भयो भन्न सकिँदैन। सामाजिक, राजनैतिक परिवर्तनको अर्थ नै शोषणरहित समाजको व्यवस्था हो। यही कारण कवि के भन्छन् भने सिर्फ मार्क्स, लेनिन तथा महात्मा गान्धीको नाम बेचेर आफू चाहिं राजनैतिक सक्रियता नभई यहाँ क्रान्ति हुन्छ भन्नु मूर्खता मात्र हो। यसबाट के बुझिन्छ भने कतिलाई मार्क्स र लेनिन हतियार मात्र भएका छन्। तिनीहरुको प्रगतिवादी केवल बहाना मात्र हो।

विश्वमा आज सबैको ध्यान आकर्षण गर्ने अर्को कुनै विषय छ भने त्यो हो युद्ध। किनभने विश्वको कुनै युद्ध होस् त्यसको प्रभाव सबै राष्ट्रले भोग्न पर्ने हुन्छ। तथापि आज कहाँ छैन र युद्ध? कविको विचार ‘युद्ध नि युद्ध{ शीर्षक कवितामा यस प्रकार रहेको छ -

‘यस्तो युद्ध
-   -   -   -
एक मुट्ठी शासक र शोषकको स्वार्थमा अल्झेको हुन्छ
कि त विस्तारवादी, साम्रज्यवादीको लागि लड़िन्छन्।
तब कसरी मान्नु

यो मानव हितार्थ लड़िने युद्ध भनेर?
यो मानव-सम्मानका निम्ति सृजेको युद्ध भनेर?

यहाँ कविले युद्धको लक्ष्य मानव हितार्थ लिएका छन् तर शासकको मनोमानी र शोषकको स्वार्थका निम्ति लड़िएको युद्ध त्यो बेइमानी मात्र हो उनी भन्छन्। इतिहासका पृष्ठहरुमा इजरायल विस्तारवादी देशमा गनिएको छ। त्यसले प्यालिस्टाइन तता सिरिया देशको ठूलो भूभाग आफ्नो कब्जामा लिएको छ। आज त्यसैको लागि त्यहाँ युद्ध चर्किराखेको छ। अमेरिका तथा इङ्गल्याण्ड देशहरु माम्राज्यवादी देशहरु हुन् जसले अन्य देशमाथि आक्रमण गरी तिनीहरुलाई वाध्य गराई उपनिवेशवादलाई प्रोत्साहन दिइरहेछन्। यिनीहरु सबैको युद्ध विषय आफ्नो आफ्नै स्वार्थ रहेको छ र युद्धको अर्थ तिनिहरुका निम्ति स्वार्थ हत्याउनै मात्र हो। युद्ध यदि हुन्छ भने मानवताको लागि हुनपर्छ, रोग, भोक, अशिक्षा विरुद्ध हुनपर्छ कवि यही भन्न चाहन्छन्।

उनी भन्दै जान्छन् -
'मर्न त मरे, को? - मान्छे
कसले माऱ्यो? - मान्छेलाई
मान्छेले मान्छेलाई! किन?
- - - -
मान्छे मात्रको स्वच्छ जीवनको निम्ति
हामीले नयाँ युद्ध-घोषणा गर्नुपर्छ!
किनकि, हामीले लड्नुपर्ने युद्धभूमि अर्कै छ!!{

कविले यी विषयहरु आफ्नै वरिपरि घटिरहेका परिस्थितिबाट लिएका छन्। मान्छेले मान्छेलाई मार्ने युद्ध युद्ध होइन, अब त मान्छेको स्वच्छ जीवनको लागि पो युद्ध लड़िनुपर्छ भन्छन् उनी यहाँ कवि स्पष्टवक्ताको रुपमा उपस्थित छन्। यथापि यो कवितामा कहीं कहीं सुधारात्मक प्रवृत्ति देखिएको छ कलात्मकमा भने धेरै खोट लाउन सकिन्न।

यही कारण कवि 'आक्रोशको मोहरीबाट विप्लवका कुरा{ नामक कवितामा यसरी आक्रोशित भएका देखिन्छन् -

'विक्षिप्त स्थिति व्याप्त
खण्डहर भएको मान्छेको लक्ष्मण-रेखा
बाँच्छन् मान्छेहरु -
कल्पश जीवन :
गतिहीन, चेतनाविहीन
लम्पसार, निश्चल!{

अन्यायका जाँतोमा पिसिएका यस्ता बहुसंख्याक मान्छेहरुको बस्तीमा अर्कोतिर यहाँ देखिएका छन् -

‘आजका निर्माता -
तथाकथित महापुरुष,
शक्तिसम्पन्न ईश्वर
प्रतिक्रियावादीका घोड़
सत्ता चढ़ेका मोरा
जन्माउन क्रियाशील छ
पहेली-पहेली व्याप्त
आधुनिक संसार
व्यापक निराकर{

वास्तवमा हिरोशिमा र नागासाकीमा विस्फोटन भएका एटम बम यस्तै स्वार्थ र अत्याचारको फलस्वरुप भएका थियो। इदि-अमीन जस्ता क्रूर शासक्कै कारण युगान्डामा हजारौं मानिसहरु गरीबी, भोक, रोगमा पिसिएका थिए भने कतिपय अत्याचारकै कारण कराल कालका गाँसमा परे। त्यसरी नै भियतनामको युद्ध पनि विदेशी विस्तारवादी शक्तिकै शोषणको एउटा महत्त्वपूर्ण उदाहरण थियो भने बांग्लादेश पनि उपनिवेशवादकै एउटा अर्को घटना हुनाले त्यहाँ क्रान्तिद्वारा देशवासीहरुले स्वतन्त्रको निम्ति पहल गरे। यही कारण कवि भन्छन्

‘मान्छे, मान्छेको निम्ति
मान्छेको, नयाँ जीवनको शपथ ग्रहण गरौं!
हामीलाई मान्छेबाट शोषित र
सर्वहारा जन्म दिने
समाजका ठेकेदार
पूँजीपति र प्रतिक्रियावादीहरुको
आउने बाटोमा
तगारो लाएर
नाकाबन्दी गरौं।{

सर्वहारा एउटा वाध्यता हो। समाजमा कोही धनी असाध्ये, कोही चाहिँ जन्मैदेखि माग्नेका रुपमा जन्म दिने व्यवस्थालाई रोकौं भन्दै उनी सबैलाई यसरी आह्वान गर्न लागेको छन् -
‘आऊ.....आऊ.....!
वृहत् मशाल बोकेर
ईश्वरका यी जर्जर बस्तीहरुमा
आगो लगाऊ!
आगो लगाऊ!!{

युगौंयुगदेखि मानिसहरु स्वतन्त्रताको लागि भनेर युद्ध लड़िरहेका छन्। तर अर्कोतिर ईश्वर भनी घोषणा गरिका ती मानिसहरुले भनेपछि स्वतन्त्रता भनेको नै स्वार्थ हो भनेर परिभाषित गरेका हुनाले कवि तिनीहरुको बस्ती ध्वंश पार भन्छन्। यी स्वार्थी मानिसहरुले यतिसम्म कि मान्छेको सम्पूर्ण अस्तित्वलाई नै

विभक्त पार्दै लगे, विश्वलाई नै अंशवण्डा गरेर रगत र आँसुका बाँधहरुमा परिणत गर्दै लगे। हुँदा हुँदा यो स्वतन्त्रताको युद्धको परिणति अन्तमा विश्व नै खुम्चिएर आफ्ना आफ्ना घड़ेरी बन्दै गए। कवि **किरण** फेरि भन्छन् -

‘यसैले मान्छेले आफ्ना घर सीमाना सीमानामा
आफ्ना-आफ्ना झण्डाहरु गाड्न थाले
आफ्ना-आफ्ना आँगन र घड़ेरी निर्माण गर्न थाले
आफ्ना-आफ्ना पार्टी र जातिहरु बनाउन थाले,
आफ्ना-आफ्ना पार्टी र जातिहरु बनाउन थाले,
आफ्ना-आफ्ना देवताहरु जन्माउन थाले
आफ्ना-आफ्ना धर्महरु रचना गर्न थाले,
यसैले मान्छेहरु यस संसारमा
कहिले हिटलर, मुसोलिनी, चर्चिल र चङगेजखाँ बनेर बाँचे
कहिले यीशू, गान्धी र बुद्ध जस्ता बनेर हाँसे
कहिले मार्क्स, माओ र लेनिन बनेर नाचे।{

स्वार्थले गर्दा मान्छेले आफूलाई चिन्न नसकेकै कारणबाट पनि स्वतन्त्रलाई अर्थ आफ्नै दल, धर्म, जाति मात्र बुझे। हिरोशिमा र नागासाकीले एटम बम भोग्न पर्‍यो, आज त मान्छे स्वयं एटम बम र हाइड्रोजन बममा परिणत भइसके, स्वार्थको खोलामाति मान्छेको लास बग्न छाले। सिन्दूर पुछेका र चुरा फुटेका भाग्यहरु देखी मानिस स्वयं त्रसित बन्दै गए पनि मानवता के हो, बिर्से। मान्छेको जस्तो व्यापकता र सार्थकतालाई बुझ्दै नबुझी हिटलर, मुसोलिनी, मार्क्स, माओमा विभक्त गरेर यस्ता अनेकौं भुलहरु तिनीहरुले अझ थप्दै लगे, युद्धमाथि अझ युद्ध थप्दै लगे। तर मान्छेको विशेष स्वतन्त्रताको खोजीमा यहाँको इतिहास यथावत् रह्यो। कवि भन्छन् -

‘मान्छे स्वतन्त्र र सम्पन्न बन्न सकेन!
मान्छे विश्व र विश्व मान्छे बन्न सकेन!
विश्वलाई देश-विदेश र घर-आँगनमा बाँड़िसकेर पनि
मान्छे तृप्त र सन्तुष्ट हुन सकेन!
यसैले यस संसारमा -
मान्छेले बनाएका कुव्यवस्था र कुसंस्कारमा
कि भनौं, आफ्नै बचाइ र भोगाइको मतलबमा
मान्छे बन्दी बनेका छन्!
- आफैभित्र मान्छे -
- मान्छेभित्र मान्छे -
वास्तवमा मान्छे बन्दी छन्!{

हो, मान्छे कहिले स्वतन्त्र र सम्पन्न बन्न सकेन। मान्छे स्वयं बन्दी भइसके। ‘एउटा कथा - समाप्तिपछिको अर्को कथा{ नामक कवितामा कवि **किरण** को अभिव्यक्तिमा समाज, देश, राष्ट्रको हित

सोचेर गरिएका निर्देशन र योजनाहरुप्रति पनि विरक्तिको भाव स्पष्ट भएको छ। उनलाई लाग्छ, योजनाका ठूला-ठूला कुराहरु पनि जनतालाई सपेराले आफ्नो इशारामा लट्याएको साँप जस्तो मात्र बनाउने कार्यक्रम हुन् किनभने समाज व्यवस्थामा यहाँ कुनै परिवर्तन आएको देखिन्न। मान्छेको बाँच्ने अधिकार र स्वाभिमानका प्रश्नहरु पनि आज जहींका तहीं छन्। त्यसरी नै जुलूस, नारा र क्रान्तिका कुराहरु पनि आज भ्रमपूर्ण विषयहरु मात्र भएका छन् जसमा विरोधी भावना त छ तर निर्माणका उपायहरु भने त्यहाँ छँदै छैनन्। यही कारण शरहतिर भव्य महलहरु स्थापित भइसक्दा पनि गाउँ-बस्तीको अवस्था हिजो जहाँ थियो आज त्यहीं देखिएको छ -

'सपेराको इसारामा नाच्ने सर्प जस्तै
कसैको इसारामा नाच्नु परिरहेछ चूपचाप, चूपचाप!
मान्छेले पाएको एउटा जीतमा
मान्छेले पाएको एउटै हारले
उपहास गरिरहेछ एक कुनाबाट मान्छेको सम्पूर्णतालाई,
अनि मान्छेले पाएको एउटा हाँसोमा
त्यही प्राप्तिको अर्को पाटो समावेश भएका आँसुहरुले
वहिष्कार गरिरहेछन् मान्छेको सम्पूर्ण व्यवस्थालाई।
कत्ति उदेकको देश हो यो!
आफ्नै मृत्यु दिवसमा 'रेकविम्मास{ गाउने
गायकहरु बस्छन् यहाँ
आफ्नै समाप्ति र पतनका निम्ति विद्रोह क्रान्ति गर्ने संग्रामी मान्छे बस्छन् यहाँ।{

निश्चय, हाम्रा क्रान्ति विचार विवेक शून्य भएर, मात्र विद्रोह भएका छन्, जुन विद्रोहले आफ्नै समाप्ति र पतन निर्देश गरिरहेछ। यहाँका गायकहरु मृत्युमा गाइने गीत 'रिक्वियम{ गाइरहेका हुन्छन्। यो साँच्चै एउटा विडम्बना हो। मानिसहरु यहाँ निर्थक भएका छन् मात्र होइन बनाइएका पनि छन्। अशिक्षा र अन्धकारले बाटो पाएका छैनन्, सबै बाटाहरु यहाँ देखिन्छन्। यस कुरामा कवि ज्यादै चिन्तित देखिन्छन् अनि भन्छन् -

'हिजो सृजना भएका तूफानहरुले
उड़ाई लान सकेनन्
मान्छेका गाउँ र रोगका किटाणुहरुलाई,
हिजो आएका साना-साना भूँइचालाहरुले पनि लड़ाउन सकेनन्
उज्यालो निल्ने बूढ़ा डाँड़ाहरुलाई
हिजो भएको आगलागीले पनि
जलाउन सकेनन् -
यो बस्तीका अन्धकारलाई।{

तूफान, भूँइचाला तथा आगलागी यी शब्दहरु यहाँ क्रान्तिकै पर्यावाची हुन्। यी क्रान्तिहरुले सफलता प्राप्त गरेको भए रोगका ती किटाणुहरु मर्ने थिए, उज्यालो निल्ने डाँड़ाहरु पनि यहाँको दृश्यबाट

हराइसक्ने थिए भने बस्ती-बस्ती देखिएको अन्धकार पनि अहिलेसम्म हट्न सक्ने थियो। कविलाई लाग्छ, मान्छेले गरेका यी क्रान्तिहरु अब सम्भव छैन। त्यही कारण तिनी देवी-देवराली पुकार्दै यसो भन्छन् -

‘तब त मान्छेको छात्ती विस्फोट हुन खोज्छ विषमताले
तब त मान्छेको जिन्दगी उकुसमुकुसिन्छ युयुत्साले
तर पनि किन हो किन
निश्चल छ देवराली र मैनाम डाँड़ा।{

टेन्डोंग र मैनामको काखमा स्थित स्वच्छ हिमाली पाखा तथा टिस्टा रंगीतका किनाराहरुमा लहरै बसेका गाउँ-बस्तीहरुमा मान्छेहरुको छाती विषमताले गर्दा विस्फोट हुन खोज्छ। तर पनि यहाँको पहाड़ र देवराली निश्चल देकेर उनी छक्क पर्छन्। तथापि अब देशको निर्माणमा सबै लाग्नपर्छ, स्वस्थ सूर्य जन्माउनु पर्छ, भन्छन् उनी -

‘यसैले यी हातहरुले अब त
निर्माण गर्ने हतिहयारहरु मात्र बनाउनुपर्छ।
या रातजस्ता अँध्यारा दिनहरुमा
जन्माउन सक्नुपर्छ अब त
स्वस्थ सूर्य-बालक एउटा
र बूढ़ो सूर्यको भरोसामा निदाएका कुम्भकर्णहरुलाई
ब्यूँझाउन सक्नुपर्छ तब त
मान्छेका गाउँ-बस्ती बसाएर
र हामी बाँच्न सक्नुपर्छ अब
विपनाको (मान्छे) स्वस्थ देश निर्माण गरेर।{

परम्परागत रुढ़ी तथा अन्धकारप्रति कविको अनास्था रहेको देखिन्छ, उनी सबै सबैलाई पुरानो कथा समाप्त गरेर नयाँ सुन्दर कथाको संरचना गर्न आह्वान गर्छन्।

‘अन्तहीन सपना : मेरो विपना{ कविता-संग्रह (तृतीय संग्रह) अन्तर्गत यहाँ जम्मा ५३ वटा कविताहरु सम्मिलित छन्। प्रारम्भिक कवितामा देखिएको स्वच्छन्दता यस संग्रहसम्म आइपुग्दा यथार्थगत अनुभूतिका खुट्टामा ठिङ्ग उभिन खोजेको पाइन्छ बने कल्पनाको लगाम पनि धेरै खुकुलो हो मान्न सकिन्न। कल्पनाको मजबुती समाएरै प्रतीक र बिम्बले अति रमाइला भएर कवितालाई प्रस्तुतिकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। यही कारण उक्त कविता-संग्रह भाव र शैली दुवै दृष्टिकोणबाट योग्य ठहरिएको छ। हुन त कवितालाई भाव र शैलीकै आधारमा दृष्टिगत गरेर उचित अनुचित ठहराउन कतिसम्म व्यवहारिक बन्न कुरामा विश्वास राख्नेहरु आज धेरै छन्। काव्यिक मूल्य र मान्यता तथा काव्यिक सौन्दर्यले कवितालाई जीवन्त बनाइराखेको कुरा यहाँ भुल्न हुँदैन। कवितामा मनोरञ्जनका पक्षहरु पनि सापेक्षातामा टम्म मिलेकै हुन्छ, यही कारण कलात्मकताले आफ्नो शिर ठाड़ो पारिराख्न सकेको हो। तथापि एउटै कवितालाई पनि पाठकहरु आफ्नो आफ्नै प्रकारले बुझ्ने गर्छन् अथवा आनन्द लिने गर्छन्। तिनीहरुको बोद्धिकताको क्षमता जस्तो जस्तो छ कविताले त्यही अनिसार रुप फेर्न थाल्दछ। राजनैतिक

विचारधाराका व्यक्तिहरुले भने कवितालाइहतियार बनाउन नखोजेका पनि होइनन्। त्यसरी नै जुनै कवितालाई पनि राजनैतिक दृष्टिकोणबाट हेरी निक्यौल गर्ने यस प्रकारको व्यवहार पनि नगरेका होइनन्। कवि शिरोमणि लेखनाथ पौड्यालले 'पिञ्जराको सुगा{ नामक कविता रचना गर्दा उनले जे सुकै सोचुन् तर राणा शासनप्रति सोह्रै आना व्यंग्य हो भन्नेहरु नपि पछिबाट ननिस्केका होइनन्। कम शब्द प्रयोग गरी तयार गरिएको कविताको ध्वन्यात्मकतामाथि युगौंयुग यसरी विभिन्न अर्थ निकालिन्छ। यही कारण काव्यिक सौन्दर्य र सौष्ठवलाई ध्यानमा राख्दा कविता रचना गर्नु भनेको तुकबन्दी र केही स्थूल विषयको वर्णन गर्नु मात्र होइन। सर्वजनीन र कालजयी बन्नु नै कविताको मुख्य विशेषता हो। जीवन र जगत्को सन्दर्भमा सुख, दुःख, पीड़ा, असन्तुष्टि, आकांक्षा इत्यादि भावहरुको अनुभूति र अभिव्यक्ति नै कविता हो र यो मनोवेग संबेग पनि। यद्यपि कल्पनाकै उड़ानले मात्र कविता बन्ने होइन। भूत र वर्तमान सोचेर लेखिएको तर भविष्यतिर निर्देश गर्न नसकेको कविता, कविता हुँदैन किनभने यस्ता कविता भविष्यको मारमा परेर विलीन हुनसक्ने सम्भावना रहन्छ। भूत र वर्तमान सोचेर लेखिएको तर भविष्यतिर निर्देश गर्न नसकेको कविता, रहन्छ। जीवन्ता नै कविताको कसी हो। यही कारण भनिन्छ, कविहरु क्षणिक सुखप्राप्ति तथा विलासिताको निम्ति रचना गर्छन् भने त्योभन्दा ठूलो भूल अर्को हुने छेन।

कवि पवन चामलिङ **किरण** ले देखेका अन्तहीन सपनालाई साकार रुप दिन उक्त कविता-संग्रह पाठकवर्ग समक्ष प्रस्तुत गरिएको छ। यसमा संग्रहीन कतिपय कविताले जीवन र जगत्लाई विभिन्न कोणबाट निरीक्षण गर्ने प्रयास गरेको देखिन्छ भने कतिपट कविताले बहुसंख्यक श्रमजीवीलाई धेरै नजिकबाट हेर्ने औ तिनीहरुको जटिलतालाई सोझो बाटोबाट हिंड़ाएर समस्या समाधानतिर लैजाने प्रयास पनि गरेको देखिन्छ। यही कारण, कतिले यस प्रकारको कवितालाई नारावादी भनेको सुन्दा दुःख लाग्नु स्वाभाविकै हो। सिक्किम एउटा स्तो देश थियो, जहाँका मानिसहरुमध्ये धेरैले सत्तरको दशको अघि र पछिसम्मै विकासको अनुहार कस्तो हुन्छ? देखेकै थिएनन्। त्यस बाहेक मधेश कस्तो हुन्छ? अनभिज्ञती र असुरक्षाको भावनाले ग्रसित भएर तिनीहरुले त्यहां पाइलासम्म हालेका थिएनन्। सर्वसाधारण जनतालाई अशिक्षा र गरीबीको मारमा परेर हात मुख जोर्न धौ धौ परिरहेको बेला मानिस जूनमा पुगी सकुशल फर्केर आएको कुरा सुनाउँदा तिनीहरु ठट्टा गरेको भनेर सम्झन्थे। सामन्ती व्यवस्थाले गर्दा गाउँ-बस्तीहरुमा विकास पुग्न सकेकै थिएन। राजनैतिक अधिकार र सचेतनताका कुराहरु त्यस बेला तिनीहरुको मगज बाहिरका कुराहरु थिए। यस्तो स्थितिमा कवि पवन चामलिङ **किरण** ले आफ्ना कविताद्वारा सबैलाई जगाउन लाग्दाको यो अवस्थालाई नारावादी भन्नु औ परिस्थितिलाई कुनै महत्त्व नदिनु अवश्य पनि सिक्किमलाई नबुझ्नु हो र यो अवश्य पनि न्यायोचित होइन। वास्तवमा भन्नु हो भने यस प्रकारका कविता समयको माग थियो।

आज प्रगतिवादी साहित्य पनि स्थूलगत साहित्यबाट शनै : सूक्ष्मतातिर प्रगति गर्दै अघि बढ़ेको साहित्य हो। नेपालमा गोपालप्रसाद रिमाललाई स्वच्छन्दताकालको लगत्तै पछि नवीन साहित्यिक धारा (प्रगतिवाद) अन्तर्गत गद्य कविताका प्रवर्त्तक स्वीकार गरिएको छ। आज हरिभक्त कटुवाल, भूपी, शेरचन, विजय मल्ल जस्ता अनेकौं कविहरुका कृतिलाई नारावादी साहित्य भन्न मिल्ला जस्तो लाग्दैन। कवि **किरण** कलात्मकताको पराकाष्ठा पुगेर पनि धेरैजसो अन्तमा आफ्नो मन्तव्य दिने स्वाभाविक लोभलाई उनले संवरण गरिरहेकै छन् यद्यपि उनका प्रतीक र बिम्ब भने निम्न प्रकारका कदापि छैनन्। बाल्यावस्थादेखि नै अन्याय र अत्याचारको मारमा परेका औ आफ्नै बल र बर्कतमा उभिएका हुन् उनी। राजनैतिक व्यक्तित्व नै भए पनि साहित्यद्वारा नै समाजलाई हातेमालो गर्दै अघि बढ्ने प्रेरणा दिन्छन् उनी।

भारतीय नेपाली (गोर्खा) हरु सबैलाई शान्ति, सुरक्षामा बाँच्न सक्ने बनाउने उनको लक्ष्य। आफ्नै सांस्कृतिक धरोहरलाई विश्वमा प्रमुखता दिने तथा बाटा-घाटा भवनहरुलाई समेत कवि साहित्यकारहरुकै नाममा पहिचान बनाइराख्ने उनको सत्प्रयास कम हो भन्न सकिन्न। वास्तवमा कवि पवन चामलिङ **किरण** राजनीतिमा प्रवेश गरेका हुन् कविता साहित्यबाटै। कविताप्रति उनको ठूलो श्रद्धा रहेको छ। यस्तो लाग्छ बरु उनी राजनीति छोड्न सक्छन् तर कविता छोड्न सक्दैनन्। कविता उनको विवेकमा यस प्रकार बसेको छ, सपना पनि उनको कवितामय छ। सपना भनेको नै अचेतन मनको स्वाभाविक अभिव्यक्ति। विवेक भनेको वास्तवमा चेतना हो र मनोवैज्ञानिकहरुको भनाइ अनुसार मनको दश भागमध्ये एक भागको मात्र यसले प्रतिनिधित्व गर्दछ। अचेतन मन विवेकको ढुकुटी हो, यो स्वस्थ र स्वच्छ भए मात्र कविता कविता जस्तो हुन्छ। कविले आफ्ना कविता-संग्रहको नामाकरण ‘कतिपय सपना : मेरो विपना{ ठीकै राखेका छन्। उनको विपना वास्तवमा कविता मात्र होइन उनले प्राप्त गरेको यथार्थ हो, जसमध्ये सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक यी जम्मै विषयहरु एकपछि अर्को क्रमागतरुपमा सन्दर्भित भएर देखा पर्दैछन्।

‘म को हुँ ?{
(कविता संग्रह)

कवि पवन चामलिङ **किरण** को तेस्रो कविता-संग्रह ‘म को हुँ ?{
हो। यस अन्तर्गत पहिलो कविता ‘विश्वास{ मा कवि भन्छन् -

‘महाशून्यको परिधिमा कतै अवस्थित
एउटा सुन्दर पत्थरको आकृतिलाई
मैले युग-युगदेखि
मन-मन्दिरमा देवी स्थापना गरेर
उसमा आत्मा र परमात्मा खोज्दैछु
यसरी कति-कति युग भइसक्यो
मैले प्रतीक्षा गरेर बसेको
कति-कति जुनी बितिसक्यो{

एउटा सुन्दर पत्थरको आकृतिप्रति कविले यहाँ निरन्तर आफ्नो विश्वास व्यक्त गरेका छन्। त्यसैलाई मनैमन उनी मन्दिर स्थापना गरेर त्यसमा आत्मा परमात्मारुपी सचेतनता खोज्न लागिरहेछन्। महाशून्यको परिधिभित्र एउटा सुनजदर पत्थर के हो ? कविले यहाँ व्यक्त गरेका छैनन्। उनी साहित्यकार भए पनि बढ़ी समाजसेवक, राष्ट्रिय भावनाले ओतप्रोत तथा मातृभूमि सिक्किमप्रति असीम आस्था राख्ने व्यक्ति हुनाले उनको विश्वासको प्रतीक मातृभूमि नै हो जसलाई कविले युगौंयुग देवीको रुपमा पुज्दै आएका हुन्। आजन्म यसैको सेवा गरेर यसलाई धनधान्यपूर्ण बनाउने उद्देश्यलाई यहाँ उनले व्यक्त गरेका छन्।

समसामयिक कविता रचनाको पृष्ठभूमिमा यस्ता प्रतीकवादी अथवा रहस्यवादी कविताहरु निकै लेखिँदैछन्। चित्रकारले अमूर्त्त चित्र कोरेर त्यसलाई गम्भीररुपमा बुझ्न अथवा सोच्न लाउनलाई स्वतन्त्र छोड़िदिए जस्तै छ यो कविता। एक समय स्वच्छतावादी धाराका कविहरुले रहस्यवादी कविता लेखेर

नेपाली साहित्यमा धूम मच्चाएका थिए। तीमध्ये कवि सिद्धिचरण श्रेष्ठलाई यहाँ औंल्याउन सकिन्छ। यदि कवि क्षूब्ध छन् भने उनले प्रकृतिलाई क्षूब्ध बनाएका छन्। त्यसरी नै खुशी छन् भने प्रकृति पनि हाँसेको, नाचेको देखाएका छन्। स्वच्छन्दतावादी धाराका कवि वर्डस्वर्थले आफ्नो कवितामा प्रकृतिमै विश्व आत्मा रहेको कल्पना गरेका छन्। यी कविहरुको प्रकृति वर्णन बढी वैयक्तिक रहेको छ भने अर्कोतिर ती कविताहरु कल्पनातिरेक सहस्योन्मुख पनि छन्। तिनीहरुका निम्ति प्रकृति बढी आकर्षणको केन्द्र रहेको छ। तथापि स्वच्छन्दतावादी कविहरुको राष्ट्रप्रेम स्थूलरूपी कदापि छैन। तिनीहरुको राष्ट्रप्रेम कुनै लौकिक सीमाभित्र सीमित नभई बढी सौन्दर्यमय भएको छ। यसैले यो स्वच्छन्दतावादी धारा हिन्दीमा प्रचलित छायावादसित थेरथोर मिल्छ भन्दा अत्युक्ति हुने छैन।

'कर्त्तव्य{ शीर्षक कवितामा यहाँ कविले कागलाई प्रतीकको रुपमा लिएका छन्। कागको उड्ने शक्ति सीमित छ तापनि त्यो उड़िरहन्छ मानौं उड़िरहनु नै त्यसको कर्त्तव्य -

'आकाशमा उड्ने कागले
एउटा रुखदेखि अर्को रुखसम्म उड्ने
लक्ष्य मात्र राख्दैन
- - - -
उसको उद्देश्य र लक्ष्य नै
आकाशको बाटो भएर
कहिल्यै नसकिने बाटोमा
उड़िरहनु.... उड़िरहनु....{

काग एउटा तुच्छ जीव हो भन्ने सबैले जानेकै कुरा हो तर त्यसको पनि बाँच्नुको अर्थ र लक्ष्य त अवश्य हुन्छ नै। पृथ्वी नै परिक्रमा गर्ने सामर्थ्य नभए पनि त्यो आफ्नो लक्ष्यमा सधैं उड़िरहन्छ, उड़िरहन्छ। चाहे मृत्यु नै अंगाल्न परोस् त्यो आफ्नो लक्ष्यमा कहिले विचलित हुने छैन। कविले यसैलाई कर्त्तव्य यसैलाई कर्त्तव्य नामाकरण गरका छन् र त्यो केही मात्रामा औचित्य पनि देखिन्छ।

कवि पवन चामलिङ किरण स्वयं कर्त्तव्य पथमा अक्षुण्ण लागिपरेका छन्। उनी यसैमा युद्धरत् छन्। उनको युद्ध दृश्य, अदृश्य दुवै प्रकारका छन् भन्ने कुरा उनी कवितामा यसरी व्यक्त गर्छन् -

'अदृश्य युद्ध-भूमि
निराकार युद्धभूमि
म योद्धा युद्धको!
अन्धकारको विरोधमा एक मुट्ठी उज्यालो
भाइचारामा फैलिएको हातभरि समाएर
अन्याय र अत्याचारको जंगलमा
मानवताको हतियारले
दानवताको बुढ़ो रुख काट्दैछु।{

देशमा अत्याचारी शोषकहरु नभएका होइनन् तर तिनीहरु निश्चय पनि अन्धकारमा छन्। देशको स्थिति के छ, मानवता के हो? इत्यादि तिनीहरु जान्दैनन् मानौं तिनीहरु नै अन्धकारको प्रतीक बनेका छन्। यही कारण कविले स्वयंलाई योद्धाको रुपमा घोषणा गर्दै तिनीहरुको विरुद्ध एक मुट्ठी उज्यालो छरिदिई मानवताद्वारा दानवतालाई नाश गर्ने प्रण गर्छन्। कविको अतृश्य युद्ध भनेको नै देशमा शिक्षा प्रचार गरेर अन्धविश्वास र जड़ता निर्मूल पार्नु हो। समाज नै शिक्षित भए देशबाट यी अत्याचार र शोषण स्वयमेव हट्न सक्छन्। कविको विचार यहाँ स्तुत्य छ।

'शान्ति{ शीर्षक कवितामा शान्ति खोज्न टाढ़ा जानु पर्दैन भन्छन्, कवि -

'आफैमा हराएर शान्ति
स्वयंमा खोजीरहेछु
- - - -
आकाश पातालमा भए पनि
खोजेर ल्याउँथें
सूर्य चन्द्र र ब्रह्माण्डमा भए पनि
म तिमीलाई सजिलै प्राप्त गर्थें
तर तिमी तिमी 'म{ मा व्याप्त छौ
र 'म{ मा नै हराएको छौं।{

शान्तिका निम्ति भनेर मानिस युद्ध रचाइरहेका हुन्छन् तर यहाँ तिनीहरु वास्तवमा मान्छेकै हत्या गरिरहेका हुन्छन्। मान्छेले मान्छेकै हत्या गर्छ भने त्यहाँ अवश्य पनि शान्ति हुने छैन बरु युद्ध अझ चर्केर जानेछ। अर्कोतिर कति मानिसहरु शान्तिकै निम्ति भनेर संन्यास लिन्छन्। जीवनदेखि भागेर मानिसले यसरी कदापि शान्ति प्राप्त गर्न सक्दैनन्। यो साँचो हो। कवि भन्छन्, शान्ति वास्तवमा आफैमा हराएको छ, त्यसलाई खोज्न टाढ़ा जान पर्दैन। समाजमा रहँदा एकले अर्कोलाई हत्या गर्न अथवा विरोध गर्ने प्रयास नगरी आपस्तमा सौहार्द्रपूर्ण व्यवहार गर्न सिके त्यही नै अत्युत्तम हुनेछ। हत्याले हत्या रचाउँछ भने शान्तिले शान्ति ल्याउन सक्छ। समाजमा शान्ति स्थापना गर्ने यही एउटै उपाय हो। वास्तवमा समस्त धर्मको सार पनि यही हो। कविले यहाँ धर्म सम्बन्धी केही कुरा नउठाए पनि मानिस स्वयं नै एक पञरकार सर्वेसर्वा ब्रह्माण्ड हो भन्ने कुरा यहाँ स्पष्ट भएको छ।

यो विषय सुन्दा साधारण लागे पनि दर्शनको विषय भने अवश्य हो। मद, ईर्ष्या, अहंकार तथा लोभ मानिसका दुर्बलताहरु, साँचो अर्थमा भन्नु हो भने यही नै अशान्तिका कारणहरु हुन्।

कवि **किरण** ले आफ्ना कवितामा स्थूलको भन्दा सूक्ष्मको निर्वाह गरेका छन्। उनी 'मान्छेलाई मुटुको ओंठले छाम्दा{ कवितामा यसो भन्छन् -

'... मैले मुटुको ओंठले चुमेर
मान्छेलाई छामेर हेर्दा -
मान्छे त आँकाले नदेखिने रहेछन्
मान्छे त आँखाले हेरेर
चिन्न नसकिने रहेछन्

मान्छे त अर्कै केही रहेछन्{

बाहिरी जुन रुप देखियो मान्छे त्यही हो भन्न सकिन्न। विद्वान होस् वा दुर्जन होस् मानिसको शरीरको बनावट एकै हुन्छ। मान्छे लाखौं, करोडौं छन् तर व्यवहारहरुमा भिन्न लाग्दछन्। एउटै दम्पत्तिका जम्ल्याहा छोराहरु पनि वास्तवमा आफ्ना-आफ्नै पहिचान र अद्वितीयतामा बाँचेका हुन्छन्। मान्छे हेर्दा सुन्दर देखिन्छ तर कतिपय आनी-बानी तथा व्यवहारले सुन्दर हुन्छ भन्न कदापि सकिन्न। व्यवहार सुन्दर नभएकै कारण समाजमा अशान्ति हुन्छ र युगौंयुग दुःख भोग्नुपर्छ। त्यही कारण कवि भन्छन् - आकार, रंग र अनुहार मान्छे होइन। उसो भए मान्छे को हो, के हो ? उनी उत्तरमा फेरि भन्छन् - मान्छे, मान्छेभित्रै कतै सतहमा लुकेर बसेको अदृश्य रुप हो। मान्छेको वास्तविक रुप उसको मन र व्यवहार दुवै हो।

फ्रायडले मनुष्यको व्यक्तित्व निर्माण सम्बन्धमा तीन तत्वलाई मान्यता दिएका छन्, जस्तै इत (Id) , अहम्  (Ego) तथा अत्यहम् (Super Ego) इत्यादि। संवेगात्मक सहजानुगत निकाय, बौद्धिक तथा सिद्धान्तगत वास्तविक सिद्धान्त तथा आदर्शवादी अर्थात् नीतिपरक सिद्धान्त यी जम्मै व्यक्तिमै नीहित छन्। यी विभिन्न तत्त्वहरुले नै व्यक्तित्वको निर्माणमा सहयोग पुऱ्याउँछन् भने यसमा पनि अझ परम्परा र परिस्थिति अन्य विषयहरु मानक बन्दछन्। यही कारण मान्छेको व्यक्तित्वमा विभिन्नता आएको हो। साँचो अर्थमा भन्नु हो भे कुनै व्यक्तिको विषयमा लेख्नु हो भने जति लेके पनि त्यो पूरा हुँदैन तर कला साहित्यले व्यक्तिको यही सम्पूर्णताको व्याख्या गर्ने जमर्को गर्छ।

मध्य युरोपमा उन्नाइसौं शताब्दीमा विभिन्न चित्रकारहरुले स्थूल चित्रलाई, मात्र प्रतीक स्वरुप स्वीकार गरी सूक्ष्मतामाथि गौर गरेका थिए। त्यही कारण ती चित्रहरु बाहिर देखिएका वस्तुहरुभन्दा पृथक् देखिएका तर संयोजित अमूर्त्त स्वरूपका थिए। अमूर्त्त चित्र यही कारण सम्पूर्णताको द्योतक मानियो। भिन्सेन्ट भ्यानगग तथा गँगाका प्रारम्भिक प्रभाववादी चित्रहरुमा स्थूल स्वतः सूक्ष्मतातिर गइरहेका तर रंगहरुको विचित्रताले भावभूमिलाई बाँध्ने प्रशस्त प्रयोग गरेको देखिएको छ। साहित्यमा पनि यही कारण मूर्त्तरुपदेखि अमूर्त्ततिर जाने प्रयासमा शब्द तथा पदयोजनामा विभिन्न परिवर्तन आएको हो। यो विषय प्रारम्भमै लेखिएको छ।

साधारण ः मान्छेको रुप, छाम्न रुप, छाम्न सकिने स्थूलरुप हो। तर मान्छे भन्नेबित्तिकै मानवीय गुण, माया, प्रेम, सहानुभूति संवेदनशीलता तथा सचेतनता यी अमूर्त्त विषयहरु पनि साथथै बुझिने हुन्छ। यसर्थ आजका कविता यस्तै अमूर्त्तता अर्थात् प्रतीक, बिम्बले भरिपूर्ण हुनाले केही दुर्बोध जस्ता देखिएको यही कारण हो। वास्तवमा कला जीवनको लागि भनेर स्थूल कुराको मात्र विवेचना गर्दै साहित्य हो भन्ने कला विषयलाई नबुझ्नु हो। जुनै कला होस् त्यो समाज, व्यक्तिदेखि टाढ़ा भएर बाँच्न असम्भव हुन्छ। जीवनलाई सुन्दरता प्रदान गर्न कला अपरिहार्य विषय हो।

कवि ‘विडम्बना{ शीर्षक कवितमा यसरी आफ्नो भाव व्यक्त गर्छन् -

‘त्यो पशु भएर अन्जान छ
हामी मान्छे बएर अन्जान छौं।
यस्तो विडम्ना बोकेर
हामी बाँच्दैछौं -

यो मान्छेको जुनी!!

सृष्टिको सर्वश्रेष्ठ प्राणी नै मान्छे हो। एउटा साधारण मानिसले वनका हिंस्त्रक बाघ, भालु, सिंह तथा हात्तीलाई आफ्नो वशमा गराई आफू खुशी नचाउन सक्दछ तर अर्कोतिर स्वार्थी मान्छेको वशमा परेर पशुतुल्य व्यवहार सहिरहेको हुन्छ। कविलाई सहनु साँच्चै एक प्रकार विडम्बना लाग्दछ किनबने मान्छे नै हो, त्यसरी मान्छेले पशुको श्रेणीमा आफूलाई नराख्नु पर्ने! उनी भन्छन्।

यसरी कवि **किरण** कहिले कहीं कुण्ठित बन्छन्। उनी कहिले शान्तिले सन्देश दिन्छन् भने कहिले कर्त्तव्य के हो? बताउँछन्। फेरि कहिले कहीं मान्छे त्यो पशुश्रेणीबाट आफू उठ्ने प्रयास नगरेकोमा उनी रिसाउँछन् पनि। यसो भन्दा यहाँ प्रश्न उठ्न सक्छ, के तिनी पाठकलाई हेय दृष्टिमा राख्छन् त? त्यो अवश्य होइन। तिनको विचारमा पाठक तिनीभन्दा ज्ञानी, विवेकशील छन्, आदर पात्र पनि। तर गरीबी, भोक, रोग र अन्धकारका उनी विरोधी हुन्। उनको शत्रु शोषण, नीचता तथा अविवेक हुन्। यसैले कवि मान्छे जस्तो भएर बाँच्न पाउन उसको हक हितको सुरक्षार्थ उनी सदैव चिन्तित रहेका देखिन्छन्।

फेरि कवि **किरण** को ध्यान मन्दिर, मस्जिदबाट आएका आवाजतिर आकर्षित भइरहेको छ। एकातिर मन्दिरबाट आएको घण्टीको मधुर स्वर सुनिँदैछ, अर्कोतिर मौलवीले कोरान बाँचेको पवित्र ध्वनि गुञ्जायमान भइरहेछ भने कता-कता गिर्जाघरको घण्टाले आवाज पनि धुन-मिश्रित भइरहेछ। त्यसपछि कविको अनुभूति यसरी जागिउठ्छ -

‘सबै प्रार्थनाका आवाजहरु
घण्टा र घण्टीका आवाजहरु
मिसिएर रमाइलो धुन बनेको छ
र मेरो मस्तिष्क,
मन र प्राणलाई स्पर्श गरेर
न्यानो र प्राणलाई स्पर्श गरेर
म आत्मविभोर बनेको छु।{

धर्मान्धताबाट उठेका युद्धहरुले भारत राष्ट्रलाई यति धेरै दुखाएको छ जसको सीमा छैन। धर्मकै आदारमा बंगालको विभाजन भयो भने पाकिस्तान अस्तित्वमा आयो। वास्तवमा जम्मै धर्मले नै सहिष्णुता, प्रेम, आदर, सहानुभूति र नैतिकताको पाठ पढ़ाइरहेछन्। झूटो नबोल्नु, हिंसा नगर्नु, छिमेकी तथा मानव जातिलाई प्रेम गर्नु हिन्दू, मुस्लिम तथा ख्रीष्टियन सबै धर्मका सार हुन्। वास्तवमा धर्म सबै एकै छन्, धुनको एकात्मकताले पनि एउटै ईश्वरको अस्तित्वलाई बुझाइरहेका हुन्छन् तथापि साधारण मानिस धर्मलाई संकुचित बनाइरहेका हुन्छन्, यो गलत हो। यो साँचो हो, हाम्रा संस्कृति तथा परम्परामा धर्मको प्रभाव धेरै छ। यसो भन्दा अरुको धर्ममाथि हस्तक्षेप गर्नु, अरुलाई बुझ्दै नबुझ्नु हो। भारतको संविधानमा धर्मनिरपेक्षता विषय व्याख्या गरिएको छ। यसको अर्थ धर्म मान्दै नमान्नु होइन तर धर्मप्रतिको आस्था सबैको एकनास, सद्भावनामा बाँचोस् र यो वादविवादरहित बनोस् भन्ने हो। भारत जस्तो महान र विशाल देशमा अनेकौं धर्मावलम्बीहरुले आफ्नो धर्म, संस्कृति समानरुपले मान्न पाओस् यसैमा सबैको कल्याण छ। मध्ययुगमा युरोपको इतिहासमा धर्मको लागि युद्ध नभएको होइन। रोमन साम्राज्य

विश्रृङ्खलित भएपश्चात् पाद्रीहरुको भ्रष्टाचार र कलुषित व्यवहारपछि त्यसको विरोधले सारा युरोपलाई नै आक्रान्त पारेको थियो। त्यसपछि खीष्टियन धर्ममा विभाजन आयो। त्यसमाथि पनि धर्म, कुनै राज्यको एउटा अभिन्न अंगको रुपमा रहेको हुनाले एकपछि अर्को राजाले राज्य सिंहासन आरोहण गर्नेबित्तिकै त्यहाँ धर्म विषय चर्काचर्की परिहाल्थ्यो। फलस्वरुप धेरै मानिसहरु मृत्युको मुखमा पर्थे। त्यसरी नै हिन्दू, मुस्लिम धर्मकै इतिहासमा पनि यस्ता घटनाहरु कति छन् कति। यही कारण भारतको संविधानमा धर्मलाई राजनैतिक रुपमा तटस्थ अर्तात् निरपेक्ष स्वीकार गर्न कर लागेको हो। तर साधारण मानिसहरु आज पनि धर्म, संस्कृति, जातिवाद विषय कुरा उठाएर समाजलाई विभाजित गर्न लागेको देखेर कवि **किरण** ले यस विषय आफ्नो कलम उठाएका हुन्।

सधैं सधैको घर-झगड़, काटमार, अनाचार इत्यादिले भरिपूर्ण 'तिम्रो र मेरो देश{ नामक कवितामा कविको अभिव्यक्ति यस प्रकार छ -

'उमेरमै बुढ़ो भएको मान्छे जस्तो
तिम्रो र मेरो यो देश।
खाऊँ-खाऊँ, लाउँ-लाउँकै उमेरमा
शिथिल भएर झोक्रिरहेको
अपूर्णता र गरीबी अवशेष
तिम्रो र मेरो देश!{

देश सबैको साझा फूलबारी हो। देशवासीहरुको अथक् परिश्रम र विवेकमा देश सधैं हरियो भरिलो हुने गर्छ मात्र होइन अन्य देशको तुलनामा धन-धान्यपूर्ण पनि हुन्छ तर आपसी कलह तथा भ्रष्ट बुद्धि र विवेकमा देश सधैं गरीब मात्र होइन रोगग्रस्त पनि हुन्छ। देशको व्यक्तित्व भनेको व्यक्ति विशेषको व्यक्तित्व जस्तै हो।

'मालिक र कुकुर" निम्नलिखित कवितामा मालिक नै हुन्छ औ कुकुर कुकुर नै, भन्ने विषयलाई यसरी उनले देखाएका छन् -

'मालिकले कुकुरलाई
सौखले या त आफ्नै स्वार्थपूर्तिको लागि
काँधमा बोकेर हिंड्छ।
त्यस बेला त्यो कुकुरले
आफूलाई मालिक झैं सम्झिन्छ
आफू जस्तै अरु कुकुरलाई भुक्छ।
- - - -
जब त्यो मालिकको कुकुर
मालिकको काँधदेखि भूँइमा झर्छ -
अरु कुकुरले भुक्न थाल्छन्
खेद्न र टोक्न थाल्छन्
त्यति बेला मालिक
महलभित्र पसिसकेको हुन्छ{

यो प्रतीकवादी कविताको ध्वनिमा प्रशस्त कथाहरु सल्बलाउँछन्। मालिकले प्यारो गरेको बेला आफ्ना साथीहरु बिर्सनेले पछि आफू एक्लो भएपछि धेरै पीर खप्न पर्ने हुन्छ। यो स्वाभाविकै हो। आखिर मालिक मालिक नै औ कुकुर कुकुर नै हो।

'प्रत्येक बिहान{ नामक कवितामा कविले प्रयोग गरेका बिम्बहरु जस्तै - कफन भएर आउँछ खबर कागत, हजारौं लासहरुले न्याय माग्छन्, मृत्युको शोक-धुन बोकेर हजारौं आत्माहरु अघिल्तिर आउँछन् तब शीत बनेर बिहान रुन्छ। यी बिम्बहरुको प्रयोगले उक्त कविता कलात्मक बन्न गएको छ।

अंग्रेजी साहित्य टी॰ एस॰ इलियटले आफ्ना कृतिहरुमा विशेष प्रकारका प्रतीक र बिम्बहरु प्रयोग गरेका छन्। ती दुरुह र क्लिष्ट लाग्दछन् तापनि यस प्रकारको प्रयोगले कवितालाी अत्याधुनिकताको गोरेटोमा स्पष्टसित डोऱ्याउन सम्भव भएको छ। आजका मानिसका निम्ति साहित्य सरल र सुबोध हुनु भनेको साहित्य एकै ठाउँ जमेर पोखरी भई बाँच्नु जस्तै हो, तिनी भन्छन्। यस अर्थमा तिनी व्यक्तिवादी धाराका कट्टर पक्षधर हुन् भन्न सकिन्छ।

यहां अघिल्लो पृष्ठदेखि नै व्यक्तिवादी तथा समाजवादी पक्षहरु प्रसंगमा आएको हुनाले सम्भवतः यसलाई पनि स्पष्ट पार्न समीचीन पर्ला हो। युनानी दार्शनिक प्लेटो (४२७-३४७खृ.पू.), एरिस्टोटल (३८४-३२२ खृ.पू.० औ रोमन दार्शनिक सिसेरो (१०६-४३ खृ.पू.) ले साहित्यिक विधाको सन्दर्भमा धेरैजसो समाजलाई प्रधानमा दिएका छन्। तर जति जति राज्य प्रशासन तथा समाजगत व्यवस्थाले मानिसहरु व्यक्तिगत स्वतन्त्रताको अनुस्थितिमा पिरोलिँदै गए तिनीहरु त्यसै चूप लागेर बस्न सकेनन्। त्यही कारण सत्रौं शताब्दीदेखि यसो जोहन लोके, इमानुएल कान्ट, जोहन स्टुवर्ट मिल, हरबर्ट स्पेन्सर आदि दार्शनिकहरुले व्यक्तिवादी धारालाई अघि बढ़ाएका हुन्। प्रयोगकै हिसाबले हेर्नु हो भने व्यक्तिवादी धारा अन्तर्गतका साहित्यमा धेरै प्रयोगहरु देखा परेका छन् त्यो व्यक्तिगत स्वतन्त्रताकै कारम सम्भव भएको देखिन्छ। जी. डब्ल्यू. एफ. हेगेल (१७७०-१८३१) ले व्यक्ति र समाज एक अर्काको सम्पूरक स्वीकार गर्दै साहित्य विषय आफ्नो विचार प्रकट गरेका थिए भने कार्ल मार्क्स (सन् १८१८-१८८३) ले आफ्ना कृति (१८६७ मा पहिलो खण्ड प्रकाशित) 'दास क्यापिटल{ - द्वारा साम्यवादको घोषणा गरेका थिए। यसरी अघिल्लो पृष्ठमा वर्णन गरिए झैं व्यक्तिवादी एवं समाजवादी साहित्यकारहरु समाज एवं देशको माग अनुसार एकपछि अर्को गर्दै विश्व साहितत्र्यमा देखा परेका छन्। यथापि आज यी दुइ धारा अन्तर्गत लेखनशैली भने प्रायः समानान्तर रुपमा चलेको देखिन्छ। यी सबै प्रयासहरुको मुख्य लक्ष्य साहित्यलाई बढ़ी प्रभावपूर्ण एवं दक्षतापूर्ण अभिव्यक्ति दिनु नै हो। अभिव्यक्ति के गरेदेखि उच्ततामा महत्त्वपूर्ण अथवा गौरवपूर।ण बल्ला, प्रयोगको मुख्य उद्देश्य यही हो। टी॰ एस॰ इलियटकै सिको गरी नेपाली साहित्य लगायत अन्य साहित्यमा पनि यी प्रतीक र बिम्बहरुको प्रयोगले अभिव्यक्तिलाई कलात्मक बनाउने हर प्रयास भएको छ। समकालीन साहित्यको मुख्य परिचय र विशेषता नै यही भएको छ।

कवि पवन चामलिङ **किरण** का कविता अन्तर्गत पछिबाट देखिएका प्रतीक र बिम्बदिको प्रयोग सुबोध र सहज भए तापनि भाव गम्भीरताको हिसाबले महत्त्वपूर्ण भएका छन्। सहज हुनुको अर्थ नै यहाँ

भावको स्वाभाविक बगाइ भएको छ ‘प्रारम्भिक कविताहरु{ र ‘म को हुँ{ कविता-संग्रहमा देखिएको भिन्नता नै यही हो।

‘दूरत्व : तिम्रो र मेरो{ कविताबाट यो पद -
‘तिम्रो र मेरो बीचमा
एउटा सीमाना छ
सीमाना हामीले कोरेको हौं।
- - - -
आफ्नो मतलबको सिंहासनमा
मान्छेहरु एक्लै बाँचिरहेका छन् -
एउटै विश्वका मान्छेहरु
एउटै घरका मान्छेहरु
एउटै रगतका मान्छेहरु।{

एकै आँतका दाजुभाइ, एक सज्जन हुन्छ भने अर्को दुर्जन हुन्छ। एउटा स्वभावले पनि लोभी हुन सक्ने औ अर्को स्वभावले नै फुकाहरु। मानवलाई जति परम्पराले प्रभाव पारेको छ त्यसभन्दा अधिक परिस्थितिले दास बनाएको छ। ठूला साना, धनी गरीबीको सीमाना वास्तवमा स्वयंले कोरेका। कविको भाव झट्ट हेर्दा जति सहज देखिन्छ त्यति नै यहाँ व्यापकतामा उठ्न खोजेको देखिन्छ। उनको कविताको अर्को आकर्षण लयात्मकता र गतिशीलता पनि हो जसको विषयमा अघिबाटै लेखिसकिएको छ।

‘यस संसारमा म{ र मेरो अस्तित्व के हो? आदि प्रश्न उठाएर कवि **किरण** स्वयंलाई अझ म को हुँ? भन्ने प्रश्न सोध्छन्। उनको जीवन काँडै काँड़ाले भरिएको औ अन्धकार बीच हिंड्न पर्ने जस्ता समस्यापूर्ण भए पनि अन्यायको विरोध गर्ने औ सत्य के हो? बुझी, त्यसैको पछि आफू समर्पित हुने उनको सिद्धान्त पनि यहाँ प्रष्ट भएको छ। ‘म को हुँ?{ भन्ने स्वाभाविक प्रश्नमा कवि आफैलाई सदैव खोजिरहेका हुन्छन्। जीवनमा बाँच्नुको सार्थकता के हो? आज छ, भोलि छैन जस्तो जीवनको क्षणभंगुरतामा आफूलाई कर्त्तव्य पथमा हिंड़ाउन पर्ने औ आफू मान्छे भएर मान्छे जस्तै बाँच्न पर्ने इत्यादि कुरा उनी यहाँ सम्झन्छन्।

‘जात मेरो मान्छे हो
जाति, धर्म, मानवता
मान्छे सबै एकै हुन्
चाहिन्छ मलाई समानता

त्यसपछि फेरि अन्तमा के भन्छन् भने -
‘मान्छेको सुरक्षा कर्म हो मेरो
मान्छेकै सुरक्षा धर्म हो मेरो
ज्यान गए जावस् जान्छ नै एक दिन
आत्मा छ प्रिये, अमर मेरो।{

कविले मान्छेको सुरक्षा भनेर किन प्रश्न उठाएका हुन् भन्ने यहाँ बुझ्न पर्ने कुरा छ। देशमा बहुसंख्यक मानिस गरीबी, भोक, रोग तथा आशिक्षाले गर्दा असुरक्षित रहेका उनी देख्छन्। अहिले के खाऊँ, भरे के खाऊँको अवस्थाम मानिस अत्यन्त रुग्ण देखिएका छन्। यही कारण तिनीहरुको सेवामा दत्तचित्त रहेर कवि राजनीतिमा सक्रिय देखिएको मुख्य कारण पनि यही हो। राजनीति भनेको राजा जस्तो बिलासी भएर बाँच्ने होइन बरू त्याग, सेवा, देशप्रेम, न्यायको प्रतीक बनेर अगि बढ्नु पर्ने हो। उनको राजनीतिको सिद्धान यही छ।

अर्को प्रसंगमा उनी रातो भाले भनेको नै क्रान्तिको प्रतीक हो भन्छन्। देशमा यस्ता रातो भालेहरु अनेकौं छन् तथापि एउटा भालेलाई स्यालले लग्यो भन्दैमा अब त्यस्ता रातो भालेहरु सबै मासिए भन्नु उनी सरासर गलत कुरा हो भन्छन् -

‘यी राता भालेहरु त
अन्धकार रातको विरोधमा उठेका
महाशक्तिको समवेत् आवाज हुन्
- - - -
एउटा भालेलाई स्यालले खायो भन्दैमा
नरमाऊ है, ए अँध्यारो रातकी रानी!
- - - -
अँध्यारोको प्रतिबिम्ब हुँदैन
तिमी त कालो रात हौ
तिम्रो कोहीसँग तुलना हुँदैन
तिमी केवल अन्धकार हौ
असत्य र पापको स्वरूप हौ{

कवि भन्छन्, उनको विपक्षमा अन्धकार उभिएको छ। अन्धकार भनेको अन्धकार नै हो। न त्यसको बिम्ब हुन्छ न त्यसको अर्को रुप नै हुन्छ। अन्धकार भनेको नै असत्य र पापको प्रतीक। उनी फेरि भन्छन् -

‘एउटा माचिसको सिन्काले पनि
तिम्रो अस्तित्वलाई नाश गरेको छ,
किनकि तिमी जिउँदो लास हौ,
पापको पुञ्ज हौ!{

वास्तवमा अन्धकार केही होइन। एउटै माचिसको सिन्काले पनि यसको नास गर्न सकिन्छ। तथापि कविले यहां यो अन्धकारको विरोधमा जम्मै राता भालेहरु एकतामा आबद्ध भएर अर्को सुन्दर बिहानी जन्माउनलाई अनवरतरुपमा बासिरहेका छन्, भनेका हुन्। यस कविताको अन्तिम पद -

‘सुतेको मान्छेको विचारलाई ब्युँझाउन, उठाउन, जगाउन

एक होइन
अब यस धरतीमा
लाखौं, करोडौं भाले बास्ने छन्{

प्रारम्भमा यस प्रकारका कवितालाई सिक्किममा कतिले नकारात्मकरुपमा लिएका थिए। यस विषय कविलाई होच्याएर कतिले के के लेखे लेखे। उसो ता महाकवि लक्ष्मीप्रसाद देवकोटाका ‘साँढ़े{ र ‘पागल{ कवितालाई पनि यही श्रेणीमा राखिएको थियो। तर पछि ती कविताहरु महाकविको जीवन चर्चामा एउटा चहकिलो घाम भएर रहेका छन्। ती तुच्छ मानिसहरु को त के कुरा? तिनीहरु पनि आखिर व्यवस्थाका दासहरु नै हुन् नि। एउटा जे भन्यो त्यसैमा हाँ मा हाँ मिलाउन बाहेक तिनीहरु आखिर के नै जान्दछन्।

‘गान्तोक : एक पोट्रेट{ शीर्षक कवि **किरण** को कविता त्यसबेला चर्चित कविताहरुमध्ये एक हो। उनले आफूले भोगेरै गान्तोकको खैरो लाएका हुन्। उक्त कवितामा उनको अभिव्यक्ति -

‘भ्रष्टचारीका फाइलहरुमा चेप्टिएर दिनभर
काला बजारियाको तिजारीमा थुनिएर रातभर
निः सासिएर, छटपटिएर कामिरहेको थरथर
यो गान्तोक शहर!{

उनले गान्तोकको त्यस बेलाको परिस्थितिलाई यहाँ भ्रष्टचारी तथा कालो बजारिया भन्न् आँट गरेका छन् भने अर्कोतिर गान्तोक शहर निःसासिर छट्पटिरहेको अनुभव गरेका छ्। धनीहरु दिनदिनै धनी हुँदै गइरहेका औ गाउँ-बस्तीका साधारण मानिसहरु भने बजेटको अधिकारबाट टाढ़ा टाढ़ा हुँदै गएका यस प्रकारको व्यवस्था देखेर उनी यहाँ धेरै चिन्तित देखिएका छन्।

‘मरेका विश्वासहरु बोकेर
मंत्री र सचिवको कार्यालय चहार्दै दिनभर
आश्वासनले हैरान भएको बेकारीको
फाटेको जुत्ताको नगर
यो गान्तोक शहर।{

सिक्किममा मानिसहरुको मुख्य व्यवसाय नै सरकारी नोकरी र ठेकेदारी हो। यही कारण तिनीहरु गान्तोकस्थितत सरकारी कार्यालयसित अपेक्षाकृत सम्बन्धित हुन्छन्। यी मानिसहरुलाई सरकारी पदभन्दा अन्य कुनै कुरा ठूलो र महत्त्वपूर्ण लाग्दैन। नलागोस् पनि किन र? सरकारी करोड़ौंको बजेटको भाग-लागी यही हुन्छ। जुनै पनि सरकारी फाइल अति गोप्य कहलाइन्छ। यहाँ मान्छेको महत्त्व हुँदैन केवल फाइलकै मात्र महत्त्व बढ़ी हुन्छ, सरकारी अन्य जाँचकहरु धेरै छन् तिनीहरु फाइल हेर्छन् तर ठोस कामको लेखाजोखाहरुसित तिनीहरुको सरोकार छैन। सरकारी ओहोदामा के छैन? पैसा छ, गाड़ी छ, आलिशान भवन र भव्यता छ, विलासिता छ, जहिले तहिले अदब कायम छ। त्यहाँबाट सदैव आकाश देखिन्छ, धरती देखिन्न। तब संसारमा सरकारी ओहोदाभन्दा अरु थोक के महत्त्वपूर्ण होला र? पहिले पहिले सामन्तीका छोराहरु बाहिर पढ़ेर आउने बित्तिकै गाड़ी कुन चाहिँ हो, रोज्थे रे। त्यसो भए देशको सर्वागीन

विकासमा कसले ध्यान दिने? दिनौंदिन देशमा बेकारी समस्या बढ्दै गएको त्यस अवस्थामा देशले क्रान्ति बाहेक अरु के आशा राख्न सक्ला? उक्त कविताको मुख्य आशय यही हो।

'अन्तमा कवि यसो भन्छन् -
'देशलाई शेष गरेर भेष फेर्ने
आमाको बलात्कार गरेर
भविष्यसँग वर्तमानको सुख साट्ने
पापी छोराहरुले बनाएको जर-जर
यो गान्तोक शहर{

यस कविता माध्यम कविको विषयमा के जान्न पाइन्छ भने यस कविताको रचनाकाल उनले पनि त्यहाँ यस प्रकारका भ्रष्टाचारले गर्दा धेरै दुःख पाएका थिए, त्यही कारण उनले यस्तो लेख्ने आँट पुऱ्याएका। निश्चय, यस कविताले त्यस बेला गान्तोकलाई केही न केही हल्लायो नै। सिक्किम भारतको एउटा अंग भए पनि सामान्तवादले जहा गाड़ेको त्यस अवस्थालाई औल्याएर लेख्दा यहाँ शंका उपशंका जन्मनु स्वाभाविकै थियो। सचिवको छोरो सचिव र गरीबको छोरो गरीब हुने त्यस अवस्थालाई कविले त्यसको घोर विरोध गरेको देखिन्छ। 'गान्तोक : एक पोट्रेट{ शीर्षक कविता त्यसबेला बहुचर्चित हुनपुगेको त्यस अवस्थामा कविलाई प्रतिक्रियावश कसैले सोझै कम्यूनिष्ट हो पनि भनेका थिए। त्यसबेला सिक्किममा कम्यूनिष्ट भनेको अवहेलना तथा गाली हो भन्ने बुझिन्थ्यो, मानौं कम्युनिष्ट हुनु भनेको त्यसकाल समाजदेखि नै हटक हुनु थियो। तथापि झिंगाको श्रापले डिंगी के मर्थ्यो? उनी कवितातिर अझ लहसिए अझ लहसिँदै गए यसको साथै उनको राजनीति पनि गहिरिँदै गयो।

'स्थिति{ कवितामा कवि किरण को आफ्नो अभिव्यक्ति -
'मेरो भगवान्को नाममा
आफ्नो साम्राज्य चलाएर
उसको भाग्य र अधिकार
उसको मर्यादा, अस्तित्व र आत्माको
घात-प्रतिघात चलिरहेछ{

भगवानप्रतिको आस्था, मानव जीवनको एउटा अभिन्न अंग बन्दै आएको छ र यो हाम्रो संस्कृतिको मूलश्रोत। भगवानप्रति आस्था, विश्वास हुनु नै धर्मको प्रादुर्भाव। तर धर्मको आढ़मा हुने अन्याय, अत्याचार तथा जघन्य अपराधहरु पनि यहाँ नभएको होइन। जुनै पनि क्षेत्रमा मानिसले आफ्नो कमजोरी तथा दर्बलता जहिले पनि नदेखाएको होइन। एकातिर धर्मपुस्तक, अर्कोतिर आफ्नो दुनो सोझ्याउने प्रयास।

धर्मका ठेका लिएका मानिसहरुलाई सन् १८५६ मा प्रकाशित डार्विनको विकासवाद सिद्धान्तले ठूलो आघात पुऱ्याएको छ। बाँदरको शरीरमा विस्तारपूर्वक परिवर्तन आउँदै जाँदा कैयौं शताब्दीपश्चात मानवले आफ्नो आजको स्वरुप प्राप्त गरेको हो भन्ने उनको विचार छ औ यस कुराको सम्बन्धमा उनले अनेकौं िविषयहरु खोजी गरी यस कुराको प्रमाण लाएका छन्। यस सिद्धान्तले भगवान स्वयंले मानव

जातिका आदि पुरुष, स्त्रीलाई सिर्जना गरेका भन्नेहरुलाई अर्को ठूलो आगात पुऱ्याएको छ। यति मात्र होइन त्यस बेलासम्म धर्मगुरुहरुले धर्मको नाममा विभिन्न प्रकारको त्रास देखाई गरेका मनोमानी तथा कपोलकल्पित कथाहरुको आधारमा मानव जातिमाथि दमन चक्र चलाएका विषयहरुको पनि यहाँ पोल खोल्न गएको छ। आफ्नो सिंहासन तथा उच्च पदलाई स्थायी बनाइराख्न राजा भगवानको साक्षात् स्वरुप हो भनेर घोषणा गर्ने र तिनीहरुको आफ्नै दमन, अन्याय र अत्याचारलाई पनि कर्मको फल तथा भगवानको इच्छा हो भनेर उल्टो नीति निर्माण गर्नेहरु पनि यिनीहरु नै थिए। इतिहासका पृष्ठहरुबाट पनि के जान्न पाइन्छ भने अर्काको राज्यमाथि हठात् आक्रमण गरी हजारौं, लाखौं लासमाथि राज्य चलाउनेहरुलाई पनि देवताको अवतार भनेर भ्रम फैलाई आफ्नो पद र स्थिति स्थिर गर्ने पनि वास्तवमा धर्मकै मालिकहरु नै हुन्। यही कारण धर्मको जहिले पनि दुरुपयोग र स्वार्थका निम्ति प्रयोग देखिएको छ।

मानिसको स्वभावमा आध्यात्मिकता हुनु कुनै पाप होइन। त्यसै ता आजको भौतिक पक्षले मानिसलाई अमानवीय तत्त्वतिर धकेलिरहेको छ। चोरी, डकैती गर्ने मानिसहरुले दण्डित भई जेलको हावा खान पर्ने हो तर त्यसको सट्टामा तिनीहरु मर्यादित तथा माननीय भएर समाजमा विराजित छन्। त्यसरी नै धर्मान्धताको फाइदा उठाउन कतिपय मानिसहरु मन्दिर निर्माण गरी भगवानको मूर्ति स्थापना गर्छन्। लाखौं भक्तहरु पापको प्रायश्चित गर्न मूर्ति अघिल्तिर प्रसाद र असर्फी चढ़ाउँछन्। तर ती प्रसाद र असर्फीहरुको भाग लाउनेहरु भने त्यहाँ अर्कै हुन्छन्। यसरी भगवानको नाममा ठग्नेहरु पनि हाम्रो समाजमा लछेप्रै छन्। यही कारण कवि फेरि यहाँ भन्छन् -

‘तिमी आज भगवान भएर
सर्वशक्तिमान भएर पनि
आज महापमानित भएका छौ।{

समाजमा हामी मानिसले नै कल्पना गरी यो सृष्टिको सृजनकार भनी भगवानलाई सर्वशक्तिमान रुपमा उपस्थित गराएको हौं। जन्म र मृत्युको कारण पनि सृष्टिकर्ताकै खेल हो सम्झ्यौं। मान्छेले युद्ध रचाएको देख्दा देख्दै भगवानलाई दोष दिन्छौं। एकले अर्कोले दुर्बलताको फाइदा उठेको हत्या गरेको देख्दा-देख्दै फेरि अर्कोपल्ट भगवानलाई यस्तो किन भयो? बनेर श्राप दिन्छौं। यसरी हामी मानिस आफ्नो स्वार्थमा अपराधीलाई सोझै दोष नदिएर भगवानको नाममा संसारमा जे पनि गर्न चाहन्छौं। मन्दिर, मस्जिद निर्माण गरी-गरी भगवानप्रति श्रद्धा भक्ति पोखाउने मानिस नै हो औ उनैलाई अपमानित गर्ने पनि मानिस नै। वास्तवमा मानिस नै आफ्नो स्वार्थतत्त्वमा सर्वशक्तिमान भएको छ भन्ने कुरा कविले यहाँ देखाउन चाहेका हुन्।

‘बहादुर, कान्छा{ नामक कवितामा कवि **किरण** को अभिव्यक्ति यस प्रकार देखिन्छ -

‘कान्छा{ र ‘बहादुर{ कस्तो अचम्भको मान्छे!
जहाँ गए पनि, जहाँ नै भए पनि
त्यहीकै भएर जाने,
त्यहीं नै मिलेर बाँच्ने - आकाशबेली जस्तो!{

‘कान्छा{ र‘बहादुर{ जस्ता शब्दहरु भारतका विभिन्न प्रान्तमा नेपाली (गोर्खा) हरुप्रति प्रयोग गर्रिंदै आएका पर्यायवाची नाम। यसो भनौं, हामीले अरुका भारी बोकी, भाँड़ा मोली तथा ढोके भएर घर

रक्षा गरिदिएको प्रमाणस्वरुप हाम्रा उपमा, नेपाली (गोर्खा) को प्रतीक। जहीं पनि नेपाली (गोर्का) हरुको सामाजीक, आर्थिक तथा राजनैतिक अवस्था सन्तोषजनक छैन। यसको मुख्य कारण तिनीहरुमा जातीय उत्तरदायित्वभार, सचेतनाताको नुपस्थितिले नै यसो भएको हो भन्न सकिन्छ। तिनीहरु आत्मसम्मान, देशसेवा र आफ्नो अस्तित्व भनेको के हो? यी कुराहरु बुझ्दैनन्। कविलाई यस घटनाले पनि विचलित नपारेको होइन। उनी नेपाली (गोर्खा) हरुको स्वभावलाई आकाशबेली भन्न मन पराउँछन्। जहीं फेंकिदेऊ त्यहीं त्यो मौलाउन थाल्दछ। त्यसलाई आफ्नोपन र परिस्थितिसित कुनै सरोकार हुँदैन, बस् आफैमा मदमस्त।

'यस मान्छेले<br>
रुखदेखि सागरमाथासम्म चड़िसक्यो<br>
यसले चड्ने अर्को चोटी नै रहेन।<br>
यसले खसीदेखि लिएर मान्छेसम्म छिनाएको छ<br>
पहिलो र दोस्रो विश्व-युद्ध लड़िसकेको छ,<br>
र पनि अझै अरुको लागि युद्ध लड्दैछ।{

कवि नेपाली (गोर्खा) हरुलाई बहादुरको नाम कसरी अस्तित्वमा आयो? बुझाउँदै अन्तमा यसो भन्छन् -

'कान्छा{ र 'बहादुर{<br>
आज पनि हिजो जस्तै लड्दैछ<br>
देश, राष्ट्रियता, अस्तित्व र स्वाभिमानले ....<br>
पेटको ज्वालालाई निभाउन सकेन।<br>
यसैले राष्ट्र भएर पनि राष्ट्यिताविहीन{

कवि के भन्छन् भने देश, अस्तित्व तथा स्वाभिमानको भावनाले मात्र कुनै पनि जातिमा राष्ट्रिया आउने होइन। देश स्वयंले देशवासीलाई गाँस, वास तथा कपासको निम्नतम व्यवस्था मिलाउनै पर्दछ। यति पनि मिलाउन सक्दैन भने के देश, के राष्ट्र? यही कारण देशको आर्थिक अवस्था सर्वोपरि विषय भनिएको हो। जातीयताको नारा हाँक्दैमा देश एकताम आउँछ भन्नु अँध्यारोमा ढुंगा हान्दा चरा मर्छ भन्नु जस्तै हो। नेपाली (गोर्खा) हरु त्यसै विदेशमा कसैको भारी बोक्नु, भाँड़ा मल्नु तथा विदेशको रक्षार्थ युद्ध गर्नु गएका होइनन्। आफ्नो देशमा हात मुख जुटाउन नसकेकै कारणबाट देश छोड्न वाध्य भएका हुन्। नत्र तिनीहरुले पनि देशसेवा र अस्तित्वका कुरा नबुझेको होइनन्।

'कान्छा{ र 'बहादुर{ निश्चय नै आदरार्थी सम्बोधन शब्दहरु होइनन्। साम्ती तथा पूँजीवादी व्यवस्थामा अर्थको समानुपातिक भाग नपरेकै कारण भोकै, नाङ्गै छट्पटिएका अशिक्षित गरीब नागरिकहरुलाई यसरी विदेशिन पर्दा विदेशले तिनीहरुलाई निश्चय पनि आदर पात्र ठान्ने छैनन्। आफ्नै देशमा गरीबहरु कुपोषित मात्र होइन, अवहेलित र निरर्थक छन् भने विदेशले उठाएर सोझै निधारमा राख्ने होइन। आखिर विदेश भनेको विदेशै नै हो। यो सबैले बुझेकै कुरा हो। कुनै पनि देशमा नेपाली (गोर्खा) हरुलाई प्रधान मन्त्री, डाक्टर, इञ्जिनियर, लेखक, बुद्धिजीवी, वकिल भनेर चिन्दो हो भने त्यहाँ यस्ता

अपशब्द 'कान्छा{ र 'बहादुर{ अवश्य पनि सुनिन सक्ने थिएन। यहाँ त आफ्नै देशका सामान्ती तथा पूँजीपतिहरुको विभिन्न जालबाट लघारिएका मानिसहरुको शोषणको कथा हुनाले हामीले युगौंदेखि सहँदै आएको लाञ्छना मात्र हो यो भन्दा हुन्छ।

यही कारण कविले 'ऐठन परेको प्रश्न{ अन्तर्गत निम्नलिखित वाक्य बोलेका छन् -
'मेरो बचाइ सास फेर्नु
खानु, सुलु र नूनको
सोझाको परिधिमा सीमित भएर
चूपचाप र शून्य भएर बाँच्नु!
यही शून्यता नै मेरो हो त!
म पहरेदार ठिकादारको
मालिकको नोकर,
मालिकनीको कान्छा
र महाजनको सुरक्षा गर्ने
बहादुरदेखि लिएर युद्धभूमिको वीरश्र
अनेक नाम र काममा विभाजित
म को हुँ?{

कविता संग्रहको नामाकरण नै 'म को हुँ?{ हुनाले उक्त कविताबाट पनि नेपाली (गोर्खा) संसारलाई म को हुँ? भनेर छातीमा हात राखेर एकपल्ट सोच्न पर्ने दिन आएको र त्यसको प्रत्युत्तरमा म बहादुर हुँ, कान्छा हुँ मात्र नभनेर अन्य केही नै हुँ भन्नसक्ने हुन पर्ने कविले यहाँ आह्वान गरेका छन् भन्न सकिन्छ। मान्छेको जुनी लिएर आएपछि मात्र शून्य र चूपचाप भएर बाँच्नु आफ्नै अस्तित्वलाई नै बिर्सिदिनु हो। यथार्थतः बहादुर र कान्छा सम्बोधनले भारतीय नेपाली (गोर्खा) यहाँ बाँच्नु, जिउँदै मर्नु हो।

वास्तवमा साना ठूला, उँच नीच, श्रमजीवी बुद्धिजीवी सबैको रगत र पसिनाको भरमा देशले सास फेरिरहेको हुन्छ। देश सबैको साझा फूलबारी हो। जसरी एउटा बघैंचामा विभिन्न आकार र रंगमा सबै फूलहरुले बाँच्न पाउँछन् त्यसरी नै देशमा सबैले आफ्ना-आफ्नै सिद्धान्त र विचारमा बाँच्न पाउँछन्। त्यसरी नै देशमा सबैले आफ्ना आफ्नै सिद्धान्त र विचारमा बाँच्न पाउनपर्छ। आफ्नै देशमा बस्ने दाजुभाइहरु विदेशी भई बाँच्नपर्ने यस प्रकारको वातावरण सिर्जना गर्नु विद्वता होइन बरु मूर्खता र नीचता मात्र हो।

कवि प्रजान्त्रवादी छन्। उनी देशवासी सबै स्वतन्त्रता र अधिकारको वकालत गर्न चाहन्छन्। जुन शक्तिले आफ्नै दाजुभाइमाथि अत्याचार थोप्छ, आर्थिक शोषण गर्छ त्यसप्रति कविको विरोध देखिन्छ। यी गरीब शोषत मानिसहरुप्रति उनको ठूलो सहानुभूति रहेको छ। उनी आफ्नो रोष यसरी प्रकट गर्छन् -

'.. यो देश निर्माण गर्दा म फाँसी चढ़ेको थिएँ
र यस देशको निम्ति मरेको थिएँ भने
आज पनि जिउँदै मरेकोले

आफ्नो बारेमा केही थाहा छैन
किन कि मेरो न्वारान गर्ने
अनेक मालिक छन् मेरा।{

‘शहरका मान्छे{ शीर्षक कवितामा शहरको परिस्थिति यस प्रकार देखाइएको छ -
‘खेतबारीमा गोरु जोतेर हैरान
गलेको हली-दाइको जाँगर र पौरख शहरमा हुँदैन
परिश्रमको कमाइ खाएर बाँच्ने
आफ्नै कर्म र इमानमा बाँचेर हाँस्ने
मान्छेहरु पनि हुँदैनन्।{

वास्तवमा गाउँ-बस्तीको जीवनलाई आधार मानेर शहरको तुलनात्मक अभिव्यक्ति हो यो। कवि गाउँ-बस्तीको सीधा औ आफ्नै हातले कमाएर खाने व्यक्तित्वको सराहना गर्न बढ़े झैं देखिन्छ।

उनी फेरि भन्छन् -
‘तर शहरमा
आकाश पनि खुल्ला छैन
धरती त आफ्नो-आफ्नै छ
तर आकाशमा पनि साँध सीमाना
शहरको मान्छेहरुले लाउन थालेका छन्।
- - -
यति ठूलो संसारलाई
आफ्नो पेवा बनाइसके
‘मेरो मात्र{ भन्न थाले!{

गाउँ घरको दृश्यमा सुन्तला, अम्बक, नास्पतीका रुखहरु घरको वरिपरि। स्वच्छ आकाश, पक्षीहरु स्वतन्त्र उड़िरहेका। तलतिर रुखका लहराहरु आकाशतिर उँभै उँभै बढ्न लागेका देखिन्छन् तर शहरको आकाश यस्तो खुल्ला र व्यापक कदापि हुँदैन। अल्गा-अल्गा आलिशान भवनको निर्माणले आकाश प्रायः छोपिएको हुन्छ मानौं शहरका मानिसहरुले आफ्ना-आफ्ना सीमाहरु उचाल्दै आकाशसम्मै पुऱ्याएका छन्। जहीं पनि मेरो, मेरो भन्ने एक प्रकारको लोभयुक्त अधिकार जमाउन त्यहाँ सबै लागिपरेका छन्।

शहर, स्वार्थ र अमानवीय तत्त्वहरुले एक प्रकार दूषित भएरो छ भने अर्कोतिइर प्राकृतिक सौन्दर्य र स्वतन्त्रता भन्ने कुरा गाउँ-बस्तीमै मात्र बाँचेको छन्। कवि स्वयं गाउँमै जन्मी हुर्की गरेका हुनाले शहरप्रति उनमा एक प्रकार वितृष्ण रहेको छ औ गाउँप्रति विशेष झुकाव देखिन्छ। कवि सिद्धिचरण श्रेष्ठले पनि काठमाण्डौं शहरको विषाक्त वातावरणदेखि वाक्क भएर ‘मेरो प्यारो ओखलढुंगा{ कविता रटना गरेका थिए। कवि हृदय भावुक र स्वतन्त्र विचारका हुनाले गाउँको प्राकृतिक सुन्दरता र मुक्त वातावरणको पक्षपाती हुन्छ। अंग्रेजी कवि विलियम वर्ड्सवर्थ, जोहन कीट्स, शेली पनि यही विचारका कविहरु हुन्।

कवि पवन चामलिङ **किरण** स्वभावैले अत्यन्त संवेदनशील व्यक्ति हुन् भन्ने कुरा उनका कविताका पंक्तिहरुबाट थाहा पाउन सकिन्छ। धेरैजसो उनी व्यक्ति व्यक्तिको मानसिकता खोतल्न पुग्छन् औ कहिले अन्य व्यक्तिको मानसिकता बुझ्नलाई म को हुँ? भन्दै आफ्नै अन्तः कारणभित्र सोध्न पुग्छन्। मनोवित्रानमा कसैको मानसिकता तथा व्यक्तित्व बुझ्नलाई दुइवटा बाटाहरु छन्, जस्तै वाह्य दर्शन र दोस्रो अन्तः दर्शन। कुनै पनि व्यक्ति आफू जस्तै हुनाले आफूमा आएका आवेग, संवेग, प्रवृत्ति तथा स्थायी भाव र परिस्थिति विचार गरी अरुमा पनि त्यही कुरा घट्न सक्छन् भनी गरिएको विचारलाई अन्तः दर्शन भनिन्छ। कविले पनि यहाँ यही सिद्धान्तलाई प्रयोग गर्न म को हुँ? भनेर स्वयंलाई प्रश्न गर्दै विभिनृन परिस्थिति विचार गर्न लागेका देखिन्छन्।

उनको विचारमा साहित्य जीवनको लागि हो र यो स्वान्तः सुखाय भएर पनि बहुजन हिताय हुनमा उनी सार्थकता देख्छन्। साहित्य जीवनको लागि भन्नेहरु पहिले पहिले स्थूल तथा मूर्त्तरुपलाई मात्र प्रधानता दिने गर्थे। जीवन जसरी जल्नसक्छ त्यही व्यावहारिक कुरामाथि आधारित यस प्रकारको साहित्य डाँड़ा-काँड़ा, पहाड़ पर्वत तथा खोला-नाला नभएको एक प्रकार मैदान मात्र भएको सोझो, झर्कोलाग्दो जीवन हुने हुनाले धेरैले यसको विरोध गरेका थिए। जीवन भन्ने विषय सोझो, तथा सोतो मात्र कहाँ छ र? जीवन स्वयं एउटा गम्भीर विषय हो। गाँस, वास, कपासको प्रबन्ध भएपछि मानिस हाँस्न चाहन्छ, जरा-मृत्यु, रोग, शोक तथा गरीबी विषय एकैपल्ट भए पनि बुझ्न चाहन्छ। दुःख को हो? सुख के हो? यसको गम्भीरता के हो? किन दुःख पर्दा मानिस भगवान सम्झन्छ, सुखमा स्वयं पुलकित भई किन नाच्न चाहन्छ? यी सबै जीवनभित्रै समाहित छन्। जीवनले मूर्त्तरुपलाई छाम्न सक्छ तर अमूर्त्तरुप माया, प्रेम, सहानुभूति तथा मानवीय गुणहरु अनुभव गर्छ तर छाम्न सक्दैन। यही छाम्न नसक्ने मानवीयता बिना जीवन जिउन गाह्रो हुन्छ। जीवनलाई बारम्बार तथा क्षण क्षण स्पर्श गर्ने विषयहरुमाथि नै साहित्य रचना हुने हुनाले र जीवन स्वयं एक कला हुनाले आज साहित्य जीवनको लागि भनेर कसैले भन्दा यो कलाविहीन भन्न कदापि मिल्दैन। ‘माया{ नामक कवितामा कविले यस प्रकार आफ्नो सीप पुऱ्याएका छन् -

‘तिमी त वैंशालु र तरुणी बनेकी छौ
सबैले पाउने कोशिष गर्छन् तिमीलाई
तर तिमी कसैको पेवा भइनौ।
बरु तिमी बिना कोही नबाँच्ने
र सृष्टिमा हेवा र आदम पनि तिम्रै
रुपमा अंश थिए,
हीर-राँझा, शाहजहाँ र मूमताज पनि
तिम्रै प्रतिरुप हुन्{

माया बिना यो जीवनको अस्तित्व मरुभूमितुल्य हुन्छ, विश्वको अस्तित्व नै नाशभएर जान सक्ने सम्भावना रहन्छ। बाइबलमा वर्णित सृष्टिका आदि मानवहरु आदम र हेवा समेत मायामै बाँधिएका थिए र मानव जातिको प्रारम्भ यस प्रकार सम्भव हुन सक्यो। इतिहासका पातामा वर्णित शाहजहाँ र मुमताजको माया प्रसिद्ध छ। ताजमहल तिनिहरुकै मायाको प्रतीक हो र आज यो विश्वप्रसिद्ध भएको छ। तर जसरी प्रकृतिमा आकर्षणको महत्त्व छ त्यसरी नै विकर्षणको महत्त्व पनि त्यतिकै छ। त्यस्तै प्रकारले माााछ नै

घृणा नि छ। घृणाबिना मााको अस्तित्व रहँदैन। ब्रह्माण्डमा आर्कषण र विकर्षणको महत्त्व पनी त्यतिकै छ। त्यस्तै प्रकारले माया छ र नै घृणा पनि छ। घृणाबिना मायाको अस्तित्व रहँदैन। ब्रह्माण्डमा आकर्षण र विकर्षण दुवैको अस्तित्वबाट प्रकृति सन्तुलनमा रहे जस्तै जीवन माया र घृणाको सन्तुलित रुप हो। माया देख्न, छुन सक्ने वस्तु होइन, भोग्ने वस्तु हो। अनुभव गरिन्छ तर यसको आकार अज्जाम गर्न सकिन्न। वर्णन गर्न सकिन्छ तर सोझा रेखा तथा वृत्तहरुमा कोर्न गाह्रो हुन्छ।

'तिमई सबैमा व्याप्त छौ र पनि
तिमीलाई सबैले खोज्दैछन्
तिम्रो प्राप्तिको लागि सबै प्यासी छन्
माया!
तिम कहाँ छौं?{

कविलाई लाग्छ, माया बिनाको संसार अति नीरस र विकट हुन्छ। थोरै माया मात्र भएको भए पनि विश्वमा आज यस्तो दुर्व्यवहार, भ्रष्टाचार, युद्ध हुन सक्ने थिएन। यसर्थ कवि यहाँ मायाले व्याप्त संसारको कामना राख्दछन् जसमा मान्छे मान्छे बीच सद्भावना तथा सद्विचार रहन सक्नेथ्यो तब विश्व नै शान्तिकै प्रतीक बन्न सम्भव हुन्थ्यो।

अर्को कवि **किरण** ले प्रतीकवादी कविता रचना गर्न पनि धेरै सीप पुऱ्याएको देखिन्छ। 'घोड़ा बोल्दैन{ शीर्षक कविता यही श्रेणीमा पर्दछ -

'आजकल पहिला झैं त्यो घोड़ाले
दाना-पानी र घाँस पाउ छोड़ेको छ
र त्यो घोड़ा विचर!
धेरै कमजोर पनि हुँदै गइरहेछ।
किनकि घोड़ाको दाना र घाँस
घोड़ाको अस्तवलमा काम गर्ने
गोठाला र सइसले खान थालेका छन्
र घोड़ाले पेटभरि खान पाएको छैन।{

साधारणतः घोड़ा शब्द गति, यौन तथा बलको रुपमा प्रयोग हुँदै आए पनि गोड़ा यहाँ साधारण जनताको प्रतीक भएको छ औ अर्कोतिर गोठाला र सइस भन्न भन्नाले कर्मचारी एवं पदासीन व्यक्तिहरु बुझिने हुनाले यस पदबाट के बुझिन्छ भने साधारण जनताका निम्ति छुट्ट्याएको बजेट जनसाधारममा पुग्नभन्दा अघिबाटै ओहोदाका मानिसहरुले खाइसकेको हुन्छ। जनता गरीबीमा धकेलिएको मुख्य कारण यही हो, कवि भन्छन्।

कवि फेरि भन्छन् -
'घोड़ालाई थाहा छैन
घोड़ा बोल्न सक्दैन।
उनका सइस र गोठाला

साह्रै अल्छे र वदमाश छन्।{

फेरि अर्को पद -
'आजकल घोड़ाले खान र स्याहार नपाएर
मालिकलाई बोकेर हिँड्न नसक्ने
अशक्त भएको छ,
साह्रै कमजोर भइसकेको छ
तर पनि मालिकलाई बोक्नै पर्छ
त्यहीमाथि मालिक पहिलाभन्दा
साह्रै गह्रौं भइसकेको छ
के भएर मालिक यति साह्रो मोटायो
घोड़ालाई थाहा छैन।
-        -        -
किनकि घोड़ा बोल्दैन
कुनै प्रकारको प्रतिक्रिया जनाउँदैन
किनभने घोड़ा बोल्न सक्दैन।{

घोड़ा बोल्दैन किन भने त्यहाँको परिस्थिति नै बोल्न नसक्ने भएको छ। मालिक मोटाएको विशेष कारण नै यही हो। साधारण दृष्टिमा प्रजातन्त्र भनेको नै स्वत्रता र अधिकार हो। तर यहाँ प्रजातन्त्रके गला निमोठिएो छ त्यही कारण जनता मात्र घोड़ा एक मूक् पशु भए को छ।

यथार्थमा यो कविता प्रगतिवादी धाराको एउटा ज्वलन्त उदाहरण भएको छ। भारतमा सन् १९३० को दशकतिर अंग्रेजको राजत्वकाल जमीनदारी प्रथा सुदृढ़ थियो, व्यापार धन्धा तथा उद्योगको अर्थ देशको आर्थि अवस्था सुधार्नभन्दा तिनीहरुको आफ्नौ हितार्थ र स्वार्थको लागि भएको थियो। देश अंग्रेजहरुको शोषणबाट जर्जलित थियो। फलस्वरुप, देश स्वतन्त्रताको निम्ति यहाँ आन्दोलन छेंड़ियो। कति देश निर्माणका निम्ति सन १९१७ मा रुसको जार विरुद्ध लड़िएको साम्यवादी आन्दोलनलाई अघि सारे। पूँजीपति, सामन्तीहरु विरुद्ध क्षोभ, आक्रोश माध्यम सर्वहारावर्गद्वारा देशव्याप क्रान्ति गरेर नै शोषण, दमन र अत्याचार समाप्त गर्ने अभियानबाट प्रगतिवादी साहित्य यहाँ प्रमोप्रथम प्रकाशमा आयो। भारतमा हजारौं, लाखौं लेखक, कविहरुले स्वच्छन्दतावादी जस्तो व्यक्तिवादी धारा छोड़ी प्रगतिवादी अर्थात् समाजवादी धारा अपनाए। तिनीहरु समाजमा हर तरहले प्रगति गर्ने हेतु साहित्यलाई उपयोगी बनाउन चाहन्थे। यही काल, कला-कलाको लागि भन्ने विषय परित्याग गरी 'कला जीवनको लागि{ भन्ने कुराको सदियौं पुरानो परिभाषा अर्के भए पनि वास्तवमा यो सीमित परिभाषा त्यस बेलाको माग थियो। साहित्यको अर्थ तिनीहरुले यी सर्वहाराहरुलाई उठाउने हर प्रकारले प्यास गर्नु, चेतना जगाउनु मात्र थियो। यही कारण साहित्यको भाषा अति सरल, सोझो र सुबोध हुनपर्छ तिनीहरुले भनेको थिए। स्वप्नलोक विचरण, विलासिता, आदर्शवादिता, धर्मान्धिता तथा रुढ़ीगत अन्धविश्वास हटाई साधारण जनतालाई आफ्नो जटिल राजनैतिक परिस्थितिबाट कसरी मुक्ति दिलाउन सकिन्छ? त्यही विषय त्यस बेलाको प्रगतिवादी साहित्यको मुख्य उद्देश्य थियो। तर त्यस बेला कति साहित्यकारहरुले भने यस प्रकारको साहित्यलाई कार्ल मार्क्स र रुसप्रतिको भक्ति नामाकरण गरेका थिए। जे भए पनि यस धाराको साहित्यले

भारतबाट विदेशी शासन हटाउन जुन सहयोग पुऱ्यायो त्यो सराहनीय रहेको छ। तथापि त्यस बेला प्रगतिवादलाई जुन प्रकारले परिभाषित गरिएको थियो, भारतको स्वतन्त्रतापश्चात् धेरै परिवर्तन आएको छ। प्रगतिवाद आज आफ्नै परिभाषा अनुरूप कलात्मक अंगाल्न आइपुगी साहित्यिक विभिन्न प्रयोगहरुसित समय सापेक्ष मात्र होइन कुनै कुनै रुपमा मार्गदर्शक समेत बन्न गएको देखिन्छ। यसको ज्वलन्त उदाहरण समसामयिक नेपाली प्रगतिवादी हेर्दा हुन्छ। यस प्रकारको साहित्य साँचो अर्थमा भन्नु हो भने आज कलात्मक भएको छ, प्रतीक र बिम्बहरुको प्रयोगले कविता धेरै रहरलाग्दो भएको छ।

कवि पवन चामलिङ **किरण** बाल्यावस्थादेखि नै सिक्किमको त्यो सामन्तीवादी व्यवस्थाले गर्दा सिलौटोमा लोहोरोले पिसे झैं नराम्री पिसिएका मानिस हुन्। साँचो प्रजातन्त्रको पक्षधर उनी जति जति व्यवस्थासित परिचय साट्दै गए उति उति उनको चेतनाले प्रगतिशीलता अपनायो। यही कुरा 'प्रारम्भिक कविताहरु{ देखि 'म को हुँ?{ साहित्यिक यात्रा अन्तर्गत देख्न सकिन्छ।

कवि **किरण** अत्यन्त सरल, हँसिलो, मिजासिलो, मिलनसार व्यक्ति हुन्। उनी जहीं पनि बोल्न थालेपछि मानिसको हक र हितको सन्दर्भमा अत्यन्त भावुक र संवेदनशील बन्छन्। त्यसबेला उनको भाषा स्वयमेव कवितात्मक बन्छ र भाव अबाधरुपमा अघि बढ्छ। उनीसित साक्षात्कार गर्ने जुनै व्यक्तिले पनि यो कुरा अवश्य अनुभव गर्छ।

एकदिन प्रगतिवादी लेखिका पारिजातलाई साहित्य र राजनीतिको सम्बन्ध विषय सोध्दा उनले यसरी उत्तर दिएको थिइन् - 'साहित्य समाजको दर्पण हो, त्यसैले साहित्य राजनीतिप्रति प्रतिबद्ध हुनपर्छ। साहित्यमा राजनीति आउँदैन भन्नु चाहिँ आडम्बर हो तर साहित्य राजनैतिक दस्ताबेज होइन। फेरि भूमिका चाहिं दुवैको अलग अलग छ।{

साँचो अर्थमा भन्नु हो भने कवि जुन सत्यलाई बोध गरी सहजानुभावमा बग्न चाहन्छ आखिर त्यही हो कविता। त्यहाँ राजनीति तथा अराजनीतिको प्रश्नै आउँदैन। साहित्यमा राजनीतिलाई कदापि पन्साउन सकिन्न तर यति हो कविता राजनीति नभई कविताभित्रै सीमित रहनपर्छ न त कविता आडम्बर नै हो।

कवि **किरण** ले घोड़ा बोल्दैन शीर्षक कवितामा गोड़ा बोल्न नसकेको देखाएका छन्। साधारण हिसाबले हेर्नु हो भने घोड़ा मानछे जस्तो बोल्न त कहाँ सक्ला र? तर यहाँ घोड़ाको स्वाभाविकता जुन छ त्यो पनि यहाँ हराउन लागेको विषय उनी पाठकको ध्यान आकर्षण गर्न चाहन्छन्। कुरा यति मात्र होइन घोड़ा साधारण जनताको प्रतीकको रुपमा लक्ष्यार्थ रहनाले तयस सम्प्रेषणात्मक ध्वनिमा अत्यन्त व्यंग्यार्थ रहको छ। यहाँ कविताको मूल सत्य राजनीति नै किन नहोस् तर उक्त विष्यलाई अभिव्यञ्जना हुने गरी पाठकलाई पस्किदिएपछि यसको श्रेष्ठताप्रति गौर भएको छ। त्यस सत्यलाई अभिधात्मक रुपमा भनिएको भए सम्भवतः त्यो कविता हुन असम्भव नै हुन् जान्थ्यो।

यसरी नै कविले कुलैन बगानमा जीविकोपार्जन गर्ने गरीब मजदूर तथा ब्रह्मपुत्र छेउछाउ गोठ पालेर बस्ने नेपाली (गोर्खा) हरुको राजनैतिकतालाई पनि सफलतापूर्वक कवितामा राखेका छन्। उनका

कविताको मुख्य सत्याभास नै सामाजिक व्यवहार, तनाव र मनोवृत्ति देखिन्छ। व्यक्ति र समाज बीचको सम्बन्धमा यहाँ धेरै प्रश्नहरु छन्। त्यसै कारण उनी आफूलाई ‘म को हुँ?{ सोध्छन्।

सन् १९८४ देखि भने कवि सिक्किमको राजनीतिमा चुर्लुम्म डुबिसकेको देखिन्छ। त्यही कारण उनले कविता थोरै मात्र लेख्न सकेका हुन्। यही समय दक्षिण सिक्किम, नाम्ची (दामथाङ) समष्टिबाट एक उम्मेद्वारको रुपमा भोटमा उठी विधायक बन्न सफल भई पाँच वर्षपश्चात् फेरि मन्त्री पदमा पुगेका कविलाई सन् १९९२ मा आफ्नै राजनैतिक दलभित्र खटपट पर्न जाँदा उक्त अभिभारा बिसाउन करै लाग्यो। घटना १६ मई १९९२ को ६ बजी राति घटेको थियो। यसैलाई आधार बनाई प्रतिक्रियावश उनमा यो ‘आत्मस्वीकृति{ अभिव्यक्ति जन्म्यो -

‘दुइजना दूतहरुले
स्वतन्त्रताको घोषणा-पत्र मेरो
सुनको पिञ्जरादेखि मुक्त भएको तोकले
मलाई अत्यन्त हल्का र सञ्चो पार्‍यो{

उनी भन्दै जान्छन् -
‘अब मैले पिँजराका ती मैना र सुगा जस्तो
‘सीताराम सीताराम{ भनिरहनु परेन
कसैले खटनमा दिएको चारो खाएर
बन्दी जिन्दगी नै मैले बाँच्न परेन।
अब म ‘म{ मात्र छु।
पिँजराबाट मुक्ति पाएको चरा जस्तै -
उन्मुक्त गीतले उड्न सक्छु{

यसबाट कविको विद्यमान व्यवस्थासित अघिबाटै कुनै आस्था नभएको र पिँजराको सुगा जस्तो उनी स्वयंले अनुभव गर्दै आइरहेको कुरा यहाँ स्पष्ट हुन्छ। देशको जनताबाट न्यायोचित मतदान प्राप्त गरिसकेपछि ज-ओ कोही मानिस देशको लागि नेता कहलाउँछ अर्थात् देशलाई नेतृत्व दिने एउटा अभिभारा प्राप्त गर्छ। यसरी देशको लागि उत्तरदायित्व वहन गर्दा उनी कार्यपालिकाको कार्य अन्तर्गत आफ्नो विभाग विषय योजना तयार पार्नु, त्यस विषय नीति निर्धारण गर्नु, विशेषज्ञको रुपमा कार्य सम्पादन एवं नियन्त्रण गर्नु औ आफ्नो तथा सामुदायिक (दलगत) आदर्श निर्माण गर्नु इत्यादि कर्त्तव्यहरु क्रमैसित पालन गर्नपर्ने हुन्छ। विशेष गरी यही आदर्श निर्माण अन्तर्गत नै देशका विभिन्न दलका प्रतिनिधिको त के कुरा आफ्नै समुहका प्रतिनिधिहरु बीच पनि संघर्ष हुनु स्वाभाविकै हो। त्यसरी नै कार्य सम्पादनमा कोही उदार, कोही अनुदार स्वभावको हुनाले एउटै लक्ष्य लिएर हिँडेकाहरु बीच मनोमालिन्य बढ्न सक्छ भने सबैको उद्धार गरुँ, जन-कल्याण गरुँ भन्ने कवि हृदयमाथि मन्त्री पद छोड्न पर्ने एक प्रकारको वज्रपातले उनी विचलित हुन्छन् तथापि राजनीतिमा कहिले कहीं यस प्रकारको अविश्वास, लाञ्छना आउनु स्वाभाविक हो भन्ने कुरा स्वीकार गर्छन्।

समाज मनोविज्ञानले यस्तो जटिल परिस्थितिमा नेतृत्व सम्बन्धी दुइ प्रकारका सिद्धान्त प्रादुर्भाव हुने बताएको छ, जस्तै - व्यक्ति सिद्धान्त तथा समय सिद्धान्त। दोस्रो शब्दमा यसलाई व्यक्तित्वप्रधान र समयप्रधान नेतृत्व भन्दा हुन्छ। व्यक्तिमा विलक्षण गुण विद्यमान रहे, यस प्रकारको जटिल परिस्थितिमा व्यक्तिमा अझ बढ़ी नेतृत्वको विकास हुन्छ। यसलाई व्यक्ति सिद्धान्त भनिन्छ। अर्कोतिर समय अनुकूलताले गर्दा आकस्मिकरुपमा कुनै व्यक्ति सहजै बढ़ी नै प्रभावकारी बन्छ। पहिलो अवस्थामा महात्मा गान्धीलाई लिन सकिन्छ भने दोस्रो अवस्थामा लेनिन तथा चर्चितलाई लिन सकिन्छ।

वास्तवमा भन्नु ने हो भने परिस्थितिजन्य भन्दा विशिष्ट योग्यताले नै विशेष परिस्थितिलाई नेतृत्व दिनसक्ने कुरामा कसैको द्विमत हुने छैन। इतिहासले लेनिन, चर्चित, आइजन हावर आदि व्यक्तिहरुलाई विलक्षण प्रतिभाका धनी होइनन्, भन्न सकेको छैन। कवि पवन चामलिङ **किरण** ले पनि त्यस्तो प्रतिकूल परिस्थितिबाट फाइदा उठाई आफूलाई त्यसै माथि उठाएको होइनन्। उनी प्रतिभाका धनी हुन्।

यद्यपि यहाँ उक्त कविताको रचना तत्क्षणात् संवेगात्मकरुपमा गरिएको हुनाले उनको त्यो समवेदनशीलताबाट त्यस व्यवस्थाको विरोधमा उठेका सम्भावनाहरु यहाँ प्रशस्त देखिएका छन् -

‘टिस्टाको पानी धमिलो बग्दैछ भन्न सक्छु!  
रंगीतको पानी कहाँ उकालो बग्दैछ?  
प्रतिवाद गर्न सक्छु!  
कालोलाई सेतो अनि  
पत्थर र फूल के हो?  
छुट्ट्याउन सक्छु।{

उनी अझ विरोध जनाउँछन् -  
‘मान्छेलाई मान्छेले बली चढ़ाएको देखेर  
बुद्ध रुँदै होलान्!  
यीशु मुर्छा परेका होलान्!  
सृष्टिकर्ता स्वयं पश्चाताप गर्दै होलान्!  
- - -  
साह्रै निष्पट्ट भइसक्यो!  
कत्ति साँघुरो भइसक्यो  
मान्छेको मनको बाटो!{

परिस्थिति स्वयं निमोठिर ईश्वर पनि रुने आवस्थामा दलगत अनुशासनले गर्दा उज्यालोलाई अन्धकारले छोपेर बलात्कारले लुकाएको कुरा कविले त्यसभन्दा अघि सार्वजनिक गर्न सकेका थिएनन्। पानीको बहाव ओह्रालो हुनपर्ने तर त्यहाँ प्रायः उकालो लागेको हुनाले कालोलाई कालै हो भन्नसक्ने अवस्था अब आएको उनी यहाँ अनुभव गर्छन्। वास्तवमा भन्नु हो भने यस्तै दुराचारिता देखेर नै उनी क्षुब्ध भएका र विरोध गर्न लागेका हुनाले त्यहाँ एक प्रकारको तनाव सृष्टि भएको थियो।

यस प्रकारको तनावको स्थितिको मुख्य कारण आफ्नै प्रकारको इच्छा, आवश्यकता, विश्वास तथा स्वार्थ मनोवृत्तिले मुख्य भूमिका खेलेका हुन्छन्। देश सेवा तत्परतामा एउटै लक्ष्य लिएर हिँड़िरहेको बेला सँगैका साथी हठात् आफ्नै स्वार्थमा दिशा परिवर्तन गर्न थाले त्यहाँ तनाव सिर्जना हुने नै भयो। कविले यहां ‘साह्रै निभ्रष्ट भइसक्यो, मान्छेको मनको बाटो कत्ति साँघुरो भइसक्यो{ इत्यादि भनेर तनावको मुख्य कारण बताएका छन् मात्र होइन उनले आफ्नो कुण्ठा व्यक्त गरेका छन्, मानौं उनको अनतरात्मा अहिले डढ़ेलो लागे झैं भएको छ -

‘विचारले, मनले, सिद्धान्तले, नीतिले
नैतिकताले, मानवताले
र तिम्रो मुक्तिको लागि अब म लड्न सक्छु!
मेरो जन्मभूमिको लागि
अब म निर्धक्क
मरिदिन, उत्सर्गित भइदिन सक्छु।{

प्रारम्भ उनी एक्लो झैं देखिए पनि उनको जन कल्याणकारी विचारले शनैः शनैः स्वीकृति प्राप्त गर्दै लग्यो। विधान सभा सत्रमा पनि दिउँसै बत्ती बाली नागरिकहरुको मौलिक अधिकाहरु कसैको खल्तीमा छ कि? उनी खोज्न थाले। त्यसताक उनीसित सम्पर्क राख्न, बोल्न पनि व्यवस्थाले रोक लाएको र घरि घरि सरकारी आदेश जारी गरी उनको घरमा हतियारहरु राखिएको बहानामा बारम्बार खुल्दुली गरेको खबर कागजहरुमा प्रकाशमा आए। यति मात्र होइन आफ्ना राजनैतिक दलका सदस्यहरुले बिना कारण जेलको हावा खान परेको बेला उनले आफ्नो राजनैतिक सिद्धान्तलाई जिउँदो राख्न अन्तमा भूमिगत हुनपर्‍यो। संघर्षरत् ती राजनैतिक साथीहरुले पनि जेलमै व्यवस्थाको कानको जाली फुटाउने गरी नारा लाउँदै दिन-रात क्रान्ति जारी राखे। यसरी यस कविता भावलाई अक्षरसः त्यहाँ पालन गरियो।

उक्त कविताको रचनाकालको स्थितिलाई उनले ‘बुद्ध रुँदै होलान्, यीशु मुर्छा परेको{ इत्यादि प्रकारले देखाएका छन्। हो, प्रजातन्त्रमा सबैले आफ्नो विचार व्यक्त गर्न, राजनैतिक दल खड़ा गरेर आफ्नो सिद्धान्त प्रस्तुत गर्न पाउँछन्। यति मात्र होइन शान्तिसित धरना दिन, हड़ताल माध्यम सरकारको ध्यान आकर्षण गर्न सक्छन्। तर शान्तिसित नारा लाउँदै आएको जुलूस तथा व्यवस्थाको ध्यान आकर्षण गर्न आएका मानिसहरुमाथि जोर जुलूस भए, त्यस स्थितिमा निश्चय पनि जनसमुदायको मन मस्तिष्क अनुशासित हुन्छ भन्न सकिन्न। त्यसो त कोही मानिस अथवा सीधा सोझो जनता क्रान्तिमा भाग लिन सित्थ्यैं आएका हुँदैनन्। वास्तवमा तिनीहरु आफ्ना हक र हितको पुकारका निम्ति नै बाध्य भएर त्यहाँ आएका हुन्छन्।

देशका जनता जब एक ठाउँमा एउटै लक्ष्य लिएर धेरै संख्यामा जम्मा भएका हुन्छन् र क्रियाशील रहन्छन्, त्यस अवस्थालाई मनोविज्ञानले भीड़ भन्ने गरेको छ। भीड़लाई कुनै वाह्य शक्तिद्वारा आफ्नो लक्ष्यबाट विचलित गराउने कसैले किञ्चित पनि प्रयास गर्‍यो भने त्यसको प्रतिफल अवश्य पनि स्वस्थकर हुने छैन। किनभने भीड़ जब क्रियाशील हुन्छ त्यसमा यति शक्ति रहन्छ, त्यो कुनै पनि व्यवस्थालाई सजिलै परिवर्तन गर्न सक्षम हुन्छ। सिक्किममा यस्तो राजनैतिक भीड़ लक्ष्य गरी कसैलाई जेलतिर लगिएको त्यो पहिलो घटना थियो। अर्कोतिर अन्य सबैतिरबाट सहानुभूति प्राप्त गर्ने काम पनि यसैबाट सम्भव भयो।

फलस्वरुप कविको प्रगतिशील गरीबवादी राजनैतिक सिद्धान्तले शीघ्रतिशिघ्र सबैबाट स्वीकृति पायो र चाँडै उनी मतदानद्वारा राज्यको मुख्य मन्त्री पदमा आसीन हुन पुगे।

जहाँसम्म उक्त कविताको सम्बन्ध छ, यसले त्यस बेला राजनीति नै ओकलेको भए पनि यसको साहित्यगत विशेषतालाई ध्यानमा राख्दा साधारणतः यसले स्वार्थ, अन्याय र शोषणको विरोध गरेको छ, तर दलगत राजनीति ओकलेर स्थितिमा असन्तुलन ल्याएको देखिन्न। उनले अन्तमा कवितामा व्यक्त गरेका कुरा जन्मभूमिको लागि निर्धक्कसित सेवा पुऱ्याउने औ उत्सर्गीत भइदिने यस कुराले जस्तै आपद-विपद आए पनि त्यसको विरोध गर्दै देशप्रति प्रतिवद्धतामा उनी रहने विचारको पनि त्यहाँ संकेत पाइन्छ। यद्यपि कविले यसपछि आफ्नो व्यस्तताले गर्दा एक दशक अवधिभित्र यदाकदा मात्र कविता रचना गरेको देखिन्छ। यसको अर्थ उनले त्यसपछि नेपाली साहित्यमा थप सहयोग पुऱ्याएनन् भन्ने होइन बरु मुख्य मन्त्रीको गह्रौं उत्तरदायित्वबाट सम्पादन, व्यवस्थापन तथा संयोजनात्मक विषयहरुमा चासो लिई विभिन्न प्रकारले आफ्नो साहित्यिक प्रतिभाको परिचय दिई सहयोग पुऱ्याएको र सिक्किम राज्यमा नेपाली भाषा अनिवार्य बनाएको, यहाँ कदापि भुल्न सकिन्न।

यस कवितामा कविको विलक्षणता झल्कन्छ। मन्त्रिपद जस्तो गरिमामय ओहोदा हातबाट खुस्कँदा पनि तिल जस्तो नमानी कवितामा भाव व्यक्त गरेर स्वयंलाई देश जातिको निम्ति न्योछावर गर्ने उनको संकल्पलाई बुझ्दा कविताप्रति कवि **किरण** को कुन आस्था र विश्वास रहेछ सो सजिलै जान्न सकिन्छ। कविता नै उनको आराध्य औ कविता नै आत्मीय। उनी आक्रोश पोख्छन् कवितामै, यौनित मनोविकारको उद्‌गार पनि कवितामै व्यक्त गर्छन्।

देशका जुम्सो, लाछी युवाप्रति व्यंग्य गर्दै 'वीर्य-दान{ कवितामा उनी यसो भन्छन्-

'हस्त मैथुन गरेर
नपंषक भइसकेको पुरुष पनि
वेश्याको कोठामा मरद भएर जान्छ
अनि पानी जस्तो पातलो वीर्यपात गर्छ।
यस्ताको वीर्यबाट
गर्भाधान भएको छोरोबाट
म के आशा गरुँ, भोलिबाट{

जुन कुरा सुन्दर छैन अथवा जसले कार्य व्यापार मात्र निर्देश गर्छ, त्यो अवश्य पनि कला हुँदैन। साहित्य सत्यं, शिवं र सुन्दरम्‌को प्रत्यक्षीकरण। अश्लील भाव, शब्द साहित्यमा मिलान हुनै नसक्ने सबै आलोचकहरुले नरुचाएको विषय। साहित्यको आफ्नै शैलीगत गरिमा, भव्यता तथा रमणीयता तथा सिद्धान्तको धरोहरलाई विश्वयुद्धले अनपेक्षितरुपमा भष्मिभूत पारेपछि यथार्थवाद, फ्रायडको यौन कुण्ठायुक्त अचेतन मन, हिगेलको द्वन्द्ववादी चिन्तन, मार्क्सको अर्थ-व्यवस्थामा आएको वितृष्णा तथा अवधारणाबाट मानव समाजमा व्याप्त अतियतार्थवादी नग्न पाशविकता, यौन विकृतता तथा अवांछित चित्र साहित्यमा शनैः शनैः प्रयोग हुन आए। यसलाई प्रारम्भमा प्रगतिवादकै कारण स्वीकार गरिए तापनि पछि गएर यो अतियथार्थवादमा परिणत भई कहीं स्वदेशप्रेम धारामा प्रवाहित भएको देखिन्छ भने यही

अतियथार्थवादी वैयक्तिक स्वच्छन्दताको विरोधमा नै पछि अस्तित्ववादको जन्म भएको देखिन्छ। जर्मन दार्शनिक फ्रेडरिक नीत्से तत्कालीन परम्परावादी सामाजिक धारणा तथा नैतिकताको घोर विरोधी थिए। उनले त्यस बेलासम्मका नैतिक मान्यतालाई निरर्थक स्वीकार गरेका थिए। यस कुराको विचार अघिल्लो पृष्ठमा गरिसकिएको छ।

डारवीनको विकासवादले धार्मिक मान्यतालाई त्यसबेला मानौं निर्मुल नै पार्‍यो। फ्रायडको अतृप्त काम वासनायुक्त अचेतन मन सिद्धान्तले व्यक्तिले जति नै शिष्ट र सभ्य व्यवहार देखाए पनि व्यक्तिभित्रको अचेतन मनमा रहेको कामुकता, नग्नता तथा विरोधीभावको दमनचक्रमा कुनै क्षण अथवा कुनै दिन शिथिलता आई व्यक्ति भित्रभित्रै भ्रष्टाचारी, दुराचारी बन्ने प्रवृत्ति औ त्यसरी नै मार्क्सको भौतिक द्वन्द्ववादबाट जन्मने मनोवैज्ञानिक धारणा इत्यादि कारणहरुए अघिबाट समाजमा देखिएका ती परम्परावादी आदर्शमा ठूलो परिवर्तन आयो। कविहरुले यही कारण यथार्थ कुरा जे हो अस्तित्वको प्रश्नमा स्वच्छन्दतापूर्वक लेख्ने जमर्को गरे। कवि **किरण** पनि यस कुरामा पछि देखिन्न। उनी त्यही कविता अन्तर्गत फेरि लेख्छन् -

'वेश्यावृत्ति गरेर
किंवा
वासनाको उन्मादलाई रोक्न नसक्ने
अनुशासनहीन
संयमहीन
चरित्रहीन
नारीबाट पनि
स्वच्छ र निरोग
युग-पुरुषको जन्म हुन्छ कसरी भन्नु!

समाज तथा देशको निर्माणमा युवक युवतीहरुको महत्त्वपूर्ण हात रहेको हुनपर्छ भन्ने कविको धारणा छ। देशका छोरा-छोरी शारीरिक, मानसिक, बौद्धिक तथा चरित्रले स्वस्थ हुनपर्छ तब मात्र तिनीहरुको त्याग, सेवा र बलिदानले देश प्रगतिपथमा अघि बढ्न सक्छ। यस्ता सशक्त युवाहरुबाटै योग्य सन्तानको आशा राख्न सकिन्छ र युगौंयुग समाज, देशले शान्तिको सास फेर्न पाउँछ। आधुनिक युग वैज्ञानिक परमाणु युग हो। यहाँ जहिले पनि हाम्रो अस्तित्वले प्रश्न गर्ने गरेको बेला भावी पीढ़ीको चिन्ता हुनु स्वाभाविकै हो।

कविको उद्‌गार अश्लील लागे तापनि समाज देशको चिन्ताले नै उनले यहाँ सोझै व्यक्त गर्ने प्रयास गरेका हुन्। यसो भनौं, आज अन्य भाषा-साहित्यमा प्रचलित यस प्रकारको प्रयोगलाई नेपालीमा पनि रुपान्तरित गर्न उनले जमर्को गरेका। जे होस्, यस प्रकारको प्रयोगलाई धेरैले विरोध गर्लान् हो तर प्रगतिवादी धाराका अग्रज कविद्वय गोपालप्रसाद रिमाल तथा पारिजातले पनि यस प्रकारको प्रयोग नगरेका होइनन्। फ्रायडवादी विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना कृतिहरुमा यौनकै विवेचना गरे पनि उनको प्रयोग कलात्मक मानिन्छ। सबै कवि, साहित्यकार, उपन्यासकार - कोइरालाकै अनुयायी बन्न पर्छ भन्ने छैन। यो सत्य हो।

कवि पवन चामलिङ **किरण** लिखित आफ्ना कृतिहरुमा उनको आफ्नै प्रकारको साहित्यिक व्यक्तित्व प्रच्छन्न रहेको छ। यहाँसम्मको कविता यात्रामा आइपुग्दा नेपाली साहित्यमा देखा परेको उनको सग्लो आकृति यथार्थको धेरै नजिक, गतिशील तथा समय सापेक्ष स्पष्टवक्ताको रुपमा झलक्क देखिन्छ भने उनको शब्दावली सहज, सरल भए पनि आफ्नो योग्यतामा व्यापकता अंगाल्न सक्षम देखिन्छ। त्यसरी नै उनको भावभूममा विशेष गरी सिक्किम देशको माटाको गन्ध आए पनि बाध्यतामा बाँच्नेहरुको निम्ति आस्थ, विश्वास प्रदान गर्न समर्पित देखिन्छ। शैली विषयलाई लिएर हेर्दा उनको साहित्यिक यात्रा ‘म को हुँ?{ - मा आइपुग्दा केही परिपक्व देखिन्छ। उनका प्रतीक र बिम्ब अति सहजरुपमा कविताको भावमा कलात्मकरुपले टम्म मिल्न आएका छन्।

कवि पवन चामलिङ ‘किरण{ का गीतहरु

कवि पवन चामलिङ **किरण** कविता रचनाद्वारा मात्र होइन आफ्ना गीतद्वारा पनि नेपाली साहित्यमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छन्। जुनै पनि कवि समाजमा स्थापित भएपछि उनीकहाँ संगीतकार तथा गायक गायिकाहरु गीत लेखिमाग्न धुइरो लाग्छन्। प्रतियोगिताको युगमा यसो हुनु स्वाभाविकै पनि हो।

हुन पनि प्रकृतिमा गीतको महत्त्व अर्कै छ। भर्खर जन्मेको बालकमा इन्द्रियहरुको विकास हुँदै जाँदा सर्वप्रथम आफ्नी आमाको ममतामय थपथपाइ र लोरही-गीत सँगसँगै प्राकृतिक स्वर लहर, संगीत तथा विभिन्न तालहरुसित त्यो खारिँदै जब बढ्न थाल्छ, यसबाट उसमा शनैः शनैः चेतनाको विकास हुन लाग्दछ अनि कालान्तरमा बोली फुट्दछ। मानिसलाई अन्य व्यक्तिले प्रयोग गरेको भाषाले भन्दा उच्चारित स्वर-लहर तथा त्यसबाट बनिँदै आएको एक प्रकारको संगीतात्मकताले धेरै आकर्षण गर्दछ। शब्द प्रयोग एउटै भए पनि स्वर र लयको पार्थक्यले सुन्नेले बोल्नेको विभिन्न आशय सजिलैसित बुझ्दछ भने मानिसमा गीतको भूमिकाले महत्त्पूर्ण क्षेत्र ओगटेको थाहा पाइन्छ।

शब्द, लय, तालसित को संयोजना र गायनलाई गीत भन्ने चलन छ। यति मात्र होइन, गीतमा पाइने एक प्रकारको प्राकृतिक जीवन्तता तथा सम्मोहनताले गर्दा यसमा शक्ति रहन्छ। वेदका पदहरुको कवितात्मक उच्चारणमा ठूलो शक्ति रहेको र समाजले गीतलाई परापूर्वकालदेखि नै विभिन्न शक्तिकै रुपमा प्रयोगमा ल्याएको यही कारण हो।

जातिगत मौलिक स्वरको हाराहारीमा जब कसैले अरुको हृदय स्पर्श गर्ने गरी लयात्मकतामा व्यापक भाव विस्तार गर्ने गरी विरेचन प्रक्रियालाई प्रयोगमा ल्याउँछ भने हामी त्यसैलाई वास्तवमा गीत भन्दछौं। त्यसो ता अन्य भाषाका गीत पनि गीतै हुन् तर आफ्नो भाषामा गाइएका गीतहरु अन्तर्गत आफ्नै मौलिकताले गर्दा त्यसको गहिराइमा जुन आनन्द पाउँछौं, अन्य भाषामा सायदै सम्भव हुन्छ। यही हो साधारण गीतको विचित्रता। यसको अर्थ गीतको मुख्य विषय भावनात्मक हो भन्दा अत्युक्ति हुने छैन। तर यसो भन्दा यसमा वास्तविक भाव तथा सत्यको कुनै अर्थ छैन भन्न पनि सकिँदैन। त्यसो ता गीत भनेर जतातै लेख्दैमा त्यसको औपचारिकता कदापि पूरा हुँदैन। कविता रचा गर्नु जति जटिल र गाह्रो हुन्छ, गीत लेख्न पनि आफू त्यति नै सिद्धहस्त हुनपर्छ। यसमा थोरै शब्दहरु प्रयोग गरी व्यापक भावलाई प्रधानता दिन

सक्नुपर्छ जसमा गायकले गाउँदा आफू भिजेर गाउन सकोस्। त्यसरी नै संगीतकारले पनि दक्षता पुऱ्याएर संगीत भर्न बस्दा प्रकृतिलाई नै थपक्क त्यहाँ राख्न सकोस्। तब गीत, गीत मात्र होइन शक्ति बन्छ।

एरिस्टोटलले पनि आफ्नो दार्शनिकतामा विरेचन प्रक्रियाको उल्लेख गरेको देखिन्छ। वास्तवमा यो एउटा मनोवैज्ञानिक तथ्य हो। कसको मनमा यौन वर्जना तथा कुण्ठा छैन? फ्रायडले समस्त रचनात्मक साहित्यकालाई नै दमित वासनाको परिष्कृत रुप मानेका छन्। कुनै व्यक्तिले कसैले मीठा मधुर स्वरमा गाएको गीत सुनेर जब उ प्रभावित हुन्छ, त्यस अवस्थामा विद्यमान दमित काम वासना एंव कुण्ठित भावना अनपेक्षितरुपमा जीवन्त हुनाले उसमा शारीरिक वरिवर्तन आउनु स्वाभाविक हुन्छ। यस अवस्थामा फ्रायडको भनाइ अनुसार ती दमित काम-वासना तथा कुण्ठा अति प्रेरित एवं प्रभावित भई पछि तृप्त हुन्छन्। जसरी मानिस पखालो जाने रोगले ग्रस्त पारेको बैला दबाईको रुपमा जुलाप दिई अझ पखालो जान लाइन्छ र पेट सफा गराई स्वयमेव रोग निवारण गरिन्छ, त्यस्तै प्रकारले दमित मानसिक तनावग्रस्त अवस्थामा त्यही भावना जागृत गराई त्यसलाई शान्त गराउने त्यस प्रक्रियालाई नै विरेचन पद्धति भनिन्छ। उदाहरणको रुपमा जब कुनै व्यक्ति गीत सुनेर रुन्छ वास्तवमा त्यो सुखको आँसु हुन्छ, वास्तवमा ऊभित्र रहेको काम-वासना एवं कुण्ठा अभिप्रेरित भई तृप्त भएको अवस्था हो यो। गीत सबैलाई मन पर्ने कारण यही हो र अघि भने झैं यो शक्ति पनि हो। अरुणा लामाको स्वरले अति करुण र दयामयता बोले पनि मानिस खुशीको आँसु चुहाउँछन् - यही हो विरेचन।

गीत, साहित्य विधाको एउटा पृथक अंग हो। गीत कला हो त्यसभन्दा अझ बढ़ेर भन्ने हो भने जीवनको लागि नभई नहुने एउटा आवश्यकता पनि। साहित्यको प्ररम्भिककालदेखि नै कला, कलाको लागि र कला जीवनको लागि भन्ने दुइ प्रकारका मान्यता भए पनि आज जुन कलाले जीवनलाई स्पर्श गर्न सक्दैन त्यो वास्तवमा क्षणिक हुन्छ, त्यो कालजयी बन्न सक्दैन।

सन् १६१६-३६ मा फ्रान्समा त्यस बेलाको स्थितिमा कला-कलाको लागि भन्ने जुन अभियान घोषण गरियो ती सबै अहिले आएर जीवनकै लागि भएका छन्। भ्यानगग् त्यस बेला आफ्ना चित्र नबिकेर भोक-भोकै हिँड़ेका थिए, अन्तमा सैंतीस वर्षको उमेरमा मानसिक रोगले ग्रस्त भई आत्महत्या गर्न वाध्य भएका थिए। तर तिनै चित्रकारका सजीव चित्रहरु आज लाखौं करोडौं मूल्यमा बिक्न लागेका छन्। वास्तवमा यी चित्रहरु अमूल्य यस प्रकारले छन् कि यिनीहरु जीवनका प्रतीक, रुपक, उपमान तथा विचित्र कल्पनाका रुपमा उपस्थित भएका सबैले अनुमान लाएका छन्। यिनीहरु मानव जीवनकै अन्तर्गतका अक्षुण्ण अभिव्यक्ति प्रमाणित भएका छन्।

उसो ता शास्त्रीय संगीतलाई पनि मानव कण्ठबाट अभिव्यञ्जित देख्दा देख्दै कसैले जीवनका निम्ति होइन भन्न सक्छन्। जीवनको लागि भन्ने विषय नबुझेरै कसैले गाँस, वास तथा कपाससित सीमित राख्छ र मानिसको अन्तर्जगतको सूक्ष्मताको हुँदैन। एकपल्ट रुसमा साम्यवादीहरुले सामन्ती, बुद्धिजीवी, व्यापारीहरु विरुद्ध जोरदार अभियान चलाएको बेला त्यस बेलाको आवश्यकतालाई मात्र ध्यानमा राखी गाँस, वाक र कपासको नाराको त्यहाँ बाहुल्य देखिएको थियो। वास्तवमा त्यसभन्दा अघि जारको मनोमानी र बर्बरताले तल्लो तहका मानिसहरु ज्यादै आक्रोशित भएका थिए। फलस्वरुप अवसर पाउनासाथ तिनीहरु आफूभन्दा माथिल्लो तहका मानिसहरुको विरोधमा उठे औ तिनीहरुका जम्मै सिद्धान्तलाई नकारे। त्यसपछिको दृश्यमा मध्यम तथा उच्च कुलीन वर्गका मानिसहरुले सर्वहाराबाट धैरै चोट खप्न पऱ्यो। कार्ल

मार्क्सको भौतिक द्वन्द्ववादले त्यहाँ सर्वप्रथम प्रवेश गरेपछि समाज सामान्तवाद र सर्वहारा वर्गमा विभाज्जत भयो। यहाँसम्म कि सामन्तीहरु सँगसँगै बुद्धिजीवी, व्यापारी, मध्यमवर्गले पनि अरु कुरा त के मतदान समेत खसाल्न पाएनन्। देशमा सर्वहारावर्ग सर्वोसर्वा भए औ सामन्तीहरुले हामी माथिका मात्र होइनौं भन्न समेत पाएनन्। देशमा आफ्नै विरोधीहरुले चलाएको अभियान, त्यसमाथि युरोपका वाह्य शक्तिले चारैतिरबाट रुसमाथि आक्रमण गरेको र अर्कोतिर अकालग्रस्त अवस्थाले गर्दा रुसका मानिसहरुमाथि त्यसबेला ठूलो संकट आइलाग्यो, लाखौं मानिसहरु मरे। तिनीहरुको लागि कला मात्र विलासी कुरा भए किनभने त्यहाँ गाँस, वाक र कपासकै लागि जीवन धान्न अपरिहार्य भइसकेको अवस्थामा झण्डै यही बैला पुरानै राग जीवन मात्र, जीवनको लागि हो भन्ने धारणाले सबेले बुझ्न सक्ने सरल भाषामा, यसलाई स्वागत गरियो। यसरी परिस्थितिवश कला जीवनको लागि मात्र सीमित हुन आयो।

आजको यो युगमा कला जीवनकै लागि भए पनि कलाको महत्त्वलाई राजनीतिभित्रै सीमित राख्न नसकिने यस प्रकारको भावना विकास प्राप्त गरेपछछ मानौं जीवन स्वयं स्वतन्त्रता सलबलाउन लागे झैं देखिन्छ। जीवन जसरी स्वयंमा सीमित भएर टाक्सिँदा कला नै संकुचित हुन्छ भने कलाले स्वतन्त्रताको सास फेर्दा जीवनले पनि मुक्त भएको अनुभव गर्छ। यो साँचो हो। कला कलाको लागि भन्ने जति भावनात्मक कुरा हो त्यसरी नै कला जीवनको लागि भन्ने कुरा पनि व्यावहारिक मात्र हो। भावनात्मक तथा व्यावहारिक दुवैको सम्मिलित रुप भनेको नै जीवनको स्थूलताभित्र सूक्ष्मताको महत्त्व भनिएको हो।

गीत वास्तवमा एउटा भावनात्मक कुरा मात्र होइन। यसको उपयोग जीवनकै लागि हो। प्लेटोले काव्य (कला) रचनालाई भ्रमित भावोद्‌गार मानेका छन्। उनको विचारमा यो स्वतः प्रसूत भावोद्‌गारले सत्यको उद्‌गाटन गर्नुभन्दा पयानतिर डोऱ्याउँछ। यस प्रकारको कला-कृतिले व्यक्तिलाई न ता चारित्रिक उन्नयनमा सहोयगा पुऱ्याउँछ न ता राष्ट्र कल्याणकै निम्ति कल्याण गर्छ। उनले कविकर्मलाई यसरी भ्रमित तुल्याएका छन्। प्लेटो नीतिशास्त्री हुनाले उनले कलालाई त्यही दृष्टिकोणबाट मात्र हेरेका हुन्। उनको जीवनकाल पनि आजभन्दा दुइ हजार वर्षअघि हुनले त्यही कुरा यहाँ आज प्रयुक्त हुन्छ भन्न सकिँदैन। रुशमा क्रान्तिकाल कलालाई विलासिताको रुपमा हेरिएको थियो तर कालान्तरमा यस विषयमा सर्वत्र परिवर्तन आइसकेको छ।

जुनै पनि जातिको अस्तित्व अक्षुण्णता तथा मर्यादा भन्ने कुरा त्यस जातिको कला कौशलतथा संस्कृतिमाथि नै निर्भर रहन्छ। यस दृष्टिकोणबाट पनि गीतको के महत्त्व रहेछ सो जान्न सकिन्छ। त्यसरी नै आजको मानिसको दिनभरि कार्यालय तथा कारखानाको दिक्क लाग्दो वातावरणबाट थाकेर घर फर्की विश्राम गर्न आएको बेला गीत-संगीतले जुन शान्ति तथा स्फूर्ति दिन्छ य्त्यो कुनै अन्य विषयबाट सम्भव होला भन्न सकिँदैन।

गीत तथा कलालाई हतियारको रुपमा कसैले प्रयोग गर्न सक्दैन। जब सकैले त्यस्तो दुरुपयोग गर्ने दुस्साहस गर्छ कला तत्क्षणात् मुर्झाउँछ  र कला-कला हुँदैन त्यस बेला त्यो मात्र बकवास हुन्छ। बेदमा काव्यको पूजा गरेको मुख्य कारण यही हो। कला यस्तो विषय हो जसले मान्छलाई देवस्वरूप बनाउँछ। सत्यको आभास बिना सत्यकै ढुकढुकी।

यसरी गीतको महत्त्वलाई आत्मसात गरेर धेरै कविहरु हिजोआज गीत रचना गर्न अगि बढेका छन्। नेपाली गीतलाई विकसित तुल्याउन यी कविहरुको सहयोगलाई साधुवाद दिनैपर्छ। गीत विधा, साहित्य अन्तर्गत पर्न आए पनि यसको स्वतन्त्र अस्तित्व छँदैछ। गीतमा गीतकारको भूमिका साथ-साथै संगीतकार तथा गायक गायिकाको त्यतिकै महत्त्व रहेको हुन्छ।

गीतकार भनेका समाज-सत्यको पहिलो स्वर हो जसको अभिव्यक्तिलाई संगीतकारले सर्वप्रथम संगीतमा अनुवाद गर्ने जमर्को गर्छ भने गायक वा गायिकाद्वारा त्यसलाई जीन्तरुप दिइँदा अन्तमा त्यो गीत बन्छ। गीत हाम्रो अभिव्यक्ति मात्र होइन हाम्रो संस्कृति पनि हो, जहाँ हाम्रा गाउँ-घर, पाखा-पखेरा, चरा-चुरुङ्गी समेतले बोल्न लागेको अनुभव हुन्छ। हाम्रो समाज, देशले नै माया, स्नेह, प्रेमको भाकामा एकबद्धता गाइरहेको हुन्छ। त्यति मात्र होइन, हाम्रा युवाहरुले गीतैद्वारा भविष्यमा अघि बढ्न उर्जास्वरुप प्रेरणा प्राप्त गरिरहेका हुन्छन्।

कवि पवन चामलिङ **किरण** आफू प्रशासनको गह्रौं भार सम्हाल्न लागे पनि केही क्षणलाई भए पनि आफ्नो बहुमूल्य समय निकाली गीत रचना गर्छन्। धेरै जस्ता गीतहु मुख्य मन्त्रीकै ओहोदामा रहँदा रचना गरिएका हुनाले यसबाट उनको कलाप्रतिको आशक्ति तथा अनुराग स्पष्ट हुन आउँछ। यति मात्र होइन गीत लेख्नु भनेको अरुको कोमलतम भावलाई स्पर्श गर्ने विषय हुनाले हृदय पक्षको प्रधानता बिना त्यो सम्भव हुँदैन। यसबाट उनी कुन प्रकृतिका व्यक्ति हुन् सो पनि थाहा पाउन सकिन्छ।

कवि **किरण** का एक सय जति गीतहरू बजारमा आइसकेका छन्। कति चाहिँ प्रायः अप्राप्य भइसके भने कति चाहिँ क्रमबद्धरुपमा प्रसारित भइरहेछन्। उनका गीतहरु मध्ये यहाँ थोरै मात्र गीतहरु उदाहरणको लागि देहायता दिइन्छ। उनको ‘उपमा{ सीडी क्यासेटबाट पाँचवटा गीततहरू, जस्तै -

‘हजार जुनीसम्म खोजिबसें तिमीलाई
माया मेर युगयुगसम्म तिमीलाई दिएँ।

मिलन कहिले नहुने भो, कस्तो माया यो
सम्झनासँग बाँच्नु पर्ने, कस्तो वेदना हो।

छोटो जीवन लामो यात्रा, तिमी बिना अधुरो-अधुरो
घाम लागेको दिनमा पनि, जीवन अँध्यारो-अँध्यारो।{

यस गीतमा योगेन्द्र घतानीले संगीत दिएका छन् भने उदय सोताङले आफ्नो स्वर प्रदान गरेका छन्। साँचो अर्थमा भन्नु हो यस गीतमा भाव र रसले आग्रह गरे झैं स्वर र संगीत देखिन्छ।

मानिसको जीवन छोटो छ तापनि तृष्णाले भरिपूर्ण छ। कविको भावनामा कसैको लागि प्रतीक्षा साँचिराखे पनि कुनै कारणवश त्यो पूरा हुन नसक्दा उनी जीवन नै अन्धकारपूर्ण रहेको अनुभव गर्छन्।

भनिन्छ, नजिकको मायाभन्दा टाढ़ाको माया कहाँ हो कहाँ स्वच्छ र पवित्र हुन्छ। दैहिक सम्बन्ध वासना हो, त्यो क्षणिक हुन्छ तर टाढ़ाको मायामा एउटा अर्कै किसिमको मीठो प्रतीक्षाले चोखोपन बोलिरहेको हुन्छ -

'माया त टाड़ाकै राम्रो
कमसेकम चोखो त हुन्छ
आत्मको बोली नबोल्ने माया
नजिकमै पनि खोक्रो हुन्छ।

दिल मिल्छ र नै माया मिल्छ
मन मिल्छ र नै माया हुन्छ
माया आत्माको मिलन पो हुन्छ
जिउ मिल्दा मात्र माया कहाँ हुन्छ।

शरीर जस्तो होइन माया
मन जताततै कहाँ मिल्छ
देहको मिलन होइन माया
आत्मको भाको पो चोखो माया हुन्छ।{

ब्राइन मोक्तान र उदय सोताङको संगीतमा युवक उदय सोताङ औ युवती मनिला सोताङद्वारा उक्त गीत गाइएको छ।

उदय सोताङ तथा मनिला सोताङ दार्जीलिङमै हुर्की बढ़ी गरेका। दुवै सानै उमेरदेखि नै गीत-संगीतमा बढ़ी आकर्षित व्यक्तिहरु। दाम्पत्य जीवनपश्चात् नेपाल प्रस्थान। त्यहीं उनीहरु संगीत तथा गायनमा स्थापित हुन पुगेका, प्रतिष्ठि व्यक्तिहरु। उदय सोताङबाट संगीतबद्ध संगालो श्रृङ्खला बजारमा उपलब्ध छन् र ती गीतहरुले नेपाली संसारमा धेरै सम्मान पाइरहेको देखिन्छ। मनिला सोताङको स्वरमा एउटा अर्कै प्रकारको मिठास पाइन्छ जसको स्वर अन्य नारी स्वरभन्दा केही भिन्न प्रकारको अनुभव हुन्छ। नेपाल, भारत लगायत विदेशमा पनि उनीहरुको गीत संगीतको धेरै माग देखिन्छ। उदय सोताङको संगीतमा अर्कै प्रकारको मीठास र नेपालीपन छ र त्यो अति आकर्षक पनि।

प्रतीक्षाकै भावमाथि अर्को गीत राजन घिमिरेको संगीतमा गायिका मनिला सोताङ गाउँछिन् -

'यो मन तड़पिरह्यो, यसलाई तड़पिन दिएँ
आँसु छल्किरह्यो, सहेर छल्किन दिएँ
बाँधिराख्न सकिनँ यो मन
बहकिरह्यो बहकिन दिएँ।

सुनसान कालो रातमा एक्लो-एक्लो भएको बेला

तिम्रो मिठो सम्झनामा छटपटिएको बेला
शून्यतामा तिमीलाई खोजिबस्छु
आकाशका तारासँग तिमीलाई सोधिबस्छु।

रातहरुसँग कहिले सम्झनालाई जागो राखें
प्रतीक्षामा आकाशका तारा जति गनिसकें
अझै मन तड़पिरहन्छ, आँसु छल्किरहन्छ
मन तड़पिन दिएँ आँसु छल्किन दिएँ।

कवि **किरण** प्रतीक्षामा रहेका युवक-युवतीको अन्तरात्माभित्र रहेका मार्मिक भाव सूक्ष्मतालाई चित्रकारले आफ्नो कानभासमा व्यक्त गरे जस्तै गरी मायाको अनन्ततालाई यहाँ देखाउन चाहेको प्रतीत हुन्छ। पीर वेदनामा गहिराई छ, त्यहाँ आत्मिक मिलनको चाह पनि त्यतिकै छ।

मोनालिसा प्रसिद्ध चित्रमा जुन शैल्पिकता छ त्यो चित्रकारको युगको प्रभाव हो तथापि मोनालिसाको अनुहारमा जुन स्वर्गीय मुस्कान छ त्यो चित्रकारको ठूलो उपलब्धि। त्यस मुस्कानमा न ता त्यहाँ सुखको व्यग्रता छ न ता त्यहाँ दुःखको संकेत पाइन्छ। एउटा निरपेक्ष भावमा रहेको बेला बालकको मुस्कानसित मिल्न सक्छ यो मुटु मुस्कान।

चित्रकारले अन्तरात्माको भावचित्रलाई यहाँ जसरी राख्ने प्रयास गऱ्यो वास्तवमा त्यही नै हो महत्त्वपूर्ण कला। त्यसरी नै गीतकारले पनि यहां वाह्य व्यक्तिचित्र भन्दा व्यक्तिभित्रको सूक्ष्मतालाई व्यक्त गरी गीतमा प्रयोग गर्ने प्रयास गरेका छन् त्यो स्तुत्य छ। क्यामेराले वस्तुको वाह्यरुपको मात्र चित्र लिनसक्छ तर चित्रकारको सफलता वाह्य चित्र मात्र होइन त्यसभित्रका घात प्रतिघात उद्घाटित गरिदिनु हो। गीतकारको प्रयास पनि हुबहु यस्तै।

राजन घिमिरेको संगीतमा उदय सोताङको स्वरमा कवि **किरण** को यो गीत -

‘भूलिदेऊ मलाई बाटोले जसरी
भुलिदिन्छ बटुवालाई
सम्झनामा बाँचेर के गर्नु कथाले
आफै मन कहाँ जोड्छ दुइ किनारले।

उदास छ मन यो नीरस जीन्दगी
सपना टुटिसके छ
बित्दो छ मन तर जिन्दगी कसली दिशा छुटिसकेछ
भुलिदेऊ बटुवालाई।

जीवन जाने नै हो यसै बितेर
देह पनि जान्छ सड़ेर

आत्माको भाका तर यो मायाले छोड्दैन संसार
भुलिदेऊ बटुवालाई।{

हामी वास्तवमा (नायक, नायिका) दुइ किनार हौं। जसरी असंख्य बटुवालाई बाटाले वाध्य भएर भुलिदिन्छ त्यसरी नै आउ-जाउको त्यही प्रक्रिया र व्यस्ततामा मलाई पनि भुलिदेऊ भन्छन् कवि-गीतकार। यसै पनि यो जीवन सपनासरि नीरस र उदास त छँदैछ तर तिमीसित एक हुने लामो प्रयासको यो कथा सँगसँगै कसरी कसरी हामी स्वयं दुइ किनारमा आज परिणत भइसकेछौं। हामी दुइ विपरीत दिशाका बिन्दुहरु, मात्र कथाकारको इच्छामा कथा निम्ति नायक नायिका। यसर्थ तिमी मलाई भुलिदेऊ त्यही घुलमिल र घनिष्टतामा। प्रेम अमर छ, आखिर यसै पनि जीवन बितेर जाने नै हो। यो उक्ति कवि-गीतकारको।

यस्तै जीवन कथामा आधारित अर्को गीत ब्राइन नोक्तानको संगीतमा गायिका मनिला सोताङ यसरी गाउँछिन् -

‘बितेर जाने सपना जस्तै जीवन कथा
बाँचुञ्जेलसम्म सहनै पर्ने वेदना कथा।

हृदयको ज्वाला निभ्दैन कहिले
आँसुको धारा वर्षातले
सम्झना तिम्रो जीवनभर रह्यो
बाँधेको मायाले बितेर।

मिलन बिछेड़ बितेर जान्छ
फर्केर फेरि आउँदैन
बोटमा फेरि आउँदैन
बोटमा फुल्ने फूलहरु सबै
एक दिन झर्दछ।

मान्छेको जीवन बितेर जान्छ
फर्केर फेरि आउँदैन
साटेको माया संगाली राख
यो जुनि पाइँदैन।{

मान्छे मर्छ होइन बरु जुनी फेर्छ भन्ने लोक भावना कविमा छैन। मान्छेको जुनि आखिर एकै बार न हो त्यसैले आपस्तमा रहेको यो माया, प्रेमको उपभोग गरिहालौं भन्ने उनको उक्ति।

साधारणतः नेपाली गीतको मूल तत्त्व नै प्रेम हो चाहे संसारकै गीत-इतिहासमा दुःख, पीर, युद्धका विभिषिका तथा विजय गान नै किन नहुन्। तथापि माया, प्रेम एउटा व्यापक विषय हो जसलाई विभिन्न गीतकारहरुले विभिन्न साहित्यिक आन्दोलन तथा प्रयोगद्वारा बहुअर्थी बनाएका छन्। हुन पनि

माया, प्रेम स्वयं एक बहुअर्थी शब्द हो जसलाई श्रद्धा, स्नेह, ममता, देश-प्रेम आदि अर्थमा प्रवाहित गर्न सकिन्छ अर्थात् माया, प्रेम शब्द भर्खर जन्मेका बालकदेखि लिएर वृद्धकाल अवस्थालाई समेत सजिलै स्पर्श गर्न सक्षम हुन्छ। यतही कारण सिद्धहस्त गीरकार आफ्ना गीतद्वारा प्रत्येक उमेर तथा स्तरका मानिहरुलाई सम्बोधन गर्न चाहन्छन्।

'मेरो मूर्च्छना{ पवन चामलिङ **किरण** को अर्को कोशेली उनको आफ्नै लेखन, शिलाबहादुर मोक्तानको संगीतमा जम्मा दशवटा गीतहरुको प्रस्तुति जसमा अत्याधुनिक गाय, गायिकाहरुले आफ्ना बहुमूल्य स्वर दिएका छन्, जस्तै रामकृष्ण ढकाल, थुप्देन भोटिया, कुन्ती मोक्तान, प्रकाश श्रेष्ठ, मीरा राणा, ओम विक्रम विष्ट, यस बराल, राजेशपायल राई, कर्णदास, सुकमित गुरुङ।

'जन्मेपछि मान्छेको जीवन{ उक्त प्रस्तुतिको पहिलो गीत यस प्रकार छ -

'जन्मेपछि मान्छेको जीवन
जीउन गाह्रो हुन्छ
ढुंगाभन्दा संसारमा
मान्छेको मन नै साह्रो हुन्छ।

मान्छे छन् संसारमा यति धेरै
तर कहाँ छ मान्छेको नाता खै?
तड़पिरहेछ मान्छे एक्लै-एक्लै
संसारभरि जताततै।

अलमलिएर आफैभित्र
आफ्नै निम्ति बाँच्ने मान्छे
आफू जस्तै अरु मर्दा
वास्ता गर्दैनन् यो मान्छे।

चोइटिसकेछ मान्छेबाट मान्छेकै नाता
बिर्सिसकेछ मान्छेले ना मावनताको भाषा
तड़पिरहेछ मानछे, छटपटिरहेछ मान्छे
मान्छेको संसारमा एक्लै एक्लै भएर यो मान्छे।{

साँच्चै आज मान्छे एक्लै छटपटिरहेछ, अलमलिरहेछ आफैभित्र। जन्मेपछि संघर्ष गरेर नै बाँच्नु पर्दछ। यसका निम्ति प्रत्येक मानिसमा आँट, साहस हुनैपर्दछ। यही कारण भनिन्छ, जीवन बाँच्नभन्दा मर्न धेरै सजिलो। मानिस जन्मन बित्तिकै स्वार्थ पनि साथ-साथै हुर्कन थाल्दछ। जीवन बचाइको कठोरताले गर्दा स्वार्थ पनि त्यसरी नै कठोर बन्दै जान्छ। यही कठोरताले गर्दा व्यक्ति व्यक्तिमा समन्वय बिग्रन्छ औ जसलाई पनि बाँच्न धौ धौ पर्छ। यही कारण कविको अनुभवमा के कुरा खट्कन गएको छ भने संसारमा मानिस करोडौं छन् तर तिनीहरु समाजमा एक्लो अनुभव गरिरहेका हुन्छन्। जति पनि सम्बन्धहरु यहाँ गाँसिएका छन् ती सबै क्षणिक र स्वार्थतत्त्वभित्र जेलिएका छन्। वास्तवमा मान्छेले मान्छेभित्र हुनपर्ने

कोमलताको भाव आज बिर्सिसकेको छ। यही कारण जीवन जटिल बन्दै गइरहेको हो, उनी भन्छन् मानौं माया बिना आजको संसार मरुभूमि जन्य भएको छ।

उक्त गीतमा रामकृष्ण ढकालले स्वर दिएका छन्। रामकृष्ण ढकाल नेपाली गायकहरुमध्ये एक अग्रज व्यक्ति। उनी किशरोरावस्थामा सिक्किम प्रवेश गरेका। उनी सानैदेखि गीतहरु साह्रै राम्रोसित गाउन सक्ने व्यक्ति। नारायण गोपालका गीतहरु त्यस बेला सिक्किम, दार्जिलिङ, कालेबुङतिर ज्यादै लोकप्रिय रहेको बेला मञ्चतिर किशोर ढकाल त्यही गीत गाउने गर्थे। त्यसै प्रसंगमा उनले गाएका ती गीतहरुको संगालो बजारमा उपलब्ध गराइयो। त्यसपछि नारायण गोपाल, गोपाल योञ्जन तथा रेडियो नेपालका विभिन्न कलाकारहरुसितको सान्निध्यले गर्दा उनले आफ्नो गायनकलामा प्रगति गर्दै लगेका हुन्। फलस्वरुप आज नेपाली संसारमा रामकृष्ण ढकाल सुपरिचित व्यक्ति हुनपुगेका छन्। उनले धेरै नेपाली चलचित्रमा त मुख्य नायकको भूमिका समेत अभिनय गरेका छन्। उनका धेरै गीतहरु बजारमा उपलब्ध छन्।

'दिलमा दिल बसेछ{ नामक गीत उक्त संगालोको दोस्रो गीत थुप्देनको स्वरमा -
'दिलमा दिल बसेछ
मनमा माया बसेछ
थाहै नपाई कसरी
हाम्रो पिरती बसेछ।

मायाको बाटो भएर
हृदयको संघारसम्म आयौ
आत्माको भाकामा प्रेमको गीत
तिमीले नै यो जीवनमा गायौ।

सुनसान यो एकलास जीवनमा
मायाको धून तिमी नै भयौ
अँध्यारो मनको आकाशमा
आशाको जून पनि तिमी भयौ।{

थुप्देन भोटिया, कालेबुङ निवासी। युवा गायकहरुमध्ये धेरै नाम चलेका व्यक्ति। उनका गीत संगालोहरु बजारमा उपलब्ध छन्। नेपाल, भारत तथा विदशतिर पनि उनका गीतहरुको माग बढ़ेको देखिन्छ

कुन्ती मोक्तानले पनि कवि **किरण** को गातमा स्वर दिएकी छिन्। उनी दार्जीलिङमा जन्मेकी, शास्त्रीय संगीत पनि दार्जीलिङमै अध्ययन गरेकी। पछि उनले काठमाडौं, नेपाललाई कर्मक्षेत्र बनाएकी हुन्।

'मेरो मूर्च्छना{ अन्तर्गत तेस्रो गीत कुन्ती मोक्तानको स्वरमा देहायमा राखिन्छ -
'बितिजानै रीति जीवनको आफ्नै रहेछ

जीवन सुन्दर सतपनाको अधुरो कथा रहेछ।

विछोड़ र मिलन, आँसु र हाँसो
जीवनको परिभाषा पाएँ
निराशामा सधैं आशा रहने
यसको अनौठो विशेषता पाएँ
जीवन फूल जस्तै फुलिरहन्छ
सम्झनाको तरेलीमा झुलिरहन्छ।

खुशीहरु मात्र होइन जीवन
क्षणिक हुन् ती
दर्दहरु बीच पनि खोजे पाइन्छ खुशी
जीवन खोला जस्तै बगिरहन्छ
जीवन आँखादेखि पर पनि बाँचिरहन्छ।{

भनिन्छ, मानिस जन्मणदा नै कर्म लिएर आएको हुन्छ। त्यही कारण जीवन सुन्दर सपनाको कथा भनिएको हो। मनोवैज्ञानिक फ्रायडले सपनालाई विभिन्न अर्थमा प्रयोग गरेका छन्। जीवन के हो? यसलाई परिभाषित गर्दा साधारणतः सुख-दुःख तथा मिलन विछोड़को समन्वय नै जीवन हो भन्छन् मानिसहरु। दुःख भयो भनेर रुनु मात्र जीवन होइन वास्तवमा दुःखपछि लगत्तै सुखले जसलाई पनि चिहाइरहेकै हुन्छ। दुःख-सुख भोगाइ त जसले पनि गर्न सक्छ तर जीवन सफल पार्नै हो भने यसलाई निर्माणको दृष्टिले हेर्न पर्छ, भन्छन् उनी।

कुन्ती मोक्तानले उक्त गीत खूबै ढंग पुऱ्याएर स्वर दिएकी छिन्। शिआबहादुर मोक्तान उनका पतिदेव, लब्ध प्रतिष्ठित संगीतकार। यसभन्दा अघि उनैको संगीतमा विभिन्न गीतकारहरुको रचना तथा उनै गायिका कुन्ती मोक्तानको स्वरको गीति-क्यासेट ‘कुसुम{ नेपाली संसारमा खूबै चर्चित बन्न गयो। यसको लोकप्रियताले गर्दा यसका हजारौं हजारौं प्रति बजारमा बिक्री भयो। वास्तवमा भन्नु हो भने यस गीतिऋक्यासेटले नेपाली गीतको एउटा रिकर्ड नै तोड्यो भन्दा हुन्छ।

रेडियो नेपालका कलाकार मीरा राणाले कवि **किरण** को निम्नलिखित गीत गाएकी छिन् -
‘घामको ज्योतिमा, जूनको उज्यालीमा
छायाँ पनि हाँस्ने गर्थ, नाच्ने गर्छ
तर रातको अँध्यारोमा
आफ्नै छायाँले पनि साथ छोड़िदिन्छ
नाता तोड़िदिन्छ।

ओइली झरेपछि, फूलहरु
भमराले बोटलाई बिर्सिदिन्छ, अर्कै फूल रोज्छ
अन्धकार पनि रातभर एक्लै

शून्यतासँग रोइरहन्छ
सुँक्सुँकाइ रहन्छ।

साक्षी ताराहरु छन्, पीड़ा रातसँग कति हुन्छ
शीतलहरको चिसेनी पनि
जीवनको आभास नै दिइरहन्छ
आँसु कसैको हुन्छ, हाँसो कसैको
तैपनि मान्छेको जीवन बगिरहन्छ
चलिरहन्छ।{

भनिन्छ, यो गीत कवि गीतकार **किरण** ले तीक्त अनुभव गरी रचना गरेका हुन्। आफू मन्त्री पदमा रहँदा उनको सेवामा कैयौं व्यक्तिहरु सदैव उनैको वरिपरि झुमिरहन्थे। पछि कार्यप्रणालीमा खटपट हुँदा सत्ताबाट हट्न बाध्य भएपछि तिनै व्यक्तिहरु भमराले अर्कै फूल रोजे जस्तै उनलाई छोड़ी चटक्क बिर्सिदिएका थिए। उनलाई लाग्थ्यो, अन्धकार रातले मात्र उनलाई आफ्नो शून्यतामा पर्खिरहन्थ्यो। त्यस घटनालाई उनी आज पनि सम्झिरहन्छन्। त्यस बेला कस्तो दुःख आइलागेको थियो। उनलाई लाग्छ, तिनै ताराहरु त्यस घटनाका साक्षीहरु हुन्। तर त्यस स्थितिमा उनी के भन्छन् भने रातको शून्यतामा जब चिसो हावा उनलाई स्पर्श गरेर जान्थ्यो, त्यसबेला मात्र म जीवितै छु जस्तो लाग्थ्यो औ उनी झसंग हुन्थे। उक्त भावलाई मीरा राणाले साह्रै राम्रो गरी अभिव्यक्ति दिएकी छिन्।

‘मेरो मूर्च्छना{ गीति-क्यासेटको अर्को गीत, प्रसिद्ध गायक राजेशपायल राईको स्वरमा -
‘तिमीलाई नै सोचेर
मैले यो गीत लेखें
मनको आकाशभरि
तिम्रै जीवनको तारा देखें।

गाम-जून छन् आकाशमाथि
त्योभन्दा नि माथि छ मेरो माया
लाख छन् माया मुटिभित्र
बोलिरहेछु म तिमीसँग आत्माको भाका।

भुलिदिंए मैले म आफैलाई तिमीलाई सम्झेर
तिम्रा खुशीहरु तिम्रै नै हो भनी सम्झिबसेर
खोजिरहेछु, म समेटिरहेछु
तिमीलाई फेरि पनि मान्छेको नातामा।{

कवि **किरण** देशबाट दरिद्रता अन्धकार तथा रोग शोक कसरी हटाउन सकिन्छ? यसप्रति अत्यन्त चिन्तित छन्। उनी गरीब, सर्वहारावर्गको पक्षपाती छन्। उनी कविता तथा गीत लेख्छन् भने तिनै व्यक्तिहरुको लागि लेख्छन्। उनको आत्मा तिनीहरुसितै रात-दिन भाका मिलाई मिलाई गीत गाइरहन्छ।

तिनीहरुकै सुखप्राप्तिका निम्ति उनी आफूलाई समर्पित गरिदिन्छन्। तिनीहरुका ओंठमा कसरी हाँसो ल्याउनु त्यही विषय सोच्दा सोच्दै उनी आफूलाई समेत बिर्सिदिन्छन्।

यस गीतको महत्त्वलाई हेर्नु हो बने कवि **किरण** को राजनैतिक सिद्धान्त तथा व्यक्तिगत आकांक्षा सजिलै बुझ्न सकिन्छ। उनी जीवनमा देश र समाजको सेवा गर्न चाहन्छन् औ यसरी अरुकै भलाइको लागि आफ्नो जीवन समर्पण गर्न चाहन्छन्।

प्रसिद्ध गायक कर्णदासको स्वरमा उनै संगीतकार शिलाबहादुर मोक्तान तथा रचनाकार कवि पवन चामलिङ **किरण** को यो अर्को गीत -

'सम्झेर बितेका दिनहरु, व्यर्थै नरुनु प्रिये तिमी
फर्कने होइन बितेका दिन, नतड़पिनु व्यर्थै तिमी
भूलिदेऊ विगतलाई, सम्झेर के हुन्छ?
फर्कने होइन ती दिनहरु, रोएर के हुन्छ?

बितेकाहरुबाट प्रेरणा लेऊ, त्यो तिम्रो जित हुन्छ
आँसुभित्रै खोज जीवनलाई, सार्थक जीवन नै हुन्छ
रोएर विक्षिप्तिमा तड़पिने, कायर हुन्छ
आँसुभित्रै पीड़ा लुकाउने, जीवन मान्छेको हुन्छ।

व्यर्थै किन रोइरहनु, सम्झेर विगतलाई
किन हार्नु नलड़ी, सोचेर भविष्यलाई
सत्य नै हो वर्तमान, यसैलाई स्वीकारिदेऊ
भूलिदेऊ विगतलाई, सत्यलाई अँगालिदेऊ।

जीवन त्यो तिम्रै हो, खुशीहरु तिम्रै हुन्
तिमीले चाहे जसरी, यहाँ बाँचिदेऊ
विन्ती मेरो यति, वर्तमानलाई स्वीकारिदेऊ
जीवनलाई अँगालिदेऊ, खुशीले बाँचिदेऊ।{

दुःख, पीर, मर्का कसलाई हुँदैन? बितेका दिनहरु सम्झेर रुनुभन्दा त्यसबाट पाठ सिकी अनुभव बटुलेर भविष्य निर्माणार्थ अघि बढ्नु नै वास्तवमा मनुष्यत्व हो। देश निर्माणमा पनि त्यही कुरा ध्यानमा राख्नपर्ने हुन्छ। विगतमा कसैले धेरै शोषण र अत्याचार गर्‍यो भन्दैमा तिनीहरुप्रति अन्यायपूर्ण अत्याचार गरी प्रतिशोध लिनु विगततिरै फर्कनु अर्थात् प्रतिगामी हुनु हो। यसले अनपेक्षितरुपमा चर्को वाद-विवाद तथा अन्तर्कलह मात्र सिर्जना हुन्छ। त्योभन्दा बरू सबै फेरि एकजुट भई अघि बढ्नु त्यो नै देशको हितमा लाभकारी हुन्छ।

कवि भन्छन् - बितेकाहरुबाट प्रेरणा लेऊ, त्यो तिमरो जित हुन्छ, आँसुभित्रै खोज जीवन, सार्थक जीवन हुन्छ। यसलाई राजनैतिक दृष्टिले हेर्नु हो भने उनमा परिपक्वता आएको देखिन्छ। उनी यहाँ

आशावादी देखिन्छन्। यस गीत रचनाद्वारा उनले आफ्ना देशवासीहरुप्रति देशमा कसरी शान्तिसँग बस्न सकिन्छ? सो कुरा राम्ररी बुझाएका छन्।

‘मेरो मूर्च्छना{ अन्तर्गत अन्तिम गीत यस प्रकार छ -
‘तिमी नै भनिदेऊ प्रिये, माया किन लाग्छ
मिलनमा हाँस्ने मान्छे, विछोड़मा किन रुन्छ।

व्यर्थै फेरि मुटु मेरो, किन दुःखिरहन्छ
बिहानीलाई रातले सधैं, किन पर्खिरहन्छ
तिम्रो मेरो सपनाको संसार, बेग्लै रहेछ
हाम्रो कथा नदीको त्यो दुइ किनार जस्तै भएछ।

छातीभरि पीर दुख्छ, अर्को मुटु छैन
गामको माया जुनलाई, तर उसको साथ छैन
जाऊँ बने कहाँ जाऊँ, अर्को संसार छैन
भागौं भने कता भागौं, अर्को जीवन छैन।{

यहाँ रचनाकारको संवेदनशीलता, आफूसँगै बस उठ गर्ने दुःखमा दुःखी हुने तथा सुखमा सुखी हुने कुनै साथीको विषयमा देखिएको छ। आज परिस्थितिवश तिनीहरु टाड़ा भएका छन्। यसो भनौं, तिनीहरु सिद्धान्तले नै छुट्टिएका। तर पनि रचनाकार आफ्नो मित्रताबारे सोचेर स्वयं किन्न देखिएको छन्। उनी भन्छन् - ‘व्यर्थै फेरि मुटु मेरो किन दिखिरहन्छ, बिहानीलाई रातले सधैं किन पर्खिरहन्छ।{

उनलाई राम्ररी थाहा छ। आफू छुट्टिन परेको कारण। दुवैको सपनाको संसार बेग्ला-बेग्लै मानौं तिनीहरु एउटै नदीका दुइ किनार हुन्। तर पनि अन्तमा रचनाकारलाई लाग्छ, जति नै पृथक् रहन खोजे पनि उनीहरुले जिउन पर्ने संसार एउटै हो। जति नै भाग्न खोजे पनि आखिर जिउनपर्ने जीवन त त्यही हो। भागरे पनि कहाँ जान सकिन्छ र? वास्तवमा यो गीत प्रतिपक्षमा उभिएका कुनै पुरानो मित्रप्रति व्यंग्य हो झैं लाग्छ।

राजनीतिमा आफ्नै प्रकारको स्वाद हुन्छ जहाँ वीरता तथा प्रवीणताले व्यक्तिलाई त्यसै पनि पर्खिरहेकै हुन्छ। यही गीतलाई युवक युवतीको मायाको उहापोह दृष्टिले पनि हेर्न सकिन्छ। तथापि रचनाकारको दृष्टि केही व्यापक हुनाले यहाँ विभिन्न अर्थ बुझिएका छन्।

उक्त गीत प्रसिद्ध गायिका सुकमित गुरुङले आफ्नो महमूल्य स्वर प्रदान गरी सहयोग पुऱ्याएकी छिन्। यहाँ अन्य गायक गायिकाहरुको विषयमा जस्तै उनको सन्दर्भमा भन्नु हो भने उनका पिता भारतीय फौजबाट अवकाश प्राप्त गरी सिक्किम गृह विङागमा केही वर्ष सेवा पुऱ्याएका औ उनकी माता पनि सोही विभागमा कार्यरत् हुनाले उनी सिक्किमकी चेली। रेडियो नेपालबाट स्वर परीक्षा पास गरी त्यहींबाट नेपाली संसारमा गायिकाको रुपमा चिर परिचित हुन पुगेकी हुन् भने उनका सयौं गीतहरु आकाशवाणी खरसाङ तथा अल इण्डिया रेडियोबाट प्रसारित भइरहेको पाउँछौं। उनले आफ्नो गायनक्रममा कैयौं पुरस्कार प्राप्त

गरिसकेकी छिन्। उनलाई आधुनिक पप संगीत केही मात्रामा मन परे पनि यस विषय उनी के भन्छिन् भने जीवन केही गम्भीर र जटिल भएको हुनाले गीत पनि त्यस्तै गहिराइमा हुनु पर्दछ। गीत-संगीत बनेको हल्का फुल्का मात्र भयो भने यसले सम्पूर्ण जीवनलाई भेट्न असमर्थ हुन्छ।

अघि पनि भनियो, गीत संगीतले साना बालक बालिकादेखि लिएर वृद्ध तथा सबै वर्गलाई प्रतिनिधित्व गरेको हुनैपर्दछ। यति पनि यदि हुन सक्दैन, अथवा केही युवक-युवतीहरुको यौन र उन्मादलाई मात्र यसले स्पर्श गर्न सक्षम हुन्छ भने त्यसको आयु क्षणिक हुन्छ। यो साँचो हो। आजको संचार माध्यमले हल्का फुल्का गीत संगीतलाई मात्र प्रोत्साहन दिई आफ्नो वर्चस्व कायम राख्न आफू सफल हुन्छ भन्नु त्यो निश्चय गलत कुरा हो। यसो भन्दा जम्मै पप गीत राम्रा छैनन् भनेको होइन, यो मात्र पश्तिमाभिमुखी भोगवादी तथा विलासी मात्र भइदियो भने यसले साधारण जनताको प्रतिनिधित्व गर्न त परै जाओस् विकृति मात्र ल्याउँछ। मात्र केही शिक्षित भनिएका अंग्रेजी पढ़ेकाहरुका निम्ति यसले अर्थ प्रदान गर्छ तर हाम्रो मौलिकतादेखि पृथक् रहन्छ भने यसले हाम्रो सामाजिकतालाई अंगाल्न सक्दैन बरु नकार्छ।

हो, आजको नेपाली संसार भन्नाले त्यही पुरातन समाज मात्र बुझिन्न। यो विज्ञानको युग, विश्व नै एउटा परिवारमा बाँधिए पनि नेपाली समाजले आफ्नो स्तित्व भएको अवश्य पनि देख्न चाहँदैन। गीत-संगीत हाम्रो संस्कृति हो, इतिहास तथा समृद्धि पनि हो। यसमा हर क्षण समाज नै प्रतिबिम्बित हुन्छ। यस कुरामा एक रति पनि शंका छैन।

‘मेरो मूर्च्छना{ लाई गीत, संगीत तथा गायन सबै दृष्टिबाट सरसरती हेर्दा यो एक प्रकार सफल देखिन्छ। यसमा संगीतकार शिलाबहादुर मोक्तान केही मात्रामा बए पनि सफल देखिन्छन् भने गीत रचनामा पनि कवि पवन चामलिङ **किरण** ले आफ्नो सीप पुऱ्याएको प्रमाणित हुन्छ। साँचो अर्थमा भन्नु हो प्रसिद्ध गायक गायिकाहरुलाई एउटै मञ्चमा ल्याउने यसको सद्प्रयासलाई यहां साधुवाद दिन सकिन्छ।

कवि पवन चामलिङ **किरण** को अर्को तेस्रो गीति-कोशेली ‘समर्पण{ हो। यस अन्तर्गत आठवटा गीत परेका छन् र यसको प्रस्तुति निर्माण प्रकाशन, नाम्चीबाट भएको छ। उक्त गीति-क्यासेटका जम्मै गीतहरुको संगीत तथा संयोजन शिलाबहादुर मोक्तानबाट भएको छ भने गायक-गायिकाहरु सुकमित गुरुङ, राजेशपायल राई, यशकुमार, सुकदास राई, कुन्ती मोक्तान, थुप्देन, रीमा गुरुङ, जमुना शर्मा तथा जनक सुब्बा छन्। वास्तवमा उक्त गीति-क्यासेटका गीतहरु सिक्किमेली जनता जनार्दनप्रति उनले समर्पण गरेका हुन्।

‘मेरो विपना{ नामक गीतमा कवि किरण यसरी आफ्नो भाव अभिव्यक्त गर्छन् -
‘मेरो विपना सिक्किमे जनतालाई समर्पित छ
मेरो सपना भोलिको सिक्किमलाई समर्पित छ।

अन्यायको विरोधमा जब म एक्लै सड़कमा उत्रे
हजारौं हातहरु मेरो ललकारको पक्षमा उठे
हातहरु जो न्यायको पक्षमा थिए
हातहरु जो समानताको पक्षमा थिए।

सुन्दर मान्छेको समाज बनाउने अभियानको थालनी हो यो
स्वाभिमान र समानताको जीवन खोज्ने संकल्पको उद्‌बोधन हो यो
मेटाउने नै चौं जरुर रिवाज भेद-भावको
सन्तान हौं साथी हामी एउटै आमाको।{

रचनाकार एक प्रसिद्ध राजनैतिक व्यक्ति हुनाले शदियौंदेखि अन्याय र अत्याचारमा पसिएका सिक्किमेली साधारण जनताप्रति उनी आफ्ना विपना तथा सपना समर्पण गर्न चाहन्छन्।

तत्कालीन सत्तासीन राजनैतिक दलको गतिविधिबाट असन्तोष व्यक्त गरेर जब उनी त्यसबाट फुत्कन बाध्य भए, त्यसबेला उनी एक्लै थिए। यहाँसम्म कि आफ्नै मानिसहरुलाई पनि उनको धरतिर जाने त के कुरा त्यो बाटोबाट भएर कतै जान पनि निषेध थियो भने आफ्नै बजारसम्मले उनलाई आवश्यक सामग्री दिन डराउँथे। यस्तो प्रतिकूल अवस्थामा पनि सन् १९९३ मा उनले आफ्नो राजनैतिक दल खड़ा गरिछोड़े। उक्तदलको नामाकरण ‘सिक्किम प्रजातान्त्रिक मोर्चा{ भयो। विदान सभामा एक्लो व्यक्ति भएपछि उनले त्यसबेला उपहासको पात्र बन्न पर्‍यो तर अर्कोतिर देशमा जुन अप्रजातान्त्रिक व्यवस्था थियो त्यसको पनि हर प्रकारले खिल्ली उड़ान उले शुरू गरे। सिक्किमेली जनता उनको त्य प्रकारोको प्रतिबद्धता र पहलबाट सचेत हुँदै गए र प्राणपनले उनको साथ दिन थाले। यसै सन्दर्भमा त्यस बेलाको राजनैतिक आन्दोलनको घटनापश्चात् धेरै युवकहरुले जेलको हावा खान परेको औ कवि स्वयं भूमिगत हुनपरेको कुरा अघिल्लो पृष्ठमा नै दिइसकिएको छ। यही कारण रचनाकालले यहाँ व्यक्त गरेका छन् -

‘अन्यायको विरोधमा जब म एक्लै सड़कमा उत्रें
हजारौं हातहरु मेरो ललकारको पक्षमा उठे{

किनभने ती हातहरुले देसमा न्यायको माग गरेका थिए औ तिनीहरु हर तरहले समानता चाहन्छे। यसको अर्थ त्यहाँ अन्याय थियो औ ठूला ओहोदामा बस्नेहरुको मनपरी रजाइँ थियो।

यस गीतबाट उनी के चाहन्छन् भने समाजमा जसरी पनि स्वाभिमान र समानता फर्काइल्याउने औ व्यवस्था शान्तिपूर्ण बनाउने कुरामा सबैबाट उनी सहयोग पाउने आशा राख्दै देशलाई प्रगतिपछमा बढ़ाउन आह्वान गर्छन्।

कवि **किरण** का आफ्ना गीतहरु बाहेक तीन कविता-संग्रहबाट पनि कुनै-कुनै संगीतकारहरुले कविता उद्‌धृत गरी गीत बनाएका छन्। सिक्किमका वरिष्ठ गायक तथा संगीतकारद्वय देवकुमार दुमी तथा भानु रामुदामु यस श्रेणीमा परेका छन्। केही मात्रामा भए पनि तिनीहरु सफल नै दखिन्छन्। स्थानाभावले यहाँ ती गीतहरु दिन सकिएन। यी बाहेक अन्य व्यक्तिहरु पनि धेरै छन् जसले विभिन्न उत्सवहरुमा उनैका कविता गाएका देखिन्छन्। भनिन्छ, कवि शेलीले कसैले थोरै मात्र गल्ति गरी आफ्ना गीत गाएको सुनेर त्य व्यक्तिसित झगड़ा गर्न पुगेको थिए रे। यसरी नै यहाँ याद राख्नपर्ने कुरा के छ भने आफ्ना कविता आफूलाई सोध्दै नसोधी गितको लय र तालमा जसो-जसो मिल्छ त्यसैको आधारमा कविताको मूल

बावलाई यादै नगरी परिवर्तन गर्दै गीत रचना गर्छ नै त्यो भन्दा अर्को ठूलो गल्ति केही हुने छैन। यही कारण कसैको कविताली गीतमा परिणत गर्नु कविको अनुमति चाहिन्छ भनिएको हो।

परापूर्वकालदेखि नै गीत (कविता) मुख्य कि लय, धून, ताल मुख्य भन्ने कुरामा विवाद चलिरहेकै कुरा हो। कसैले पहिले गीतको लय ठीक पार्छ र सोही अनुरुप गीत लेख्न बस्छन् भने कसैले गीत लेखिसकेपछि त्यसली लय हाल्न अघि बढ़ेको देखिन्छ। पगिलो अवस्थामा रचनाकारको स्थान गौण रहे पनि शब्द लेख्न उनी स्वतन्त्र हुन्छन् र लय जसो-जसो रहे पनि त्यसलाई उनी पछ्याउन चाहन्छन् तर रचनाकार उक्त धून तथा लय कुन रसमा छ सो पहिचान गर्न सक्षम होलान् के ? प्रश्न तथा समस्या यही हुन्छ। यसर्थ यस अवस्थामा संगीतकार, जसले गहिराइमा रस बुझेको छ, सफल भन्न सक्ला हो तर जुनसुकै व्यक्ति भने यस कुरामा अघि बढ्न सक्ला भन्न सकिन्न। त्यसमाथि कुनै प्रसिद्ध कविको रचनालाई यस प्रकारको व्यवहारले कति न्याय दिन सक्ला? यही कारण धेरैले गीत रचनापछि नै त्यसको धून तयार पार्न अघि बढ़ेको देखिन्छ तर यस अवस्थामा पनि संगीतकारले आफ्नो धूनलाई नै प्रमुखता दिएर स्वर रचना गर्छन् भने त्यो स्वस्थ तथा सफल बन्ला भन्न गाह्रो हुन्छ। हिजोआज रचनाकारहरु आफ्नो कविता गित बन्दैछ भन्ने सुन्ने बित्तिकै गीतको पंक्ति हुबहु राखिएको छ कि छैन, सोध्न पुग्छन्।

यसै सन्दर्भमा कवि **किरण** का केही गीतहरु यहाँ उदाहरणका निम्ति दिइन्छ -
‘मभित्र एउटा अर्को मान्छे
बाँचेको छ साह्रै टिठलाग्दो
महाभारतको सञ्जय झैं साक्षी
आफ्नै मडत्यु र हत्याको।

आफ्नो लागि बोल्नसम्म नसक्ने
हाँस्न, रुन र मर्नसम्म नसक्ने
आँखा, कान, नाक, हात र खुट्टा भएको
उ अपाहिज मान्छे।

विगत, वर्तमान र भविष्य बिनाको
मभित्र सधैं बाँच्ने मान्छे
आकाशको कालो बादल हटेपछि
कतै बाहिर आउँछ कि
अँध्यारो रातको मृत्यपछि
बिहानको उज्यालो सँगै
मभित्रको मान्छे पनि ब्यूँझन्छ कि।{

उक्त गीत (कविता) ‘म को हुँ?{ कविता-संग्रह अन्तर्गत ‘मभित्रको मान्छे{ शीर्षक कविताबाट उद्धृत गरिएको हो। वास्तवमा यो कविता चार पद अन्तर्गत चौंतीस पंक्तिमा ठिङ्ग उभिएको भए पनि उक्त गीतमा पन्ध्र पंक्तिलाई मात्र स्थान दिइएको छ। कहीं कहीं काटछाँट गरिए पनि कवि **किरण** को उक्त गीतत

क्यासेट आफ्नै हुनाले खूब होशियार पुऱ्याएर कविताको मूल भाव जस्ताको त्यस्तै राखी गीतलाई सम्पूर्णता पहिराउने प्रयास भएको छ।

त्यसरी नै अर्को गीत 'स्वार्थी मानवका व्यथित जगमा, जीवनको नयाँ गीत गाउन म आएँ{ - मा पनि त्यही कुरा देख्न पाइन्छ। उक्त गीत 'अन्तहीन सपना, मेरो विपना{ कविता-संग्रह अन्तर्गत 'म आएँ{ कविताबाट उद्धृत गरिएको हो।

कवि **किरण** जीवनलाई विभिन्न प्रतीकहरुमा यसरी व्यक्त गर्छन् -
'मलाई त्यो सागारभन्दा
चञ्चल पहाड़को खोला नै मनपर्छ
काँड़ा बिना फुलेको कमलभन्दा
काँड़ाभित्र फुलेको गुलाब मनपर्छ।

हजार चट्टानसँग ठक्कर खाएर पनि
खोला बगेकै हुन्छ
काँड़ाको घेराभित्र पनि
गुलाब हाँसेकै हुन्छ।

यही नै जीवनको परिभाषा
जीवनको यही प्रतीक
काँड़ाभित्र जीवन सजाउनु
जीवनको यही लक्ष्य।{

उक्त गीतमा रीमा गुरुङले स्वर दिएकी छिन्। हो त, संघर्ष बिनाको जीवन के जीवन? गीत सफलताको तत्त्वशब्द मात्र होइन, गायन पनि हो।

मातृभूमि सिक्किमको निम्तिकवि, स्वयंलाई न्योछावर गर्न चाहन्छन्। यो विषय उनका कविता एवं गीतहरुमा अघिबाटै प्रतिबिम्बित भएको प्रमाणित छ। कवि पवन चामलिङ **किरण** साहित्यकार मात्र होइनन्, उनी राजैतिक दर्शन अन्तर्गत राष्ट्रिय स्तरमै सर्व परिचित अत्यन्त लोकप्रिय नेता हुन्। भारतको संविधानलाई सिरोधार्य गरी मुख्य मन्त्री पदमा पुग्ने भारतीय नेपालीहरुमध्ये उनी एक सशक्त व्यक्ति हुन्। सिक्किम देशप्रति उनको आफ्नै सपना तथा दर्शन छ -

'सपना हाम्रो साकार बनोस् सिक्किमको माटोमा
नित् निरन्तर सिक्किम लम्कोस् विकासको बाटोमा।

गरीबीमुक्त सिक्किम नै बनोस् साक्षर हरेक होस्
निरोगी जनता स्वनिर्भर सिक्किम, जातीय एकता होस्।

सुख र शान्ति जनताको सपना, सबै नै साकार होस्
हर्ष र उल्लास हाँसोको वर्षात, सिक्किमै खनियोस्।

जनताको इच्छा पूरा होस् सबै, सद्‌भावना सदा होस्
धरतीको स्वर्ग सिक्किम बनोस्, संकल्प पूरा होस्।{

उक्त गीत जमुना शर्मा, सुकदास राई तथा जनक सुब्बाद्वारा गाइएको छ। रचनाकारको मनमा सिक्किमलाई स्वर्ग बनाउने चाहना रहेको छ। यसका निम्ति कवि **किरण** आफ्नो मातृभूमिलाई गरीबीमुक्त, शत प्रतिशत साक्षर, शारीरिक तथा मानसिकरुपमा सुस्वस्थ जनता, सामाजिक, आर्थिक तथा सांस्कृतिकरुपमा स्वनिर्भर इत्यादि बनाउन चाहन्छन्। देशको बागडोर आफ्नो हातमा लिएका पदासीन व्यक्तिसित यस प्रकारको सपना हुनि स्वाभाविकै हे। किनभने त्यस प्रकारको लोकप्रियता र प्रतिष्ठामा पुग्न साधारण व्यक्तित्वले आँक्न असम्भव कुरा हो। देशलाई कसरी व्यवस्थित गर्न सकिन्छ? विकासको बाटोमा पर्न आउने अड़चनहरु के के हुन्? इत्यादि बारे उनको स्पष्ट धारणा रहेको छ। त्यही कारण उनी स्पष्ट वक्ता एवं भाषण कलामा अद्धितीय रहेका छन्। यस बाहेक उनी सीक्किम राज्य अन्तर्गत जम्मै गाउँ-बस्तीहरुका प्रत्येक मानिस तथा परिवारका सदस्यहरु राम्ररी चिन्दछन् औ तिनीहरुको आवश्यकता के हो? बुझ्दछन्। यही कारण उनका कतिपय कविता तथा गीत साधारण मानिसले बुझ्न सक्ने खूवै सरल प्रकारका छन्। त्यहाँ शब्द जञ्जाल तथा भाव गहिराइलाई उनले धेरै प्रमुखता दिएका छैनन्। उनको ध्याउन्न योग्यताविहीन शिक्षित व्यक्तिहरुलाई सामाजिक मनोविज्ञान तथा राजनैतिक सतर्कता के हो? बुझाउन चाहन्छन् भने अर्कोतिर अवसर नपाई अन्याय र शोषणमा सड़िरहेका साधारण जनतासित आत्मीयता साट्‌दै तिनीहरुलाई देशप्रतिको कर्त्तव्य तथा जन चेतना दिलाउन चाहन्छन्। कवि **किरण** का आम जनताबीच भाषण, कविता तथा गीतमाथि उल्लेखित विषयहरुमा आधारित छन्। साँचो अर्थमा भन्नु हो भने व्यवस्थाकै कमी कमजोरीबाट अंग्रेजी पढ़ेर कागजी प्रमाण-पत्र हासिल गरी सरकारको जिम्मेवरीमा लागेका पदासीन व्यक्तिहरुले काँक्रालाई थाँक्रा दियो, थाँक्रै धनी भने झैं गरिदिए भने देशबाट जहिले पनि अराजकता तथा भ्रष्टाचार हटाउन सकिँदैन। यही कारण सरकारले प्रत्येक सरकारी कार्यालयमा पारदर्शिता एवं सतर्कतामाथि जोड़ दिएको हो। हुन पनि आजको यो भोगवादी समाजमा कसैले डिग्री हासिल गऱ्यो भन्दैमा त्यसलाई सच्चरित्र इमानदार तथा आदर्श नागरिक घोषणा गर्न सकिँदैन। उक्त व्यक्तिको सदेचरित्रता र इमानदारिता सँगसँगै देश, समाजप्रति कुन भावना रहेको छ र उसको मनोवैज्ञानिकता के हो? बुझ्दै नबुझी उत्तरदायित्व दिनु निश्चय गतल हुन्छ। अंग्रेजी बोल्दैमा अथवा हिसाब मिलाउन जान्यो भन्दैमा जसलाई पनि विश्वास गर्न सकिन्छ भन्न सकिँदैन भने अर्कोतिर साधारण मानिस नै ठीक हुन्छ, आदर्श हुन्छ भन्न पनि सकिँदैन। समाज, देशप्रेम, इमानदारिता र सच्चरित्रता बिना सानोभन्दा सानो उत्तरदायित्व पनि कसैलाई सुम्पन सकिँदैन, यो सत्य हो। विश्वको इतिहासमा जसरी सामन्तीहरुको शोषणको आफ्नै इतिहास छ त्यस्तै गरी सर्वहाराहरुले पनि मौका पाउनासाथ प्रतिशोध लिई इतिहासलाई कलंक तुल्याएको लछेप्रै घटनाहरु पनि छन्। सामन्ती र सर्वहारावर्ग नामक विपरीत दिशामा रहेको यी दुवै जनशक्तिलाई समन्वयात्मकरुपमा ल्याई अघि बढ़ाउन योग्य नेतृत्व बिना सम्भव छैन भने त्यस्तै गरी संवेदनशीलता, दूरदर्शिता, आदर्श र स्वतन्त्रता गरी कवि **किरण** देश निर्माणका निम्ति प्रतिबद्धतामा कटिबद्ध देखिएका हुन्। वर्तमान प्रजातान्त्रिक अभ्यासको परिप्रेक्ष्यमा अनुकूल सामाजिक व्यवस्था तथा राजनैतिक चेतना जगाई देशको विकासमा सक्रियता ल्याउन सकिन्छ भन्ने उनको धारणा रहेको यहां स्पष्ट भएको छ। निस्सन्देह उनी राजनैतिक व्यक्ति मात्र होइनन्, साहित्यकार पनि हुन्। साहित्यकार भनेको नै द्रष्टा मात्र होइन

स्रष्टा पनि हुन्। उनी मानव समाजका दिग्दर्शक तथा युगको प्रतिपादक हुन्। साहित्यकारकै सत्प्रयासले देशवासीको मानसिकतामा परिवर्तन आई सक्रियताको जन्म हुन्छ। यति मात्र होइन विश्वका सौर्य, ऐश्वर्य तथा सौन्दर्यको उद्घाटन गर्ने पनि साहित्यकार नै हुन्।

कवि पवन चामलिङ **किरण** का कृतिहरु बारे चर्चा गर्दा ती कृतिहरु जम्मै नै उच्च स्तरीय भन्न नसकिएला तर उनले देखेका सपनामा देश निर्माणका झलक छर्लङ्ग देखिन्छ मात्र होइन उनी त्यसलाई विपनामा अनुवाद गर्न निरन्तर प्रयास गरिरहन्छन्। यसको ज्वलन्त उदाहरण आजको सिक्किम प्रत्यक्ष छँदैछ। कविको आफ्नो शासनकाल यहीं गरीब कृषकहरुको ओंठको सुखको मुस्कान शनैः शनैः देखिन लागेको औ शदियौदेखि पुरुषको शोषणमा दविएर बस्न परेका महिला तथा चेलीहरुलाई पुरुष सरह देश विकासमा अघि बढ्न प्रशस्त सहयोग र प्रोत्साहन प्राप्त हुन लागेको देखिन्छ। यतिम  मात्र होइन जातिवादी समुदाय तथा अघि अघिका शोषक सामन्तीहरुले पनि आम नागरिक सरह नै उनको देशव्यापी विकासमा सहयोग पुऱ्याउँदै गरेको उनले जुन सक्रियता र भूमिका निर्वाह गरेका छन्, त्यसको प्रत्यक्ष प्रमाणस्वरुप उनलाई विद्यावारिधि मान्यताले अलंकरण गऱ्यो।

कवि पवन चामलिङ **किरण** को विद्यावारिधि तथा अन्य राष्ट्रिय पुरस्कार प्राप्तिमा जति प्रतिशत राजनैतिक प्रतिबद्धतालाई स्थान दिइएको छ प्रायः त्यति नै उनीबाट नेपाली साहित्यिक गतिविधिद्वारा देशवासीको मन मस्तिष्क तथा मानसिक परिवर्तनमा चालिएको अभियान तथा सत्प्रयासलाई दिइएको छ भन्दा यहाँ कदापि अतिशयोक्ति हुने छैन। किनभने राष्ट्र तथा देश हित सम्बन्धी परिवर्तन अर्थात् विकासमा देशवासीहरुको नैसर्गिक प्रवृत्तिमा हरफेर ल्याउने कार्य  अवश्य पनि साधारण काम हुँदै होइन। उनका साहित्यिक कृतिहरुको व्यापक अर्थ रहे तापनि न्यूनतम लक्ष्य त यही हो भन्दा हुन्छ। यसो भन्दा साहित्यिक कृतिहरुको मूल्यांकन सीमित पार्ने प्रयास कदापि होइन।

जे होस्, कवि पवन चामलिङ **किरण** को  व्यक्तित्व उनका कृति 'प्रारम्भिक कविताहरु{, अन्तहीन सपना मेरो विपना{, 'म को हुँ?{ तथा विभिन्न गीतहरुमा प्रशस्त फैलिएको देखिएको छ। आशा छ भविष्यमा सिक्किमको सन्दर्मा मात्र होइन समस्त भारतीय पृष्ठभूमि एवं परिप्रेक्ष्यमै यी कृतिहरुको अवश्य पनि मूल्यांकन हुने नै छ।

सन्दर्भित पुस्तकहरु


| | | |
|---|---|---|
| १. | साहित्य र साहित्यकार | शिवकुमार प्रधान |
| २. | संकलित रचनाहरु | पारिजात |
| ३. | साहित्य प्रकाश | डा. केशवप्रसाद उपाध्याय |
| ४. | पाश्चात्य समीत्रा : सिद्धान्त और वाद | सत्यदेव मिश्र |
| ५. | साहित्यको अपहरण मार्क्सवादिक-प्रतिवद्धताइन्द्रबहादुर राई | |
| ६. | रुप र रेखाहरु | घनश्याम नेपा |
| ७. | नेपाली साहित्यका केही पृष्ठ | डा. दयाराम श्रेष्ठ |
| ८. | A History of Modern Europe | Dr. Dinanath Verma |
| ९. | English Literature | William J. Long |
| १०. | प्रारम्भिक कविताहरु | कवि पवन चामलिङ किरण |
| ११. | अन्तहीन सपना : मेरो विपना | कवि पवन चामलिङ किरण |
| १२. | म को हुँ? | कवि पवन चामलिङ किरण |
| १३. | समाज मनोविज्ञान | नगीना प्रसाद |
| १४. | मेरो सपनाको सिक्किम (खण्ड - १ र खण्ड - २) | मुख्य मन्त्री पवन चामलिङका भाषणहरु। |